पूर्णाङ्क ५४, २०७७ भदौ

# सहभागिता

सहभागीमूलक विकास पत्रिका (त्रैमासिक)

## स्थानीय सरकार र कोरोना कहर विशेषाङ्क



NEPAN

# सहभागिता भित्र कहाँ के छ ?

*नेपानको रजत-जयन्ती सन्दर्भ, कोरोना कहर र अबको बाटो !*
चेतनाथ कणेल ........ १
*कोरोना र हाम्रा राम्रा कुरा*
कृष्ण सुवेदी 'भारद्वाज मित्र' ........ ७
*स्थानीय सरकार, सुशासन र मिडिया प्रभावकारिता*
कृष्ण अधिकारी ........ ९
*ज्येष्ठ नागरिकलाई उत्पादनशील तुल्याउने प्रयत्नमा लघुवित्त र स्थानीय सरकार*
गोकुलचन्द्र अधिकारी ........ १३
*स्थानीय विकास प्रक्रियामा अद्वितीय जनसहभागिताको नमूना*
डा. नारायणप्रसाद भट्ट ........ १८
*स्थानीय शासन प्रक्रियामा नागरिक सहभागिता : एक अनुसन्धान*
भोला भट्टराई र प्रणव भट्टराई ........ २६
*कोरोना महामारीमा हाम्रो स्वास्थ्य प्रणाली र सक्रियता बढोत्तरीको सवाल*
फविन्द्र भण्डारी ........ ३५
*सामाजिक परिचालकदेखि प्रतिनिधि सभा सदस्यसम्म*
आशाकुमारी वि.क. ........ ३७
*कोरोना महामारीको समयमा बालबालिकाको सिकाइ*
डा. मीनाक्षी दाहाल ........ ३९
*'म आत्मनिर्भर हुन अगाडि बढ्दै छु'*
विनिस्ता धामी ........ ४३
*समन्वयात्मक सहभागिता : समस्यासँग जुध्ने महत्वपूर्ण औजार*
तोया गौतम ........ ४५
*सङ्घीय संरचनामा एचआईभी/एड्स् कार्यक्रमको मूलप्रवाहीकरण: आजको आवश्यकता*
दलबहादुर जि.सी. ........ ४८
*स्थानीय सरकारको प्रभावकारिता : सुशासन अभ्यासको अपरिहार्यता*
गम्भीरबहादुर हाडा ........ ५१
*सङ्घीय संरचनामा शैक्षिक नीति निर्माणः तीनै तहका सरकारको भूमिका तथा सहभागिताको सवाल*
डा. सदानन्द कडेल ........ ५४
*पर्यटन विकासमा स्थानीय सरकारको दायित्व*
नन्दलाल माझी ........ ६०
*कोरोना कहरसँगसँगै कृषि विकासको रणनीतिः केही सुझाव*
दशरथ मोक्तान ........ ६२
*कौसीखेती- असल "कृषि पाठशाला" : स्थानीय सरकारको प्रोत्साहन जरुरी*
प्रा.डा. धर्मराज डङ्गोल ........ ६५
*सङ्घीयता र स्थानीय शासन सुदृढीकरणमा प्रदेश तथा स्थानीय सरकारहरूको अपेक्षित भूमिका*
विष्णु न्यौपाने ........ ६८
*संविधान, सहभागीमूलक विकास, जनप्रतिनिधि, र स्थानीय सरकार*
अश्विन पुडासैनी ........ ७२
*'अहिले संवैधानिक साक्षरताको खाँचो छ'*
अशोककुमार ब्याञ्जू ........ ७७
*स्थानीय सरकारहरूसँग "सम्बोधन" परियोजनाको सहकार्य*
चन्द्रबहादुर सर्तुङ्गे ........ ८४
*स्थानीय विकासको योजना तर्जुमा र विकास व्यवस्थापनमा देखिएका अवसर र चुनौतीहरू : सिद्धिचरण नगरपालिकाको पाठ*
पदमा शाक्य ........ ८८
*कोरोनाबाट उत्पन्न बन्दाबन्दीले स्थानीय तहमा खुम्च्याएको सहभागिता*
तेज सुनार ........ ९२
*कोरोना महामारीमा खाद्य तथा पोषण सुरक्षा गर्न स्थानीय तहको भूमिका*
डा. नरविक्रम थापा ........ ९४
*कोरोना महामारीको परिवेश र स्थानीय सरकारका पहलहरू*
विनोदकुमार तिमिल्सेना ........ १०२
*स्थानीय विकासमा देखिएका कमजोरी र समाधानका सम्भावित उपायहरू*
एविन्द्रप्रसाद न्यौपाने ........ १०६
*विपन्नवर्ग संगठित र सञ्जालीकृत भएपछि !*
ज्ञानुप्रसाद तिवारी ........ १११
*बालमैत्री शिक्षामा स्थानीय सरकारका पहल र चुनौतीहरू*
सुनीलकुमार यादव ........ ११५
*स्थानीय तहमा सञ्चार व्यवस्थापनः उपयुक्त नीति र त्यसको कार्यान्वयनले विकासको लक्ष्यप्राप्तिमा यसरी पुग्छ सहयोग*
श्रीराम फुटुङ्गे ........ ११७

## अन्य स्तम्भहरू

- नेपानको २५औं कार्यकारिणी समितिको चिनारी
- कविता
- पुस्तक समीक्षा
- नेपान गतिविधि
- नेपान स्रोतकेन्द्रमा उपलब्ध नयाँ सामग्रीहरू
- चिठी-पत्र
- नेपान अक्षय-कोष : जानकारी र अनुरोध
- एक वास्तविकता (कार्टुन)

# सम्पादकीय

## स्थानीय सरकार, कोरोना कहर र नेपान रजत-जयन्ती

नेपालको संविधान २०७२ ले सङ्घीयताको व्यवस्था गरेपछि जनताको घरदैलोमा सिंहदरबार (शासन गर्ने केन्द्र) आउँछ भन्ने आमधारणा बनेको अवस्थामा सङ्घीयताको मियो तीन तहको सरकार- सङ्घ, प्रदेश र स्थानीय तहबाट जनताका आवाजहरूको सुनुवाइ तथा जनपक्षीय कामहरू के कसरी भइरहेका छन्, जनअपेक्षा पूरा गर्नेतर्फ सरकारहरू कुन दिशामा अगाडि बढ्दै छन् भन्ने प्रश्न अहिले सर्वत्र उठिरहेको छ । यसक्रममा स्थलगत वस्तुस्थिति कस्तो छ ?, विकासमा जनसहभागिताको अवस्था कस्तो छ ? र, यसलाई जनताले कसरी लिएका छन् भन्ने कुरा महत्वपूर्ण हुन्छ । यिनै कुराहरूलाई मनन् गरी हामीले सहभागिताको यस अंकलाई स्थानीय सरकार विशेष अंककोरूपमा तपाईहरू सामु प्रस्तुत गरेका छौं ।

नेपान (नेपाल सहभागीमूलक कार्य समूह) द्वारा प्रकाशित सहभागिताको यो ५४ औं अंक स्थानीय सरकारले कोरोना भाइरस (कोभिड-१९) को विश्वमहामारीसँग जुध्न गरेका कार्यहरू समेटिएको महत्वपूर्ण अंक हो । साथै यसमा नेपान, स्थापनाको रजत-जयन्ती (२५ वर्ष पूरा गरी २६औं वर्ष प्रवेश) का सन्दर्भमा तयार गरिएको विशेष आलेखसमेत समावेश गरिएको छ ।

यस विश्व महामारीमा नेपाली जनताले तीनवटै सरकारको कार्य क्षमताको अनुभव गर्न पाए । महामारीसँग जुध्न स्थानीय तहले गरेका मुख्य कार्यहरूमा देशका अधिकांश स्थानमा क्वारेन्टाइनमा बस्ने, खाने (सङ्घीय सरकारले तोकेको मापदण्डअनुसार) औषधोपचार, सुरक्षा, संक्रमण परीक्षण, स्वास्थ्य पूर्वाधार निर्माण, भारत तथा विदेशबाट सिमानासम्म आएका नागरिकलाई आफ्नो क्षेत्रसम्म ओसार्ने यातायातलगायतको व्यवस्था गरेका छन् । यसका अलावा जनतामा सचेतना फैलाउने, रोगको डर भगाउन परामर्श गर्ने, सार्वजनिक स्थलको सेनिटाइजेसन गर्ने, विदेशबाट आउनेको लगत राख्ने, आवतजावत बन्द गर्ने, एम्बुलेन्स तथा स्वास्थ्य केन्द्र सञ्चालन गर्ने, जनतालाई रोजगारी दिने, अति गरिब तथा विपन्नलाई खाद्यान्नलगायतका आर्थिक सहयोग तथा राहतमुखी विविध सेवा प्रदान गरेका छन् ।

जनताको निकट र उनीहरूको प्रत्यक्ष पहुँच भएको स्थानीय सरकारले गरेका कार्यहरूलाई हेर्दा अधिकांश सकारात्मक छन् । उनीहरूले जनतालाई कठिन अवस्थामा साथ दिइरहेका छन् । यसक्रममा केही नीतिगत अन्योल, व्यवस्थापन सीपको कमी, भ्रष्टाचार, समन्वयको कमी आदि बेथिति देखिएका पनि खबर आएका छन् । तिनलाई हटाउन स्थानीय सरकार अझ कठोररूपमा लाग्नुपर्ने देखिन्छ ।

कोरोनाको असरबाट नेपान पनि अछूतो रहन सकेन । सहभागीमूलक विकासकर्मीहरूको अग्रणी साझा सञ्जालको (नेटवर्क) रूपमा 'नेपान' को स्थापना सन् १९९५ को अप्रिल ६ मा भएको हो । गएको चैत २४ गते (अप्रिल ६ तारिख) नेपानको स्थापना दिवस हो । चैत ११ गतेदेखि (२०७६) सरकारले लकडाउन गरेकोले नेपानले प्रत्येक वर्ष मनाउने गरेको 'सहभागिता दिवस' यसवर्ष मनाउन पाएन । नियमति हुने मासिक छलफल कार्यक्रमलगायत सम्पूर्ण काममा व्यवधान आइलागे । । जसले गर्दा आर्थिकलगायत अरु चुनौतीको थप सामना गर्नु परिरहेको छ । नेपालमा नागरिक सहभागिता र समावेशिताको चासो, चिन्तन् मनन्, अध्ययन तथा प्रशिक्षण र प्रकाशनमा आफूलाई समर्पित गरेको नेपान बदलिँदो परिवेशमा नयाँ चुनौतीहरूको सामना गर्न आफूलाई परिस्कृत र सशक्त बनाउन लागिपरेको छ । यसमा यहाँहरूको आवश्यक सहयोग र रचनात्मक सुझाव अपरिहार्य छ ।

विनोदकुमार तिमिल्सेना
प्रधान-सम्पादक


# सहभागिता

वर्ष २४ः अङ्क १-४ (संयुक्ताङ्क)
पूर्णाङ्क ५४, २०७७ भदौ
जि.प्र.का. काठमाडौँ दर्ता नं.: १५५/२०५६/०५७



**प्रधान-सम्पादक**
विनोदकुमार तिमिल्सेना

**सम्पादन सल्लाहकार**
झविन्द्र भण्डारी
चेतनाथ कणेल

**सम्पादकहरू**
चन्द्रबहादुर सर्तुङ्गे (संयोजक)
तोया गौतम
डा. कमल फुयाल
श्रीराम केसी
डा मीनाक्षी दाहाल

**व्यवस्थापन सहयोगी**
तुलसी सापकोटा



**प्रकाशक**
नेपाल सहभागीमूलक कार्य समूह (नेपान)
दोभान टोल, सहयोगी नगर, जनता सडक,
कोटेश्वर, काठमाडौं-३२, नेपाल
पो.ब.नं.: १३७९१, काठमाडौं ।
फोन नं.: (९७७) ०१ ४१५४९३८
इमेलः nepan@nepan.org.np
वेबसाइटः www.nepan.org.np

**प्रेस**
ड्रिमवर्क्स प्रिन्टर्स
काठमाडौं, ९८५१००५१७७

**आवरण तस्बिर**
सम्वोधन परियोजना
(यो परियोजना DFID को सहयोग र Mott MacDonald को व्यवस्थापनमा सप्रोस नेपालको अगुवाईमा नेपान, CBM International र सामुदायिक विकास केन्द्र (नुवाकोट) को सहकार्यमा सञ्चालित रहेको छ । )



सहभागितामा प्रकाशित विचारहरू लेखकका निजी विचार हुन् । यसले नेपानको कुनै प्रतिनिधित्व गर्दैन ।



यस अङ्कको लागि
व्यक्तिगत मूल्य रू. १००/-
संस्थागत मूल्य रू. २००/-

नेपान रजत-वर्ष विशेष अनुभूति

# नेपानको रजत-जयन्ती सन्दर्भ, कोरोना कहर र अबको बाटो !



चेतनाथ कणेल

नेपाली चलचित्रका लागि भारतीय प्रसिद्ध गायक सोनु निगमले गाएको एउटा नेपाली गीत अति मर्मस्पर्शी छ । गीत भन्छ, 'यो जिन्दगीले के गऱ्यो, के गऱ्यो !.......... ..................।' ठिक त्यही गीतको लयमा आज मैले प्यारोडी बनाएँ भने यस्तो हुनेछ, 'यो कोरोनाले के के गऱ्यो, के गऱ्यो ! ..................।'

२०७६ चैत ११ गतेदेखि कोरोना भाइरस (कोभिड-१९) को संक्रमण नियन्त्रणका लागि नेपालले लकडाउन (बन्दाबन्दी, घरबन्दी) गर्न सुरु गरेको थियो । करिब ४ महिनाको लकडाउनलाई साउन ७ गतेदेखि केही हल्का बनाइयो । तर त्यो धेरै दिन टिक्न सकेन । संक्रमणको दर एकदम उच्च हुँदै गएपछि स्थानीय परिस्थिति हेरी स्थानीय सरकारको समन्वयमा जिल्ला प्रशासनले नै लकडाउन वा निषेधाज्ञा जारी गर्न सक्ने अधिकार नेपाल सरकारले दिएपछि काठमाडौं उपत्यकालगायत देशका करिब ५० जिल्लामा निषेधाज्ञाका श्रृङ्खलाहरू चलिरहेका छन् । तर पनि कोरोना संक्रमण रोकिएको छैन । स्थिति झन्पछि झन् भयावह बन्दैछ । मर्नेको संख्या बढिरहेको छ, संक्रमित हुनेको संख्या पनि उर्लंदो छ । यसले हाम्रो समाजमा नकारात्मक असर गरिरहेको छ । कार्यालय ठप्प, उद्योग-कलकारखाना बन्द, व्यापार बन्द, शैक्षिक संस्थाहरू बन्द, पर्यटनका सबै क्रियाकलाप बन्द, कतिपय धार्मिक कार्य, अनुष्ठान, महा-उत्सव, उत्सव, पर्व, खेलकुद, साहित्यिक भेला र गोष्ठी सबै बन्द । र, एक किसिमले अर्थतन्त्र र देश नै बन्दजस्तै भएको धेरै भयो । जागिर, रोजगारी, रोजिरोटी, कमाइ-धमाइ सबैतिर चौपट पारेको छ कोरोनाले । जनता जम्मा भएर गर्ने कुनै पनि काम हुन सकेका छैनन् । भर्चुअलका भरमा केही काम गरेझैं गरेर समय व्यतीत गर्न थालेको आधा वर्ष भइसक्यो । अनिश्चितताको घेराबन्दीमा छौँ हामी । बन्दाबन्दी र निषेधाज्ञाले खुम्चिएका छौँ हामी, मरिचझैं चाउरिएका छौँ हामी ।

> 'कोरोनाको मार नेपान (नेपाल सहभागीमूलक कार्य समूह) लाई पनि परेको छ । गएको चैत २४ गते (अप्रिल ६ तारिख) नेपानले हरेक वर्ष मनाउने गरेको "सहभागिता दिवस" मनाउन पाएन । यो नेपानको स्थापना दिवस पनि हो । अझ सोही दिन नेपानले आफ्नो यात्राका दिव्य २५ वर्ष पूरा गरेको दिन, अर्थात् "रजत-जयन्ती" दिन ।'

छिमेकी देश भारतको अवस्था झनै भयावह छ । त्यहाँ बढ्नु भनेको नेपालका लागि पनि थप संकट निम्तिनु हो । अब केही दिनमा नै विश्वको एक नम्बर पीडित भारत बन्ने निश्चित छ । त्यो पीडा नेपालमा पनि केही न केही रहिहाल्छ । खुला सिमानाले गर्दा हामी हरेक क्षण लकडाउन वा निषेधाज्ञाका सवालमा भारतसँग हात मिलाएर अघि बढ्नुको विकल्प छैन । भारतका स्मिावर्ती प्रदेशहरू यूपी, बिहार, पश्चिम बंगाल, उत्तराञ्चल

आदिमा कोरोना जति जति चढ्दै जान्छ, नेपालमा पनि भय, त्रास र संक्रमण बढ्दै जाने कुरा निश्चित छ ।

अमेरिका, बेलायत, युरोपेली कतिपय मुलुकलगायतका देशहरूमा समयमै लकडाउन नगर्नाले र स्वतन्त्र घुमघाम गर्ने 'लोकतान्त्रिक' प्रवृत्तिमाथि कडा नियम नलगाउँदा अहिले ती देशहरू धुरुधुरु रोइरहेका छन् । लाखौंको ज्यान गइसक्यो । अमेरिकी राष्ट्रपति स्वयम्ले धेरै समयअघि नै राष्ट्रका नाममा सम्बोधन गर्दै भनेका थिए, 'करिब १ देखि २ लाखसम्म मान्छे अमेरिकामा मर्न सक्छन् ।' राष्ट्रप्रमुखले नै यसो भनेपछि जनता आतङ्कित नहुने कुरै भएन । विकसित देशको हालत देखेर हामी अल्पविकसित मुलुकमा मान्छे 'ट्वाँ' पर्नुको विकल्प के छ त ?

## मनाउन नपाएको 'सहभागिता दिवस' २०७६

कोरोनाको मार नेपान (नेपाल सहभागीमूलक कार्य समूह) लाई पनि परेको छ । गएको चैत २४ गते (अप्रिल ६ तारिख) नेपानले हरेक वर्ष मनाउने गरेको 'सहभागिता दिवस' मनाउन पाएन । यो नेपानको स्थापना दिवस पनि हो । अझ सोही दिन नेपानले आफ्नो यात्राका दिव्य २५ वर्ष पूरा गरेको दिन, अर्थात् 'रजत-जयन्ती' दिन ।

सहभागीमूलक विकासकर्मीहरूको अग्रणी साझा सञ्जाल (नेटवर्क) संस्थाको रूपमा 'नेपान' सन् १९९५ को अप्रिल ६ का दिन विधिवत दर्ता भई जन्मेको हो । 'नेपान डे', अर्थात् 'सहभागिता दिवस'का दिन नेपानले एउटा जमघट गर्नुपर्ने, नेपान २५ औं वार्षिकोत्सव मनाउनुपर्ने, र, नेपालमा 'सहभागिता दिवस' प्रवर्द्धनमा वकालती भूमिका निभाउँदै अझ सशक्त बन्ने थप प्रतिबद्धता जनाउने दिन । तर नेपान पनि चैत २४ मा 'लकडाउन'मा भयो । बाध्यताले अफिसको ताल्चा बन्द भयो । नेपानका साथीहरू 'लकडाउन' को पूर्ण पालना र सफलताको कामना गर्दै घरघरमा बस्नुभयो । सबै सदस्यजन घरघरमा बस्नुपर्ने बाध्यता आइलाग्यो । एउटा राष्ट्रव्यापी बाध्यता ! एउटा विश्वव्यापी बाध्यता !

रजत जयन्ती र 'सहभागिता दिवस'को सन्दर्भमा केही गर्न पाइएन । अचम्म लाग्छ, दुर्भाग्य नै भनौं, रजतजयन्ती वर्ष समापन त्यसै गयो । २५ औं वर्ष सफलतापूर्वक पूरा गरेको भव्य र गौरवशाली दिन नेपान सदस्यहरू आ-आफ्ना घरमा बसेर यस्तरी सुस्ताउनुपर्ला भन्ने कहिले नसोचेको कुरा ! कहिल्यै कल्पना नभएको कुरा ! सबै देख्दै जानु छ, सबै भोग्दै जानु छ, अझै के के हेर्नुपर्ने हो । विश्व स्वास्थ्य संगठनले भनिसकेको छ, स्थिति अझ भयावह बन्न सक्छ, कोरोना करिब दुई वर्ष रहिरहन सक्छ ! आजसम्म विश्वबाट करिब साढे ८ लाखले ज्यान गुमाइसके । भदौ ११ रातिसम्म नेपालमा १८५ जनाको मृत्यु भइसकेको छ भने करिब ३५ हजार संक्रमित बन्न पुगेका छन् । यो संख्या घण्टैपिच्छे बढ्दै जाने हुँदा आजको अपडेट भोलि पुरानो भइहाल्छ, किनकि यो 'प्यान्डेमिक' (विश्वव्यापी महामरक) रोगको कहरले कतिबेला कहाँ र कसलाई समात्छ भन्ने कुराको कुनै टुंगो छैन ।

## सम्झनाको कुनोबाट २०७४ र २०७५ का 'सहभाति दिवस'

पुराना पुराना दिन र दिवसका सन्दर्भहरू स्मृतिमा धेरै नरहे पनि २०७४ र २०७५ का सहभागिता दिवस अर्थात् नेपान वार्षिकोत्सवका केही झलक भने यतिबेला मेरो स्मृति ताजा बनेर आएका छन् । ती विशेष दिनले मलाई अझ बढ्ता छोएका छन् । ती दुबै विशेष दिनले नेपानका लागि दीर्घकालसम्म सकारात्मक प्रभाव पार्ने केही काम गरेका छन् । २६औं वर्षको यात्रामा सफलतापूर्व हिँडिरहेकोले होला, आज यी पंक्ति कोरिरहँदा मलाई विशेष सम्झना भइरहेछ । नेपानका साथीहरूलाई पनि यो स्मरण उपयोगी नै हुने ठान्दछु । आखिर इतिहास निर्माण पनि त यसैगरी हुने हो ।

२०७४ चैत महिनामा मनाइएको 'सहभागिता दिवस' तथा नेपान स्थापनाको २४ औं वार्षिकोत्सवका दिन नेपानको आफ्नै घर (काठमाडौं महानगरपालिका वडा नं. ३२, कोटेश्वर, जनता-मार्ग, सहयोगीनगर, दोभानटोल) को सभाकक्षमा हामी भेला भएका थियौं । उक्त दिन २३ वर्ष सफलतापूर्वक सम्पन्न भएकोमा २३ वटा मैनबत्ती बालेर कार्यक्रम आरम्भ गर्‍यौं । पहिलो चरणमा एक विशेष छलफल कार्यक्रम राखिएको थियो । छलफलको विषय थियो 'विकासमा सामाजिक जवाफदेहिता' । उक्त छलफलका लागि विशेष आमन्त्रित वक्ता डच नागरिक लुसिया नास हुनुहुन्थ्यो । इथियोपियाको विशेष अनुभवमा आधारित कार्यपत्र उहाँले प्रस्तुत गरेपछि सहभागीमूलक छलफल भएको थियो । नेपानका क्षमता विकास विशेषज्ञ गोविन्द पौडेलले पनि विशेष समय लिएर सहवक्ताका रूपमा 'पारस्परिक जवाफदेहिता अभिवृद्धि'सम्बन्धी नेपानद्वारा सञ्चालित एक परियोजना (सीएसम्याप) का आफ्ना ठोस अनुभवहरू प्रस्तुत गर्नुभएको थियो । कार्यक्रमको सभापतित्व नेपान अध्यक्षका हैसियतले मैले गरेको थिएँ भने सहजीकरण विकासविद् तेजराज दाहाल र नेपानका कार्यकारी निर्देशक फटिकबहादुर थापाले गर्नुभएको थियो । तत्पश्चात् दोस्रो चरण आरम्भ भयो । नेपानले २३ वर्षमा हासिल गरेका प्रमुख उपलब्धिका बारेमा चर्चा गरियो । सोही मौकामा अतिथिको रूपमा उपस्थित हाल लण्डन निवासी कवि गोकुल भण्डारी (रुपाकोट, गुल्मी) ले आफूले सिर्जना गरेको नेपानसम्बन्धी एक रोचक शुभकामना-कविता वाचन गरेर सुनाउनुभयो । कविताका केही पंक्ति यस्ता थिए :

*'सहभागिता, समावेशिता र पारदर्शिता*
*नेपान संस्थाका पवित्र नाराहरू*
*गाउँगाउँ, बेसीँबेसीँ र कुनाकुनामा घन्किरहून्*
*तराई, पहाड र हिमालभर जतातत‌ै छाइरहून्*
*यो संस्थालाई मेरो हृदयको कुनोबाट शुभकामना*
*.......................................... !'*

कविता वाचन गरेर नेपानका सबै सदस्यलाई हौसला प्रदान गर्ने काम त उहाँले गर्नुभएकै थियो । साथै, नेपान सदस्यले स्वयम्सेवी भावनाबाट आफ्नो घर आफैं बनाएको सुखद् प्रसङ्ग जोड्दै तत्काल नेपान अक्षय-कोषका लागि भनेर १५ हजार रुपैयाँ पनि निःशर्त चन्दा दिनुभयो । उहाँको उदार दिल र सहयोगको सबैले ताली बजाएर प्रशंसा गरे । हामी करिब तीन दर्जन व्यक्तिहरू त्यहाँ उपस्थित थियौं । समापन मन्तव्य तत्कालीन निवर्तमान अध्यक्ष उत्तम उप्रेतीले गर्नुभएको थियो ।

साथै सोही अवसरमा मैले आफ्नो दिवंगत ज्येष्ठ सुपुत्र प्रसिद्ध कँडेलको स्मृतिमा नेपानभित्रै एक पुरस्कार (सम्मान) कोष स्थापना गर्ने भनेर तत्काल रु. १ लाखको चेक नेपानका तत्कालीन कार्यकारी निर्देशक फटिक थापालाई हस्तान्तरण गरें । सो कोष एक बैंकमा राखी प्राप्त हुने ब्याजबाट प्रत्येक वर्ष १० हजार नगद र प्रमाणपत्रसमेतको एक 'विकास लेखन पुरस्कार' एकजना वरिष्ठ विकासकर्मी (लेखक) लाई नेपानबाट प्रदान गर्ने घोषणा गरियो ।

अब त सो पुरस्कार स्थापना गरेको पनि २ वर्ष पूरा भएको छ । यो २ वर्षमा २ जना वरिष्ठ विकासकर्मी लेखकहरू सम्मानित भइसक्नुभएको छ । सो १० हजार रुपैयाँको धनराशि र सम्मानपत्रसहितको **'प्रसिद्ध कँडेल स्मृति विकास लेखन सम्मान'** २०७५ भदौमा सहप्राध्यापक लेखक **गम्भीरबहादुर हाडा** ( भक्तपुर) लाई प्रदान गरियो भने २०७६ भदौमा विकासविद् एवम् द्वन्द्वविशेषज्ञ **डा. विष्णुराज उप्रेती** (दोलखा) लाई प्रदान गरियो । अब २०७७ को भदौ वा असोज महिनामा आयोजना हुने नेपानको २६औं वार्षिक साधारणसभाको अवसर पारेर तेस्रोपटक प्रदान गरिने छ । हरेक वर्ष नेपान कार्यसमितिले एक विशेष कार्यदल बनाई उपयुक्त व्यक्ति सिफारिस गर्ने र सोही व्यक्तिलाई सम्मान अर्पण गर्ने नेपानको कार्यविधि छ ।

२०७४ को त्यो दिवस विशेष स्मरणीय बनेको छ । र, २०७५ मा मनाइएको सहभागिता दिवस अर्थात् नेपान २४औं वार्षिकोत्सव पनि निकै समझनायोग्य छ । त्यसलाई हामी 'डाँडागाउँ भेला' भन्न मन पराउँछौं ।

## डाँडागाउँ भेला : नेपानको २५ वर्षे यात्रारम्भको सुबेला

काठमाडौंको बुढानीलकण्ठबाट केही माथि छ डाँडागाउँ । त्यहाँ रिसोर्टैरिसोर्टको बजार छ । त्यही बजारमा बित्यो हाम्रो २०७५ चैतमा २२ र २३ मा सम्पन्न 'नेपान दिवस'को सन्दर्भ । 'सहभागिता दिवस २०७५' अति स्मरणीय बन्यो । नेपानका करिब २ दर्जन सदस्य भेला भएर एक रातको टिम-बिल्डिङ रिट्रिट बसाइँ र अर्को दिनको छलफल भेला थियो । टिम-बिल्डिङ रिट्रिट इभेन्ट निकै स्मरणीय बन्यो । ग्रीन भ्याली रिसोर्ट बन्यो हाम्रो रिट्रिट आश्रम । आमन्त्रित विज्ञ रुपेन्द्र महर्जनले स्वयम्सेवी हिसाबले रिट्रिट सहजीकरण गरिदिनुभयो ।

विविध सिकाइमूलक खेल र छलफलका साथ सम्पन्न उक्त रिट्रिटको मूल्याङ्कन गर्ने क्रममा सदस्य तोया गौतमले भन्नुभयो, "उपयुक्त स्थान चयन र 'आधुनिक गोठ' (टेन्ट-स्टे) को रोमाञ्चक सुताइ, केही अन्यत्र पनि प्रयोग गर्न सकिने खेलहरू सिकियो, गजब भयो ।" नेपानकी नयाँ कार्यकारी निर्देशक उषा अर्याल दाहालले पनि आफूलाई सदस्यहरू र कर्मचारी साथीहरूसँग घुलमिल हुन, नयाँ कुरा सिक्न र नेपानकै बारेमा धारणा फराकिलो बनाउन डाँडागाउँ भेलाले निकै सहयोग गरेको उल्लेख गर्नुभएको थियो । त्यहाँ उपस्थित सबै साथीहरूका अनुभव र प्रतिक्रिया निकै सकारात्मक थिए । र, सबैको एउटै भनाइ थियो, यस्तो ठाउँमा नेपानका अझ धेरै साथीहरू जुटाउन सकेको भए अझ क्या गज्जब हुन्थ्यो । हो, यो सपना सधैं नै रहिरहने रै'छ बृहत्तर सदस्य भएको विकास नेटवर्क संस्थामा ।

नेपानमा हाल करिब ३०० सदस्य छन् । त्यसमा ४०, ५० प्रतिशत सदस्य सक्रिय रहे पनि हरबखत सय-सवासय सदस्यको सहभागिता हुनुपर्ने, तर किन हुँदैन ? यो प्रश्नको उत्तर निकै कठिन छ । झट्ट पाउन सकिँदैन । बदलिँदो समयको माग, सदस्यको आवश्यकता, रुचि, बहुपक्षीय संलग्नता, नेपानबाट अपेक्षा र अपेक्षापूर्ति हुने क्रम र सम्भावना, सदस्यता शुल्क र अन्य योगदानको तह; सदस्यको बढ्दो क्षमता, योग्यता र पदीय वाह्य अवसरहरू एवम् जिम्मेवारी तथा प्रतिष्ठा बढोत्तरी/परिवर्तन आदि दर्जनौं कारण हुन सक्छन् सबै ठाउँमा सबै भेला हुन नसक्ने कारण । त्यसो त सदस्यतामा आधारित 'भोल्युन्टरी नेटवर्क'मा बढी अपेक्षा राख्नु पनि हुन्न र धेरैजसो संस्थाको हालत यस्तै नै हुन्छ भनेर सहभागीमूलक विकास पद्धतिका अग्रज प्रा.डा. रोबर्ट च्याम्बर्स बारम्बार भन्ने गर्नुहुन्छ । यो यथार्थ र वास्तविकतालाई पनि हामीले मनन गर्नैपर्छ ।

डाँडागाउँको नेपान दिवस चर्चा गर्दागर्दै अलिकति नेपानको संस्थागत पक्षमा रुमल्लिएछु । अँ, त्यो भेला निकै फलदायी रह्यो । रिट्रिटको रमाइलो र सिकाइका अतिरिक्त त्यहाँ दुई मूल कुरा (काम) भए :

**क) नेपानको रणनीति** (२०१८-२०२२) को प्रभावकारी कार्यान्वयन गर्न के के कुरामा जोड दिनुपर्ला भन्ने विषयमा पनि व्यापक छलफल भयो । बुँदा टिपोट गरियो । त्यसको प्रतिवेदन पनि निकालेर सार-संक्षेप नेपानका सम्पूर्ण सदस्यहरूबीच सर्कुलर गरियो ।

**ख) डा. भोलाप्रसाद दाहाल स्मृति सम्मान कोष आरम्भ :** नेपानका पूर्व अध्यक्ष विकासविद् डा. भोलाप्रसाद दाहालको अमेरिका भ्रमणका

क्रममा २०७५ असोजमा देहान्त भएपश्चात् नेपानले पनि एक होनहार सदस्य तथा नियमित योगदानकर्ता गुमाउनुपरेकोमा उहाँको योगदानको उच्च सम्मान र कदर गर्दै दीर्घकालसम्म उहाँको स्मृति हुने गरी सम्पूर्ण सदस्यको सहभागितामा नेपानमा एक पुरस्कार स्थापना गर्ने प्रस्ताव अध्यक्षको हैसियतबाट मैले राखेँ ।

सो अवधारणा सुन्दा साथीहरूले हार्दिक स्वागत गर्नुभयो । 'पुरस्कार-कोष घोषणा पनि गरौं, आजै केही रकम जम्मा पनि गरौँ' भनी राखिएको प्रस्तावमा तत्काल डा. भोलाप्रसाद दाहालका सुपुत्र प्रज्ज्वल दाहाल र उपस्थित सबै साथीहरूको योगदानबाट करिब ३० हजार रुपैयाँ ठाउँका-ठाउँ उठ्यो । डाँडागाउँबाट फर्केपछि पुनः नेपानका इच्छुक सदस्यले उक्त कोषमा स्वेच्छिक तवरबाट रकम जम्मा गर्न आह्वान गर्दै इमेल तथा अन्य माध्यमबाट अनुरोध गरियो । नेपान सदस्य तथा सहप्राध्यापक डा. प्रकाश भट्टराईको संयोजनमा काठमाडौं विश्वविद्यालय स्कुल अफ एजुकेसनमा 'डेभलेपमेन्ट स्टडिज' विषय अध्ययन गर्ने एमफिल तेस्रो सेमेस्टर (शैक्षिक वर्ष २०७४-२०७६) का विद्यार्थी साथीहरूले पनि आफ्ना भिजिटिङ फ्याकल्टी गुरु स्व. डा. भोलाप्रसाद दाहालप्रति सम्मान प्रकट गर्दै एकमुस्ट ५० हजार रकम त्यो कोषमा सहयोग गर्नुभएको छ । केही महिनाभित्रै सो रकम करिब (हालसम्म) २ लाख पुगेको छ । रकम बढ्ने क्रम जारी रहला, तर हालसम्मको रकमलाई बढी ब्याज दिने उपयुक्त बैंकमा मुद्धती खातामा राखी सो ब्याजबाट हरेक वर्ष कम्तीमा २ जना 'सहभागीमूलक विकासकर्मी'लाई सम्मान गर्ने प्रस्ताव छ । कार्यविधिको प्रारुप तयार भएको छ । कार्यविधिलाई अन्तिम रुप दिने कार्य र पुरस्कार राशि एवम् प्रदान गरिने मिति (सन्दर्भ) घोषणा हुन बाँकी छ । वर्तमान कार्यसमितिको दायित्वमा छ त्यो कार्य ।

यसरी रिट्रिटमय क्षण, खेलबाट मनोरञ्जन र सिकाइ, नेपानको व्यवस्थापकीय क्षमता अभिवृद्धि एवम् भावी कार्यदिशामाथि बहस र 'डा. भोला स्मृति सम्मान कोष' आरम्भ २०७५ को 'सहभागिता दिवस' अर्थात् 'नेपान २४ औं वार्षिकोत्सव' अर्थात् 'नेपान रजत-जयन्ती (२५औं वर्षको यात्रा) आरम्भ दिन' ले दिएका प्रमुख उपलब्धि थिए । ती स्मरणमा ताजा भएर आज विशेषरूपमा मेरो मनमा उत्रिएका छन् ।

## यसपटक यस्तै भयो !

यसपटक यस्तै भयो । कोरोना कहरले डर थप्यो । भय थप्यो । हामी भेला हुन सकेनौं । ठोस कुनै कार्यक्रम गर्न

सकेनौं । सरकारी नियमको अवज्ञा गर्नु आफ्नै लागि बेहाल वा काल निम्त्याउनु हुनेछ । यो यथार्थलाई बुझी विगतका मिठा याद सम्झेर घरमै, कोठामै, छाप्रामै बस्नु बेस भनेर हामी नेपानको २५ वर्ष पूरा भएको दिन अर्थात् रजत दिन सम्झँदै बस्यौं ।

दिन रहे धेरै कुरा देख्न पाइन्छ भन्छन् । जिउ रहे 'घिउ खान' पाइन्छ भन्छन् । नेपान परिवारका लागि पनि यिनै भनाइ लागू हुन्छन् ।

अहिले २६ वर्षे यात्रामा छौं । नेपान 'लक्का जवान' भयो । अहिले करिब ३०० सदस्य छौं, हाम्रो आफ्नै ३ तले घर छ । केही अक्षय-कोषका रकमहरू छन् । 'सहभागिता' नेपाली प्रकाशन र 'पार्टिसिपेसन' अंग्रेजी जर्नलले आफ्नै महिमा र उपमा बनाएका छन् । सन्दर्भ सामग्रीको रूपमा विकासकर्मीमाझ लोकप्रिय बनेका छन् । नेपानबाट प्रशिक्षित सयौं विकासकर्मी देशभर सक्रिय छन् । विदेशमा समेत केही सदस्य आ-आफ्ना क्षेत्रमा नेपान सदस्य भनेर गौरव गरिरहेका छन् । केही न केही सहभागीमूलक कर्म गरिरहेका छन् ।

बुद्यौली सवालमा नेपान अग्रणी साथी बनेको छ सबैका लागि । एक असल स्रोत-केन्द्र भएको छ धेरैका लागि । आफनै एउटा लाइब्रेरी छ । नेपालभर नेपान-सञ्जालको छवि राम्रो छ । विश्वमा पनि नेपानको छवि राम्रो भएको कुरा स्वयम् विश्वप्रसिद्ध विकासविद् डा. रोबर्ट च्याम्बर्सको भनाइ छ । नेपान सदस्य बन्न पाएकोमा हरेक व्यक्ति गर्व गर्छन्, हरेक संस्था शान अनुभव गर्छन् । विगत २५ वर्षका एक-एक कामले नेपानलाई सधैं विकासकर्मीका नेटवर्कमध्ये 'अब्बल' नेटवर्कमा दर्ज गरेको छ । अनुसन्धानमा नेपानले गरेको काम भरपर्दो मान्छन् साझेदारहरू । वकालती काममा नेपानले 'लिड' गरोस् भन्छन् सहकर्मीहरू । फिल्डमा नेपानका काम पारदर्शी र भरपर्दा हुन्छन् भन्छन् साझेदारहरू । नेपानको अफिस सञ्चालनदेखि हरेक कुरा पारदर्शी र सहभागीमूलक हुन्छन् भन्छन् हरेक आबद्ध र भुक्तभोगीहरू । यी सबै-सबै नेपानले कमाएका साख रहेछन्, आर्जन गरेका विश्वास र भरोसा रहेछन् ।

म आज एक निवर्तमान अध्यक्ष । एक पूर्व संयोजक (कार्यकारी निर्देशक) । एक पूर्व प्रधान-सम्पादक । वर्तमानको पदेन कार्यकारिणी । २२ वर्षदेखि निरन्तर सक्रिय एक आजीवन सदस्य । आफूलाई एक बढी जिम्मेवार व्यक्ति सम्झन्छु । नेपानसँग सबैभन्दा बढी भिजेकामध्ये एक सम्झन्छु । नेपानलाई सबैभन्दा बढी समय दिनेमध्येको एक स्वयम्सेवी सदस्य सम्झन्छु । म आफूलाई गौरवान्वित सम्झन्छु । नेपानसँग मुटु, मन, आत्मा, हृदय सबै-सबै गाँसिएको सम्झन्छु । मनसाः, वाचाः, कर्मणाः एकैठाउँ प्रयोग भएको पनि सम्झन्छु ।

यो सबै गौरवका लागि हाम्रा अग्रज तेत्तीसै जना संस्थापक सदस्यहरू नै विशेष सम्झनलायक हुनुहुन्छ । र, मभन्दा अघि नेपानलाई डोऱ्याई ल्याउने कार्यमा अग्रणी भूमिका खेल्ने १३ जना अध्यक्षहरू र उहाँका कार्यकारिणी टिमका सदस्यहरू विशेष

स्मरणीय हुनुहुन्छ। अध्यक्षज्यूहरूको एकपटक नामै लिन चाहन्छु : रमेशकुमार सिंह, डा. शिवेशचन्द्र रेग्मी, डा. विनोद भट्ट, यशोधा श्रेष्ठ, हुकुमबहादुर सिंह, मानबहादुर थापा, राघवराज रेग्मी, डा. भोलाप्रसाद दाहाल (स्व.), तेजराज दाहाल, डा. नानीराम सुवेदी, छिङलमु शेर्पा, ब्रह्मध्वज गुरुङ र उत्तम उप्रेती । म नेपानको १४औं अध्यक्ष रहेछु। हालका (१५औं) अध्यक्ष झविन्द्र भण्डारीबाट पनि नेपानले धेरै अपेक्षा राखेको छ ।

नेपानको चुस्त व्यवस्थापनमा सचिवालयको नेतृत्व लिने मभन्दा अघिका र मभन्दा पछिका संयोजक/कार्यकारी निर्देशक साथीहरू र सहयोगी कर्मचारी साथीहरूको योगदान त सायद झनै महत्वपूर्ण हुन आउँछ। उहाँहरूकै हातमा हुन्छ नेपान सदस्यलाई परिचालन गर्ने मुख्य जिम्मा, कार्यकारिणीलाई सहजीकरण गर्ने प्रमुख दायित्व र संस्थागत निर्णयहरू कार्यान्वयन गर्ने पूर्ण दायित्व । सुरुमा हुस्नबानु शेखले संयोजकको भूमिका निभाउनुभयो । त्यसपछि क्रमशः डा. कमल फुयाल, द्रोण केसी, झविन्द्र भण्डारी, बच्चुराम बस्नेत, डम्मर राई, दलबहादुर जीसी, फटिकबहादुर थापा र उषा अर्याल दाहालले त्यो भूमिका निभाउनुभयो । पछिल्लो समय कार्यालय संयोजकको भूमिका चन्द्रबहादुर सर्तुङ्गे मगरले निभाइरहनुभएको छ । नेपानमा कुनै पद सह्मालेर नबसे पनि असीम योगदान पुऱ्याउने थुप्रै सदस्य हुनुहुन्छ, नेपान सदस्यता नै नलिएर नेपानका गतिविधि र पहलमा योगदान पुऱ्याउने पनि केही मित्रहरू हुनुहुन्छ, जो सधैं नेपानका लागि साधक र गहना बन्नुभएको छ, हाम्रा लागि सम्मानजनक हुनुहुन्छ ।

## नयाँ चुनौतीबीचको कोरोनामय समय र नागरिक समाजको अग्रणी नेपान

विश्वभर नै पछिल्लो समयमा विकास-बजेट खुम्चिँदो छ । गैरसरकारी संस्थाको भूमिका खुम्च्याइँदै छ । दातृ निकायको सोच र अवधारणा खुम्चिँदो छ। वाह्य सहयोग/विकास सहायता खुम्च्याइँदै छ। यसको मार नेपाल देशले पनि भोग्न थालिसकेको थियो । नेपालमा पनि नयाँ संविधान निर्माण भएपछि प्रदेश र स्थानीय सरकारसहितका सङ्घीय संरचना तयार भए, विकास प्रक्रिया र शासनमा गैरसरकारी भूमिकालाई कम आँक्न थालिएको स्थिति पनि छ । यी सबै कुराले नेपानजस्ता गैसस पहिलेको तुलनामा खुम्चिँदै जानुपर्ने बाध्यता आउने हो कि भन्ने संशय बढ्न थालेको छ । नागरिक समाजको भूमिका नहुने विकास प्रणाली कुनै लोकतान्त्रिक पद्धतिमा परिकल्पनासमेत हुन नसक्ने भए पनि कहिलेकाहीँ नेपालमा यस विषयमा समस्या उत्पन्न हुने गरेका छन्, छलफल चल्ने गरेका छन्, विवादसमेत उत्पन्न हुने गरेका छन् । नेपानले नागरिक सहभागिता र समावेशिता अभिवृद्धिकै लागि चासो, चिन्ता, चिन्तन, अध्ययन, प्रशिक्षण र प्रकाशनमा आफूलाई समर्पित गरेको हुँदा बदलिँदो परिवेशमा पनि यसको महिमा र आवश्यकता कत्ति नघटेको बरु झन् बढेको हामीले महसुस गरेका छौँ । जनताको आवाज ठूलो र फराकिलो नभएसम्म कुनै पनि प्रणाली दिगोरूपमा टिक्न सक्दैन भन्ने कुरामा पनि नेपान विश्वस्त छ ।

अहिले विश्वभर कोरोना (कोभिड-१९) को महामारीमय आक्रमण छ; यो वैश्विक स्वास्थ्य-समस्याको चरम अवस्थामा पुगेको छ; प्रलय, भय र संशयले सीमा पार गरेको छ। विनाशकारी प्रथम र दोस्रो विश्वयुद्धलाई पनि बिर्साएको छ। कतिपयले यो कोरोना-युद्ध 'तेस्रो विश्वयुद्ध' सरह भएको भन्दैछन् । कोभिड-१९ का कारण विश्व नै आक्रान्त, क्षतिग्रस्त र तहसनहस बन्ने सम्भावना छ। विश्वका २१५ देशभन्दा बढीमा कोरोना संक्रमण फैलिएको छ । कम विकसित देशहरूभन्दा बढी विकसित देशहरू झन् तहसनहस भए भने विश्वकै अर्थतन्त्र डावाँडोल बन्ने, विकास प्रणाली डिप्रेसनमा जाने, 'रिकभरी' हुन केही वर्ष लाग्ने संकेत देखिएका छन् ।

विश्वको विकास बजेट कोरोनाका लागि खर्च गर्नुपर्ने, नेपालको विकास बजेट र विदेशी सहायता पनि कोरोनासम्बद्ध समस्या र प्रभावका लागि छुट्याउनुपर्ने अवस्था आएको छ । यस्तो स्थितिमा नेपानजस्ता स्वयम्सेवी विकास नेटवर्क/गैससहरूले साझेदारिताका अवसर खुम्चिँदै जाँदा झनै समस्या खेप्नुपर्ने निश्चित छ । कोरोनापछिको विश्व-परिदृश्य नै फरक हुँदैछ । यस्तो स्थितिमा नेपानले पनि आफ्नो 'परिदृश्य' फरक बनाउँदै र परिमार्जन गर्दै जानैपर्छ। पच्चीस वर्ष पूरा गरी २६ औं वर्षको यात्रामा चलिरहँदा यी चुनौती र अवसरबीच जुध्नैपर्छ। रजत वर्षले दिने मूल सन्देश पनि यही हो। नेपालका विकासकर्मी र नेपानका सबै सदस्यहरू यो समस्या र चुनौतीसँग जुध्नुको विकल्प छैन ।

अन्त्यमा, विश्वप्रसिद्ध चिन्तक विल्फ्रेड ग्रेनफेलले भनेको कुरा हामी सबैका लागि लागू हुन्छ : "यदि हामीले कठिन समस्याको सामना गर्नका लागि संकल्प गऱ्यौं भने कसले भन्छ त्यो असम्भव छ भनेर ?" बस्, आजलाई यत्ति । जय नेपान !!

*(आभार व्यक्त : मेरो आलेखमा आफ्ना मूल्यवान सुझाव दिई गुन लगाउनुभएकोमा म नेपानका वर्तमान अध्यक्ष झविन्द्र भण्डारी तथा पूर्व अध्यक्ष ब्रह्मध्वज गुरुङप्रति विशेष आभार व्यक्त गर्दछु ।- लेखक)*

*(लेखक नेपानका निवर्तमान अध्यक्ष तथा 'सहभागिता'का पूर्व प्रधान-सम्पादक हुनुहुन्छ ।)*

*E-mail : chetnathkanel@gmail.com*

दुवै हाम्रा कुरा : रोजौं राम्रा कुरा

# कोरोना र हाम्रा राम्रा कुरा



कृष्ण सुवेदी "भारद्वाज मित्र"

वर्तमान अवस्था भनेको कोरोना भाइरस अर्थात् 'कोभिड-१९' ले संसारलाई त्राहीत्राही बनाइरहेको अवस्था हो । कोभिड-१९ विषाणुले आज समस्त विश्व नै तर्सेको छ । चीनबाट सुरु भएर संहारको यात्रामा निस्केको यो महामारीले सुरुमा नजिकैको देश कोरियालाई आक्रान्त बनाएको हो । त्यतिबेला निकटतम छिमेकका रूपमा रहेको नेपाल पनि उच्च जोखिममा छ भन्ने मान्यता विश्वव्यापी भएको थियो ।

### १. प्रकृतिसँगको लडाईं हार र जीत :

महामारीको सन्त्रास क्रमशः इरान हुँदै युरोप अनि अमेरिका पुगेर आज संसारभर ताण्डव मच्चाइरहेको छ । मानव सभ्यताको लामो इतिहासलाई हेर्दा यस्ता महामारी प्रकृतिका असन्तुलित दोहन र परिचालनमा देखिएका असावधानीका कारण भोग्नु परिरहेको छ । आज भूमण्डलमा प्रकृतिमाथिको मानवीय अतिक्रमण, तापमानको बढोत्तरीजस्ता कारणबाट परेका कतिपय असर प्रत्यक्ष देखिएका छन् भने यस्ता महामारीहरू नदेखिने गरी आएका छन् । त्यसका प्रभाव र प्रतिफल रूपमा अनेकानेक अनिष्ट मान्छेले सामना गरिरहनु परेको छ ।

मान्छेले प्रकृतिसँग ठूला लडाइँहरू झेलेको छ । तत्कालका लागि मान्छे हारेको पनि छ । त्यो हारेको कालका रूपमा आजभोलिलाई लिनु पर्दछ । मान्छेले प्रकृतिसँग तत्कालका लागि हार्नु यथार्थ हो । त्यो हाम्रो कुरा हो ।

यसै प्रसङ्गमा राम्रो कुरा पनि हामीसँगै छ । त्यो हो तत्कालका लागि मान्छे हारेको देखिए पनि लामो संघर्ष र निरन्तर प्रयासपछि फेरि मान्छेको जीत भएको छ । अन्ततः प्रकृतिसँगको सम्झौता नै सर्वोत्तम विकल्प देखिएको छ । लामो मानव विकासको क्रममा यो नै अर्को राम्रो कुरा हो । यसको उदाहरणका रूपमा यो कोरोना महामारीका विरुद्धमा खोपको विकास हुन लागिरहेको छ । मान्छेका पुरुषार्थमा ठूला सफलताहरू भएका छन् । ती चाहे अनेकानेक आविष्कारदेखि अन्तरिक्ष अन्वेषणसम्मका कुरा हुन् या यस्तै दु:साध्य मानिएका रोगका निदानका कुराहरू हुन् । अन्ततः मानवताले जीत हासिल गरेकै छ । यो नै हामीले रोज्ने राम्रा कुराको कोटीमा पर्दछ ।

"मान्छेका पुरुषार्थमा ठूला सफलताहरू भएका छन् । ती चाहे अनेकानेक आविष्कारदेखि अन्तरिक्ष अन्वेषणसम्मका कुरा हुन् या यस्तै दु:साध्य मानिएका रोगका निदानका कुराहरू हुन् । अन्ततः मानवताले जीत हासिल गरेकै छ । यो नै हामीले रोज्ने राम्रा कुराको कोटीमा पर्दछ ।"

यो महामारी संसारलाई नराम्रो चुनौतीका रूपमा देखिएको छ । माथि नै चर्चा गरेअनुसार यसबाट ठूलै जनधनको क्षति भएको छ । बेवास्ता गरेर यसलाई हेप्नेको दुर्गति भएको पनि छ । आज संसारभरका मानिसहरू अमेरिका, युरोपतिरको उदाहरण दिइरहेछन् । सभ्य र सम्पन्नहरूलाई खेदो गरेजस्तो लाग्ने गरी उतै ताण्डव मच्चाइरहेछ यो महामारी । उत्पादनका कामहरू आधा वर्षदेखि लगभग ठप्प छन् । अभूतपूर्व कोलाहल छ । नियन्त्रणको कुनै औषधी या यसबाट सुरक्षित हुने पूर्वप्रतिरक्षाका लागि खोप या अरु कुनै उपाय पत्ता लगाउनु विज्ञानको यत्रो विश्वविजयलाई यो अर्को ठूलो चुनौती हो । यो हाम्रो कुरा हो अर्थात् मान्छे जातिको कुरा हो ।

यसबाट बच्ने उपायका रूपमा अपनाइएको उच्च सतर्कताले हालसम्म सङ्क्रमितमध्ये ज्यादै सानो प्रतिशतमात्र मान्छेले ज्यान गुमाएका छन् । यसबाट बच्ने प्रयासमा मान्छे-मान्छेका बीच भौतिक दूरी कायम गर्ने, सरसफाइ गर्ने र मास्क, पञ्जा, स्यानिटाइजरजस्ता प्रतिरोधात्मक कुराहरूको नियमित र व्यवस्थित प्रयोग र परिशीलन राम्रो कुरा हो ।

राम्रो कुराको चुरोको रूपमा रहेको अर्को राम्रो कुरो पनि छ । त्यो हो- अनुसाशन कायम गर्दै विधिको सुदृढ व्यवस्था कायम गर्नु । त्यसो गर्नेहरूले यो महामारीबाट आफ्ना नागरिकहरूलाई सुरक्षित गर्न सकेकोमा विश्वका मानिसहरू प्रशंसाका साथ चीन, कोरियाको नाम लिइरहेका छन् । ती राम्रा कुरालाई रोज्नु पनि आजको मानवीयता नै हो ।

## २. हाम्रो पन राम्रो पन :

यस सन्दर्भमा अर्को विचारणीय पक्ष पनि छ। प्रकृतिसँग टाढा भएर बाँच्न खोज्ने खानपान, आचार-विचार र रहनसहनमा अव्यवस्था गर्दै जाने पनि हाम्रा अभ्यासहरू हुन् । अर्थात् राम्रा नभए पनि हाम्रा कुराहरू हुन् । चिसा पेयहरूलाई जीवनको नियमित अभ्यास बनाउनेहरू, घरमा ताजा बनाएर भन्दा तयारी बजारु खाना (जङ्कफुड) खाने जीवनशैली भएकाहरूलाई यो महामारीले माया गरेको पाइन्छ । मान्छेले एकआपसमा जुठो-चोखोको कुनै वास्ता नगर्ने, लागु पदार्थको अत्यधिक सेवन गर्ने, 'जङ्कफुड' र चीसा पदार्थको प्रयोगलाई जीवनको अभिन्न अङ्गका रूपमा अङ्गीकार गर्ने जीवनशैली पनि हाम्रा नवीन अभ्यासहरू हुन् । अर्थात् हाम्रा कुराहरू हुन् ।

यो हाम्रोपन अर्थात् हाम्रा कुराका साथै अरु हाम्रा नै तर राम्रा कुरा पनि छन् । प्रकृतिका साथनजिकको नाता राखेर बाँचेकाहरू, सादा जीवन जिउने अभ्यास भएका, अझ भन्ने हो भने सामान्य जीवन जिउन बाध्य हुनेहरूलाई त्यति गाँज्न नसकेको पाइन्छ । हुन त अब संसारका स्वास्थ्यक्षेत्रका खोजकर्ताहरू, अनुसन्धाताहरूले यस विषयमा व्यापक र गम्भीरतम खोजी गर्नेछन्, अनुसन्धानहरू गर्नेछन् र भोलिका पुस्ताका लागि धेरै जानकारी र समाधानका उपायहरू पत्ता लगाएर राखिदिने छन् ।

यहाँ सामान्य प्रयोगधर्मिताका आधारमा पनि हाम्रा पूर्वीय परम्पराका केही हाम्रा अनि राम्रा कुराहरूको चर्चा नगर्ने हो भने यो आलेखको अर्थवत्ता नरहने हुन्छ । तसर्थ केही अत्यन्त सामान्य तर अहम् महत्वका कुरा पनि छन् । ती कुराहरू हाम्रा अनि राम्रा पनि छन् ।

- नमस्कार गर्ने अभ्यास हाम्रो पुरानो परम्परा हो ।
- घरमा कुनै अतिथि या अभ्यागतका आगमनमा हातगोडा धुनका लागि पानी लगिदिने हाम्रो प्रथा नै हो ।
- घरपरिवारकै या अन्य मानिसहरूको आगमनमा बालबालिकालाई जोगाउने हाम्रो पुरानो चलन छ । त्यो भनेको आगो या पानी नछोइकन बालबालिकालाई छुन नहुने चलन सुन्दर चलन हो ।
- बिरामीहरू, वृद्धवृद्धाहरू र सुत्केरीलाई सेकताप गर्ने चलन ।
- सुत्केरी, नवजात शिशु र किरियापुत्रीलाई राखिने परम्परागत आइसुलेसन अर्गात् आममान्छेबाट टाढा राख्ने अभ्यास ।
- श्राद्धादि पूजा कर्महरूमा पञ्चगव्यहरूको प्रयोग, आच्मन, मार्जन र बारम्बार हातगोडा धुनुपर्ने विधिहरू ।

यी र यस्ता धेरै विधिहरू, जीवन पद्धतिहरूलाई हामी अधुनातनरूपमा प्रयोग र परिशीलन गर्न सकेमा लसुन, अदुवा, बेसार, गुर्जो, मरिच, ज्वानो, बोझो, पाषणवेदलगायत धेरैभन्दा धेरै जडिबुटीहरूलाई ठूलो औषधीका रूपमा प्रयोग गर्नुका साथसाथै बाष्पस्नान, जलनेति, शुत्रनेतिहरू जस्ता सहजचिकित्साका विधिहरूको नियमित अभ्यास र प्राकृतिक व्यायाम, योग, प्राणायम, ध्यानजस्ता सन्दर्भहरूको परिपालना पनि हाम्रा राम्रा कुराहरू हुन् ।

**निष्कर्षमा,**

हामीसँगै धेरै हाम्रा कुराहरू छन् । 'हाम्रा'मध्ये पनि 'राम्रा' कुराहरू रोजौं भन्ने मेरो नियमित आग्रह आजको यो महामारीका अवस्थामा हामीलाई काम लाग्छ होला? हाम्रो प्रतिरोधी क्षमताको उन्नयन गर्न र रोगव्याधिबाट जोगिन निकै उपयोगी हुन सकेमा 'हाम्रा कुरा' अझ 'राम्रा कुरा'को जगेर्ना हुने थियो । नमस्कारजस्तै हाम्रा संस्कृतिका अरु धेरै असल पक्षहरूलाई विश्वव्यापीकरण गर्न पनि बल मिल्ने थियो ।

*(लेखक वरिष्ठ बालअधिकारकर्मी तथा नेपानका पूर्व कार्यसमिति सदस्य हुनुहुन्छ । उहाँले 'दुबै हाम्रा कुरा, रोजौं राम्रा कुरा' स्तम्भमा लामो समयदेखि कलम चलाउँदै आउनुभएको छ ।)*

*E-mail : cn@childnepal.org*

# स्थानीय सरकार, सुशासन र मिडिया प्रभावकारिता



कृष्ण अधिकारी

नेपालमा विकेन्द्रीकरणको अभ्यास सुरु भएको पञ्चायतकालमै हो तर केन्द्रीकृत राज्य प्रणाली भएका कारण केन्द्रको अधिकार स्थानीय निकायसम्म पुग्न सकेको थिएन । सानो कामको लागि पनि केन्द्रकै मुख ताक्नुपर्ने अवस्थाले गर्दा विकासको पूर्वाधार गाउँगाउँमा पुग्न सकेन । सरकार र जनताबीचको दूरी टाढा भएकै कारण जनताले राज्यसत्ता केवल आफूहरुको विकासका लागि नभएर आफूहरुमाथि शासन गर्ने वर्गका लागि हो भन्ने चेतनाको विस्तारै अनुभूति गर्न थाले । अर्थात जनतामा राजनीतिक चेतनाको दियो सल्केकै कारण २०४६ सालमा प्रजातन्त्रको पुर्नस्थापना भयो । नेपालको राजनीतिक इतिहासमा यसले ठूलो महत्व त राख्नसक्यो तर राजनीतिक नेतृत्व तहदेखि कर्मचारीतन्त्रमा पुरानो संस्कार पूर्णरुपमा हट्न नसकेका कारण केन्द्रको अधिकारको जरा राम्ररी गाउँसम्म फैलिन सकेन । राजनीतिक अस्थिरता, माओवादी विद्रोह, राजाको प्रत्यक्ष शासन, लोकतन्त्रको बहाली तर लामो समयको सङ्क्रमणले गर्दा स्थानीय निकाय बेकम्मा, निरीह र मिलिजुली कमाउने थलो बन्न पुग्यो, जनताका अधिकारको विषय गौण बन्यो ।

> ‘मिडियाको पहुँच स्थानीय तहसम्म पुग्नु खुशीको कुरा हो तर यसको प्रयोग कसरी भएको छ र जनसाधारणसँग त्यसको सम्बन्ध कतिको नजिक छ भन्ने पनि महत्वपूर्ण हुन्छ । स्थानीय तह, व्यापारिक र व्यावसायिक प्रतिष्ठानहरूले ती मिडियालाई जीवन्त गराउन सक्दो सहयोग गर्ने दायित्व सम्झनुपर्दछ तर यसको अर्थ आफ्नै इशारामा चलाउन खोज्ने धृष्टता राख्नु हुँदैन ।’

### विगतका कमजोरी

झण्डै दुई दशक जनप्रतिनिधिरहित हुँदा स्थानीय निकाय र सर्वसाधारणबीचको नाता टुट्न पुग्यो । जनप्रतिनिधिविहीनको अवस्थामा जनताका पीरमर्का बुझिदिने राज्यको चौथो अङ्ग सञ्चार क्षेत्रले पनि त्यो अभावलाई पूर्ति गर्न सकेन । जसरी केन्द्रीकृत राज्य सत्ताको शक्ति प्रदेश र स्थानीय सरकारको रूपमा काठमाडौँबाट बाहिरिएर जनताको नजिक पुगेको छ, ठीक त्यसैगरी, मिडियाको केन्द्रीकृत शक्ति पनि स्थानीय मिडियामा आएको छ। पहिले केन्द्रीकृत सत्ता हुँदा केन्द्रका मिडिया मात्रै राष्ट्रिय ‘वाचडग’ को रूपमा थिए । अब हरेक प्रदेश र हरेक स्थानीय सरकारका बलिया वाचडगका रूपमा स्थानीय मिडियाहरू नै छन् । स्थानीयस्तरमा रहेका पत्रपत्रिका, रेडियो र टेलिभिजनको विस्तार जिल्लाजिल्लामा भएपनि त्यसले जनताको आवाजलाई जसरी मुखरित गर्न सक्नुपर्थ्यो, त्यो गर्न नसकेकै हो । यद्यपि, विज्ञापनको साँगुरो बजार, सञ्चार माध्यमको कमजोर

आर्थिक अवस्था र जनतामा पनि मिडियाको उपयोगिताबारेमा सही मूल्याङ्कन नहुँदा पनि मिडिया र जनताबीचको हार्दिक सम्बन्ध हुन सकेन ।

वि.सं २०६२/६३ सालको जनआन्दोलनपछि मुलुकमा गणतन्त्र स्थापनापछि नेपाली जनताको दशकौंपछिको सपना त पूरा भयो, स्थानीय तहको निर्वाचन भई स्थानीय निकायहरूमा आफूले निर्वाचित जनप्रतिनिधिको उपस्थिति देख्दा जनतामा ठूलो आशा र विश्वास पलाउनु स्वाभाविक थियो । नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तह गरी तीनवटा सरकारको व्यवस्था गरी जनतालाई केन्द्रमा राखी जसरी सेवा प्रवाहको आशा राखेको थियो, तीनवटै सरकारहरूबाट त्यसअनुसार नतीजाको अनुभूति हुन सकेको छैन। स्थानीय तहको निर्वाचनयता भूकम्पबाट पीडित जनताको समस्याको समाधान गर्नेदेखि हालैको विश्वव्यापी कोरोना संक्रमणबाट जोगिनका लागि गर्नुपर्ने कामहरूमा पनि अधिकांश स्थानीय सरकारहरू चुकेको देखिन्छ। केही स्थानीय सरकारहरूले भने यस समस्याबाट सुरक्षित हुन गरेका कामहरू निकै प्रशंसनीय पनि नभएका होइनन् ।

संविधान तर्जुमा हुँदादेखि स्थानीय तहको निर्वाचनको समयमा सिंहदरबारको अधिकार अब सिधै गाउँमा जान्छ भन्ने गरियो, जनताले पनि अब त हाम्रो भाग्य खुल्ने भयो भन्दै ठूलो आशा र विश्वास राखे। निर्वाचन भएको तीन वर्ष पूरा भइसक्दा पनि अझै जनताले आफूले निर्वाचित गरेका जनप्रतिनिधिहरूबाट विकास निर्माण, दैनिक कामकाजमा सहज नभएको गुनासो गर्ने अवस्था रहेको छ। सुशासन, पारदर्शिता र भ्रष्टाचारको पुरानो रोग अहिले झन् बढेको छ। 'दुधको साक्षी बिरालो' भने झैं स्थानीय तहमा भएको गलत क्रियाकलापहरूको पर्दाफास गरिदिने, स्थानीय तहका सरकारहरूलाई जनताप्रति बढी उत्तरदायी तुल्याउने र जनताका पीरमर्काहरूलाई बाहिर ल्याउने जिम्मेवारी पाएका स्थानीय तहमा सञ्चालित मिडिया(अधिकांश) यसमा चुकेको देखिन्छ। यसले गर्दा स्थानीय तहमा सुशासनको विरुवा हुर्किन पाएन, बरु भ्रष्टाचारको काँडा फैलिन पुग्यो ।

## बढेको भूमिका र दायित्व

स्थानीय मिडियाहरू बलियो भए मात्रै सङ्घीयताको जग बलियो हुन सक्छ भन्ने कुराको हेक्का तीनै तहका सरकार, जनप्रतिनिधि र नागरिकस्तरमा चेतना आउनु जरुरी छ, सँगसँगै ती स्थानीय मिडियाले पनि आफ्नो भूमिका र दायित्व बुझ्न आवश्यक छ । स्थानीय संचारमाध्यमहरूले स्थानीय विषय वस्तुहरू बढी प्राथमिकता दिएर उठान गर्ने भएकाले पनि अझ बढी महत्व रहन्छ । पत्रकारिता क्षेत्रमा राम्रो काम गर्नेलाई प्रोत्साहित तथा नराम्रो काम गर्नेलाई निरूत्साहित गर्ने संस्कृतिको विकास आजसम्म हुन सकेको छैन। निर्वाचन ताका गरिएका प्रतिवद्धतादेखि नगर परिषद् र गाउँ परिषद्का अत्यन्तै महत्वपूर्ण निर्णयहरूबारेमा जानकारी गराउने, उत्तरदायी गराउने र सुशासनको अनुभूति गराउने काममा स्थानीय मिडियाले महत्वपूर्ण भूमिका खेल्न सक्दछन्। स्थानीय तहले बनाउने विभिन्न ऐन कानूनदेखि अन्य निर्णयहरूले राष्ट्रियस्तरका मिडियामा स्थान पाउन गाह्रो छ । स्थानीय सरकारका हरेक नीति तथा कार्यक्रम अनि ऐन कानूनमा शृङ्खलाबद्ध बहस चलाउने भनेको स्थानीय मिडिया नै भएको हुँदा यो अवसरलाई स्थानीय मिडियाले उपयोग गर्न सक्नुपर्दछ ।

मिडियाको पहुँच स्थानीय तहसम्म पुग्नु खुशीको कुरा हो तर यसको प्रयोग कसरी भएको छ र जनसाधारणसँग त्यसको सम्बन्ध कत्तिको नजिक छ भन्ने पनि महत्वपूर्ण हुन्छ। स्थानीय तह, व्यापारिक र व्यावसायिक प्रतिष्ठानहरूले ती मिडियालाई जीवन्त गराउन सक्दो सहयोग गर्ने दायित्व सम्झनुपर्दछ तर यसको अर्थ आफ्नै इशारामा चलाउन खोज्ने धृष्टता राख्नु हुँदैन। आज विज्ञापनको बजारको तुलनामा मिडियाको सङ्ख्यात्मक विकास बढी भएकाले नै विज्ञापन सङ्कलनमा पनि अस्वस्थ प्रतिस्पर्धा देखिने गरेको छ । कसैले दुई हजारमा छाप्ने विज्ञापन कसैले पाँच सयमा नै छापिरहेको हुन्छ। अहिलेको मुख्य चुनौती स्थानीय मिडियाले राष्ट्रिय मिडियासँग प्रतिस्पर्धा गर्नु परेको छ। कतिपय राष्ट्रिय मिडियाले बजार विस्तार तथा क्षेत्रीय ब्युरोहरू राख्दा कमजोर र सानो लगानीका मिडियाहरू टिक्न गाह्रो छ ।

कोभिड१९ पछाडि राष्ट्रियस्तरमा ठूला मिडियाहरू नै चल्न मुस्किल भएको अवस्थामा स्थानीय तहका मिडियाहरू कसरी जीवित रहन सक्छन् भन्ने अहम् प्रश्न उठेको छ । विगतमा स्थानीय मिडियाहरूले संस्थागत रूपमा सञ्चालन हुने जमर्को गरेको भए आज यो विषम परिस्थितिमा पनि टिक्न असजिलो हुने थिएन । ठूला लगानीका मिडियालाई सञ्चालन हुन धौधौ भएपनि स्थानीयस्तरका साना मिडियालाई भने त्यति ठूलो असर नपर्ला कि भन्ने आशा गर्न सकिन्छ तर यसै भनिहाल्न सकिने अवस्था भने छैन । स्थानीय मिडियामा गुणात्मक विकास भइ नसकेकाले गर्दा स्थानीय विज्ञापन राष्ट्रिय मिडियामा जाने गरेको छ। यसका लागि स्थानीय मिडियामा पनि लगानीको वातावरण तयार हुनुपर्दछ ।

कतिपय स्थानीय तहले नै मिडिया सञ्चालन गर्ने वा लगानी गर्ने, कार्यक्रम प्रायोजन गर्ने वा पत्रकारहरूलाई पालिकाका प्रमुखहरूको सल्लाहकारमा नियुक्त गर्ने परिपाटीले गर्दा ती सरकारले जस्तो सूचना वा जानकारी बाहिर ल्याउन चाहन्छन् त्यस्तै मात्र आउने गरेको छ, नचाहेका तर सार्वजनिक चासो र हीतका विषयहरू दबिएका छन्, दबाइएका छन् । कतिपय पालिकाका जनप्रतिनिधिहरूले आफू अनुकूल भए त्यसलाई सहयोग गर्ने, विपरीत वा वास्तविकलाई खोतल्न खोजे सहयोग नगर्ने मात्र होइन, भौतिकरूपमै मिडियामाथि उत्रिएका उदाहरणहरू प्रसस्त छन् । स्थानीय मिडियाहरू बलियो बन्ने अवस्था आए पनि बलियोपनको अभ्यास सबैतिर गर्न भने पाएका छैनन् । अहिले स्थानीय तहमा स्रोत पनि प्रसस्त पुगेको छ तर त्यसलाई जनहीतमा भन्दा निर्वाचित प्रतिनिधिहरूको सुविधा, आसेपासेहरूको भत्ता र सिमित मिडियाको पालनपोषणमै खर्च भएको छ भन्ने आरोप कतैबाट खण्डित भएको छैन । मिडियामा कार्यरत अधिकांश पत्रकारहरू कुनै न कुनै राजनीतिक पार्टीसँग प्रत्यक्ष संलग्न रहनुले पनि तिनीहरूबाट सही अर्थमा निस्पक्ष सूचना सम्प्रेषण नहुँदा जनताले मिडियाको वास्तविक स्वाद चाख्न पाएका छैनन् ।

स्थानीय तहले गरेका काम कार्बाही र सेवाबारे जनतामाँझ लैजाने भनेकै स्थानीय मिडिया हो । केन्द्रीयस्तरमा रहेका मिडियाले स्थानीय विषयवस्तुलाई समेट्न सक्दैन र व्यावहारिक पनि हुँदैन । स्थानीय तहले जनतालाई कति सेवा सुविधा, विकास र स्थानीय तहका समस्याबारे प्रस्ट भई अझै स्थानीय तहलाई जनताको सारथीको रूपमा जिम्मेवार बनाउनका लागि मिडियाले पहरेदारको भूमिका निर्वाह गर्न सक्नुपर्थ्यो । स्थानीय तहलाई बलियो बनाउदै जनताका समस्या हल गर्नका लागि स्थानीयस्तरबाटै जनताले सरकारी सेवाको पहुँच पाउनका लागि मिडियाको भूमिका पनि उत्तिकै महत्वपूर्ण रहन्छ ।

स्थानीय सरकारले संविधानको मर्म अनुसार जनताको सेवामा तल्लिन रहँदै सङ्घीयता कार्यान्वयन, विकास र समृद्धि र खुसी नेपालको परिकल्पना अनुसार अघि बढ्न सकेको भए आज गणतन्त्रविरोधी स्वर सतहमा आउन सक्ने थिएन । विषम अवस्थामा पनि जनतालाई करको भार थोपरेर स्थानीय तहका जनप्रतिनिधिहरूले आफ्नो सेवा सुविधा वृद्धि गर्न जसरी उद्यत बने भोलि गणतन्त्रमाथि कुनै खतराको घण्टी बजेमा त्यसको मुख्य जिम्मेवार उनीहरू नै हुनेछन् र त्यसबाट मिडिया पनि अछुत रहन सक्दैन । सङ्घीय सरकार जति नै अनुत्तरदायी, भ्रष्टाचारमा लुप्त भएपनि स्थानीय सरकार जिम्मेवार बन्न सकेको भए जनतामा निराशा आउने थिएन । स्थानीय तहले गरेका जनमुखी काम कार्बाही सञ्चार माध्याममा सम्प्रेषण हुन सकेको भए यति छोटो अवधिमै राज्यप्रणालीमाथि प्रतिप्रश्न गर्नुपर्ने अवस्था आउने थिएन ।

वास्तवमा स्थानीय तहहरूले आफूहरूले गरेका नविनतम् कार्यहरूको प्रचार प्रसारका लागि सबै राम्रो विकल्प भनेकै स्थानीय संचार माध्यमहरू हुन् । अहिले सबै जसोको हात हातमा मोवाइल छन् । अधिकांशले मोवाइलमा इन्टरनेट फेसबुक चलाउँछन् । स्थानीय पत्रपत्रिका, एफएम रेडियो पनि इन्टरेनटकै कारण विश्वव्यापीकरण भइसकेका छन् । थानीय तहका सफलतालाई प्रचार गर्दै, भएका कमी कमजोरीहरूलाई औंल्याउँदै सुधारका लागि सुझाव दिनेमा सञ्चारमाध्यमहरूको भूमिका महत्वपूर्ण हुन्छ । अनि मात्र सङ्घीयता संस्थागत र सफल हुन सक्छ । स्थानीय सरकारबाट भएगरेका राम्रा कार्यहरू मिडियामा आउन नसक्दा जनतामा निरासा देखिएको छ । सरकारलाई सही दिशामा लैजानका लागि सरकार र मिडियाको उचित समन्वय तथा अन्तरसम्बन्ध आवश्यक पर्दछ । स्थानीय सरकारले पनि मिडियाको सशक्तिकरण र सवलिकरणमा सहयोग पनि गर्ने र आफ्ना योजना, कार्यक्रम नागरिक समक्ष पुऱ्याउन मिडियाको उपयोग पनि गर्ने नीति बन्न सकेमा मिडिया र सरकारबीचको सम्बन्ध फराकिलो बन्नेछ र यसले लोकतान्त्रिक प्रणालीलाई संस्थागत बल पुग्नेछ ।

## नागरिक सहभागिता र मिडिया

*'अखबार र सरकार मध्ये कुनै एक छान्नुपरेमा निश्चय नै अखबार छान्दछु'* - थोमस जेफरसनले जस्तो अहिलेका हाम्रा स्थानीय सरकारदेखि केन्द्र सरकार प्रमुखहरूलाई यही प्रश्न सोध्यो भने कस्तो जवाफ आउला ? हामी सहजै अनुमान लगाउन सक्छौं । अमेरिकाका तेस्रो राष्ट्रपति जेफरसनमात्र होइन, बेलायतका राजनीतिज्ञ एडमण्ड वर्कको भनाईलाई स्मरण गर्दा पनि पत्रकारिताको महत्व सहजै बोध गर्न सकिन्छ । उनी भन्छन्-' सरकार बिनाको राज्य परिकल्पना गर्न सकिन्छ तर पत्रकारिता बिनाको राज्य परिकल्पना गर्न कठिन हुन्छ ।' एडमण्डले भने जस्तो यहाँ सरकार, सञ्चार र पत्रकारको सम्बन्ध जसरी हार्दिक बन्नुपर्थ्यो, आज प्रतिस्पर्धी र दुस्मनी जस्तो बनिरहेको छ । यो रोग केन्द्रदेखि स्थानीय तहसम्मै फैलिएको छ । यसो हुनुमा नागरिक पनि कम उत्तरदायी छन् भन्न सकिन्न ।


जन्मदै कुनै पार्टीको सदस्य भएर जन्मने परिपाटी रहेसम्म राजनीतिक शुद्धीकरण सम्भव छैन । नेताको वरिपरि घुम्न चाहने, बोक्नै नसक्ने माला पहिराउन र कुर्सीमा चढाएर सलामी दिन

लगाउने उनै नागरिक हुन् । नागरिकले आफ्नै आँगनको फोहोर पनि सरकारले उठाइदिओस् भनेर तमासा हेर्छ । नागरिकलाई गाउँगाउँमा आएको अधिकारसँगै दायित्वबोध गराउन चुकिरहेको छ। नागरिकमै परिवर्तनको संकेत आउन सक्दैन भने उनीहरूले नै चुनेर पठाएका प्रतिनिधिहरूबाट के अपेक्षा गर्ने र त्यही समाजको उपज मिडिया पनि कस्तो 'वाचडग'को भूमिकामा रहला भनेर बुझ्ने ? अहम् प्रश्न यहीँनेर अड्किएको छ । जुन दिनसम्म नागरिक, जनप्रतिनिधि र सञ्चार क्षेत्रले आ-आफ्ना भूमिका, उत्तरदायित्व र कर्तव्यलाई आत्मसात गर्दैनन्, तबसम्म जस्तोसुकै शासन प्रणाली ल्याए पनि कुनै सुधार आउन सक्दैन ।

*(लेखक वरिष्ठ सञ्चारकर्मी हुनुहुन्छ र हाल राससमा आबद्ध हुनुहुन्छ ।)*
E-mail : krishnarss72@gmail.com

# यो समाज कता गइरहेको छ ?

हिक्मतसिंह ऐर



म र मेरो व्यवहार यही समाजको दर्पण
मनुष्य भै सामाजिक जीवनप्रतिको समर्पण
समाजबिनाको मनुष्य पशुतुल्य हुन्छ रे
बाँच्न त पशु पनि एक्लै कहाँ चाहन्छ र ?
झुन्डमा रमाउने र एक्लै बस्ने
पशुहरू पनि फेरि कहाँ एउटै हुन्छन् र ?
आदिकालदेखि चल्दै रहेको समाज
समयसापेक्ष भई चल्दै रहन्छ
विगतको सोच र दर्शन
विभिन्न कालखण्डमा बदलिरहन्छ
बदलिँदो समाज,
मानवीय प्रवृत्ति, सोच र व्यवहारले बदलिरहेछ !
\+ +
आज-भोलि जीवन-पद्धतिको परिभाषा नै बेग्लै भएछ
खोई यो समाज कता गइरहेको छ ?
राम्रा कुराभन्दा हाम्रा कुरा ठूला छन्
आडम्बरले भरिपूर्ण रीतिरिवाज हाम्रा छन्
भावनाले भन्दा देखाउनकै लागि छन् सारा
खोई यो समाजको के हो बुझ्नै कठिन पारा !
समाजमा नायक र खलनायक छुट्ट्याउन नै गाह्रो
हिजोका मूल्य-मान्यता खोज्नु त अझैं झन् साह्रो
पूर्वीयभन्दा पश्चिमी दर्शन नै किन भइरहेछ छ प्यारो ?
\+ +
सफलताको मानक अझ बेग्लै भएछ
नैतिकता र दर्शन, मूकदर्शक भएछ
म कोभन्दा कम छु भन्दै, अन्धाधुन्ध दौडिरहेछौं
आर्थिक सम्पन्नता नै
जीवनको अर्थ भएको छ
सुख-समृद्धिको पर्यायवाची भएको छ
खोई यो समाज कता गइरहेको छ ?
\+ +
के म आफैं परिवर्तनको संवाहक बन्न सक्छु ?
के यस समाजलाई केही फरक दृष्टिकोण दिन सक्छु ?
यस्तै उकुसमुकुसमा बाँचिरहेछु म
जीवनको वास्तविक मूल्य-मान्यता खोजिरहेछु म
म ठानिरहेछु-
राम्रा सोच र व्यवहार यही समाजका दर्पण
मनुष्य जीवन हुनुपर्छ तिनैप्रति पूर्ण समर्पण !
\+ +

पुलचोक, ललितपुर

# ज्येष्ठ नागरिकलाई उत्पादनशील तुल्याउने प्रयत्नमा लघुवित्त र स्थानीय सरकार



गोकुलचन्द्र अधिकारी

समाजमा शान्तिको वातावरण सिर्जना गर्ने काम लघुकर्जाको माध्यमबाट पनि गर्न सकिँदोरहेछ भन्ने ठहर गर्दै अर्थशास्त्रका प्राध्यापक एवं लघुवित्तका प्रवर्द्धक मोहम्मद युनुसलाई सन् २००६ मा शान्तिका लागि नोबेल पुरस्कार प्रदान गरियो । लघुवित्त र सामाजिक शान्ति एकअर्कामा जोडिने विषय हुन् भन्ने कुरालाई यो सम्मानले प्रमाणित गरिदिएको छ ।

सुनामी कहरपछिका दिनमा, इन्डोनेसियामा ५५ वर्ष माथिका नागरिकहरूमा उपयोग गरिएको सामाजिक आर्थिक कार्यक्रमले उनीहरूलाई आत्मनिर्भरतातर्फ डोऱ्याएको तथा लघुकर्जाले उनीहरूलाई थप उत्पादनशील बनाउन सक्ने कुरा हेल्पएज इन्टरनेशनल लगायतका संस्थाहरूबाट गरिएको अध्ययनले पुष्टि गरेको छ ।

शहरभरिका भिखारीलाई खोजीखोजी *"मागी खाने होइन गरी खाने हुनुपर्छ"* भन्ने चेतना दिँदै उनीहरूलाई भिखारीबाट सक्षम मान्छे तुल्याउने काम बंगलादेशले लघुवित्तको माध्यमबाट गर्न सकेको उदाहरण पनि यस क्षेत्रको प्रेरणादायी उज्यालो हो ।

नेपालमा २०४६ सालको परिवर्तनपछि महिला सशक्तिकरणका आवाज व्यापक रूपमा उचालिँदै गर्दा बंगलादेशमा उनै युनुसले सफलताको शिखरमा पुऱ्याउँदै गरेको ग्रामीण बैकिङ पद्धतिलाई भित्र्याइयो र महिलाकेन्द्रित सामाजिक कार्यक्रमको रूपमा यसको अभ्यास गर्न थालियो । त्यतिबेला नेपालमा गरिएको यो अभ्यास नारी जागृतिका दृष्टिले कत्तिको उपयोगी हुनसकेछ भनी खोज र अनुसन्धान गरिएको भए राज्यले अर्बौं रूपैयाँ खर्च गरेर गर्न नसकेको काम लघुवित्त नामको यो सामाजिक बैकिङले गर्न सकेको रहेछ भन्ने कुरो सम्भवतः, राम्रैसँग प्रमाणित भैसकेको हुने थियो । यसमाथिको खोज अझै गर्न सकिन्छ । हाम्रा समाजशास्त्रीय अनुसन्धानका पाइलाहरू त्यसतर्फ सल्बलाउन सके, कुनै दिन यो कुरा यथार्थपरकरूपमा सार्वजनिक हुनेछ ।

> लघुवित्त भनेको रूपैयाँ-पैसा वा मौद्रिक विषयसँग मात्र सम्बन्धित गतिविधि होइन । स्वास्थ्य, सरसफाइ र वातावरणीय चेतना, सहकार्य, सामाजिक अन्तर्निर्भरता, सामूहिक जमानीका माध्यमबाट आर्थिक उत्थानका लागि एकले अर्कालाई सघाउने आदिजस्ता विषयहरू नै लघुवित्त क्रियाकलापका आधारभूत अवयवहरू हुन् ।

यस्ता केही प्रयोगले के प्रमाणित गरेको छ भने लघुवित्त नामको सामाजिक बैंकिङका माध्यमबाट कुनै खास वर्ग र समुदायलाई लक्षित गरेर त्यस्तो आर्थिक कार्यक्रम सञ्चालन

गरियो भने सन्तोषजनक प्रतिफल प्राप्त हुन सक्दोरहेछ, ती समुदायका मान्छेको अनुत्पादक समयलाई उत्पादनमूलक बनाउन सकिँदोरहेछ अनि समाजको घाउखटिराका रूपमा रहेका गरिबी, दरिद्रता र अपहेलनालाई केही मात्रामा न्यून तुल्याउन सकिँदोरहेछ ।

त्यसो हो भने यो अभ्यासलाई हाम्रा देशका वृद्धवृद्धा अर्थात् 'ज्येष्ठ नागरिक समूह'सम्म पुऱ्याएर उनीहरूको दैनिकीलाई उत्पादनशील तुल्याउन सकिन्छ कि सकिँदैन होला ? भीक्षाटनबाट पेट पाल्नेहरू र गरिब महिला वर्गमा गरिएको प्रयोगमा सफल सिद्ध भैसकेको लघुवित्त नामको समाजिक आर्थिक कार्यक्रमले समाजका जेष्ठ नागरिकलाई पनि सम्बोधन गर्न सक्छ कि सक्दैन होला ? यस्ता केही सम्भावनाहरूलाई विश्लेषण गर्दै लघुवित्तलाई समाजका जेष्ठ नागरिकसँग जोड्ने प्रयत्न यस लेखमा गरिएको छ ।

## लघुवित्तको गन्तव्य र मान्यता : विपन्नको जीवनमा भव्यता

लघुवित्त भनेको रूपैयाँ-पैसा वा मौद्रिक विषयसँग मात्र सम्बन्धित गतिविधि होइन । स्वास्थ्य, सरसफाई र वातावरणीय चेतना, सहकार्य, सामाजिक अन्तर्निर्भरता, सामूहिक जमानीका माध्यमबाट आर्थिक उत्थानका लागि एकले अर्कालाई सघाउने आदिजस्ता विषयहरू नै लघुवित्त क्रियाकलापका आधारभूत अवयवहरू हुन् । समाजका जेष्ठ नागरिकमा केन्द्रित आर्थिक कार्यक्रम स्वयंमा आशलाग्दो सामाजिक अभियान भएकाले यसलाई पनि लघुवित्तकै कार्यक्षेत्र वा गन्तव्य मान्न सकिन्छ ।

*मानसिकरूपमा भित्रभित्रै कुण्ठित भैरहेका बाआमाहरू आफूलाई आफ्नो शक्ति र सामर्थ्यले भ्याएसम्म चलायमान भैरहन खोज्छन्, आफूलाई समाजको 'भार' होइन उत्पादनमूलकरूपमा उभ्याइरहन चाहन्छन्, उनीहरू सित्तैमा होइन केही दिएरै आवश्यकताका कुरा लिन चाहन्छन्, आफूलाई अझै कर्मशील र व्यावसायिक तुल्याउन चाहन्छन् ।*

अब रह्यो, जीवनमा दुःख गर्ने उमेरबाट माथि उक्लिसकेका, शरीरमा रहेका ऊर्जाजति सबै तन्नेरी उमेरमै रित्याइसकेका, साठी वा असी नाघेर सारा इन्द्रियहरू शिथिल हुँदै गएका वा हुन लागेका यी बूढाबूढीहरूबाट कस्तो उत्पादनको अपेक्षा गर्ने ? उमेर कटेका यी बाआमाहरूले आवश्यक पर्ने कच्चा सामग्री बजारबाट कसरी खरीद गरी ल्याउने होलान् अनि तयारी वस्तुलाई ग्राहकको घरघरमा कुन माध्यमबाट पुऱ्याउन सक्छन् ? यसरी हेर्ने हो भने वृद्ध समुदायलाई क्रियाशील तुल्याउने यो परिकल्पना सैद्धान्तिक रटानको विषय मात्र हुन सक्ने देखिन्छ । तर वृद्ध अवस्थामा पुगिसकेर पनि  स्वास्थ्यस्थिति दह्रिलो भएकाहरूबाट यस्ता काम हुने गरेका उदाहरण प्रशस्त भेटिन्छन् । जाँगर र इच्छाशक्तिका सामु उमेरले कुनै बाधा पुऱ्याउँदोरहेनछ भन्ने कुरालाई इण्डोनेसियालगायतका देशहरूमा गरिएका अध्ययन-प्रतिवेदनहरूले पनि प्रस्ट्याइसकेकै छन् ।

हाम्रा कतिपय जेष्ठ नागरिकहरू परिस्थिति र बाध्यताले वृद्धाश्रमलगायतका आश्रयस्थलमा रहेका छन् तर उनीहरूलाई आफ्ना इन्द्रियले काम गरुन्जेल वा शरीरमा शक्ति रहुन्जेल अझै पनि मेहनत गरेरै जीवनयापन गर्न पाए हुन्थ्यो भन्ने लागेको हुनसक्छ। कतिपयलाई इन्द्रियहरू अझै थाकीनसकेको अवस्थामा दान-दातव्यस्वरूप प्राप्त सीधा-चामलको गाँस चपाउन र निल्नसमेत मुस्किल परिरहेको पनि हुनसक्छ ।

यसरी मानसिकरूपमा भित्रभित्रै कुण्ठित भैरहेका बाआमाहरू आफूलाई आफ्नो शक्ति र सामर्थ्यले भ्याएसम्म चलायमान भैरहन खोज्छन्, आफूलाई समाजको 'भार' होइन उत्पादनमूलकरूपमा उभ्याइरहन चाहन्छन्, उनीहरू सित्तैमा होइन केही दिएरै आवश्यकताका कुरा लिन चाहन्छन्, आफूलाई अझै कर्मशील र व्यावसायिक तुल्याउन चाहन्छन् । यही मान्यतालाई मूल आधार बनाएर जेष्ठ नागरिक केन्द्रित कार्यक्रमहरू लघुवित्तको माध्यमबाट सञ्चालन गर्न सकिने सम्भावना प्रशस्तै देखिन्छ ।

लघुवित्तको बैंकिङ प्रक्रियाअनुसार साप्ताहिक वा पाक्षिक तालिका बनाएर अनिवार्यरूपमा समूह र केन्द्र बैठक बस्नुपर्ने हुन्छ । यस किसिमको बैठक भनेको अनुभवका खानीजस्ता बाआमाहरू भेला भई सामूहिक रूपमा उत्पादनमूलक विषयमा छलफल गर्ने मौका पनि हो । यस्ता क्रियाकलापबाट उनीहरूको जीवन चलायमान भइरहने, सामाजिक सम्मान पनि कायम रहने अनि उनीहरूमा परिवारबाट एक्लिएको वा वृद्धपनको अनुभूति पनि न्यून हुनजान्छ।

## परम्परागत ज्ञान र सीपको खानी : क्षमता र सम्भावनाको अपार कहानी

उमेर ढल्कँदै गएका कारण शरीरको छालाले हड्डी र मासु छाड्दै लगे पनि हाम्रा वृद्ध आमाहरूका हातले दुना टपरीहरू राम्रोसँग गाँस्न सक्छन् , मोतीबिन्दु लगायतका कारणले आँखाको तेज धमिलिँदै गए पनि वा आँखै बन्द भए पनि कपासका बत्तीहरू राम्रैसँग बाट्न सक्छन्, उनीहरूका औंलाले कपडाहरू पनि सिउन वा बुन्न सक्छन् । बाँसका सिन्काबाट ढक्की र सजावटका सामग्रीहरू राम्रैसँग तयार पार्न सक्छन् ।

यसैगरी वृद्धाश्रममा अथवा सन्ततीकै आश्रयमा परिवारभित्र रहेका सबै हजुरबाहरूका शरीरबाट जाँगर निखिसकेका हुँदैनन् । ताछ्ने, बुन्ने, रङ्ग्याउने, कुद्ने, बाट्ने आदिजस्ता परम्परागत कलामा उनीहरू पारखी र दिग्गज हुनसक्छन् । तन्नेरी उमेरमा जानेका त्यस्ता परम्परागत प्रविधिका ज्ञान ती हजुरबा-आमाहरूसँग अझै रहिरहेको हुनसक्छ । जनै तयार पार्ने, काठ वा माटाका सामग्री बनाउने, सजावटका सामग्रीहरू तयार पार्ने, रोटी, पापडलगायत अनेक प्रकारका खाद्यपरिकार बनाउने आदि कतिपय जातीय संस्कृतिसँग सम्बन्धित कामहरू उनीहरू अझै गर्न सक्छन् जसबाट कैयौं मौलिक तथा घरेलु सम्पदा, ज्ञान र सीपलाई लोपोन्मुख हुनबाट समेत जोगाउन सकिन्छ र त्यसलाई नयाँ पुस्तामा हस्तान्तरण गर्न सकिन्छ ।

यस्ता हलुका प्रकृतिका कामको सम्भावना किन पनि छ भने हाम्रा वृद्धहरू सबै गलित, रोगी वा अशक्त हुँदैनन् । यीमध्येका कतिपय जाँगरिला पनि हुन्छन् । तन्नेरी उमेरमा जानेका अनेक सीपहरू पनि उनीहरूभित्र रहिरहेकै हुन

सक्छ । दैनिक खानपिन र आरामपछिको समय जो गफ गरेर बिताउने गर्छन् त्यस्तो समयलाई उनीहरू यसप्रकारका हलुका काममा गफ गर्दागर्दै नै रमाइलोका साथ उपयोग गर्न सक्छन् र आफूलाई उत्पादनमूलक तुल्याउन सक्छन् । यस्ता ससाना उद्यम, स्किम र परियोजनाको सञ्चालन उनीहरूले आफ्नो रेखदेखमा अरु मान्छे लगाएर पनि गर्न सक्छन् ।

## कामका लागि समूहको ढाँचा : आमा र बाका लागि अलग साँचा

समूह र केन्द्रको निर्माण लघुवित्तको पद्धतिको आधारभूत संरचना हो । जस अनुसार पाँच-पाँच जनाको समूह निर्माण गरिन्छ । त्यस्ता समूह संख्या पाँचदेखि १० सम्म भएपछि त्यसलाई केन्द्रको संज्ञा दिने गरिन्छ । यस किसिमको समूह निर्माण गर्दा महिला र पुरुषको भिन्नाभिन्नै समूह तयार गर्नु उपयुक्त हुन्छ । यदि सदस्य संख्या न्यून रहेका कारण केन्द्रको निर्माण अपूर्ण हुने अवस्था भएमा मात्र बा-आमा दुबैलाई एउटै केन्द्रभित्र राखेर संयुक्त प्रकृतिको केन्द्रको समेत निर्माण गर्न सकिन्छ तर पाँच पाँच जनाको समूह निर्माण भने बा र आमाहरूका लागि भिन्नाभिन्नै गर्नु उपयुक्त हुन्छ । बा र आमाहरूले गर्ने कामको विशिष्टता पनि फरक फरक हुने हुनाले अलग अलग समूह निर्माण आवश्यक छ । आपसी सञ्चार पनि आमा र बाहरू अलग अलग समूहमा बस्दा बढी हुने पाइएको छ । यसमा परम्परागत लैंगिक प्रभाव पनि हुनसक्छ ।

## उपयुक्त मोडेलको पहिचान : नेपालको बन्नेछ शान

नेपालमा लघुवित्त सम्बन्धी क्रियाकलाप विभिन्न चार मोडेलमा सञ्चालन हुने गरेका छन् :

(क) दाता समुदाय मोडेल
(ख) गैरसरकारी संस्था मोडेल
(ग) लघुवित्त वित्तीय संस्था मोडेल
(घ) सहकारी मोडेल ।

यी चार मोडेलमध्ये दाता समुदायबाट सञ्चालित मोडेलमा दाता स्वयंले डिजाइन गरी ल्याएका नमूनाबाट लघुवित्त कार्यक्रम सञ्चालन गर्ने गरिएको छ । यो मोडेल खास समयावधिका लागि खास दाताबाट प्राप्त हुने हुँदा यो प्रक्रिया दिगो भैरहने हुँदैन । यसमा आफ्नो आवश्यकताभन्दा ज्यादा दाता संस्थाको राय र सल्लाहबमोजिम काम सम्पन्न गरिने हुँदा यसलाई जहिलेसुकै र जहाँसुकै प्रयोग गर्न सकिने मोडेल मान्न सकिन्न । यद्यपि हामीले परिकल्पना गरेबमोजिमको हाम्रो डिजाइन सुहाउँदो कोही दाता फेला परिहालेमा यसलाई पनि स्वीकार्नु राम्रै हुनेछ । यो मोडेल तत्काल उपलब्ध भैहाल्ने विषय नभएर दाताले आफूलाई पत्याइदिएमा मात्र लागू गर्न सकिने भएकाले तत्कालै यस्तो मोडेललाई माध्यम बनाएर कार्यारम्भ गरिहाल्न सकिने अवस्था हुँदैन ।

दोस्रो हो, गैरसरकारी संस्था मोडेल । यो मोडेलमा वित्तीय मध्यस्थताको लागि नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त गैरसरकारी संस्थाहरूले लघुवित्तको सेवा प्रदान गर्ने गर्छन् । यस्ता संस्थाहरू भनेको मूलतः सामाजिक भावनाबाट सञ्चालित संस्था भएका कारण वृद्धवृद्धाको हितमा आधारित कार्यक्रम सञ्चालन गर्न यसलाई सबैभन्दा उपयुक्त मोडेल मान्न सकिन्छ ।

*यहाँनेर एउटा जिज्ञासा स्वाभाविक रूपमा उब्जन सक्छ । के जुनसुकै गैरसरकारी संस्थाले यस्ता सामाजिकस्वरूपका लघुवित्तीय काम गर्न मिल्दैन र ? हामीले परिकल्पना गरेको कार्यक्रम लघुकर्जासँग सम्बन्धित भएकाले बचत एवं कर्जाको काम गर्ने अधिकार सम्बन्धित निकायबाट प्राप्त नगरेका गैरसरकारी संस्थाबाट यस्तो काम गर्नु कानूनसम्मत हुँदैन ।*

तर, अबका दिनमा गैरसरकारी संस्थामार्फत् बचत एवं कर्जा कार्यक्रम सञ्चालन नगरिने भन्दै थप संस्थाहरूलाई यस कामका लागि इजाजत दिने प्रक्रियासमेत हाल स्थगित भैसकेको परिप्रेक्ष्यमा तत्काल यो मोडेलमा जान सकिने अवस्था छैन । यहाँनेर एउटा जिज्ञासा स्वाभाविक रूपमा उब्जन सक्छ । के जुनसुकै गैरसरकारी

संस्थाले यस्ता सामाजिकस्वरूपका लघुवित्तीय काम गर्न मिल्दैन र ? हामीले परिकल्पना गरेको कार्यक्रम लघुकर्जासँग सम्बन्धित भएकाले बचत एवं कर्जाको काम गर्ने अधिकार सम्बन्धित निकायबाट प्राप्त नगरेका गैरसरकारी संस्थाबाट यस्तो काम गर्नु कानूनसम्मत हुँदैन ।

तेस्रो हो, लघुवित्त वित्तीय संस्था मोडेल । यस मोडेलअनुसार कम्पनी कानूनबमोजिम स्थापना भएका वित्तीय संस्थाहरूद्वारा लघुवित्तको सेवा प्रवाह गर्ने गरिन्छ । यस्ता संस्थाहरू व्यवस्थापकीय क्षमताका दृष्टिले कुशल तथा यिनले गर्ने काम पनि सामाजिक बैंकिङकै अवधारणामा आधारित हुने भएकाले यो कार्यक्रमका लागि यस्ता संस्थाहरू पनि उपयुक्त माध्यम हुन सक्छन् । तर यस्ता संस्थाको लक्ष्य भनेको नाफा आर्जन गर्नु र लगानीकर्तालाई उच्च लाभांश प्रदान गर्नु रहेकाले यस किसिमको कल्याणकारी कार्यक्रमका लागि यस्ता नाफामूलक संस्थाहरू तुलनात्मक रूपमा कम प्रभावकारी हुन सक्छन् ।

चौथो प्रकारको मोडेल : सहकारी मोडेल । नेपालमा लघुवित्तको काम गर्ने सहकारी मोडेल पनि प्रचलित छ । सहकारी अभियान, सिद्धान्त तथा व्यवहार दुवै दृष्टिले कल्याणकारी हुने, संस्थाबाट लाभांश प्राप्त गर्ने विषय यस्ता संस्थाको मूल लक्ष्य नहुने, नाफाभन्दा ज्यादा कल्याणको भावना रहने, अनि सामान्यतः समाजसेवामा आफूलाई समर्पित गर्ने व्यक्तिहरूकै प्रतिनिधित्व यस्ता संस्थामा ज्यादा हुने गरेकोले वृद्धवृद्धाको कल्याणका लागि सञ्चालन गरिने आर्थिक कार्यक्रमका लागि सहकारी मोडेलमा आधारित लघुवित्त कार्यक्रम नै तुलनात्मक रूपमा सबैभन्दा उत्तम विकल्प हुनसक्छ । यस्ता उदाहरणीय काम गरेर नेपालमा सहकारी मोडेलको प्रभावकारिता बढाउन सकिन्छ । यसलाई नेपालको आफ्नै सफल र शानयुक्त मोडेल बनाउन सकिन्छ ।

## उत्पादित वस्तुको बजार सम्भावना : अनि मिल्छ उद्यमको दह्रो तानाबाना

हाम्रा कारागारका बन्दीहरूले बनाएका बाँस र डोरीका मुढा हुन् अथवा तराईका भित्री गाउँमा रहेका महिलाहरूले बनाएका ढक्की, नाङ्ला र झल्लाहरू हुन् तिनले राम्रैसँग बजार पाएका छन् । बंगलादेशका शहरमा भिखारीले भीख माग्ने कचौरा पन्छाउँदै उनीहरूले झोलामा बोकेको कलम, रुमाल, काइँयो, कपीजस्ता वस्तु हरेक जनसाधारणले खरिद गरिदिन्छन् र ऊ भीक्षार्थीबाट मानव बन्दैछ , अर्थात् ऊ उद्यमशील बन्छ । त्यसो हो भने हाम्रा वृद्धहरूले गरेको उत्पादनमा समेत बजारको अभाव कसरी होला त ?

यस्ता वृद्धको हातबाट बनेका चिजवस्तुलाई सश्रद्धा स्वीकार वा खरिद गर्ने काम समाजका सबैले गर्दछन् । बृद्ध बाआमाहरूका हातबाट तयार भएका सामग्री हाम्रो समाजमा पूजा र पितृकर्मका लागि अझ पवित्र मानिन्छन् । त्यसैले उनीहरूले गरेका उत्पादनमा बजारको कुनै अभाव देखिँदैन । प्रचार, लेबलिङ तथा ब्रान्डिङ गर्दा त्यो कुराको जानकारी दिन भने पर्छ । ज्येष्ठ नागरिक सबैका पूज्य हुने हुँदा त्यस्ता सामग्री पनि सबैका प्राथमकितामा पर्दै जानसक्छन् । यस्ता उत्पादनलाई स्थानीय सरकारले अझ उच्च प्राथमकितामा राखिदिन सक्छ ।

स्थानीय सरकारहरूले हालसम्म यस्ता अभियानतर्फ खासै चासो राखेको पाइँदैन । अतः अबका दिनमा ज्येष्ठ नागरिकका समूह बनाउने, काममा सहयोग गर्ने र पुँजी तथा बजारको ग्यारेन्टी गरिदिने कार्यमा स्थानीय पालिका तथा वडाहरू विशेष सक्रिय बन्नुपर्छ । हरेक पालिकामा ज्येष्ठ नागरिकको संख्या बढ्दै गएको , सामाजिक भत्ताको आकारमा समेत वृद्धि हुँदैगएको र भत्ता नलिइकन पनि जीवनयापन गर्न सक्षम जेष्ठ नागरिकले सामाजिक भत्ताको प्रयोग केका लागि वा कसरी गर्नेगरेका छन् भनेर चासो बढिरहेको सन्दर्भमा यस किसिमका क्रियाकलापको महत्व अझ बढी हुन जाने देखिन्छ । यस्ता क्रियाकलापलाई थप प्रभावकारी तुल्याउन स्थानीय पालिकाले यस सम्बन्धी विभिन्न विषयमा अध्ययनहरु गरी यस्ता क्रियाकलापको दायरालाई फराकिलो पार्ने आधार तयार गर्न सक्छन् ।

## चुनौतीको चर्चा

उमेर पुगेर थलिने अवस्थामा पुग्न लागेका जेष्ठ नागरिकलाई चलायमान बनाउँदै उनीहरूलाई उत्पादनशील तुल्याउनु आदर्शपूर्ण तर कठिन कार्य हो । यस्तो काम सफलतापूर्वक सम्पन्न गर्न सके त्यो समाजको लागि उदाहरणीय नमूना हुनसक्छ । तर सबै कुरा हामीले परिकल्पना गरेजस्तै झकाझक प्राप्त नहुन सक्छ । यो विषय सैद्धान्तिक दृष्टिले उत्साहप्रद र प्रशंसनीय भए पनि यस्तो अभ्यास गर्दै जाँदा धेरै खालका व्यावहारिक अफ्ठेराहरू आइपर्न सक्छन् । केही सम्भावित समस्या र तिनका समाधान निम्न हुन सक्छन् :

(क) शरीरबाट रहलपहल ताकत र मानसिक ऊर्जासमेत टक्टकिने अवस्थामा पुग्न लागेका जेष्ठ नागरिकका लागि उत्पादनका जुनसुकै परियोजना उपयुक्त हुँदैन । अत, उनीहरूलाई सुहाउँदो हुने उपयुक्त परियोजनाको छनौट गर्नुपर्ने हुन्छ । यसरी उनीहरूले सम्पन्न गर्न सक्ने खालका आयमूलक काम कमै मात्रामा हुने अर्थात् त्यस्तो कामको दायरा सीमित मात्रामा हुन्छ ।

(ख) तयारी सामग्री बिक्री गर्न बजार त प्राप्त हुन्छ । थोकमा खरिद गर्नेहरू परियोजनास्थलमै आएर पनि किन्न सक्छन् र ती सामग्री उपभोक्ताका घरघरसम्म पनि पुग्न सक्छ । तर आवश्यक कच्चा सामग्री वृद्धवृद्धाहरू रहेको स्थानसम्म आपूर्ति गर्ने काम कतिपय कारणले नियमित नहुन पनि सक्छ । अन्य व्यवसायमा जस्तो इलम गर्नेहरू स्वयं कच्चा सामग्री जुटाउन जाने अवस्था यस्ता वृद्धवृद्धाका परियोजनामा हुनसक्दैन । स्थानीय वडा तथा पालिकाले यो काममा पूर्ण सहयोग गर्नुपर्छ ।

(ग) लघुवित्त सामान्यतया, विनाधितो कर्जाको रूपमा सम्पन्न हुने वित्तीय गतिविधि हो । वृद्ध समुदायमा प्रवाह गरिने कर्जा सकेसम्म विना धितो नै हुनुपर्ने देखिन्छ । यस्तो कर्जा सामूहिक जमानीमा प्रवाह गर्ने गरिन्छ । लघुवित्तको प्रक्रियामा सामूहिक जमानीका क्रममा समूहका एक सदस्यको कर्जा कुनै कारणले खराब अवस्थामा पुगेमा समूहका बाँकी सदस्यले कुनै तरिकाले उसको तर्फबाट किस्ता तिरिदिने गर्छन् । यसका लागि उसको अन्य जेथालाई समेत उपयोग गर्ने गर्छन् । तर जेष्ठ नागरिक समुदायमा यस किसिमको अभ्यास कत्तिको उपयुक्त होला ? यो कर्जा कार्यक्रमसँगै यस्ता केही प्रश्नहरू पनि स्वाभाविकरूपमा तेर्सिने गर्छन् । सामूहिक जमानी प्रदान गर्ने अन्य सदस्यहरू पनि उही उमेर समूहका भएका कारण उनीहरू आफैँ पनि असहाय अवस्थाका हुने गर्छन् ।

यो समस्यालाई व्यवस्थापन गर्न ती जेष्ठ नागरिकहरूको सामूहिक प्रतिनिधित्व हुने संस्था वृद्धाश्रम, वृद्ध क्लव वा उनीहरूलाई सङ्गठित गर्ने संस्था वा समूह (अर्धसरकारी वा गैरसरकारी)बाट प्रत्याभूति हुनेगरी यस किसिमको वित्तीय कार्यक्रम सञ्चालन गर्न सकिन्छ । वडा तथा पालिकामा हरेक ज्येष्ठ नागरिकको पूर्ण विवरण राखी यस किसिमका क्रियाकलापलाई सघाउने र अनुगमन गर्ने संयन्त्रको विकास गर्न सकिन्छ । अन्य देशहरूमा गरिएका अभ्यास र उनीहरूको अनुभूतिलाई पनि यसका लागि आधार बनाउन सकिन्छ ।

सहकारी मोडेलबाट सञ्चालित यस किसिमका क्रियाकलापका सन्दर्भमा जिल्ला सहकारी सङ्घ र राष्ट्रिय सहकारी महासङ्घलाई समेत यसतर्फ आवद्ध गर्न सकिन्छ । यस्ता छाता संस्थाको माध्यमबाट यस किसिमको अभ्यासलाई जिल्लाका अन्य स्थानमा वा जिल्ला बाहिरका विभिन्न भौगोलिक क्षेत्रसम्म पनि विस्तार गर्न सकिन्छ ।

## समाप्तिमा

प्रयोग गरिसकेर अनुभव प्राप्त भैसकेको कार्यबाट यति र यस्तो प्रतिफल प्राप्त होला भनेर अनुमान वा अपेक्षा सजिलै गर्न सकिन्छ । तर थालनी नै नभएको क्षेत्रबाट एकैपटक धेरै ठूलो अपेक्षा राखिहाल्नु हुँदैन । त्यसैले वृद्धवृद्धामा समर्पित यस किसिमको सामाजिक शैलीको आर्थिक कार्यक्रमलाई नाफा-घाटाको ठूलो विषय बनाउनु हुँदैन । चाउरी परेका हत्केला र हाडमासुले छाड्दैगरेका औंलाबाट हुनसक्ने उत्पादन कार्यले ठूलै काम गर्ला वा 'जीडीपी'मै योगदान गर्ला भनी सोचियो भने त्यो काल्पनिक उडान हुनसक्छ ।

यो आर्थिक कार्यक्रमको माध्यमबाट "म अझै थाकेको छैन, मभित्र कर्मशक्ति अझै छ, म समाजका लागि पूरै अनुत्पादक भएर रहेको छुइनँ," भन्नेजस्ता अनुभूति समाजका जेष्ठ नागरिकमध्ये थोरैमा मात्र पनि जागृत गराउन सकियो भने त्यसलाई मात्र पनि उपलब्धि ठान्नुपर्छ । किनकि यसबाट उनीहरूमा र उनीहरूका वरपर रहेकाहरूमा  बाँकी जीवन आत्मसम्मानपूर्वक जिउने क्षमताको विकास हुनसक्छ ।

राज्यले पनि सके यो कार्यक्रमलाई थप प्रोत्साहन वा मद्दत गर्नुपर्छ, नसके यिनले बनाएका चिजजस्तुबाट सुकामोहर राजस्व प्राप्त हुन्छ कि भन्ने लालचा राखेर समाजका अग्रजलाई अपमान गर्ने काम पटक्कै गर्नुहुँदैन । यस्ता विषयमा स्थानीय निकायको सजगता आवश्यक देखिन्छ ।

जेष्ठ नागरिकलाई आर्थिक कार्यक्रमको माध्यमबाट चलायमान तुल्याउनु स्वयंमा हाम्रा लागि एउटा प्रयोग हो । हरेक नयाँ प्रयोग सफल हुन्छ नै भनेर ठोकुवा गर्न त सकिँदैन तर संसारका हरेक सफल कार्यक्रमहरू सुरुमा प्रयोगकै रूपमा आउने गरेको सत्यलाई पनि हामीले बिर्सनु हुँदैन । अब पालिकाहरूकै पहल र अग्रसरता सबैभन्दा महत्वपूर्ण

छ । स्थानीय सरकारले चाहेमा धेरै कुरा सम्भव छ, नचाहेमा ' चलेकै थ्यो, चल्दै जानेछ ।'

*(आभार : मलाई यस विषयमा लेख्न उत्प्रेरित गर्दै सन्दर्भसामग्रीका साथै विषयवस्तुको प्रारूपसमेत तयार पार्न सघाउने ज्येष्ठ नागरिक विषयका अध्येता तथा विकासविद् चेतनाथ कणेलप्रति विशेष आभारी छु ।)*

*(लेखक लघुवित्तकर्मी एवं नेपाल राष्ट्र बैंकका पूर्व उपनिर्देशक हुनुहुन्छ ।)*

*E-mail : agokul24@gmail.com*

# स्थानीय विकास प्रक्रियामा अद्वितीय जनसहभागिताको नमूना



डा. नारायणप्रसाद भट्ट

१. सन्दर्भ

विश्व दिगो विकास लक्ष्य हासिलको दिशामा अघि बढिरहेको छ। यसर्थ, नेपालमा स्थानीय सरकारको सन्दर्भमा जनसहभागिता सुशासनका लागि अपरिहार्य छ। स्थानीय सरकारलाई राजनीतिक, आर्थिक, प्रशासनिक र न्यायिक रूपमा सवलीकरण हुदै सशक्त, सक्षम र आत्मनिर्भ बन्दै जानुपर्ने देखिन्छ। यसर्थ, नागरिकले खोजेको समृद्धि र सुखको अनुभूति गराउने महत्वपूर्ण अभिभारा स्थानीय सरकारको रहेको छ। नेपालले व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका अधिकार सम्पन्न बलियो स्थानीय तहको अभ्यास गर्दैछ।

अब स्थानीय तह (स्थानीय स्वायत्त शासन ऐन र केन्द्र सरकारबाट प्रत्यायोजन गरिएका सीमित अधिकार) लाई भने नयाँ संविधानले सङ्घ (केन्द्र) र प्रदेश जत्तिकै स्वायत्तता प्रदान गरेको छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संरचनामा अबको स्थानीय तह, संविधानप्रति जवाफदेही हुनेछ। स्थानीय तहको कार्यकारिणी अधिकार 'संविधान र सङ्घीय कानूनको अधिनमा' पालिका व्यवस्थापकीय अधिकार गाउँ र नगर सभाले प्रयोग गर्ने व्यवस्था छ। जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाहरूबीच समन्वयका लागि जिल्ला सभाको व्यवस्था छ। अब स्थानीय तहले संविधानमै सूचीकृत कार्यकारी अधिकार प्रयोग गर्नेछन्। त्यसका लागि आवश्यक पर्ने कानून उनीहरू आफैं गाउँ र नगर सभाबाट बनाउनेछन्।

> 'सुशासनका लागि शासक र शासित वर्ग तर्कवितर्क, सवालजवाफ, क्रियाप्रतिक्रिया र अन्तरक्रियाले नै सुशासनलाई बलशाली बनाउँछ। समानता, समन्यायिकता, समावेशीकरण, जातीय, लिङ्गीय, क्षेत्रीय, भाषिक, गरिब, किसान, पिछडावर्गलगायतको राज्यको मूल प्रवाहीकरणमा भएको विकासले राज्य सञ्चालनमा सक्रियताजनसहभागिताको छनक दिएको छ।'

## २. विश्व दृष्टिकोणमा स्थानीय सरकार

विश्वका अधिकांश प्रजातान्त्रिक देशहरूले दोस्रो विश्वयुद्धको अन्त्य पछि संविधानमा स्थानीय सरकारको प्रावधान समावेश गरे। फेरी, अपवादात्मक अमेरिकी सङ्घीय संविधान, स्विस संविधान, क्यानाडाको संविधान र अष्ट्रेलियाली संविधान स्थानीय सरकारको बारेमा महत्वपूर्ण छन्। जर्मनीको आधारभूत कानूनलाई सङ्घीय  स्थानीय सरकार चलाउन संवैधानिक दर्जा प्राप्त भयो, भारतको सङ्घीय  संविधान, स्पेन, ब्राजिल  र नाइजेरिया, दक्षिण अफ्रिकी संविधान, आदिले सिद्धान्तहरू स्वीकार गरेको छ।

आधुनिक प्रजातान्त्रिक सरकारहरूले स्थानीय जनताको आवश्यकतालाई सम्बोधन गर्न स्वराज्य संयन्त्रलाई मान्यता दिनु सङ्घीय स्थानीय सरकारको अवधारणालाई स्वागत गरेको छ । हाम्रो सङ्घीय संविधान एक दशक लामो सशस्त्र द्वन्द्वको र जनसहभागिताको परिणाम हो जसले वैधानिक राजनीतिक शक्तिलाई स्थानीय निकायहरूमा ठाडो रुपमा विभाजित गर्दछ ।

## ३. नेपालमा स्थानीय सरकारको इतिहास

नेपालमा स्थानीय सरकार र तह भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला सभा हो । जुन स्थानीय सरकार राज्यको सबभन्दा कम तहको रूपमा अवस्थित हुन्छ । नेपालमा स्थानीय निकायको व्यवस्था लिच्छवि काल र किराँत कालदेखि नै सुरु भएको देखिन्छ । जंगबहादुर राणा र वीर शम्शेरले प्रशासनिक इकाई र जिल्ला बनाए । गाउँ पञ्चायत, निर्दलीय पञ्चायती व्यवस्था, जिल्ला पञ्चायत, नगर पञ्चायत र गाउँ पञ्चायतलाई प्रशासकीय इकाई कायम गरियो ।

नेपालमा कुल ७५३ स्थानीय सरकार छन् जसमा महानगरपालिका (६) उपमहानगरपालिका (११) नगरपालिका (२७६) गाउँपालिका (४६०) क्रियाशील छन् जसमा जम्मा ६,७४३ वडा गरी करिब ३५ हजार जनप्रतिनिधिहरू सरकार सञ्चालनमा क्रियाशील छन्।

## ४. स्थानीय तहको सरकारको परिचय

नेपालमा स्थानीय सरकार र तह भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला सभा हो । जुन स्थानीय सरकार राज्यको सबभन्दा तल्लो तहको रूपमा अवस्थित हुन्छ । यी स्थानीय सरकार स्थानीय नेताहरूद्वारा शासित छन् जुन प्रत्येक पाँच बर्षमा जनताले छनौट गर्दछ (statoids.com)। स्थानीय सरकारले आफ्नो क्षेत्रभित्र समन्वय गर्दछ भने केन्द्रीय सरकारले देश समग्र र स्थानीय सरकारबीच समन्वय गर्दछ । नेतृत्वको विकास, शक्ति एकीकृत गरी जनसहभागिता परिचालन, साधन स्रोत, सीप, प्रविधि, क्षमता एवम् अनुभवको अधिकतम परिचालन, योजना पहिचान र तर्जुमा, कार्यान्वयन, अनुगमन, प्रतिफल बाँडफाँड, जनचाहनाका आवश्यकता पूर्ति गर्नमा जनतालाई सेवा सुविधा उपलब्ध गराउन, सुशासनको स्थापना गर्न स्थानीय निकायलाई नै जिम्मेवार र जवाफदेही बनाउन, स्थानीय सरकारको आवश्यकता हुने गर्दछ । स्थानीय सरकारले कार्यकारी शक्ति, न्यायिक शक्ति र स्थानीय विधायिकी शक्ति प्रयोग गरेका छन ।

१) कार्यपालिका ( स्थानीय तहको कार्यकारिणी अधिकार, व्यवस्था, न्यायिक समिति, कार्य सञ्चालन, जिल्ला सभा र जिल्ला समन्वय समितिले गर्दछ ।

२) व्यवस्थापिका (स्थानीय तहको व्यवस्थापकीय अधिकार, गाउँ र नगर सभाको गठन, कार्यकाल, कानून बनाउन सक्ने, गाउँ र नगर सभाले गर्दछ ।

३) आर्थिक कार्यप्रणाली( गाउँ र नगरपालिका काम, कर्तव्य र अधिकार, स्थानीय सन्चित कोष र राजस्व र व्ययको अनुमान गर्दछ । (नेपाल सरकार, २०७४)

सङ्घ, प्रदेश र स्थानीयस्तरले सहयोग, सहअस्तित्व र समन्वयको भावनाले काम गर्दछ जसमा सहकारी सङ्घीयताको मोडेलको कल्पना गरेको छ। स्वशासन र साझा नियमको सिद्धान्त, नेपाली सङ्घीय प्रणालीको मूल अंग हो। जनतालाई सशक्त पार्ने शासन प्रणाली हो स्थानीय सरकार । जनताको साझा समस्याहरूको समाधानका लागि, शक्तिशाली निर्वाचित मिश्रित प्रतिनिधिहरूको रूपमा काम गर्छन् । कार्य र कर्तव्यहरू प्रदर्शन गर्ने क्षमता विकास गर्न उनीहरूसँग पर्याप्त सहयोगी संयन्त्र छ। खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा, विपद् व्यवस्थापन, जलाधार, वन्यजन्तु, खानी, नगर र गाउँ प्रहरी, सहकारी संस्था , एफएम रेडियो सञ्चालन , राजस्व सङ्कलन, बेरोजगार तथ्याङ्क र अभिलेख सङ्कलन , स्थानीय विकास आयोजना , आधारभूत स्वास्थ्य, आधारभूत शिक्षा, सडक, कृषि र सिँचाई , स्थानीय बजार व्यस्थापन, वातावरण संरक्षण र जैविक विविधता, घररजग्गा धनी पुर्जा वितरण, जेष्ठ नागरिक, अपाङ्गता र अशक्तको व्यवस्थापन, भाषा, संस्कृति र ललितकलाको संरक्षण आदिको व्यवस्थापन स्थानीय तहको एकल अधिकारमा सुनिश्चित गरिएको छ । निःसन्देह, यी कार्यहरू स्थानीय सरकारले कार्यान्वयन गर्न धेरै चुनौतीहरू छन् । यो स्थितिमा स्थानीय सरकारले आफ्नो मिशनमा सफल हुन विकासमा जनताको साझेदारीलाई महत्वपूर्ण बनाउन, सत्यनिष्ठा, सक्षमता प्रदर्शन गर्नु पर्दछ ।

शासन प्रणालीमा जनसहभागिता सुनिश्चित हुनाले, स्थानीय शासन व्यवस्था अद्वितीय प्रणाली हो, स्थानीय मुद्दाहरूको बारेमा छलफल गर्न, उनीहरूका प्रतिनिधिहरू तर्फबाट निर्णय लिन, भाइब्रेन्ट स्थानीय सरकारहरू एक अत्यावश्यक हिस्साको रूपमा जनताको नजिकको इकाई हो, जसले नागरिकहरूलाई पहुँच गर्न गर्छन् । स्थानीय जनताद्वारा निर्वाचित भई स्थानीयस्तरमा नै शासन व्यवस्था सञ्चालन गर्ने जनप्रतिनिधिमूलक शासकीय संरचनालाई नागरिकको नजिकको सरकार निःसन्देह स्थानीय सरकार हो । नागरिकको सबैभन्दा नजिकको सरकार स्थानीय सरकार हो । नागरिकलाई सर्वसुलभ रूपमा छिटो, छरितो, प्रभावकारी र गुणस्तरीय सेवा, विकास, समुन्नति र समृद्धिमा

स्थानीय सरकार जुटिरहेका छन् । स्थानीय तह निश्चित विधि, प्रक्रिया र जनअपेक्षा अनुरूप सञ्चालन हुने भएकाले स्थानीय शासन प्रणालीमा सबल पक्षहरू, कमजोर पक्षहरू, अवसरहरू तथा चुनौतीहरू रहेका छन् । यी स्थानीय तह अन्तर्गत पालिकाहरूको सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीलाई समग्र रूपमा यसरी SWOT Analysis (विश्लेषण) गरिएको छ ।

## सबल पक्षहरू

### राजनीतिक सबल पक्षहरू

- स्थानीय राजनीतिक शक्तिलाई एकीकृत गरी परिचालन गरिँदै जानु ।
- स्थानीयवासीले नै संस्थागत गरिँदै जानु ।
- स्थानीय राजनैतिक नेतृत्वको अभ्यास र विकास गर्दै जानु ।
- स्थानीय विकासको नेतृत्व गर्दै जानु ।
- समावेशी, समानुपातिक स्थानीय प्रतिनिधित्वलाई जोड दिइनु, अभ्यास गर्दै र विकास गर्नु ।
- योजनाको पहिचान, तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिफलमा स्थानीय लाई सहभागिता गराउँदै लानु स्थानीय राजनैतिक नेतृत्वको अभ्यास र विकास गर्दै जानु ।
- हाम्रो देशको Diversity management लाई आत्मसात गरिनु स्थानीय राजनैतिक नेतृत्वको अभ्यास र विकास गर्दै जानु ।
- सामुदायिक सङ्घ, संस्था, गैर सरकारी सङ्घ संस्था, स्थानीय शासनको समन्वय, सहकार्य आत्मसात गर्दै विकास गर्दै जानु ।

### आर्थिक सबल पक्षहरू

- स्थानीय स्रोत, साधन, सीपको परिचालन र उपयोग गरिँदै जानु ।
- सन्तुलित भौतिक तथा मानवीय विकासमा लगानी गर्दै प्राप्त स्रोत, साधनको परिचालन ध्यान दिँदै जानु ।
- स्थानीय सडकहरूको विस्तार हुँदै जानु, विद्युतीकरण, खानेपानी तथा सरसफाइ, सिँचाई क्षेत्रमा थप विकास हुँदै जानु । आधारभूत शिक्षा, स्वास्थ्य सेवा क्षेत्रमा लगानीले सकारात्मक परिवर्तन हुँदै जानु । कृषक, उद्यमी, व्यवसायी, सीप र आयमूलक,उत्पादनमा जोड दिइनु । स्थानीयस्तरमा रोजगारी सिर्जना गरिँदै जानु ।
- जनशक्तिको परिचालनबाट आर्थिक विकासमा जोड दिँदै जानु । गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमहरू सञ्चालन गरिनु ।
- जीविकोपार्जनका कार्यक्रमहरू सञ्चालन गरिनु । स्थानीय सरकारले निजी, सहकारी क्षेत्रसँग हातेमालो गर्दै *समृद्ध नेपाल सुखी नेपाली*को राष्ट्रिय अभियानलाई आत्मसात गरिनु ।

### प्रशासनिक सबल पक्षहरू

- कर्मचारीहरूको स्थानीय व्यवस्था गरिनु । स्थानीय सरकारको माध्यमबाट थप कर्मचारी/जनशक्तिको व्यवस्थापन हुनु ।
- स्थानीय आवश्यकता, चाहना, समस्या र मागको परिपूर्तिमा सहज हुनु ।
- जनमुखी कार्यसम्पादन र नतिजामुखी प्रणालीको अवलम्बन गरिनु । कार्यालयको काम कारबाहीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा जोड दिनु । सार्वजनिक सेवालाई स्वच्छ, सक्षम र सहभागीमूलक बनाउँदै जानु ।
- नागरिक सेवा प्रवाहमा छिटो, छरितो, चुस्त, दुरुस्त र प्रभावकारी बनाउनु । जनताको घरदैलोमा सरकार पुग्दै जानु ।
- सबल, सक्षम र नागरिकमैत्री स्थानीय संयन्त्रको विकास हुँदै जानु ।

### न्यायिक सबल पक्षहरू

- न्यायिक समितिद्वारा १३ वटा क्षेत्रमा न्यायिक निरोपण गर्ने र ११ वटा क्षेत्रका विवादको निरूपण मेलमिलापको माध्यमबाट सम्पादन गर्ने
- सामान्य मुद्दा, जग्गा, जमिन, कुलो, बाँध पैनी, चरन, घाँस, दाउरा, अंशबन्डा, साँध, सार्वजनिक स्थलको उपयोग, आदि अधिकार क्षेत्रको मुद्दा सुनुवाइ गर्दै जानु ।
- पालिकाहरूको हरेक वडामा मेलमिलाप केन्द्र स्थापना गरी सञ्चालनमा ल्याउनु ।
- स्थानीय तहदेखि नै अदालती अभ्यासको सुरुआत हुनु ।
- पक्ष, विपक्ष दुवैलाई जीत-जीतको अवस्था ।
- सामाजिक सद्भाव कायम राख्न, आपसी मेलमिलाप र समझदारी गरिनु ।

## कमजोर पक्षहरू

- स्थानीय जन-चाहना कार्यान्वयन गर्ने शासन व्यवस्थाको को कमी हुनु । स्थानीय जनताको मागभन्दा आफ्नो चाहनामा योजना, बजेट विनियोजन गर्नु ।कार्यक्रम, आयोजनाहरू सञ्चालनमा कमी हुनु ।

- जनप्रतिनिधिहरू नागरिकबीच तथा विकासमा साझा हुन नसक्नु । विकासात्मक कार्य साझा नगरिनु । योजनाबद्ध रूपमा गरिने काममा त्यति ध्यान नपुऱ्याइनु, स्थानीय स्रोत-साधनको पहिचान, परिचालन र सन्तुलित विकासमा त्यति ध्यान नपुयाइनु ।स्थानीय तहमा लगाइने कर, राजश्व, शुल्क र दण्ड जरिवाना प्रगतिशील हुन नसक्नु । बढी उत्पादन हुने क्षेत्रमा लगानी गर्न नसक्दा उत्पादकत्व आशातीत वृद्धि गराउन नसकिनु । बेरोजगारी समस्यालाई न्यूनीकरण गर्न नसक्नु, कृषि तथा कृषिजन्य साना तथा मझौला उद्योग सञ्चालनमा ध्यान नपुयाइनु ।
- सडकको अधिक विस्तारमा जोड दिइनु तर विनाश र असरलाई ध्यान नदिइनु ।वातावरणीय प्रभाव नगरी आफूखुसी भौतिक पूर्वाधारको विकास गरिँदै जानु । विकासलाई स्थानीय स्रोत, साधनको पहिचान र योजनासँग टाइअप गर्न नसक्नु । जनप्रतिनिधिहरू तथा कर्मचारीहरूको सकारात्मक सोच, सकारात्मक व्यवहार जस्ता विषयको समस्याले गर्दा कार्य सम्पादनमा प्रभाव पर्न जानु । कर्मचारीहरूको अभावमा सर्वसुलभ रूपमा छिटो, छरितो र प्रभावकारी रूपमा सेवा प्रवाह गर्न नसक्नु । पुराना मानसिकता बोकेको कर्मचारीहरूको कारण नागरिकलाई प्रदान गरिने सेवा छिटो, छरितो र चुस्त दुरुस्त सेवा प्रवाह हुन नसक्नु । सार्वजनिक सेवालाई E-Governance सँग जोड्न नसक्नु । व्यवस्थापकीय क्षमताको विकास हुन नसक्नु । न्यायिक निरोपण (मेलमिलाप)को विषयमा न्यायिक समितिलाई कानूनी तथा प्राविधिक ज्ञानको अभाव
- सार्वजनिक सेवालाई ई-गभर्नेन्ससँग जोड्न नसक्नु । व्यवस्थापकीय क्षमताको विकास हुन नसक्नु । न्यायिक निरोपण (मेलमिलाप)को विषयमा न्यायिक समितिलाई कानूनी तथा प्राविधिक ज्ञानको अभाव हुनु । प्राकृतिक न्यायको सिद्धान्त बमोजिम छिटो, छरितो र प्रभावकारी न्याय सम्पादन गर्न नसक्नु । विवादका पक्ष, विपक्षबीच जीत जीतको अनुभूति गराउन नसक्दा सामाजिक सद्भाव खलबलिने सक्ने देखिनु ।

### अवसरहरू

- आफ्नो अधिकार क्षेत्रको विषयमा आवश्यक कानून बनाई लागू गर्ने, कानूनबमोजिम तोकिएका विवादको न्यायिक निरुपण गर्ने ।
- स्थानीय नीति, योजना तथा कार्यक्रम तय गरी सञ्चालन गर्ने, स्थानीय आवश्यकताअनुरूप बजेटको तर्जुमा गरी परिचालन गर्न सक्ने ।
- संविधान र कानूनबमोजिम आफ्नो अधिकार क्षेत्रको विषयमा कर लगाउन र उठाउन सक्ने ।
- तोकिएको क्षेत्रबाट राजस्वको संकलन एवं सङ्घ र प्रदेश सरकारबाट अनुदान प्राप्त गर्ने ।
- स्थानीय तहप्रति उत्तरदायी स्थानीय सेवाको गठन गरी प्रशासन सञ्चालन गर्न सक्ने ।
- आफ्नो कार्यविभाजन र कार्यसम्पादनका लागि आवश्यक नियम बनाई लागू गर्न सक्नेलगायत थुप्रै अवसर रहेका छन् ।

### राजनीतिक अवसर

- प्रत्येक ५ वर्षमा, आवधिक निर्वाचन माध्यमद्वारा जनताले आफ्नो बालिक मताधिकार प्रयोग गरी प्रतिनिधि छनौट गर्न पाउने व्यवस्था गरिएको ।
- आवश्यक कानून, नीति-नियम बनाउने, निर्णय गर्ने, योजना बनाउने र त्यसको सफल कार्यान्वयन गर्न सक्ने व्यवस्था गरिएको ।
- बजेट योजना बनाउने र त्यसको सफल कार्यान्वयन गर्न सक्ने व्यवस्था गरिएको ।
- स्थानीय राजनीतिक शक्तिलाई एकीकृत गरी समृद्धको अभियानमा परिचालन गर्न सकिने ।
- स्थानीय राजनैतिक नेतृत्वको अभ्यास र विकास गर्न सकिने ।
- नागरिकहरूलाई आधिकाधिक रूपमा शासनमा अर्थपूर्ण सहभागिता गराउँदै लान सकिने ।
- जाति, धर्म, लिङ्गको विविधता व्यवस्थापन गर्दै सभ्य सुसंस्कृत समाजको स्थापना गर्न सकिने ।
- सङ्घसंस्थाहरू, जनसहभागिता समाज आदिलाई सशक्त बनाउँदै लान सकिने ।

### आर्थिक अवसर

- स्रोत, साधन, सीप, प्रविधि, क्षमता, अनुभव र महत्तम प्रयोग तथा उपयोग गर्न सकिने ।
- प्राप्त स्रोत साधनको महत्तम परिचालन गर्दै समावेशी, समानुपातिक, समन्यायिक रूपमा सन्तुलित विकास गर्न सकिने ।
- स्थानीय तहले आफ्नो क्षेत्रमा तुलनात्मक लाभ प्राप्त गर्न सकिने क्षेत्रमा लगानी बढाउँदै आर्थिक वृद्धि गर्न सक्ने,

कृषिजन्य तथा स्थानीय स्रोत साधनमा आधारित लघु तथा साना र मझौला उद्योगको स्थापना र सञ्चालन गर्न सकिने ।

- गरिबी निवारण तथा स्थानीय जनताको प्रतिव्यक्ति आयमा वृद्धि गर्दै आर्थिक रूपमा सबल र सक्षम हुन सकिने, स्थानीयस्तरमा रोजगारी सिर्जना गर्दै मानिसहरूको जीवनस्तर वृद्धि गर्न सकिने, भौतिक, आर्थिक तथा मानवीय पूर्वाधार क्षेत्रमा लगानी बढाउँदै स्थानीय तहलाई सबलीकरण गरी आत्मनिर्भर बनाउने र समृद्ध नेपाल निर्माण गर्न आधारस्तम्भ तय गर्न सकिने ।
- आर्थिक तथा सामाजिक रूपान्तरण गरी सभ्य, सुसंस्कृत समाजको स्थापना गर्न सकिने छ ।

## प्रशासनिक अवसर

- दक्ष र योग्य कर्मचारीहरूको व्यवस्थापन गर्दै स्थानीय तहलाई जनशक्ति सम्पन्न बनाउन सकिने ।
- नागरिकमैत्री र नतिजामुखी सेवा प्रवाह गरी नागरिकलाई सन्तुष्टी प्रदान गर्न सकिने, नागरिकका आवश्यकता, चाहाना, समस्या र मागको परिपूर्ति गर्न सकिने ।
- जनतालाई छुन सकिने, देख्न सकिने र अनुभूति हुने खालको सार्वजनिक सेवा पुर्याउन सकिने ।
- कर्मचारीको कार्यसंस्कृतिमा सुधार ल्याउने तथा नागरिकलाई प्रदान गरिने सेवा प्रवाहमा छिटो, छरितो ।
- चुस्त दुरुस्त, प्रभावकारी र गुणस्तरीय सेवा प्रदान गर्न सकिने ।
- सार्वजनिक सेवालाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदशी, भ्रष्टचारमुक्त, जनउत्तरदायी र सहभागीमूलक बनाउँदै जान सकिने, र विद्युतीय शासनको माध्यमबाट सार्वजनिक सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन सकिनेछ ।

## चुनौती

- स्थानीय प्राकृतिक स्रोत साधनहरूको महत्तम परिचालन र सदुपयोग गर्नु ।
- समावेशी, सन्तुलित, आवश्यकतामा आधारित र दीर्घकालीन विकास निर्माणलाई आत्मसात गर्नु ।
- विविधतायुक्त मुलुकको शासन प्रणालीलाई सबैको अर्थपूर्ण सहभागीमूलक बनाउनु ।
- जननिर्वाचित पदाधिकारीहरूद्वारा सबै नागरिकको आवश्यकता, चाहाना र मागलाई सम्बोधन गर्दै ।
- स्थानीय तहहरूको वित्तीय आत्मनिर्भरता र प्रशासनिक स्वायत्तता प्रवर्द्धन गर्नु ।
- दक्ष जनशक्ति र सुसंस्कृत कार्य प्रणालीको विकास गर्नु ।
- सेवालाई जन-उत्तरदायी बनाउनु साथै नागरिकले अनुभूति गर्न सक्ने गरी व्यवस्थित बनाउनु ।
- सेवालाई छरितो, प्रभावकारी, पारदशी, सहज, गुणस्तरीय तथा पूर्व अनुमानयोग्य बनाउनु ।
- स्थानीय तहहरूमा हुने निर्णयगत तथा नीतिगत र वित्तीय भ्रष्टचारको अन्त्य गर्नु ।
- विकास प्रशासनिकमा हुन अनियमितता, ढिलासुस्ती, भ्रष्ट र आर्थिक अपचलनको अन्त्य गर्नु ।
- स्थानीय राजनीतिक, आर्थिक, प्रशासनिक, न्यायिक रूपमा सवल, सक्षम र आत्मनिर्भर बनाउनु ।
- स्थानीय सरकारद्वारा जनतासमक्ष गरिएका प्रतिबद्धता पूरा गर्नु ।
- स्थानीय विकास र सेवाको आकांक्षाको सम्बोधन गर्नु ।
- स्थानीय तहमा रूपान्तरण भएअनुरूपको संस्थागत क्षमताको विकास गर्नु ।
- कर्मचारीबीच समन्वय कायम गर्दै सीप, क्षमता र दक्षताको अधिकतम सदुपयोग गर्नु ।
- देशको भौगोलिक परिवेशअनुरूप पूर्वाधारको विकास गर्नु ।
- स्रोत-साधनको अति उत्तम परिचालन गरी अधिकतम उपलब्धि हासिल गर्नु । योजना छनौट चरण देखि अनुगमन तथा मूल्याङ्कनमा बुद्धिजीवी, लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसङ्ख्यक, अपाङ्गता, जेष्ठ व्यक्तिहरू लगायत सरोकारवालाहरूको अधिकतम सहभागिता सुनिश्चित आवश्यक छ ।
- विकासका लागि जनसहभागितामा जुन स्थान,परिवेश र अवस्थामा विकासका क्रियाकलापहरू सञ्चालन गरिने हो त्यही ठाउँका जनताहरू लक्ष्य भेटाउन सकदैन भन्ने मान्यतामा जनसहभागिता (Civic Engagement)को अवधारणा आएको हो । विकासको प्रारम्भिक चरणमा जनसहभागिताको अवधारणा आएको भए तापनि अपेक्षित नतिजा प्राप्त गर्न नसकेको तितो यथार्थ छ । जनताहरू विकासका कार्यहरूमा तन, मन र धन लगाई दिगो र आफ्नो सुहाउँदो बनाउन आवद्धता सुनिश्चितता आफ्नो सहभागितात्मक निर्णयले गर्दछ । सरकार अभिभावक भएकाले उसले निर्वाह गर्ने भूमिका नै सुशासनका लागि बलशाली रहन्छ। पहुँचमा खुलापन हुनुपर्छ। सुशासनका

लागि स्थानीय जनसहभागिता पहिलो सवाल हो । अझ स्थानीय तहले सम्पादन गर्ने हरेक कार्यमा त झनै नागरिकको अपार र सहभागिता चाहिन्छ । यसैले जहाँ जनसहभागिताबिनाका गतिविधि गर्नुपर्ने अवस्था आउँछ, त्यहाँ चाहेर पनि सुशासन हुन्न । सुशासनका लागि शासक र शासित वर्ग तर्कवितर्क, सवालजवाफ, क्रियाप्रतिक्रिया र अन्तरक्रियाले नै सुशासनलाई बलशाली बनाउँछ । समानता, समन्यायिकता, समावेशीकरण, जातीय, लिङ्गीय, क्षेत्रीय, भाषिक, गरिब, किसान, पिछडावर्गलगायतको राज्यको मूल प्रवाहीकरणमा भएको विकासले राज्य सञ्चालनमा सक्रियताजनसहभागिताको छनक दिएको छ । यसले सुशासन स्थापित गर्न, अभिवृद्धि गर्न इँटा थप्ने कार्यमा अपेक्षाकृत सुधार हुन्छ ।

परम्परावादी राजनीतिकमीहरू नागरिकसँगको खुलापन चाहँदैनथे । तर आधुनिक शासन व्यवस्थामा भने चाहेर पनि नागरिकसँग टाढिन सकिन्न । जनसहभागिता राज्यबीचको सम्बन्धका लागि सूचना, जानकारी, सन्देश र खबरमा पहुँच हुनुपर्छ । सङ्घीयतामा प्रविधिमार्फत नागरिकले सूचनाको सहज पहुँच प्राप्त गर्ने वातावरण त मिलेको छ तर यसलाई राज्यले कसरी प्रवाह गर्छ भन्नेमा धेरै भर पर्छ । सुशासन कायम गर्न नागरिकले कस्तो भूमिका खेले भन्ने निर्धारक तत्वहरू, जनसहभागिता स्थापनामा भूमिका खेल्ने, कामयाबी बनाउने कार्यमा जनसहभागिता स्थानीय सरकारी निकायहरूले भूमिका खेल्नुपर्छ । विश्वमा भएका विभिन्न आन्दोलन, क्रान्ति, विकास र परिवर्तनले राज्य र नागरिकबीचको असल सम्बन्धको अपरिहार्यता विकास गरेको हो । यसैले विभिन्न विधि, प्रक्रिया, नीति, नियम, कार्य, योजना, काम, आदिद्वारा जनसहभागिता र राज्य बीच खुला सम्बन्ध हुनुपर्छ । वास्तवमा यिनले नै सुशासनको मति र गति अघि बढाउँछन । वास्तवमा विकास अभ्यासकर्ताहरू नै राजनीतिमार्फत सुशासन कायम राख्ने मूलकमी हुन । असल शासन, प्रजातान्त्रिक अभ्यास, मानवअधिकारलगायतका पक्षहरू नै वास्तवमा सुशासनका दायरा हुन ।

सुशासनका लागि जनसहभागिता स्थानीय सुशासन समृद्धिको आधारभूत मान्यता हो, नजिकको सरकार हो र यससँग जनताको दैनन्दिन कार्यमा प्रत्यक्ष-परोक्ष सम्बन्ध हुने भएकाले स्थानीय तह र जनताको सम्बन्ध नङ् र मासुको जस्तो हुन्छ । स्थानीय तहमा गएर जनताले प्रश्न राख्ने, सोधखोज गर्ने, औंला उठाउने कार्य गरेमा कार्यसम्पादन प्रभावकारी र दिगो बन्ने सम्भावना रहन्छ । दैलो अघि गरिने खासगरी विकासका काममा जनताले समयमा भूमिका निर्वाह गरेनन् भने लाभ लिने बेलामा पछुताएर अर्थ रहन्न । सुशासनमा नागरिकको सहभागिता कसरी वृद्धि गर्ने भन्ने चाहिँ अहम् सवाल हो । यसका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग स्थानीय तहलाई कोसेढुंगा एउटा उपागम बन्न सक्छ । मोबाइल र इन्टरनेटले सार्वजनिक संस्थाहरूमा सुशासन कायम गर्नु, पारदर्शिता, जवाफदेहिता र जिम्मेवारी हुन आवश्यकताछ । यसैगरी विकासमा जनसहभागिताको स्वरूप, जनचेतनास्तर, विकास नीतिले प्रभाव पारेको हुन्छ । सहभागिता, सरकारको कामकारबाहीमाथि निगरानी बढाउँदै सुशासन प्रवर्द्धन र पारदर्शिता कायम गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरिराखेको पाइन्छ । नेपालमा जनसहभागिताका अभ्यासहरूमा उपभोक्ता समिति गठन, उपभोक्ताहरूको तर्फबाट हुने श्रमदान तथा आर्थिक सहयोग, उपभोक्ता समितिमार्फत आयोजनाको कार्यान्वयन मुख्य विषय हुन । खासमा सरकारी निकायहरू नागरिकसँग खुलापन, स्थानीयको रुचिले, साझा हित र उद्देश्यमा काम गर्नु, सञ्चारमाध्यमसँग निकटस्थ मात्रै सुशासनको दियो धपक्कै बाल्न सकिन्छ । यसर्थ स्थानीयको सहभागिता, रुचि र आवश्यकताले भित्रैबाटै कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ ।

लालपुर्जा, नागरिकता, पासपोर्टलगायतका सेवा आँगनमै पाउँदा आफैं आफ्ना स्रोतसाधन परिचालन गर्न थालेपछि जनताले स्थानीय तहको मर्म, महत्व जान्नेछन, स्वामित्व लिनेछन र सहभागिताको अभ्यास साँचो अर्थमा हुनेछ । यो भनेको मुलुकको शासन व्यवस्थापनमै बृहत परिवर्तन हो । नागरिकलाई सबल बनाउने क्रममा यो निकै महत्वपूर्ण परिवर्तन साबित हुन्छ, जहाँ महिला, दलित, आदिवासी, जनजाति, अल्पसंख्यक लगायतको उदाहरणीय प्रतिनिधित्व हुनेछ । प्रतिनिधित्वको हिसाबले त अब मुलुक सङ्घीय संरचनामा जानुको प्रमुख कारण हिजोको विकेन्द्रीकरणको अवधारणाले अपेक्षित 'Delivery' गर्न सकेन भन्ने निक्योलसँगै सबै क्षेत्र, समुदाय आदिको प्रतिनिधित्वको सवालसँग समेत जोडिएको छ । जनताको आफ्नै सत्ता स्थापना आफ्नै घर-आँगनमा जनताले बिहान बेलुकी भेटिने सरकार पाउँछन । अब स्थानीय तह देख्ने सरकार हुनेछ । अधिकारसम्पन्न स्वायत्त स्थानीय तह, अधिकार साँच्चिकै लागू गर्न सक्यौं भने यसलाई अद्‌भुत परिवर्तनको जग स्थापित पार्न जरै मजबूत बनाउनुपर्ने रहेछ । राजनीतिक शक्तिहरूले राम्रोसँग शासनव्यवस्था सञ्चालन गर्न र उचित निर्णय लिन नसक्नुमा बलियो स्थानीय तह नहुनुलाई प्रमुख कारक मान्ने अवस्था आउँछ ।

आम जनताले पाइसकेको अधिकार, राज्यमा पहुँचको अधिकार घटाउने कुरा सोच्न पनि सकिन्न । स्थानीय तहमा जनशक्ति पुर्‍याउन सुरू गर्नुपर्छ । प्रशासनिक संयन्त्रमा ठूलो परिवर्तन आवश्यक छ । मुख्य कुरा हामी जनताको वास्तविक सरकार बनाउने अद्भुत परिवर्तन गर्दैछौँ । त्यसकारण यसलाई हाम्रो शासन व्यवस्थाको “Paradium Shift” हो । जनता स्वयले मूल्यांकन थालेपछि गल्ती स्वतः कम र राम्रा काम बढी हुँदै, समृद्धिको ढोका खुल्दैछ । निष्कर्ष र आगामी बाटो पालिका र राज्यशक्तिलाई कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकामा बाँडफाँड गरि अग्रगामी परिवर्तन गरिएको छ । सङ्घ, प्रदेश र स्थानीय तहबीचको सहकारिता, सहअस्तित्व र समन्वयात्मक सम्बन्धलाई प्रवर्द्धन गरिएको छ । समाजवाद उन्मुख शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न, अर्थपूर्ण सहभागिता गराउँदै उत्तरदायी, पारदर्शिता, जवाफदेहिता, गुणस्तरीय सेवा प्रवाह गर्न सुनिश्चित गरिएको छ । यस प्रक्रियामा, स्थानीय शासन प्रणालीलाई सबलीकरण गरी आत्मनिर्भर बनाउछ। जसमा नागरिक सहभागिता, गैरसरकारी संस्था, सहकारी र निजी क्षेत्र आवद्ध भई आयोजना छनौट, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा सशक्त पहरेदार भूमिका आवश्यक हुन्छ । उपभोक्ताहरूको श्रमदानमा सञ्चालन हुने आयोजनाहरूको गुणस्तरीयता कायम गर्न जनसहभागिताको अहमद भूमिका रहन्छ ।

जनसरोकारवालाहरूलाई विकासको प्रत्याभूति प्रत्यक्ष दिलाउने जनसहभागिता बिना अपुरो नै रहन्छ। आफ्नो गाउँमा भइरहेको विकास कृयाकलापहरूको निगरानी गर्ने, अनियमितताको गन्ध पाउनेवित्तिकै त्यसका विरुद्धमा आवाज उठाउँन, टिकाउ र विकासलाई अपनत्व कायम गराउन जनसहभागिता आवश्यक देखिन्छ । जब आफ्नो गाउँमा भइरहेका विकास निर्माणका गतिविधिहरूमाथि निगरानी गर्छ, तब मात्र त्यो व्यक्तिमा त्यी विकास गतिविधिहरूप्रति अपनत्वको भाव उत्पन्न भई अगाडि बढ्न सघाउ पुग्दछ। त्यी कार्यहरू आफ्नै समाजको विकासका लागि हुन भन्ने भाव जागृत हुन्छ र थप कसरी राम्रो बनाउन सकिन्छ भनी नयाँ ढङ्गबाट सोच्न थालदछ। फलस्वरूप, विकास निर्माणका कार्यहरूमा हुने अनियमितता, ढिलासुस्ती जस्ता कार्यहरूबाट मुक्ति प्राप्ति गर्दै जनचाहना अनुरूप भरपर्दो विकासको बाटोमा अगाडि बढ्न सघाउ पुग्दछ ।

विकास प्रक्रियामा ठूलो जनशक्तिको सहयोग निर्वाचित स्थानीय इकाइहरू पूरा हुन्छ। स्थानीयस्तरमा नै शासन व्यवस्था सञ्चालन गर्ने जनप्रतिनिधिमूलक शासकीय संरचनालाई नागरिकको नजिकको सरकार, स्थानीय सरकार हो। जुन जनअपेक्षाअनुरूप सञ्चालन हुन्छन । स्थानीय सरकारमा देखिएका चुनौती सामना गर्दै, अवसरको सही प्रयोग गर्न जन (शासनले प्राथमिकताका आधारमा कार्य गर्न सकेमा समृद्ध नेपाल निर्माण हुने देखिन्छ। स्थानीय स्रोत-साधनलाई परिचालन गर्न चुनौतीलाई अवसरमा बदल्न आफैं अपनत्व लिनेछन र सहभागिताको अभ्यास साँचो अर्थमा हुनेछ ।

## आगामी बाटो

विकासमा आगामी बाटो, जनताको अपनत्वको सिद्धान्तअनुसार कार्यमूलक सहभागितामा जोड दिइनु आवश्यक छ ।

क) जनताहरू आफ्नो सरोकारको विषयमा प्रत्यक्ष योगदान गर्ने आधारमा जनसहभागिता बढाइँदै लैजानुपर्छ । तब मात्र उक्त कार्यको वैधानिकता पनि पुष्टि हुनेछ । साथै उक्त कार्यप्रति अपनत्वबोध हुने हुँदा विकास कार्यमा जनसहभागिताको भूमिका आगामी दिनमा बढाउँदै लैजानुको विकल्प छैन ।

ख) आफ्नो समाजमा आफ्ना आवश्यकता र सरोकारका विषयहरू जस्तै सडक, कुलो, नहर, धारा, पाटी पौवा, कृषि सडक, धार्मिक स्थल, लघु जलविद्युत इत्यादिको निर्माणमा स्थानीय जनताहरूको चासो र चिन्ता पक्कै पनि हुन पुग्दछ। त्यहाँका जनताहरूले आफ्नो क्षेत्रमा सञ्चालन गरिने हरेक विकास निर्माणका गतिविधिहरूमा प्रत्यक्ष सहभागिता राखी समुदायको विकासप्रति जिम्मेवारी बोध गर्दै आगामी दिनहरूमा जनसहभागिता बढाइँदै लैजानुपर्छ ।

ग) स्थानीय निर्माणमा “Watch Dog” को भूमिकामा स्वयं जागरुक भई अर्थपूर्ण जनसहभागी हुने वातावरण सृजना गर्न स्थानीय जनताहरूलाई चेतना, अभिमुखीकरण, सशक्तीकरणका कार्यहरूमा बढवा दिनुपर्छ ।

घ) विकाससम्वद्ध लक्षित वर्गहरू पहिचान गरी सोही वर्गको प्रमुख सहभागिता रहने गरी उपभोक्ता समिति गठन गर्ने, स्थानीय स्तरमा सार्वजनिक सुनुवाइ, सार्वजनिक लेखा परीक्षण, सामाजिक परीक्षण कार्यहरू अनिवार्य सञ्चालन गरिनुपर्दछ। आर्थिक अनियमितता तथा गुणस्तरहिन कार्य गर्ने उपभोक्ता समिति, कर्मचारीहरू तथा राजनैतिक वर्गको समेत कानूनी कारबाही गरिनु आवश्यक देखिन्छ । अतः समाजमा हुने विकास निर्माण कार्यहरूमा सक्दो सहयोग गरी राम्रो बनाउन भावनाबाट प्रेरित भई नागरिकहरू गाउँ विकासको लागि अर्को ठाउँको मान्छे आएर विकास

गरिदिने हैन, आफैले गर्नुपर्छ भन्ने मान्यताबाट परिचालित हुँदै विकासकार्यको हिस्सेदार बन्न आवश्यक छ। जुन कुरा जनसहभागिताबाट सम्भव छ।

ङ) सुशासनका लागि, सूचनाको हक स्थापित छ र हरेक सरकारी कार्यालय, निकायमा प्रवक्ता, सूचना अधिकारी र अधिकृतको व्यवस्था छ। तथापि सरकारले सूचनाको प्रवाह गर्ने तौरतरिकामा सूचनाको गुणस्तर भर पर्छ। गुगल जस्तो बहुराष्ट्रिय सार्वजनिक कम्पनीले इन्टरनेट खोजीद्वारा सरकारले प्रवाह गरेका र गर्ने सार्वजनिक सूचनाहरूबारे जानकारी लिन मिलेको छ।

च) नागरिक, जनसहभागिता र सरकारबीच सम्बन्ध स्थापित गरी सुशासन अभिवृद्धि गर्ने धेरै नमुना र आयामहरू हुन्छन्। त्यसको विकास, खोजी र प्रयोग सरकारले गर्दै त्यसका लागि नागरिकलाई तयार गर्नु पनि सरकारकै भूमिका हो।

## सन्दर्भ सामग्रीहरू


नेपाल सरकार, २०७४। स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय।

नेपाल सरकार, २०७३। गाउँपालिका र नगरपालिका कायमगर्ने गरि उक्त एकाईहरूको नाम, संख्या, सीमाना, केन्द्र र वडाको सीमाना सहितको विवरण, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय।

नेपाल सरकार, २०७४। जिल्ला समन्वय समितिहरूको आधिकारिक वेबसाइट, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय।

काफ्ले, २०७३। जिविस अब देखि जिल्ला समन्वय समिति, कान्तिपुर।

नयाँ पत्रिका दैनिक, पुष २३,२०७३। गाउँ र नगरपालिका कुन जिल्लामा कति ?

स्थानीय तह कार्यान्वयनमा, जनसहभागिता, २८ फागुन २०७३।

नयाँ पत्रिका दैनिक, पुष २३,२०७३। गाउँपालिका र नगरपालिका कुन जिल्लामा कति ?

लोकान्तर, २३ पौष २०७३।

कान्तिपुर दैनिक, १२ जेठ २०७४। स्थानीय तहको निर्माण देश विकासको मेरुदण्ड।

अन्नपूर्ण पोष्ट, २०७३ फागुन २७। सबै गाविस र जिविस खारेज।

स्थानीय निर्वाचन, २०७४। स्थानीय तहमा कार्यपालिका, व्यवस्थापिका र न्यायिक समिति, २०७४ बैशाख २६।

अन्नपूर्ण पोष्ट, पुस २०, २०७३। केन्द्र, प्रदेश र स्थानीय तहको १७ सय ९५ अधिकार क्षेत्र तय।

मन्त्रीपरिषद २०७४। २ र १७ मा जारी गरिएको स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, नेपाल सरकार।

नयाँ पत्रिका दैनिक, २४ चैत २०७३। आखिर नयाँ के छ स्थानीय तहमा ?।

गोरखापत्र , २३ जेठ २०७४। अबको स्थानीय सरकार।

कान्तिपुर दैनिक, २०७४ बैशाख १४ न्याय अब गाउँ-नगरमै, ।

स्थानीय निर्वाचन २०७४। स्थानीय तहमा सेवा प्रवाह, २०७४ बैशाख

अधिकार बाँडफाँडमा खिचडी, (बालकृष्ण माबुहाङ ९कान्तिपुर दैनिक, २० जेष्ठ २०७४।

सेतोपाटी, १७ जेठ २०७४। स्थानीय तहका अधिकार कार्यान्वयनः अवसर र चुनौतीको दोसाँधमा।

जनसहभागिता दैनिक, ३१ बैशाख २०७४स्थानीय तह सञ्चालन विधेयक संसद्मा, ।

सङ्घीयतामा स्थानीय तह व्यवस्थापन र चुनौतीहरू, आर्थिक अभियान राष्ट्रिय दैनिक, १२ जेठ २०७४।

सेतोपाटी, ३२ साउन २०७३। संसदजस्तै शक्तिशाली हुन्छन स्थानीय तह।

कारोबार, २५ बैशाख २०७४। स्थानीय निर्वाचन र विकास।

कान्तिपुर दैनिक, १९ जेष्ठ २०७४। बल्ल पारित भयो शिक्षा नियमावली।

सेतोपाटी, ६ चैत्र २०७३। स्थानीय तह बनिसक्यो, कानून बनेको छैन।

जनसहभागिता दैनिक, २४ पुष २०७३। स्थानीय तहबाट नयाँ सेवा लिन चुनाव कुर्नुपर्ने।

जनसहभागिता दैनिक, १६ जेठ २०७४। बजेटको उपेक्षामा कृषि र पशुपालनु।



*(डा. भट्ट मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) मा वरिष्ठ नीति सल्लाहकार हुनुहुन्छ।)*

*E-mail : narayanbhattanepal@gmail.com*



**सहभागितामा पुस्तक समीक्षा गराउन चाहने लेखकहरुले आफ्नो प्रकाशनको २ प्रति उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछौ।**

**सम्पादक मण्डल**

**ज्येष्ठ नागरिकको विषयमा नेपालकै पहिलो अनुसन्धानात्मक पुस्तक**


**बुढ्यौली आवाज नेपाली तथा अङ्ग्रेजी दुवै भाषामा नेपान सचिवालयमा उपलब्ध भएकोले आवश्यकता अनुसार सम्पर्क गर्नसक्नुहुनेछ।**

**नेपान सचिवालय**

# स्थानीय शासन प्रक्रियामा नागरिक सहभागिता : एक अनुसन्धान



भोला भट्टराई



प्रणव भट्टराई

> नेपालको संविधान-२०७२ जारी भएपछि वि.सं. २०७४ सालमा भएको तीनै तहको निर्वाचनपश्चात् जननिर्वाचित प्रतिनिधिमार्फत् सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको सरकारबाट सङ्घीय संरचनाको कार्यान्वयन भैरहेको छ । स्थानीय तहमा नागरिक र सरकारबीच हुने गरेका सामूहिक प्रयास तथा अभ्यासले केही सकारात्मक परिणाम र उपलब्धिहरु पनि देखिन थालेका छन् ।

## पृष्ठभूमि

निश्चित भौगोलिक क्षेत्रभित्रका नागरिकमा सार्वभौमसत्ता प्रयोग गरी सरकारले कानूनबमोजिम गर्ने व्यवस्थापन प्रक्रिया शासन हो (गैरसरकारी संस्था महासङ्घ नेपाल, सन् २०१४)। स्थानीय सरकारको शासन व्यवस्था पनि स्थानीय नागरिकको सार्वभौमिकताको सम्मान गर्दै कानूनबमोजिम स्थानीय सरकारले गर्ने शासन हो । लोकतान्त्रिक शासन प्रणालीका लागि नागरिक र सरकारबीचको सम्बन्ध नजिक हुनु आवश्यक छ। सरकारको सम्पूर्ण गतिविधिमा नागरिक तथा नागरिक समाजका सङ्घ-संस्थासँगको नियमित सम्पर्क, समन्वय र सहकार्य अति आवश्यक हुन्छ। नेपालको राजनैतिक प्रणालीमा क्रमिकरूपमा सुधार एवम् शासन व्यवस्थामा लोकतान्त्रीकरण हुँदै आएको पाइन्छ ।

राणा शासन (वि.सं. १९०३–२००७) कालमा जहानियाँ राणाहरूले शासनको सम्पूर्ण बागडोर परिवारभित्र केन्द्रित गरेका थिए । पञ्चायती व्यवस्था (वि.सं. २०१७–२०४६) को कालखण्डमा निरंकुश एकदलीय शासन कार्यान्वयनमा थियो भने वि.सं. २०४६ को जनआन्दोलनपश्चात् बहुदलीय प्रणालीअनुसार केन्द्रीकृत शासन अभ्यासमा रह्यो अर्थात् बहुदलीय शासन व्यवस्थामा केन्द्रको भूमिका निकै बढी रहन पुग्यो । स्थानीय नेतृत्वको विकास गरी जनताको दैनिक आवश्यकता तथा जनजीवनलाई असर पार्ने विषयहरूमा निर्णय गर्न सक्नेगरी स्थानीय स्वायत्त शासन पद्धतिको विकासका लागि स्थानीय निकायलाई सशक्त र प्रभावकारी बनाउन भनेर स्थानीय स्वायत्त शासन ऐन-२०५५ जारी गरियो (भट्टराई, वि.सं. २०७०) । तर जननिर्वाचित प्रतिनिधिले यो ऐनको कार्यान्वयन गर्न भने पाएनन् ।

तत्कालीन स्थानीय निकायको पदावधि समाप्त भएपश्चात निर्वाचन हुन सकेन र करिब दुई दशक स्थानीय निकायहरू जननिर्वाचित प्रतिनिधिविहीन हुन पुगे (भट्टराई, वि.सं. २०७२)। यसले नागरिकहरूलाई प्रत्यक्ष स्थानीय शासन प्रक्रियामा सहभागी हुनबाट वञ्चित गऱ्यो । लामो समयसम्म तत्कालीन स्थानीय निकाय कर्मचारीकै खटन-पटनमा चले ।

नेपालको संविधान-२०७२ जारी भएपछि वि.सं. २०७४ सालमा भएको तीनै तहको निर्वाचनपश्चात् जननिर्वाचित प्रतिनिधिमार्फत् सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको सरकारबाट सङ्घीय संरचनाको कार्यान्वयन भैरहेको छ । स्थानीय तहमा नागरिक र सरकारबीच हुने गरेका सामूहिक प्रयास तथा अभ्यासले केही सकारात्मक परिणाम र उपलब्धिहरू पनि देखिन थालेका छन् ।

नेपालमा चलेको माओवादी विद्रोह तथा वि.सं. २०६२/६३ मा भएको नागरिक आन्दोलन (दोस्रो जनआन्दोलन)ले नेपालको शासन व्यवस्थामा थुप्रै क्रान्तिकारी परिवर्तन ल्याएको छ । खासगरी, एकात्मक राज्य व्यवस्थाको अन्त्य गरी सङ्घीय शासन लागू भएको छ । संवैधानिक राजतन्त्रको व्यवस्था खारेज गरी लोकतान्त्रिक गणराज्यको स्थापना गरेको छ। नेपालमा रहिआएको धार्मिक हिन्दू एकात्मक प्रणाली प्रतिस्थापन गरी धार्मिक निरपेक्ष देशको रूपमा घोषणा भएको छ। यसरी पछिल्लो समयमा भएको यस किसिमको शासकीय परिवर्तनअनुसार नेपालको शासन व्यवस्था रूपान्तरणको प्रक्रियामा रहेको छ। जसअनुसार अधिकार सहितका तीन तहमा ७ सय ६१ वटा सरकारहरू निर्माण भएका छन् । यो रूपान्तरणको प्रक्रिया बृहत् भएकाले यो लेख स्थानीय सरकारको शासन प्रणालीमा नागरिक तथा नागरिक समाजको सहभागितामा मात्र सीमित गरिएको छ ।

नेपालको संविधान-२०७२ ले नेपाली नागरिकलाई सार्वभौम मानेको छ। साथै, नागरिकहरूको हक, हितका लागि संविधानको धारा १६ देखि ४६ सम्म विभिन्न मौलिक हकहरू प्रदान गरेको छ । यी मौलिक हकहरूमा नागरिकको संगठित हुन पाउने अधिकार, विचार र अभिव्यक्तिको स्वतन्त्रता, सङ्घ-संस्था खोल्न पाउने अधिकार, सूचना पाउने अधिकार, समानताको हक, गोपनियताको हक, रोजगारीको हक, शिक्षाको हक, स्वास्थको हक आदि अधिकार प्रत्याभूत गरिएको छ । यसैगरी स्थानीय सरकार सञ्चालन ऐन-२०७४ ले पनि स्थानीय सरकारको गतिविधिमा नागरिक तथा नागरिक सङ्घ-संस्थाको सहभागिताका बारेमा निम्नअनुसार व्यवस्था गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐनको दफा १५ मा व्यवस्था गरेअनुसार गाउँपालिका तथा नगरपालिकाले स्थानीयस्तरमा विकास निर्माण तथा विभिन्न सेवा प्रवाहसम्बन्धी कार्य गर्दा आफ्नो क्षेत्रभित्रका नागरिक तथा नागरिक सङ्घ-संस्थाहरू जस्तैः उपभोक्ता समिति, निजी क्षेत्र, सामुदायिक सङ्घ-संस्था, सहकारी संस्था तथा गैरसरकारी क्षेत्रको परिचालन, सहकार्य र समन्वयलाई प्रवर्द्धन गरेर कार्य गर्नुपर्ने भनेर उल्लेख गरिएको छ । त्यसैगरी सोही ऐनको दफा २५ ले गैरसरकारी सङ्घ-संस्था, उपभोक्ता समिति, सहकारी संस्था तथा सामुदायिक सङ्घ संस्थाहरूले पनि गाउँपालिका तथा नगरपालिकाको कार्यक्षेत्रभित्र कार्य गर्दा सो स्थानीय तहसँगको समन्वयमा रही काम गर्नु पर्नेछ भनेर व्यवस्था गरेको छ ।

यसरी हेर्दा नेपालका ७ सय ५३ वटा स्थानीय तहमा रहेका सरकारहरूले गर्ने सामाजिक, आर्थिक, वातावरणीय गतिविधिमा स्थानीय नागरिक तथा नागरिक समाजका सङ्घ-संस्थाहरूले समन्वय र सहकार्य गरेर महत्वपूर्ण भूमिका खेल्न सक्ने देखिन्छ । नागरिक/नागरिक समाज र स्थानीय सरकारबीचको सहकार्य र समन्वयबाट थुप्रै रूपान्तरणकारी कार्यहरू सम्भव छन् । स्थानीय सरकारले प्रवाह गर्ने सेवा तथा वस्तुको नियमित अनुगमन, सार्वजनिक चासोका विषयको पैरवी र स्रोतको न्यायिक वितरणजस्ता क्षेत्रमा नागरिक निगरानीमार्फत् स्थानीय सरकारलाई पृष्ठपोषण दिएर सरकारको उत्तरदायित्व र जवाफदेहिता बढाउने मात्र होइन सिङ्गो राजनैतिक पद्धतिलाई समेत बढी सहभागीमूलक र लोकतान्त्रिक बनाउन मद्दत गर्दछ । त्यसैले, निर्वाचनपश्चात् गठन भएको स्थानीय सरकारले नागरिक सहभागिताका लागि गरेका प्रयास, त्यसका उपलब्धि, चुनौती र आगामी कार्यदिशा निर्देशका लागि यो लेख तयार गरिएको छ ।


## अध्ययन विधि

यो लेख विगतका केही वर्षदेखि पारस्परिक जवाफदेहिता परियोजनाअन्तर्गत रही विभिन्न जिल्लाका स्थानीय सरकार तथा नागरिक समाजका सङ्घ-संस्थासँग गरेको भेटघाट, छलफल तथा अन्तरकृया एवम् तीनवटा स्थानीय सरकारका पदाधिकारीसँग गरेको घनिभूत छलफल र विभिन्न प्रकाशित एवम् अप्रकाशित सामग्रीको समीक्षा गरी तयार पारिएको छ । स्थानीय सरकार र नागरिक समाजबीचको सहकार्य र समन्वयका बारे थुप्रै सकारात्मक तथा नकारात्मक टीका-टिप्पणीहरू पाइन्छन् । स्थानीय सरकार एकाङ्की ढङ्गले अगाडि बढेको, स्थानीय सरोकारवालाको भूमिकालाई बेवास्ता गरेको, बजेट तथा कार्यक्रम निर्माण मनलागी ढङ्गले निर्माण भएको, नीति-निर्माण प्रक्रिया अपारदर्शी र असमावेशी भएको भन्ने तर्कहरू पनि सुनिन्छन् । अर्कोतर्फ, लोकतन्त्रलाई तल्लो स्तरमा पुऱ्याउन सहभागिता, निर्णय प्रक्रियालाई समावेशी बनाउने जनचाहनाअनुसार योजना तथा नीति-निर्माण गर्ने गरेको लगायतका सफलताका पक्षका दाबी पनि सुन्ने गरिन्छ । यस परिवेशमा स्थानीय शासन प्रक्रियामा

नागरिक सहभागिताको वर्तमान अवस्थाबारे विभिन्न अध्ययन विधिमार्फत् गरिएको सूचना संकलन र विश्लेषण यो लेखमा प्रस्तुत गरिएको छ।

## अध्ययनको रूपरेखा

यस अध्ययनका लागि सहभागीमूलक लोकतन्त्र (Participatory Democracy) को सिद्धान्तमा आधारित नागरिक सहभागिता (Citizen Participation) को विधिलाई अङ्गीकार गरिएको छ। जसअन्तर्गत निर्णय प्रक्रियामा जनसहभागिता, योजना निर्माणमा खास सरोकारवालाको निर्णायक भूमिका, प्रतिनिधित्व, सूचनाको हक, बलियो नागरिक समाज एवम् पारदर्शिता, जवाफदेही राज्य प्रणाली र मानव अधिकारको सम्मानजस्ता पक्षलाई अध्ययनको सूचकका रूपमा लिइएको छ (तिम्सिना, वि.सं. २०७३)।




Adopted: FHI 360 Nepal (2075) र हाम्रो अभियान (वि.सं. २०७३)

## अध्ययनका नतिजाहरू

यस अध्ययनबाट प्राप्त नतिजाहरूलाई निम्नानुसारका ९ क्षेत्रमा विश्लेषण गरी प्रस्तुत गर्ने जमर्को गरेका छौं :

### १. स्थानीय सरकारप्रति नागरिकको अपेक्षा

नेपालको सन्दर्भमा सङ्घीयता कार्यान्वयनको क्रममा स्थानीय सरकार शक्तिशाली सरकारको रूपमा विकास भएको छ। नेपालको संविधानको धारा ५६ र ५७ ले तीन तहको सरकारबीचको राज्य संरचना र राज्यशक्तिको बाँडफाँडलाई स्पष्ट उल्लेख गरेको छ। संविधानको अनुसूची ८ ले स्थानीय सरकारलाई २२ वटा एकल अधिकार दिएको छ। यसबाहेक अनुसूची ९ ले सङ्घ, प्रदेश र स्थानीय तहबीच साझा अधिकारको बाँडफाँड गरेको छ र अनुसूची ७ ले सङ्घ र प्रदेशबीचको साझा अधिकारका क्षेत्रहरू उल्लेख गरेको छ। नेपालको संविधानले राज्य संरचनाको स्पष्ट व्यवस्था तथा स्थानीय निर्वाचनसँगै संविधानको कार्यान्वयनले स्थानीय सरकारलाई धेरै अधिकारहरूको विनियोजन गरेको छ। संविधानले अधिकारको विनियोजनसँगै स्थानीय सरकारले आफ्ना नागरिकहरूका आवश्यकता र प्राथमिकताको आधारमा विकास निर्माणका कार्य गर्ने, शिक्षा, स्वास्थ, कृषि, खानेपानी तथा अन्य विषयसँग सम्बन्धित ऐन-कानून निर्माण गरेर आफ्ना नागरिकलाई प्रभावकारी सेवा-सुविधा प्रदान गर्न आर्थिक, राजनीतिक तथा प्रशासनिक अधिकार सहितको राज्यशक्ति तथा स्रोत बाँडफाँड गरेको छ। यति धेरै अधिकार र अवसरप्राप्त स्थानीय सरकारसँग नागरिकको अपेक्षा पनि प्रशस्त देखिन्छन्। आफ्नो नजिकको सरकार भएको कारण नागरिकका स-साना समस्यादेखि ठूला विकास कार्यमा समेत स्थानीय सरकार संलग्न भएको पाइन्छ।

नागरिकका आधारभूत आवश्यकता खानेपानी, बाटो, रोजगारी, कृषि मल तथा बीउ, बजार व्यवस्थापन, सरसफाइ, वन र वातावरणदेखि सीप विकास र आय-आर्जन, स्वास्थ्य सुविधादेखि जनसहभागितासम्म आफ्नो भूमिका र अवसर पाउनु पर्ने कुरामा नागरिकहरूले प्रशस्त चासो दिन थालेका छन्। सरकार आफ्नो नजिकै भएको कारण आफ्ना आवश्यकता लिएर सरकारसम्म पुग्ने कार्यमा पनि नागरिकहरू सक्रिय देखिन थालेका छन्। स्थानीय सरकारसँग नागरिक/समुदायको अपेक्षा अत्यन्त धेरै छ। ती धेरै अपेक्षा पूरा गर्नतर्फ स्थानीय सरकार प्रयत्नशील देखिएको छ। विभिन्न स्थानीय सरकारका प्रतिनिधिहरूसँगको भेटघाटमा उनीहरूबाट व्यक्त धारणाअनुसार स्थानीय चाहना पूरा गर्न पालिकाले योजनाबद्ध ढङ्गले काम सुरु गरेको छ। कतिपय अपेक्षालाई तत्काल सम्बोधन गर्न गरिएको र धेरै लगानी आवश्यक भएकोमा सङ्घ, प्रदेश तथा अन्य निकायसँग पनि सहकार्य गर्न थालिएको देखिन्छ।

स्थानीय नागरिकले आफ्ना आवश्यकतालाई विभिन्न माध्यमबाट प्रस्तुत गर्ने गरेको पाइन्छ। स्थानीय सरकारको योजना तथा बजेट तर्जुमा प्रक्रियामा सहभागी हुने एक महत्वपूर्ण तरिका अभ्यासमा देखिन्छ भने त्योभन्दा बढी वडा प्रतिनिधिसँग विभिन्न अनौपचारिक भेटघाट र छलफलबाट आफ्नो चाहना व्यक्त गरेको पाइन्छ। यसैगरी सामाजिक सञ्जाल, विभिन्न औपचारिक कार्यक्रम एवम् प्रत्यक्ष रूपमा डेलिगेसन जाने, योजना माग गर्ने, दबाब श्रृजना गर्नेजस्ता प्रक्रियाबाट पनि आफ्नो चाहना व्यक्त गर्ने गरेको पाइन्छ।

## २. स्थानीय तहको योजना तथा बजेट तर्जुमामा जनसहभागिता

स्थानीय सरकारको शासन प्रक्रियामा जनसहभागिता हुने मुख्य औपचारिक प्रक्रिया भनेको योजना तथा बजेट तर्जुमा प्रक्रिया हो । स्थानीय सरकारले आफ्ना लागि नीति, योजना र बजेट बनाउने र कार्यान्वयन गर्ने जिम्मेवारी पाएको छ (फ्रिडम फोरम, वि.सं. २०७६) । स्थानीय तहको योजना तर्जुमाका सात चरणहरू अन्तर्गत चरण ३ मा बस्ती र टोलस्तरमा छलफल गर्नुपर्ने प्रावधान छ (सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, वि.सं. २०७४) । यस क्रममा बस्ती र टोलमा रहेका विभिन्न वर्ग र समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गराउने व्यवस्था छ (राष्ट्रिय योजना आयोग, वि.सं. २०७५) ।

स्थानीय सरकारले बजेट तथा योजना तर्जुमा गर्दा बस्ती र टोलमा रहेका सबै जात-जाति, धर्म, लिङ्ग, वर्गका नागरिकहरूलाई सहभागिताको पूर्वसूचना दिने र आफ्ना आवश्यकतालाई भेलामा प्रस्तुत गर्न अवसर प्रदान गर्ने गरेको पाइन्छ । यसै सवालमा अमरगढी नगरपालिकाले स्थानीय गैरसरकारी सङ्घ-संस्थालाई योजना र बजेट तर्जुमापूर्व टोल-टोलमा यस विषयमा क्षमता विकास एवम् सूचना प्रवाह गर्न सहयोगको अपील समेत गरेको पाइयो । योजना र बजेट तर्जुमा प्रक्रियालाई समावेशी, पारदर्शी र लोकतान्त्रिक बनाउन स्थानीय सरकारको पहल सह्राहनीय देखिन्छ । टोल र बस्तीस्तरमा गरिने छलफल बाहेक पनि विभिन्न चासो-समूह (Interest group) को छुट्टै बैठक गरी परामर्श गरिने प्रक्रिया गोरखा नगरपालिकाले अवलम्बन गरेको पाइयो । अपाङ्गता भएका व्यक्ति, दलित, महिला, जनजाति, युवा, शिक्षा, स्वास्थ्य, कृषि लगायतका विभिन्न समूह र नेटवर्कसँगको परामर्शले योजना छनौट तथा बजेट तर्जुमामा सहयोग पुगेको गोरखा नगरपालिकाको दाबी रहेको छ ।

**सहभागीमूलक योजना तर्जुमा बैठक : समस्या समाधानको अवसर**

दाङ जिल्लाको घोराही उपमहानगरपालिका, खण्डखुटी, वडा नं-१ का विपन्न नागरिकहरूलाई खानेपानीको ठूलो समस्या थियो । बर्षा याममा जसोतसो ठिकै हुन्थ्यो । हिउँदको सुरुसँगै खानेपानीको समस्याले खण्डखुटीका बासिन्दालाई पिरोल्न थाल्थ्यो । महिला तथा बालबालिकाहरू पानी लिन घण्टौंसम्म टाढा जानु पर्थ्यो । यो समस्यालाई कसरी समाधान गर्ने भन्ने अन्योलमा थिए खण्डखुटीका बासिन्दाहरू । त्यहाँका केही युवाहरूलाई कसैले नगरपालिकामा गएर समस्याको समाधानका लागि कुरा गर्न सुझाए । युवाहरूको अगुवाइमा सो गाउँका बासिन्दाहरूले वडा कार्यालयमा गएर कुरा गरे । वडा अध्यक्षले उनीहरूलाई बस्तीस्तरमा हुने योजना छनौट बैठकमा सो समस्याको प्रस्ताव राख्न सुझाए । सल्लाहअनुसार खण्डखुटीका युवाहरूले बस्तीस्तरको योजना छनौट छलफलमा प्रस्ताव पेस गरे । वडा कार्यालयले अरू योजनाको सूचीसँगै सण्डखुटीको खानेपानी योजनालाई पनि नगरपालिकामा पेस गऱ्यो । घोराही उप-महानगरपालिकाले आर्थिक वर्ष २०७५/७६ मा नगर सभाबाट रु. १,५००,००० को खानेपानी योजना स्वीकृत गऱ्यो । यसरी नागरिकहरू सहभागी भएर योजना तर्जुमा बैठकबाट आफ्नो समस्या समाधान गरेको यो एउटा प्रतिनिधि उदाहरण हो ।

## ३. सहभागितात्मक अल्पकालीन तथा दीर्घकालीन योजना निर्माण

नागरिकको अर्थपूर्ण र प्रभावकारी सहभागिताको अर्को महत्वपूर्ण पाटो भनेको स्थानीय सरकारले निर्माण गर्ने/गरेको अल्पकालीन र दीर्घकालीन योजना निर्माण प्रक्रियामा देखिएको छ । कतिपय पालिकाले परामर्शदाता नियुक्त गरेर यस्ता योजना बनाएको भएतापनि पर्याप्त छलफल र परामर्शमा यस्ता योजना निर्माण भएको पाइयो । पालिकाभित्र रहेका विज्ञ समूह निर्माण गरेर, व्यापक छलफलसहित बनाइएका गुरुयोजनाको आधारमा विकास निर्माण अगाडि बढाइएको देखिन्छ । पालिकाहरूको क्षमता र दक्षता एवम् चासोअनुसार एकीकृत तथा विषयगत योजना बनाउने गरिएको छ । पर्यटन प्रवर्द्धन गुरुयोजना, कृषि विकास योजना, वन तथा वातावरणको दीर्घकालीन योजना, जलस्रोत व्यवस्थापन योजना, सडक निर्माण योजना, जलवायु परिवर्तनको योजनाजस्ता विषयगत गुरुयोजना र समष्टिगत विकासको गुरुयोजना पालिकाहरूले निर्माण गरेको पाइन्छ । यस्ता योजना निर्माण प्रक्रिया, कार्यान्वयन तथा अनुगमन प्रक्रियाका लागि सहभागीमूलक संरचनागत व्यवस्था समेत पालिकाहरूले गरेका छन् ।

## ४. सार्वजनिक-निजी साझेदारी

स्थानीय सरकारले नागरिकको असीमित आवश्यकता र चाहना पूरा गर्न आफूसँग रहेको सीमित स्रोत र साधनको उपयोगको साथै निजी तथा सहकारी क्षेत्रसँगको सहकार्य वृद्धि गर्न थालेको पाइन्छ । यस्तो सहकार्यले सरकार र निजी क्षेत्रको सम्बन्ध विकास मात्र नगरी विकास प्रक्रियामा निजी तथा सहकारीको सहभागिता र अपनत्व पनि विकास गरेको पाइन्छ । यस्तो सहकार्यका लागि संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले गरेको व्यवस्थाअनुसार एवम् सङ्घ र प्रदेश सरकारले आफैं पनि कानून निर्माण गरी कार्यान्वयन अगाडि बढाएका छन् । वालिङ्ग, भरतपुर

र वीरेन्द्रनगर नगरपालिकाले विभिन्न तयारीका कामको साथमा साझेदारी परियोजना समेत सुरु गरिसकेको पाइन्छ । यसबाहेक गोरखा नगरपालिका, अमरगढी नगरपालिका, पनौती नगरपालिका लगायत विभिन्न नगरपालिकाले विभिन्न चरणको छलफल सम्पन्न गरेको पाइएको छ । यस्तो छलफलको क्रममा सरकारसँगको स्रोत तथा चासोलाई निजी तथा सहकारी क्षेत्रले कसरी मद्दत पुऱ्याउने भन्ने विषय मुख्य रहने गरेको छ । कतिपय पालिकामा स्थानीय स्रोतमा आधारित सङ्घ-संस्था र पालिकाहरूबीच पनि स्रोत व्यवस्थापन तथा लाभांश बाँडफाँडबारे छलफल अगाडि बढेको पाइन्छ । यस्तो सहकार्यले स्थानीय सरकारको शासकीय पद्धतिलाई पारदर्शी र समावेशी बनाउनुको साथै सरकारप्रतिको नागरिकहरूको विश्वसनियता पनि बढ्ने देखिन्छ ।

## ५. स्थानीय नीति तथा कानून निर्माणमा जनसहभागिता

स्थानीय सरकारको शासन प्रक्रियामा जनसहभागिताको अर्को नमुना भनेको नीति-निर्माण प्रक्रिया हो । लोकतान्त्रिक पद्धतिमा निर्वाचन मात्रै सबै कुरा होइन । निर्वाचनपछि निर्वाचित जनप्रतिनिधिको काम गर्ने शैली तथा व्यवहारले नै लोकतन्त्रलाई बलियो वा कमजोर बनाउँछ । स्थानीय सरकार बनेपछि पहिलो वर्ष स्थानीय सरकारले नीति तथा कानून निर्माण गर्दा जनसहभागितालाई प्राथमिकता दिन सकेन । यद्यपि दोस्रो र तेस्रो वर्षमा नीति, कानून र कार्यविधि निर्माण प्रक्रिया जनमुखी, सहभागीमूलक र समावेशी बन्दै गएको पाइएको छ । गोरखा तथा नीलकण्ठ नगरपालिकाले सुशासनसम्बन्धी नीति निर्माणका लागि स्थानीय नागरिक समाजसँग सहकार्य गरेको पाइयो । नागरिक सञ्जालले विभिन्न चरणको छलफल, गोष्ठी र नीतिगत समीक्षामार्फत् सुशासन नीतिको प्रारूप विधायन समितिमा प्रस्तुत गरेपछि स्थानीयस्तरको साझेदारी मञ्च (Partnership Forum) मा व्यापक छलफल गरियो । त्यसपछि नगरपालिकाले नगरसभाबाट अनुमोदन गरेको पाइयो । यसैगरी अन्य विभिन्न गाउँपालिका तथा नगरपालिकामा पनि नीतिगत सवालमा वडास्तरमा छलफल, मिडियामार्फत् सुझाव संकलन, विषयगत विज्ञसँगको परामर्श, सरोकारवालाको कार्यशालामार्फत् नीतिगत मस्यौदा तयार गरी पालिका/पालिका सभामार्फत् पारित गर्न थालेको पाइएको छ । यसरी नीतिगत छलफललाई अझ बढी पारदर्शी बनाउन नागरिक र नागरिक समाजका सङ्घ-संस्थाले स्थानीय सरकारसँगको सहकार्य र साझेदारी वृद्धि गर्न सके स्थानीय शासन बलियो र जनमुखी बन्ने देखिन्छ ।

**सडक निर्माणमा नागरिक-निगरानी**

कैलाली जिल्लाको गौरीगंगा नगरपालिकाले ठेकेदारमार्फत् सडक निर्माणको काम गरिरहेको थियो । सार्वजनिक सडक कालोपत्रे गर्ने काममा ठेकेदारले नगरपालिकाको मापदण्ड पूरा नगरेको र कमसल सामग्री प्रयोग गरेको कुरा स्थानीयले थाहा पाए । केही स्थानीय युवा तथा नागरिकहरूले सडक निर्माण भैरहेको ठाउँमा गएर निरीक्षण गरे । उनीहरू पनि ठेकेदार संस्थाले मापदण्ड पूरा नगरेको र कमसल सामग्री प्रयोग गरेको कुरामा विश्वस्त भए । यसको बारेमा नागरिकहरूले नगरपालिकालाई जानकारी गराए । नगरपालिकाले ठेकेदारलाई नागरिकको गुनासोबारे जानकारी गरायो र नगरस्तरमा सात सदस्यीय सडक निर्माण अनुगमन समिति निर्माण गऱ्यो । कालोपत्रे गर्ने काममा लापरवाही नगर्न र तोकिएको मापदण्डअनुसार सडक निर्माण गर्न ठेकेदारको ध्यानाकर्षण गराउँदै नागरिकलाई सो कार्यको नियमित अनुगमन तथा निगरानी गरेर नागरिकको दायित्व पूरा गर्ने अवसर तथा उत्प्रेरणा प्रदान गरेको यो प्रतिनिधि उदाहरण हो ।

## ६. विकास निर्माणमा जनसहभागिता

स्थानीय सरकारको अर्को महत्वपूर्ण काम भनेको आर्थिक, सामाजिक र वातावरणीय विकासको पाटो हो । यी तीनवटै पक्षका लागि स्थानीय नागरिक, नागरिक सङ्घ-संस्था तथा निजी क्षेत्रको भूमिका महत्वपूर्ण छ । स्थानीय सरकारले आफ्नो कार्य सुचारू गरेपछि भौतिक विकासमा निकै प्रगति हासिल गरेको छ । यसको साथै सामाजिक, आर्थिक र वातावरणीय विकासलाई पनि प्राथमिकता दिएको पाइन्छ । विकासका यी सबै पक्षमा स्थानीय नागरिक, नागरिक सङ्घ-संस्था उपभोक्ता समिति, मिडिया तथा पैरवीकर्ताको भूमिका क्रमशः बढ्दै गएको छ । विकास निर्माण प्रक्रियालाई स्थानीय मिडिया, नागरिक तथा नागरिक सङ्घ-संस्थाले प्रभावकारी निगरानी गरेको देखिन्छ । स्थानीय सरकारले कहाँ कति बजेट विनियोजन गरेको छ ? प्रयोग कसरी भएको छ ? गुणस्तर कस्तो छ ? जस्ता पक्षमा नागरिक निगरानी प्रभावकारी बन्दै गएको छ । कतिपय पालिकाले स्थानीय अनुगमन समितिमा नागरिक समाजका प्रतिनिधि समावेश गरी निगरानी गरेको पाइन्छ भने कतिपय पालिकामा स्वतन्त्र नागरिक-निगरानी भइरहेको देखिन्छ ।

## ७. स्थानीय शासन-प्रक्रियामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण

स्थानीय सरकारको भूमिकालाई मापन गर्ने अर्को पक्ष भनेको स्थानीय शासन प्रक्रियामा पछाडि पारिएका महिला, दलित, जनजाति, वृद्ध, युवा, अल्पसंख्यक तथा

अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता र लाभमा पहुँच हो । यस अध्ययनको क्रममा विभिन्न पालिकाले लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई विभिन्न तरिकाबाट सम्बोधन गरेको पाइएको छ । बजेट तर्जुमामा विशेष बजेट विनियोजन गर्ने, विनियोजित रकम सम्बन्धित वर्ग र समुदायमार्फत् खर्च गर्ने, उनीहरूलाई हरेक सवालमा सहभागी गराउने एवम् पछाडि पारिएका समुदायको पक्षमा नीति निर्माण गर्ने/गराउने कार्यमा पालिकाहरू सकृय भएको देखिन्छ ।

पालिकाहरूले छुट्टै लैङ्गिक समता र सामाजिक समावेशीकरणसम्बन्धी नीति तथा निर्देशिका समेत व्यवहारमा ल्याएको पाइन्छ। सन् २०२० मा भएको १० वटा स्थानीय सरकारको बजेट विश्लेषणसम्बन्धी अध्ययनका अनुसार प्रायः सबै पालिकाहरूले लक्षित वर्ग र समुदायका लागि बजेट छुट्याएको पाइयो । यद्यपि, बजेटको आकारमा भने धेरै नै फरक देखिन्छ ।

## ८. स्थानीय सरकार र सूचना प्रविधि

स्थानीय शासनको प्रभावकारिता सरकारले अवलम्बन गर्ने सूचना अभ्यासमा भर पर्दछ । स्थानीय सरकारहरूले सूचनाको हकको सुनिश्चितता, वित्तीय पारदर्शिता, खुला सरकारी तथ्याङ्क, पारदर्शी खरिद प्रणाली आदिका लागि नयाँ-नयाँ सूचना प्रविधि अवलम्बन गरेको पाइन्छ । सबैजसो पालिकाले सूचनालाई वेबसाइटमा राख्ने, सामाजिक मिडियामार्फत् सूचना प्रवाह गर्ने एवम् वडा तथा पालिकामा बडापत्रहरू राख्ने गरेको पाइन्छ । कतिपय पालिकाले नियमित रूपमा आफ्नो प्रगति सार्वजनिक गर्ने गरेको समेत देखिएको छ । स्थानीय शासन प्रक्रियाका लागि सूचना प्रविधिमार्फत् सूचना प्रवाह गरेर राम्रो अभ्यासको थालनी गरेको देखिन्छ। धनगढी उप-महानगरपालिकाले प्रविधिको प्रयोगमार्फत् सुशासन कायम गर्न राम्रो थालनी गरेको देखिन्छ । नीलकण्ठ नगरपालिका लगायत थुप्रै नगरपालिकाले पालिकाको सूचना प्रवाह गर्न भिन्नै एप्लिकेसन नै प्रयोगमा ल्याएको पाइएको छ । सुशासन कायम गर्न मकवानपुरको राक्सिराङ्ग गाउँपालिकाले सूचना नियमित रूपमा प्रकाशन गर्ने, वेबसाइट तथा फेसबुक पेज सक्रिय पार्ने, गुनासो पेटिका राख्ने कार्यका साथमा सबै वडाहरूमा ७० वटाभन्दा बढी टोल सुधार समिति गठन गरी सकृय पारेको छ भने महिला स्वास्थ्य सञ्जाल, वन उपभोक्ताको सञ्जाल, सहकारी, कृषक समूह आदिको विकास र प्रवर्द्धन गरेको देखिन्छ (राक्सिराङ्ग गाउँपालिका, वि.सं. २०७५) ।

माथि प्रस्तुत गरिएको नतिजाको आधारमा विश्लेषण गर्दा सङ्घीय संरचनाको कार्यान्वयनमा स्थानीय सरकारको भूमिका निकै महत्वपूर्ण देखिन्छ। संविधानको कार्यान्वयन तथा जनअपेक्षाअनुसार स्थानीय आवश्यकता र चाहना पूरा गराउन स्थानीय सरकारहरू कृयाशील देखिएका छन् । खासगरी स्थानीय शासन प्रक्रियामा नागरिक तथा नागरिक समाजका सङ्घ-संस्थाको अर्थपूर्ण र प्रभावकारी सहभागिताका लागि स्थानीयस्तरमा भएका प्रयास महत्वपूर्ण देखिएका छन् । स्थानीय नीति, कानून तथा बजेट र योजना निर्माण एवम् कार्यान्वयन र अनुगमन प्रक्रियामा बढ्दै गएको नागरिक सहभागिताले स्थानीयस्तरको लोकतन्त्र मजबुत बन्ने सुनिश्चित छ ।

स्थानीय सरकारका दीर्घकालीन र अल्पकालीन योजना तथा विषयगत विकासको अवधारणाको अभ्यासले गर्दा स्थानीय सरकारको क्षमतामा समेत क्रमिक रूपमा विकास हुँदै गएको पाइन्छ । स्थानीय सरकारको कामको प्रभावकारिता बढाउन पालिकाहरूमा न्यायिक समिति, अनुगमन समिति र योजना तर्जुमा लगायतका समिति एवम् संरचनाहरू बनेका छन् । यसको साथमा विभिन्न निजी तथा सामुदायिक सङ्घ-संस्था र नागरिक समाजका सङ्घ-संस्था सम्मिलित पालिकास्तरीय 'साझेदारी मञ्चको गठन र सञ्चालन' ले स्थानीय सरकारहरूको सुशासन र नागरिक सहभागिताप्रतिको प्रतिबद्धता प्रष्ट देख्न सकिन्छ । स्थानीय सरकारहरूमा सहभागीमूलक विकासको अवधारणाबारे नीतिगत व्यवस्था भएतापनि प्रभावकारी कार्यान्वयन भने हुन सकेको छैन (दाहाल, वि.सं. २०७६) ।

## ९. स्थानीय सभा र साझेदारी मञ्च : नागरिक र स्थानीय सरकारबीच सहकार्यको अवसर

लोकतान्त्रिक व्यवस्थामा नागरिक र सरकारबीचको सहकार्य र छलफल महत्वपूर्ण हुन्छ । यस्ता छलफल र सहकार्यले लोकतान्त्रिक संरचनामा नागरिक सहभागिता वृद्धि गर्नुका साथै राज्य सञ्चालनलाई पारदर्शी र जफावदेही बनाउन पनि महत्वपूर्ण भूमिका खेलेको हुन्छ (सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, वि.सं. २०७५) । नीतिगत तथा व्यावहारिक रूपमा नागरिक सहभागिता वृद्धि गर्न उपलब्ध गराइएका यस्ता अवसरहरूले नागरिकलाई सरकारको काम-कारवाही र गतिविधिलाई निगरानी गर्ने मौका प्रदान गर्दछन् । नेपालको परिवर्तित सङ्घीय व्यवस्थामा नागरिक र स्थानीय सरकारबीच अन्तरक्रिया र छलफलका लागि धेरै कम औपचारिक र नीतिगत संरचना तथा अवसर उपलब्ध भएको पाइन्छ । नागरिकहरूले स्वतःस्फूर्त रूपमा स्थानीय सरकारले गरेका काम-कारवाही

तथा नीति-निर्माणमा सहभागिता जनाएर आफ्ना कुराहरू राख्ने र सेवा प्रवाहसम्बन्धी गुनासालाई जनप्रतिनिधिबीच उठाउने कामहरू पनि गर्दै आइरहेको पाइन्छ । तर, नागरिकहरूलाई आफ्ना असन्तुष्टि र पृष्ठपोषण राख्ने नीतिगत तथा औपचारिक संरचना र अवसर नहुँदा सबै नागरिकहरूले समान रूपमा सरकारको गतिविधिमा निगरानी गर्ने, नीति-निर्माणमा सहभागिता जनाउने र सेवा प्रवाहसम्बन्धी गुनासाहरू राख्ने अवसरबाट वञ्चित हुने अवस्था पनि रहन्छ । तर, कतिपय जिल्लामा नागरिक र सरकारबीच नियमित रूपमा छलफल गर्ने, एक-अर्काबीच समस्याहरू आदान-प्रदान गर्ने र नागरिकका गुनासा तथा पृष्ठपोषणहरूलाई सम्बोधन गरेर नागरिक-मैत्री शासन प्रणाली अवलम्बन गर्ने प्रयास पनि गरेको पाइन्छ ।

नेपालका केही जिल्लामा स्थानीय नागरिक संस्थामार्फत् वडास्तरमा गठन भएका स्थानीय सभा (Common Assembly) र नगरपालिका तथा गाउँपालिका तहमा गठन भएका साझेदारी मञ्च (Partnership Forum) जस्ता फोरमहरूले स्थानीय सरकार र नागरिकहरूबीच कानून निर्माण प्रक्रिया, सेवा प्रवाहसम्बन्धी गुनासा तथा सार्वजनिक चासोका विषयमा नागरिक संवाद र सहभागिता वृद्धि गर्न सहयोगी भूमिका खेलेको पाइन्छ (सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, वि.सं. २०७५) । स्थानीयस्तरमा नागरिक र सरकारबीच सहकार्य, सहभागिता र समन्वयलाई अभिवृद्धि गर्ने उद्देश्यले वडास्तरमा गठन गरिएका स्थानीय सभामार्फत् नागरिक र जननिर्वाचित प्रतिनिधिहरूबीच सेवा प्रवाह तथा अन्य जनसरोकारका विषयमा छलफल हुने गरेको पाइएको छ । स्थानीय सभाको अध्यक्षमा

### सार्वजनिक सडकमा परेको व्यक्तिगत जग्गाको लगत कट्टाको सवाल

काभ्रेपलाञ्चोक जिल्लाको पनौती नगरपालिकाको वडा नं १ मा त्याले स्थानीय सभा गठन भएर नियमित सञ्चालनमा छ । विगतमा झैं २०७५ चैत २९ गते स्थानीय सभाको बैठक बस्यो । बैठकमा वडाध्यक्ष, स्थानीय सङ्घ-संस्थाका प्रतिनिधि, नागरिक लगायत करिब ३० जनाको सहभागिता थियो । बैठकमा स्थानीय नागरिकका गुनासा, सेवाप्रवाहका समस्या तथा विकास निर्माणमा भएको ढिलासुस्ती लगायतका धेरै सवालमा छलफल भयो। विगतमा भन्दा यो बैठकमा एउटा विषय अलि फरक र सबैको चासोको बिषय बन्न पुग्यो। सवाल थियो, सडक विस्तार गर्दा व्यक्तिको जग्गा परेको तर सरोकारवाला निकायले सडकमा परेको जग्गाको लगत कट्टा नगरिदिएकाले सो व्यक्ति तथा सम्बन्धित घरपरिवारले मालपोत तिरिरहनु परेको विषय । यो विषयमा धेरै छलफल भयो तर समाधान हुन सकेन किनभने यो नीतिगत निर्णयको विषय थियो। वडाकार्यालयले गर्न सक्ने केही थिएन । बैठकमा लामो छलफलपछि यो विषयलाई नगरपालिकास्तरमा गठन भएको साझेदारी मञ्चको बैठकमा छलफलका लागि सिफारिस गरेर पठाउने स्थानीय सभाको बैठकले निर्णय गऱ्यो ।

पनौती नगरपालिकामा गठन भएको साझेदारी मञ्चको बैठक २०७६ वैशाख २५ गते बस्यो । बैठकको अध्यक्षता नगर प्रमुखले गरेका थिए । बैठकमा लगत कट्टाको विषयमा छलफल भयो। छलफलबाट नगरपालिकामा धेरै नागरिकहरू यस्तो समस्याबाट प्रभावित रहेको र पालिकास्तरमा स्पष्ट नीति नभएका कारणले गर्दा नागरिकहरू समस्यामा परिरहेको भन्ने थाहा

सम्बन्धित वडाको अध्यक्ष रहने र स्थानीय नागरिक एवम् सङ्घ-संस्थाका प्रतिनिधि, महिला, दलित प्रतिनिधि, वडा कार्यालयका सेवा प्रदायक तथा अन्य सरोकारवालाहरू स्थानीय सभाका सदस्य रहने यस्ता संरचनाले शिक्षा, स्वास्थ्य, कृषि तथा अन्य सवाल र विषयलाई प्रत्येक तीन महिनामा हुने बैठकमा पेस गर्ने र समाधानको प्रयास गर्ने गरेको पाइएको छ । स्थानीय सभाले कतिपय सवाल तथा विषयहरूलाई तत्काल सम्बोधन गर्ने र नीतिगत निर्णय गर्नुपर्ने सवालमा त्यस्ता विषयलाई नागरपालिका तथा गाउँपालिकास्तरमा रहने साझेदारी मञ्चको बैठकमा पेस गर्ने निर्णय गरी सिफारिस गरेर समाधानको प्रयास गरेको पनि पाइएको छ । यस्तो अभ्यासबाट स्थानीयस्तरमा केही नीतिगत सकारात्मक परिवर्तन पनि भएको देखिन्छ ।

नगरपालिका तथा गाउँपालिकास्तरमा गठन भएका साझेदारी मञ्चको संयोजकमा नगरपालिकाका मेयर तथा गाउँपालिकाका अध्यक्ष रहने व्यवस्था छ (सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, वि.सं. २०७५) । सबै वडाका वडाध्यक्ष, स्थानीय पत्रकार, निजी क्षेत्रका प्रतिनिधि, महिला, दलित प्रतिनिधि, नागरिक, स्थानीय सभाका प्रतिनिधिहरू साझेदारी मञ्चका सदस्य रहन्छन्। वडास्तरमा गठन भएका स्थानीय सभाबाट समाधान हुन नसक्ने सवाल तथा विषयहरूलाई सूचीकृत गरी निर्णयार्थ नगरपालिका र गाँउपालिकास्तरमा गठन भएका साझेदारी मञ्चको बैठकमा पेस गरी छलफल हुने गरेको पाइएको छ । स्थानीय सभाको बैठकले कतिपय नीतिगत सवाल तथा विषयलाई सम्बोधन गर्न सक्ने अवस्था रहँदैन। सवालहरू जसलाई नीतिगत रूपमा नगरसभा तथा नगर कार्यपालिकाको बैठकबाट सम्बोधन गर्नुपर्ने हुन्छ त्यस्ता

विषयलाई नगरपालिकाका मेयर तथा गाउँपालिकाका अध्यक्ष संयोजक रहने साझेदारी मञ्चबाट गर्ने गरेको पाइएको छ ।

साझेदारी मञ्चको बैठक कम्तीमा प्रत्येक चार महिनामा एक पटक वा आवश्यक भएको अवस्थामा त्यो भन्दा अगाडि पनि बस्ने गरेको पाइएको छ । त्रैमासिक रूपमा हुने स्थानीय सभाको बैठकबाट सूचीकृत तथा सिफारिस भइआएका विषय र सदस्यहरूले उठाएका अन्य सवालहरूमा मञ्चको बैठकले छलफल गर्ने गरेको पाइएको छ । कार्ययोजना बनाएर मञ्चको बैठकले तत्काल निर्णय गर्न सक्ने विषयहरू छन् भने तत्कालै निर्णय गर्ने र यदि नीतिगत रूपमा सम्बोधन गर्नुपर्ने विषय भएमा नगर-सभा वा नगर कार्यपालिकाको बैठकमा पेस गरेर सम्बोधन गर्ने गरेको देखिएको छ ।

स्थानीय सभाको अवधारण र अभ्यास सरकार र नागरिकबीच वडा तहमा साझेदारी, समन्वय र सहकार्य वृद्धि गर्ने प्रभावकारी माध्यम भएको देखिन्छ । काभ्रेको पनौती नगरपालिका र रुकुमको त्रिवेणी गाउँपालिकाले आफ्ना सबै वडामा स्थानीय सभा गठन गर्ने निर्णय गरेको पनि पाइयो । गाउँपालिका तथा नगरपालिकास्तरबाट स्वतःस्फूर्त रूपमा गठन भएका स्थानीय सभाले यस्ता संरचनाको बढ्दो लोकप्रियता र प्रभावकारितालाई थप पुष्टि गरेको छ भन्न सकिन्छ । स्थानीय सभालाई नागरिक र स्थानीय सरकारबीच छलफल, समन्वय र सहकार्य वृद्धि गर्ने एक प्रभावकारी माध्यम बनाउनका लागि स्थानीय तहमा नीतिगत तथा कार्यगत निर्णय गराउन पहल गर्न सकिएको अवस्थामा यस्ता संरचनाहरूले औपचारिक अस्तित्व प्राप्त गर्ने तथा यसको दिगोपना थप सुनिश्चित गर्न सक्ने सम्भावना पनि देखिन्छ ।

## निष्कर्ष तथा सिफारिस

स्थानीय लोकतन्त्रको सुदृढीकरण एवम् सुशासनका लागि स्थानीय सरकारको भूमिका महत्वपूर्ण रहन्छ । स्थानीय तहमा बन्ने नीति, नियम तथा ऐन/कानून एवम् बजेट तथा कार्यक्रमलाई जति बढी पारदर्शी र समावेशी बनायो त्यत्ति नै स्थानीय सरकारप्रतिको विश्वास बढ्दै जान्छ । नागरिकहरूको हक र अधिकारको रक्षा गर्दै उनीहरूको चासो र चाहना सम्बोधन गर्न स्थानीय सरकारले सक्नु पर्दछ ।

स्थानीय सरकारको कार्यगत अवस्था विश्लेषण गरिरहँदा पालिकाहरूले भोग्नु परेका चुनौतीबारे पनि चर्चा गर्नु आवश्यक छ । स्थानीय सरकारको शासन प्रक्रियाको चुनौतीको रूपमा सङ्घ र प्रदेशको नियन्त्रणमुखी सोचाइले अवरोध सिर्जना गरिरहेको छ । अर्कोतर्फ, कर्मचारी प्रशासनबाट हुनसक्ने सहयोग समेतको अभावका कारण स्थानीय शासन प्रभावकारी हुन चुनौती थपिएको छ । नियन्त्रणमुखी सङ्घीय र प्रदेश सरकारको भूमिकाले  गर्दा स्थानीय सरकारको भूमिका कमजोर बनाइएको छ । अर्कोतर्फ, निर्वाचित जनप्रतिनिधि र कर्मचारीतन्त्रको क्षमताको अभावका कारण समेत अपेक्षित भूमिका निर्वाह गर्न स्थानीय सरकार तयार हुन सकेको छैन । खासगरी कर प्रणाली, समवर्ती आयहरूको बाँडफाँड प्रणाली, अनुदान प्रणाली, ऋण प्रणाली, वैदेशिक सहायतामा पहुँच वा अधिकारको सवाल स्थानीय सरकारको चुनौती बनेको छ (डम्बर खतिवडा, वि.सं. २०७३) । स्थानीय सरकारको अगाडिको अर्को चुनौती भनेको आर्थिक पारदर्शिताको पक्ष हो । महालेखा परीक्षकको प्रतिवेदन (वि.सं. २०७५) लाई नियाल्ने हो भने स्थानीय सरकारको बेरुजूको अङ्क निकै ठूलो देखिन्छ । यस्तो अवस्थामा बेरुजू शून्य बनाई काम गर्न जनप्रतिनिधि र कर्मचारीको बीच सहकार्य आवश्यक छ ।

सहभागितालाई श्रृङ्गारिक रूपमा गराइने गरिएको भएपनि सीमान्तकृत समुदायको अर्थपूर्ण सहभागिता स्थानीय शासन प्रक्रियामा हुन सकेको छैन । नागरिक/नागरिक समाजका सङ्घ-संस्थासँगको समन्वय र सहकार्यलाई स्थानीय सरकारले पर्याप्त स्थान दिन सकेको छैन ।

यस्तो परिवेशमा स्थानीय शासन प्रक्रिया सुधारमा स्थानीय सरकारले निम्न कुरामा ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

### सिफारिसहरू

१) स्थानीय शासनको जग भनेको सहभागिता नै हो । त्यसैले स्थानीय सरकारले 'सहभागिता' लाई आफ्नो मुख्य आदर्श/दृष्टिकोणको रूपमा अवलम्बन गर्नु पर्दछ ।

२) स्थानीय शासनको मुख्य भागीदार/अंशियार भनेको पछाडि

भयो । बैठकले आगामी दिनमा यस्ता घरपरिवार र नागरिकको लगत संकलन गर्ने र सोको आधारमा कार्यविधि निर्माण गरेर नगरसभाबाट स्वीकृत गरी समस्या समाधानको प्रयास गर्ने भन्ने निर्णय गऱ्यो । नगरपालिकाले स्थानीय संस्था तथा विज्ञको सहयोगमा लगत कट्टा गर्ने कार्यविधि निमार्ण गर्ने निर्णय पनि गऱ्यो । मिति २०७६ माघ ९ गते नगरपालिकाले स्थानीय संस्था तथा विज्ञको प्राविधिक सहयोगले तयार गरेको कार्यविधिलाई आवश्यक छलफल तथा परिमार्जन गरेर "सार्वजनिक सडकमा परेको निजी जग्गाको लगतकट्टा कार्यविधि-२०६७" नगरसभाको बैठकबाट स्वीकृत गरी नागरिकका गुनासा तथा सवाललाई सम्बोधन गर्ने प्रयास गऱ्यो ।

पारिएका तथा सीमान्तकृत समुदाय नै हुन् । त्यसैले उनीहरूको हक र हितको पक्षमा काम गर्न स्थानीय सरकार प्रतिबद्ध हुनु पर्दछ ।

३) स्थानीय सरकारले आफ्नो जवाफदेहिता बढाउन स्थानीय सामुदायिक सङ्घ-संस्था तथा नागरिक समाजका सङ्घ-संस्थासँगको समन्वय र सहकार्य वृद्धि गर्नुपर्ने देखिन्छ ।

४) स्थानीय सरकारको सूचना व्यवस्थापनले शासन प्रक्रिया बलियो बनाउन सक्दछ। नियमित सूचना प्रवाहको व्यवस्था गर्दै खुला तथ्याङ्क प्रणाली अङ्गीकार गर्नु आवश्यक छ ।

५) स्थानीय सरकारले खुला सरकार र नागरिक साझेदारिताजस्ता अवधारणालाई आत्मसात गर्दै आफ्ना गतिविधि अगाडि बढाउनु आवश्यक छ ।

६) स्थानीय सरकारले सुशासन प्रक्रिया बलियो बनाउन नियमित रूपमा आन्तरिक तथा बाह्य लेखा परीक्षण गराउनु पर्दछ। साथै, सुशासनका लागि नियमित सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, गुनासो सुन्ने व्यवस्था, लैङ्गिक बजेट परीक्षण, नागरिक प्रतिवेदन-पत्र आदि औजारहरूको प्रयोग गरेको हुनु पर्दछ ।

७) स्थानीय सरकारहरूले आफ्नो संस्थागत सुशासनको पक्षलाई बलियो बनाउनु आवश्यक छ। यसका लागि नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी स्थानीय सरकारको संस्थागत स्वमूल्याङ्कन कार्यविधिअनुसार नियमित स्वमूल्याङ्कनको पद्धति विकास गर्नु पर्दछ ।

८) बस्ती तथा समुदायस्तरमा हुने योजना छनौट बैठक गर्दा बस्तीभित्रका सबै वर्ग र समुदायको प्रतिनिधित्व सुनिश्चित गर्नु पर्दछ । यस्ता योजना तर्जुमा प्रक्रियामा टोल-बस्तीभित्रका क्रियाशील सामुदायिक संस्थाहरूलाई सहभागी गराउने व्यवस्था सुनिश्चित गर्नु पर्दछ ।

९) स्थानीय सभा र साझेदारी मञ्चको अवधारणा र अभ्यास स्थानीय सरकार र नागरिकबीच साझेदारी, समन्वय र सहकार्य वृद्धि गर्ने प्रभावकारी माध्यम हुन सक्ने देखिएकाले स्थानीय सरकारको तहमा नीतिगत तथा कार्यगत निर्णय गराउन पहल गर्न सकिएको अवस्थामा यस्ता संरचनाहरूले औपचारिक अस्तित्व प्राप्त गर्ने तथा यसको दिगोपना थप सुनिश्चित गर्न सक्ने देखिन्छ ।

## सन्दर्भ सामग्रीहरू


तिम्सिना, मोहन (वि.सं. २०७३) । *सहभागितामूलक लोकतन्त्रको दृष्टिकोणमा नयाँ संविधान*। हाम्रो अभियान र फोरम फर पार्टिसिपेटरी डेमोक्रेसी, विराटनगर ।

एफ.एच.आई. ३६० नेपाल; पारस्पारिक जवाफदेहिता परियोजना (वि.सं. २०७५) । *खुला सरकार : नागरिक साझेदारी अवधारणा तथा कार्यान्वयनको प्रारूप*। काठमाडौँ, नेपाल ।

फ्रिडम फोरम (वि.सं. २०७६) । *स्थानीय तहको योजना तथा बजेट तर्जुमा र कार्यान्वयन हाते- पुस्तिका*। काठमाडौँ, नेपाल ।

राष्ट्रिय योजना आयोग (वि.सं. २०७५) । *स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन*। काठमाडौँ, नेपाल ।

दाहाल, भोलाप्रसाद (वि.सं. २०७६) । *सहभागीमूलक विकास बहस*। नेपाल सहभागीमूलकं कार्य समूह (नेपान); काठमाडौँ, नेपाल ।

गैरसरकारी संस्था महासङ्घ, नेपाल (वि.सं. २०१४)। *गैसस सुशासन स्रोत पुस्तिका*। काठमाडौँ, नेपाल ।

खतिवडा, डम्बर (वि.सं. २०७३)। *सङ्घीयतामा केन्द्र, प्रदेश र स्थानीय तहबीच स्रोत बाँडफाँडको प्रश्न/सम्पादक दिनेश श्रेष्ठ; सहभागीमूलक लोकतन्त्र र स्थानीय आयाम*। हाम्रो अभियान र फोरम फर पार्टिसिपेटरी डेमोक्रेसी; विराटनगर, नेपाल ।

राक्सिराङ्ग गाउँपालिका, (वि.सं. २०७५) । *गाउँपालिका वस्तुगत विवरण*। चैनपुर, मकवानपुर ।

महालेखा परीक्षकको कार्यालय (वि.सं. २०७५)। *महालेखा परीक्षकको छपन्नौँ वार्षिक प्रतिवेदन,* वि.सं. २०७५ । काठमाडौँ, नेपाल ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (वि.सं. २०७५) । *स्थानीय सरकारको संस्थागत स्वमूल्याङ्कन कार्यविधि*। काठमाडौँ, नेपाल ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (वि.सं. २०७५) । *लोकतान्त्रिक शासन व्यवस्थामा नागरिक सहभागिता-स्रोत पुस्तिका*। काठमाडौँ, नेपाल ।

भट्टराई, प्रणव (३१ जेठ, २०७२)। *विपद्मा स्थानीय सरकार*। नेपाल साप्ताहिक पत्रिका । पृष्ठ, २० ।

भट्टराई, प्रणव (९ जेठ, २०७०) । *अभाव जवाफदेहिताको*। नागरिक दैनिक । पृष्ठ, ८ ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (वि.सं. २०७४)। *स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन*। काठमाडौँ, नेपाल ।



*(लेखकद्वय 'एफ.एच.आई. ३६०' अन्तर्गत पारस्परिक जवाफदेहिता परियोजना-'सीएसम्याप'मा सम्बद्ध हुनुहुन्छ)*

*E-mail : भोलाः bhola_bhattarai@hotmail.com*
*प्रणवः pbhattarai2001@gmail.com*

# कोरोना महामारीमा हाम्रो स्वास्थ्य प्रणाली र सक्रियता बढोत्तरीको सवाल



ऋविन्द्र भण्डारी

महामारी अवस्थामा जनताको आधारभूत स्वास्थ्यसेवामा सहज पहुँच बढाउँदै स्वास्थ्य अधिकारलाई सुनिश्चित गर्न सजिलो छैन । यसका लागि अहिलेको स्थानीय स्वास्थ्य प्रणालीका चुनौती र अवसरका बारेमा केही समीक्षा गर्न आवश्यक छ ।

> अझै पनि दुर्गम क्षेत्रका स्वास्थ्य संस्थामा तालिम प्राप्त स्वास्थ्यकर्मीको अभाव, सीमित औषधि र उपकरणले गर्दा सहजरूपमा आधारभूत सेवा उपलब्ध छैन । यो महामारीमा नियमित स्वास्थ्य सेवा पनि प्रत्यक्षरूपमा प्रभावित भएका छन् । यो प्रकोप बढ्ने हो भने हाम्रो स्वास्थ्य प्रणाली थप संकटमा पर्नेछ ।

### कोरोना कहर

अहिले विश्व कोरोना भाइरस (कोभिड-१९) को महामारीबाट त्रसित छ । संसारभरि यो भाइरसको सङ्क्रमण फैलिरहेको र मृत्यु हुनेको संख्या पनि दिनानुदिन बढ्दै गएको छ । विश्वभरमा मर्नेको संख्या ९ लाख नाघेको छ । संक्रमणका कारण नेपालमा ३ सयभन्दा बढीको ज्यान गइसकेको छ । आधा लाखभन्दा बढी संक्रमित छन् । त्यसो त निको हुनेको संख्या पनि झण्डै ४० हजार छ (भदौ २७) ।

संक्रमणको विश्वव्यापी अवस्था हेर्दा कोरोना कहर थप बढ्न सक्ने सम्भावना छ । छिमेकी भारतमा उच्च दरमा बढेसँगै हाम्रो देश नेपालमा पनि झन् झन् त्रास बढेको छ । अनि विगतमा भएका देशभरिका लकडाउनले आमजनमानसमा उत्तिकै अनिश्चितता र चिन्ता थपेको अवस्था छ । लकडाउन फेरि पनि गर्न नपर्ला भन्न सकिन्न । कोरोनाकै कारण आप्रवासी कामदारहरू अलपत्रमा परेका छन् । धेरैको रोजगारी गुमेको छ । एकातिर संक्रमणको जोखिमको त्रास, अर्कोतिर नियमित आम्दानी नहुँदा दैनिकी कष्टकर बन्दै गएकाले धेरैमा सामाजिक-मनोवैज्ञानिक असर देखिन थालेका छन् ।

### स्वास्थ्य प्रणालीको चुस्तता

यो जनस्वास्थ्य सङ्कटले मूलतः विकासशील मुलुकको स्वास्थ्य प्रणालीलाई थप प्रभाव पार्ने निश्चित छ । सामान्यतः यी मुलुकको स्वास्थ्यप्रणाली कमजोर छ । अझ यो महामारीले गर्दा थप तालिम प्राप्त स्वास्थ्यकर्मी, आवश्यक पर्ने मेडिकल किट, प्रयोगशाला सेवा र औषधिको आपूर्ति सुनिश्चित गर्नुपर्ने हुँदा राज्यका लागि अति आवश्यक स्रोत समयमै जुटाउन र प्रभावकारी व्यवस्थापन गर्न त्यति सजिलो छैन । अतः यो महामारीले निम्त्याउने दूरगामी सामाजिक र आर्थिक प्रभावलाई कसरी कम गर्ने भन्ने सवाल अहिले निकै सान्दर्भिक र महत्वपूर्ण हुन आउँछ ।

अझै पनि दुर्गम क्षेत्रका स्वास्थ्य संस्थामा तालिम प्राप्त स्वास्थ्यकर्मीको अभाव, सीमित औषधि

र उपकरणले गर्दा सहजरूपमा आधारभूत सेवा उपलब्ध छैन । यो महामारीमा नियमित स्वास्थ्य सेवा पनि प्रत्यक्षरूपमा प्रभावित भएका छन् । यो प्रकोप बढ्ने हो भने हाम्रो स्वास्थ्य प्रणाली थप संकटमा पर्नेछ । लकडाउनले गर्दा कतिपय स्थानमा सजिलै स्वास्थ्य संस्थामा पुग्न सकिने अवस्था छैन । स्थानीय अस्पतालहरूमा संक्रमणको परीक्षण र आवश्यक उपचार गर्न पर्याप्त स्वास्थ्यकर्मी, टेस्टकिट र औषधि सुनिश्चित गर्न उत्तिकै चुनौती छ ।

नेपालको संविधानले स्वास्थ्यसेवालाई नागरिकको मौलिक हकका रूपमा स्थापित गरिसकेको छ । यो सन्दर्भमा कुनै पनि बेला हुन सक्ने जनस्वास्थ्यसम्बन्धी आपत्कालीन अवस्था र विपद्को समयमा आकस्मिक स्वास्थ्यसेवाको प्रभावकारी व्यवस्थापन गर्न र स्थानीय अस्पताल तथा स्वास्थ्य संस्थामा गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्न सङ्घ, प्रदेश र स्थानीय सरकारको महत्वपूर्ण भूमिका र दायित्व हुन्छ ।

केही प्रदेशले प्रदेश स्वास्थ्य नीति तर्जुमा गरिसकेका छन् भने अन्य यसका लागि बहुपक्षीय समन्वय र परामर्शको चरणमा छन् । साथै केही पालिकाहरूले पनि स्थानीय स्वास्थ्य नीतिको आवश्यकता महसुस गर्दै साझेदार संस्थाहरूको प्राविधिक सहयोगमा स्थानीय स्वास्थ्यका प्राथमिकता निर्धारण गर्न सरोकारवालासँग सहभागीमूलक छलफल सुरु गरेका छन् । यो सकारात्मक प्रयासलाई निरन्तरता दिँदै अन्य पालिकामा पनि सुरु गर्न सकेमा निकै प्रभावकारी हुन्छ । यी नीतिहरूको तर्जुमा गर्दा महामारीको रोकथाम र यसका प्रभावलाई न्यूनीकरण गर्न आवश्यक स्रोत र संस्थागत संरचनाको व्यवस्था सुनिश्चित गर्नुपर्छ । प्रदेश र स्थानीय सरकारहरूले राष्ट्रिय स्वास्थ्य कार्यक्रमहरूको प्रभावकारी योजना तर्जुमा र कार्यान्वयन गर्न हालै स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले निर्देशिका पनि तयार गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पालिकाहरूलाई जनताको स्वास्थ्य अधिकारलाई संरक्षण र संवर्द्धन गर्न आवश्यक नीति तर्जुमा र मापदण्डको व्यवस्था गरेको छ । यसले सङ्घीयता सुहाउँदो स्वास्थ्यक्षेत्रको पुनःसंरचनालाई विशेष जोड दिएको छ । यसका लागि स्थानीय तहका स्वास्थ्य संस्थाको संरचना तथा जनशक्ति व्यवस्थापनलाई पहिलो प्राथमिकतामा राखिएको छ । संवैधानिक व्यवस्थाअनुसार स्वास्थ्यलाई मौलिक हकका रूपमा स्थापित गर्दै आधारभूत स्वास्थ्यसेवा विस्तारमा जोड दिइएको छ ।

## विपन्नमैत्री स्वास्थ्य सुशासन र पालिकाको विशेष भूमिका

आकस्मिक स्वास्थ्य सेवाबाट कुनै पनि नागरिकलाई वञ्चित नगराई, स्वास्थ्य सेवामा सबैको समान पहुँचको सुनिश्चित गर्ने जिम्मेवारी र उत्तरदायित्व अहिले पालिकाहरूमा छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पालिकाहरूलाई सङ्घीय तथा प्रादेशिक लक्ष्य र मापदण्डबमोजिम स्थानीय स्वास्थ्य सेवाको प्राथमिकता र गुणस्तर निर्धारण गर्ने अधिकार दिएको छ । प्रदेश र स्थानीय सरकारले स्वास्थ्यसेवाको योजना र व्यवस्थापनको महत्वपूर्ण जिम्मेवारी वहन गर्न सुरु गरिसकेका छन् । यो प्रशंसनीय पक्ष हो । एकातिर स्वास्थ्य सेवाको गुणस्तर बढाउन दक्ष जनशक्ति, अति आवश्यक औषधि र उपकरणको नियमित आपूर्ति सुनिश्चित गर्दै स्थानीय जनताको बढ्दो अपेक्षालाई सम्बोधन गर्न जरुरी छ भने अर्कोतर्फ निजीक्षेत्रका अस्पताल र स्वास्थ्य केन्द्रहरूको अनुगमन र नियमन गर्ने दायित्व पनि स्थानीय सरकार अर्थात् पालिकाहरूमा नै छ ।

स्थानीयस्तरमा अझै पनि अति गरिब र सीमान्तकृत समुदायको अत्यावश्यक स्वास्थ्यसेवामा सहज पहुँच छैन । सीमित स्वास्थ्य पूर्वाधार, अपर्याप्त औषधि र उपकरणको आपूर्ति, तालिमप्राप्त स्वास्थ्यकर्मीको अभाव र स्वास्थ्यसम्बन्धी जनचेतनाको कमीले गर्दा पालिका र वडास्तरका स्वास्थ्य संस्थालाई सेवाप्रवाह गर्न धेरै चुनौती छन् । कतिपय दुर्गम क्षेत्रका स्थानीय स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार कमजोर भएकोले अति आवश्यक स्वास्थ्य सेवा उपलब्ध छैन ।

स्वास्थ्य सेवा सुदृढीकरणमा कर्मचारी समायोजनले गर्दा कतिपय स्वास्थ्य संस्थामा तालिमप्राप्त स्वास्थ्यकर्मीको अभावले स्वास्थ्य सेवा प्रवाह गर्न केही समस्या देखिएको पाइएको छ । यसतर्फ पनि सबैको ध्यान जानु जरुरी छ ।

साथै, स्थानीय तहमा समुदायमा आधारित सहभागीमूलक स्वास्थ्य सूचना प्रणालीको विकास गर्दै स्वास्थ्य सेवाहरूमा अति गरिब र सहाराविहीन समुदायको पहुँच बढाउन सामुदायिक सशक्तिकरणमा जोड दिनुपर्ने देखिन्छ । अन्यथा स्वास्थ्यसम्बन्धी दिगो विकास लक्ष्यहरू (एसडीजी) को स्थानीयकरण र अनुगमन प्रक्रिया प्रभावी हुँदैन ।

## निष्कर्ष

स्थानीय तहमा अन्य क्षेत्रको तुलनामा स्वास्थ्य क्षेत्रमा अझै पनि कम बजेट विनियोजन भएको देखिन्छ भने अर्कोतिर उपलब्ध स्रोतको प्रभावकारी परिचालन राम्ररी हुन सकेको छैन । समुदायस्तरमा स्वास्थ्यसेवाको नियमित अनुगमन र मूल्याङ्कन प्रणाली पनि कमजोर छ । यसका लागि पालिकाहरूको सहभागीमूलक स्वास्थ्य योजना तर्जुमा र बजेटको प्राथमिकता निर्धारण प्रक्रियामा सहजीकरण गर्दै क्षमता बढाउन विशेष पहल गर्नुपर्ने देखिन्छ ।

साथै स्थानीय सरकारलाई स्वास्थ्य सेवामा बढी जिम्मेवार र उत्तरदायी बनाउन स्वास्थ्य संस्था, समुदाय र अन्य सरोकारवालासँगको सहकार्यलाई अझ बढी पारदर्शी र प्रभावकारी बनाउन जरुरी छ ।

*(लेखक नेपान अध्यक्ष हुनुहन्छ र विश्वव्यापी स्वास्थ्य-प्रणालीमा अनुसन्धानरत हुनुहुन्छ ।)*

***E-mail : talk2jhabindra@gmail.com***

उदाहरणीय व्यक्तित्व

# सामाजिक परिचालकदेखि प्रतिनिधि सभा सदस्यसम्म



आशाकुमारी वि.क.

मेरो जन्म रुपन्देही जिल्ला साविकको रुद्रपुर गा.वि.स वडा नं. ८ झारगैरा भगवती टोलमा भएको थियो । मैले श्री मलावरमाई प्रा.वि.बाट प्राथमिक शिक्षा र भैसाही मा.वि. बाट माध्यमिक तहको शिक्षा अध्ययन गरेँ । दाईहरु गुल्मीमा नै बस्नुभएको कारण कक्षा १० अध्ययन गर्नकालागि श्री जनकल्याण मा.वि.फोक्सीङ्ग गुल्मी गई वि.सं २०५६ सालमा एस.एल.सी.पास गरेँ । बीचमा पढाईलाई निरन्तरता दिन नसकी दुई बर्ष पढाई रोकियो । वि.सं २०५९ सालमा सामुदायिक विकास कार्यकर्तासम्बन्धी १५ महिने तालीम काठमाडौँ तालीम केन्द्रमा गरी सैद्धान्तिक तथा व्यवहारिक ज्ञान प्राप्त गरेँ । त्यसपछि ३ महिना कार्यगत तालीम (On the Job Training -OJT) को लागि जीविकोपार्जनको लागि वन कार्यक्रम (LFP) दाङ्ग जिल्लाको इलाका वन कार्यालय तुल्सीपुरमा रहेर काम गरेँ ।

> पृथक ढंगले जिल्लामा हरेक कार्यक्रम सञ्चालन गर्दै जाँदा महिलाहरूको सहभागिता उल्लेखनीय रूपमा वृद्धि हुँदै गयो । जिल्लामा महिलाहरूको सहभागिता ह्वात्तै बढेको देख्दा सबै चकित हुन्थे र सोध्ने गर्दथे ।

त्यसपछि वि.सं २०६१ सालको वैशाखमा सुदूरपश्चिम बझाङ्ग जिल्ला जयपृथ्वी नगरपालिका वडा नं. १ का गोविन्द वि.क.सँग वैवाहीक जीवनको सुरुआत भयो । जब मेरो कर्मथलो हिमाली जिल्ला बझाङ्ग बनेपछि उच्च शिक्षा अध्ययनका लागि सदरमुकाम चैनपुर नजिकैको जयपृथ्वी बहुमुखी क्याम्पसमा प्राइभेटबाट आई ए. पछि वि.एड. पास गरेँ । जिल्लाको गरिबी, अशिक्षा, सामाजिक कुसंस्कार, महिलाहरूको जीवनशैली देख्दा मलाई काठमाडौँ तालीम केन्द्रमा सिकेका सैद्धान्तिक ज्ञानको सम्झना आयो । अनि थुप्रै सम्भावनाहरू देखेर यही क्षेत्रमा काम गर्ने निर्णय गरेँ । हुन त ती सम्भावनाहरू त्यति सजिला थिएन । किनकि मेरो व्यक्तिगत जीवनशैलीसँग ती भौगोलिक विकटताका उकाली ओरालीहरू, सामाजिक रहनसहनले निकै चुनौती दिएको थियो । तरपनि समाज रूपान्तरण एवम् सामाजिक परिचालन सम्बन्धीको अध्ययनले मेरो आत्मबल बढाइरहेको थियो भने मेरो जीवनसाथी पनि लामो समयदेखि गैरसरकारी क्षेत्रमा कार्यरत हुनुहुन्थ्यो । म पनि पहिले रुपन्देही जिल्लामा दलित महिला सङ्घ जिल्ला कार्य समितिको सदस्य रहेर पनि काम गरिसकेको थिए । त्यसैले मलाई गैरसरकारी क्षेत्रमा काम गर्न मन लाग्यो ।

वि.सं. २०६२ सालमा मेरो अध्यक्षतामा दलित महिला सङ्घ बझाङ स्थापना गर्ने निर्णय

गरियो । त्यसको लगत्तै असोज महिनामा पारिवारिक अर्को जिम्मेवारी थपियो । सानो बच्चालाई हुर्काउनु पर्ने जिम्मेवारी एकातिर छर्दै थियो, अर्को त्यही समयमा दलित महिला सङ्घ केन्द्रवाट नयाँ कार्यक्रमलाई संचालन गर्ने परिपत्र आयो तैपनि मैले ६ महिनाको बाबुलाई काखमा बोकेर कार्यक्रम संचालन गरेकी थिए। समयले साथ दिएर दुवै जिम्मेवारीमा म सफल भएँ।

त्यसबखत जिल्लामा कार्यक्रम संचालन गर्नकालागि केन्द्रबाट थोरै बजेटको कार्यक्रम आउथ्याेँ । मैले बजेटलाई मात्र नहेरी सोही प्रकृतिका थप क्रियाकलापहरू निःशुल्क रूपमा संचालन गरेर प्रभावकारी बनाइरहेको थिए । किनकी स्थानीय श्रोत साधनलाई कसरी परिचालन गर्नु पर्दछ भन्ने कुरा मैले थाहापाइसकेको थिए । यसरी पृथक ढंगले जिल्लामा हरेक कार्यक्रम संचालन गर्दै जादा महिलाहरूको सहभागिता उल्लेखनीय रूपमा वृद्धि हुँदै गयो । जिल्लामा महिलाहरूको सहभागिता ह्वात्तै बढेको देख्दा सबै चकित हुन्थे र सोध्ने गदर्थे । मैले महिलाहरू अब गृहणी भएर मात्र बस्न चाहन्न समाज परिवर्तनका लागि नेतृत्व गर्न आतुर छन् । त्यसैले मैले त अगुवाई तथा गोलबन्द गर्ने कार्य मात्र गरेकी छु भनेर उत्तर दिन्थेँ ।

जिल्लामा मेरो कार्यको प्रसंशा हुन थाल्यो । म मा अझ विश्वास पलायो । त्यही विश्वासलाई कायम गर्दै सम्पूर्ण सरोकारवाला निकायहरूमा समन्वय बढाउदै गए । मेरो जीवनसाथी जयपृथ्वी बहुमुखी क्यापसमा स्ववियू उप सभापति हुनुहुन्थ्यो । वहाँले नै पार्टीको संगठित सदस्यताको फाराम भरिदिनु भयो । अनि पार्टीको कार्यक्रममा सक्रिय हुँदै गए र नेकपा एमालेको जिल्ला कमिटी सदस्य भएँ । जिल्लामा पार्टीका कार्यक्रम हुँदा महिलाहरूको क्षेत्रको जिम्मा मलाई दिनथाले । त्यसपछि अनेमसङ्घ केन्द्रीय कमिटि सदस्यको जिम्मेवारी प्राप्त भयो । वि.सं. २०६८ सालमा महिला जिल्ला समन्वय समितिको उपाध्यक्ष पदमा सिफारिस भएँ । जिल्लामा सामाजिक र राजनितिक क्षेत्रमा काम गर्दै

गएँ । महिलाका समस्याहरूको वकालत गरिरहे जिल्लामा दुईवटा महिला हिंसाका घटनाको बारेमा आफै निवेदक तथा वादी भएर अदालतमा मुद्धा दर्ता गरेर पीडितलाई न्याय दिलाउन सफल भएँ । एकजना पीडित नानीलाई काठमाडौंसम्म ल्याएर साथी संस्थामा लगेर अध्ययन गर्न सहयोग गरेँ । त्यसपछि महिलाको तर्फवाट प्रतिनिधित्व गर्दै स्थानीय शान्ति समितिमा सदस्य हुदै समितिको संयोजक पदमा रही काम गरेँ ।

वि.सं. २०७४ सालको राष्ट्रिय निर्वाचनमा जिल्ला कमिटी बझाङ्गले मेरो उच्च मुल्याङ्कन गर्दै प्रतिनिधि-सभा सदस्यकालागि सिफारिस गरेर पठायो । राजनीतिक खिचातानिका बाबजुत पनि यो ऐतिहासिक अवसर प्राप्त गरी हाल प्रतिनिधि सभा सदस्य पदमा रही जनताको सेवा गर्ने मौका पाएको छु । हाल नेकपा पार्टीको जिल्ला कमिटी सदस्य, मुक्ती समाज प्रदेश कमिटि सदस्य, अनेमसङ्घ केन्द्रीय कमिटि सदस्यमा रहेर संगठनको कार्य गरिरहेकी छु ।

यसरी बझाङ्ग जिल्लाको प्रतिनिधि सभा सदस्य भएपश्चात बझाङ्ग जिल्लामा रहेका १२ वटा स्थानीय निकाय जसमा दुईवटा नगरपालिका जयपृथ्वी नगरपालिका र बुगल नगरपालिका र अरू दश वटा गाउपालिकाहरूमा विभिन्न विकास निर्माणको कार्यहरूको थालनीको पहल भएको छ । जसमा खानेपानी, झोलुंगे पुल, बाटोघाटो, प्रविधि, शिक्षा, बालआश्रम, सिँचाइ, खेलमैदान, अस्पताल, स्वास्थ्य चौकी, टेलिफोन, पर्यटकीय पूर्वाधार विकास, एकीकृत दलित नमूनाबस्ती, सामुदायिक भवन निर्माण जस्ता विभिन्न विकास निर्माणको कार्यको सुरुआत भएको छ । पक्कै पनि भविष्यमा यस्ता विकास निर्माणको कार्यले पूरा आकार धारण गर्ने कुरामा विश्वस्त गराउन चाहन्छु ।

E-mail : bkasha038@gmail.com

**सहभागिता आउँदो अङ्क अर्थात पूर्णाङ्क ५५**

**दिगो विकास लक्ष्यको (एसडीजी) स्थानीयकरण विशेषाङ्क**

**विशेष अङ्कको रुपमा प्रकाशन हुने भएकोले यसको लागि लेख रचना उपलब्ध गराइदिनुहुन सम्पूर्ण लेखकहरूमा अनुरोध छ ।**

**लेख रचना आइपुग्नुपर्ने अन्तिम मिति : २०७७ माघ मसान्तसम्म ।**

# कोरोना महामारीको समयमा बालबालिकाको सिकाइ



डा. मीनाक्षी दाहाल

> ‘वैकल्पिक कक्षाहरूमा विभिन्न विषयवस्तुलाई श्रव्य, दृष्य, फोटो, चित्र तथा फरकफरक आवाजहरूको प्रयोग गरेर प्रभावकारी सिकाइ गर्न सकिन्छ । यस्ता विविध अतिरिक्त श्रव्यदृष्य सामग्रीको प्रयोगले बालबालिकाको ध्यान केन्द्रित गर्न र उनीहरूलाई सिकाइ क्रियाकलापमा संलग्न गराउन महत्वपूर्ण भूमिका खेल्दछ ।’

कोरोना (कोभिड १९) का कारण बन्दाबन्दीमा परेको पाँच महिनाभन्दा बढी भैसकेको छ । यो अवस्था कति लम्बिने हो भन्ने अझ पनि अन्योल नै रहेकोछ । यस बन्दाबन्दीले स्वास्थ्यका साथै आर्थिक, सामाजिक तथा शैक्षिक क्षेत्रमा पारेको असर समयसँगै बढ्दै गइरहेको छ । विद्यालय बन्द भएको महिनौं भइसकेको छ । यदि संक्रमणको प्रभाव कम भएर बन्दाबन्दीको क्रम अन्त्य भएमा पनि शैक्षिक संस्था खोल्ने र नियमित शिक्षण प्रक्रिया सुरु गर्नका लागि थप कति समय लाग्छ भन्ने विषय पनि छलफल कै क्रममा छ । यस अवधिमा हामीले के गर्ने र के नगर्ने, कसरी बालबालिकालाई सिकाउने वा सिकाइका क्रियाकलापहरूलाई निरन्तरता दिने सम्बन्धमा विभिन्न माध्यमबाट विज्ञहरूका सुझाव सल्लाह प्रशस्त र क्रमशः आईरहेकाछन् । शिक्षक तथा विद्यालय संचालकहरूले पनि आ-आफ्नो दक्षता र क्षमताले सकेसम्म तयारीहरू गरिरहेको पाइन्छ । यसअर्थमा हामीले विद्यालय सञ्चालन हुन नसकेको अहिलेको अवस्थामा पठनपाठनलाई कसरी सूचारु गर्ने भन्ने सन्दर्भमा विकल्पहरूको खोजी गरिरहेका छौं ।

## बालशिक्षामा चासो र पहल

शिक्षा मन्त्रालयले वैकल्पिक कक्षा सञ्चालनका लागि बालबालिकाको अवस्था र उनीहरूको विभिन्न माध्यमहरू माथि पहुँचको अवस्थालाई आधार मानी बालबालिकाको अवस्थालाई पाँच वर्गमा छुट्टाइ सोही अनुसार कक्षा सञ्चालन गर्न निर्देशिका जारी गरेको छ । बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउन र विद्यालय बन्दका कारण हुन सक्ने शैक्षिक क्षती न्यूनीकरणका लागि वैकल्पिक कक्षाको औपचारिक सुरुआत भएको छ । यो एउटा महत्वपूर्ण कदम हो । तर यस्ता वैकल्पिक कक्षाहरूको प्रभावकारीता र यसले बालबालिकाको शैक्षिक प्रगति तथा मनोसामाजिक  स्वास्थ्यमा परेको प्रभाव तथा असरहरूको बारेमा विभिन्न प्रकारका क्रियाप्रतिक्रियाहरू आइरहेकाछन् । यस लेखमा वर्तमान अवस्थामा विद्यालय सञ्चालनका विकल्प तथ चुनौतीका विषयहरूलाई केलाउने प्रयास गरिएको छ ।

लामो समयको अन्यौल र अनिश्चितता पछि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले बालबालिकालाई वैकल्पिक माध्यमबाट शिक्षा दिने महत्वपूर्ण निर्णय गऱ्यो । सामान्य अवस्थामा पनि नियमित शिक्षण सिकाइमा बालबालिकाको सहभागिता र अपेक्षित उपलब्धि हाम्रो लागि चुनौतीपूर्ण थियो भने अहिलेको यस विषम परिस्थितिमा बालबालिकाको शैक्षिक क्षती न्यूनीकरणका लागि तत्काल गरिनुपर्ने विषयमा अझ गम्भीर भएर सोच्नुपर्ने अवस्था छ ।

विभिन्न विद्यालयहरूले हाल वैकल्पिक विधिहरूको प्रयोग गरी कक्षा सञ्चालन गरिरहेका छन् । यसमा रेडियो, टेलीभिजन तथा इन्टरनेटको माध्यमबाट बालबालिकासँग प्रत्यक्ष सम्पर्क गरी कक्षाहरू सञ्चालन भएको पाइन्छ । जुन कार्य सराहनीय छ । यद्यपि अहिले सञ्चालित कतिपय कक्षाहरू हेर्दा यस्ता कक्षा सञ्चालनका लागि पर्याप्त तयारी तथा गृहकार्य नगरेको वा नपुगेको महसुस हुन्छ ।

अहिलेको परिस्थितिमा बालबालिकाको लागि औपचारिक कक्षा सञ्चालन आफैंमा चुनौती हो । तर यस घर बसाइमा पनि शैक्षिक क्रियाकलाप सञ्चालन गरी धेरै बालबालिकालाई एकै समयमा सिकाइ क्रियाकलापमा जोड्नु एउटा अवसर पनि हो । यस अवसरलाई हामीले विभिन्न वैकल्पिक माध्यमहरू (रेडियो, टेलिभिजन तथा अन्य) बाट प्रशारण गरिने क्रियाकलापले धेरै बालबालिकालाई निरन्तर र नियमित बनाउन सक्दछौं त्यो उपलब्धि हुनेछ । तर यस सँगै विभिन्न माध्यमबाट कक्षा सञ्चालन गर्दा ध्यान पुऱ्याउनु पर्ने महत्वपूर्ण पक्षमा चाहिं यो निर्देशिका मौन देखिन्छ । कक्षाकोठामा आमने सामने भएर सिकाइ क्रियाकलाप गराउँदा र रेडियो, टेलिभिजन तथा अन्य विभिन्न माध्यमबाट एकतर्फी सिकाइ क्रियाकलाप सञ्चालन गर्नुमा धेरै नै फरक पर्दछ । यसका लागि कक्षा तयारी तथा सहजीकरणका लागि विशेष सीपको आवश्यकता पर्दछ ।

## चुनौती पनि अवसर पनि

यस्ता वैकल्पिक कक्षाहरूमा बालबालिकाको नियमितता सधैं नै चुनौतीपूर्ण हुन्छ । अझ यस्ता शिक्षण एकतर्फी हुने हुनाले कुन बालबालिकालाई कस्तो सहयोग आवश्यक हुन्छ आँकलन गर्न सकिदैंन । तर शिक्षकले यदि सिकाइ प्रक्रिया, विषयवस्तु तथा पाठ्यक्रम बुझेको छ भने उसले उपयुक्त विधिको छनौट गरी सोही अनुसार प्रभावकारी शिक्षण कार्य गर्न सकिन्छ । यहाँ मनन गर्नुपर्ने अर्को पक्ष भनेको प्रविधि र शिक्षण विधि (Technology and pedagogy) हो । पेडागोजीले सिकाइलाई बालबालिकासँग जोड्ने कुरालाई महत्व दिन्छ । यसको लागि एउटा माध्यम प्रविधि हुन सक्छ । तर पुरै प्रविधि नै शिक्षण सिकाइको विकल्प हुन सक्दैन र बनाउनु पनि हुँदैन । त्यसो भए प्रश्न आउँछ, कक्षा सञ्चालन कसरी गर्ने त ?

सामान्य अवस्थामा पनि शिक्षण सिकाइ क्रियाकलापहरू बालबालिकालाई प्रत्यक्ष संलग्न र सहभागि गराउने प्रकारका बालबालिका केन्द्रित हुनुपर्ने हुन्छ । बालबालिकाको सिकाइ पाठ्यक्रमले निर्दिष्ट गरेको सैद्धान्तिक आधारमा मात्र सिमित हुँदैन र हुन दिनु पनि हुँदैन । यसो भन्दा अहिले रेडियो, टेलिभिजन तथा अन्य विभिन्न माध्यमबाट प्रसारित हुने कक्षा वा विषयगत सिकाइले बालबालिकाको सिक्न सक्ने असिमित क्षमता र अहिले परिस्थितिमा घरमा परिवारसँग बसेर जीवन र जगतबारे पाएको अनुभव, सीप र सिकाइका अवसरलाई यि वैकल्पिक कक्षाहरूले कसरी समायोजन गर्दछन् अर्को छलफलको विषय हुनुपर्दछ ।

अझ महत्वपूर्ण पक्ष र छलफलमा नै नआएको विषय औपचारिक कक्षाको किताब केन्द्रित पढाइ र सोही अनुसारको हाम्रो मूल्याङ्कन पद्धति हो । अहिलेको अवस्थामा बालबालिकाले घरमा नै बसेर हासिल गरेको नयाँ ज्ञान र सीपलाई हाम्रो परम्परागत मूल्याङ्कन पद्धतिले कसरी समेट्छ । प्रश्न अनुत्तरित छ ।

## प्रभावकारिता बढाउने उपायहरू

अहिलेको जस्तो वैकल्पिक माध्यमबाट कक्षा सञ्चालन गर्न पूर्व यस्ता कक्षाहरूमा आमने समाने बसेर प्रत्यक्ष गरिएका क्रियाकलापहरू भन्दा फरक र अझ पाठ्यपुस्तक भन्दा पनि बालबालिका केन्द्रित बनाउनु पर्दछ भनेर कम्तिमा पनि निम्नअनुसार तयारी गरिएमा केही हदसम्म यसको प्रभावकारिता बढ्न सक्ने अनुमान गर्न सकिन्छ ।

सर्वप्रथम त बालबालिका लागि कक्षा सञ्चालन गर्दा शिक्षकले पाठयोजना तयार गर्नुपर्दछ । पाठयोजना सहित कक्षा सञ्चालनका लागि तयारी गरिएमा यसबाट शिक्षकले के के क्रियाकलाप कसरी कति समयमा गर्ने र त्यस कक्षाको उद्देश्य के हो अर्थात बालबालिकाले त्यस क्रियाकलापबाट के सिकाउन खोजिएको हो स्पष्ट हुन सहयोग पुग्दछ । सिकाइ जहिले पनि र जहाँ पनि भैरहन्छ । यो नियमित र प्राकृतिक प्रक्रिया हो । तर महत्वपूर्ण पक्ष चै के सिक्ने र कसरी सिक्ने भन्ने नै हो । सायद यही के सिक्ने र के सिकाउने भन्ने विषयले कसरी सिकाउने भन्ने प्रक्रियालाई निर्धारण गर्दछ । तर यसो भन्दैमा सिकाइका लागि जहिले पनि औपचारिक वातावरण र निश्चित विषयवस्तु आवश्यक पर्छ भन्ने

छैन । अभ्र अनौपचारिक वातावरणमा सिकाइ प्रभावकारी हुन्छ ।

यस्ता वैकल्पिक कक्षाको एउटा फाइदा भनेको हामीले विषयवस्तुलाई एकीकृत गरेर एकै पटकमा र अनौपचारिक तरीकाले सिकाउन सकिन्छ । यसका लागि विषयगत कक्षा भन्दा सिकाइ उपलब्धिलाई आधारमानी एकीकृत सिकाइ क्रियाकलाप तयार गरिएमा यस्तो शिक्षण प्रभावकारी हुन्छ । यसको लागि शिक्षकले कुन क्रियाकलापबाट कुन कुन विषयको सिकाइ गर्न सकिन्छ भनी पूर्व अध्ययन तथा तयारी गर्नुपर्दछ । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रले कक्षा ३ सम्मका बालबालिकाको लागि एकीकृत पाठ्यक्रम लागू गरि सकेको छ ।

वैकल्पिक कक्षाहरूमा विभिन्न विषयवस्तुलाई श्रव्य, दृष्य, फोटो, चित्र तथा फरकफरक आवाजहरूको प्रयोग गरेर प्रभावकारी सिकाइ गर्न सकिन्छ । यस्ता विविध अतिरिक्त श्रव्यदृष्य सामग्रीको प्रयोगले बालबालिकाको ध्यान केन्द्रित गर्न र उनीहरूलाई सिकाइ क्रियाकलापमा संलग्न गराउन महत्वपूर्ण भूमिका खेल्दछ । यस्ता क्रियाकलापहरू तयार गर्दा बालबालिकाको सबै ज्ञानेन्द्रियको प्रयोग हुने गरी बनाउनु पर्दछ । शिक्षकले क्रियाकलाप तयार गर्दा विषयगत उद्देश्यलाई मध्यनजर गरी यस्ता क्रियाकलाप तयार गरी प्रशारण गर्नुपर्दछ ।

कक्षा सञ्चालन गर्दा बालबालिका (श्रोता वा दर्शक) हरूले यस क्रियाकलाप भित्र आफूलाई महसुस गर्ने वातावरण तयार गर्नु पर्दछ । साथै बालबालिकालाई प्रसारित विषयवस्तुसँग अन्तरक्रिया गराउनु पर्दछ ।

प्रसारित सूचना, मुख्य सन्देशहरू सजिलोसँग बालबालिकाले पढ्न सक्ने र बुझ्न सक्ने हुनुपर्दछ । र तयार गरेको सिकाइ वातावरण बालबालिकाले अनुमान गर्न सक्ने वा कल्पना गर्न सक्ने सरल र यथार्थपरक हुनुपर्दछ ।

बालबालिकाहरू स्वभावैले केही न केही कार्यमा सक्रिय र आफूलाई संलग्न राखिरहन्छन् । यो उनीहरूको सिकाइको एउटा महत्वपूर्ण प्रक्रिया हो । यो उमेर बालबालिकाको सिकाइको जग बस्ने पनि उमेर हो । बालबालिकाले आफ्नो वरिपरिको वातावरणबाट प्रकृतिक र स्वाभाविकरूपमा सिक्न पाए भने उनीहरूको सिकाई छिटो र परिणाममुखी हुन्छ । बालबालिकाको सिकाइका लागि वातावरणले महत्वपूर्ण भूमिका खेल्छ भन्ने सन्दर्भमा धेरै विचारहरू आएका छन् र यस्ता विचारहरूले विद्यालय केन्द्रित पठनपाठन बालबालिकाको सिकाइको लागि प्रभावकारी हुदैनन् भन्ने तर्क गर्दछन् । 'प्रोफेसर केन रविन्सन' शंका गर्छन् कतै विद्यालयले बालबालिकाको सृजना त मारिहेका छैनन् ? यो उमेरमा त बालबालिकाहरू अझ धेरै सक्रिय, क्रियाशील, अझ धेरै सृजनशील हुन पर्ने तर किन उनीहरू विद्यालय जान भन्दा नजान पाए खुशी हुन्छन् ? किन विद्यालयले पाठ्यपुस्तकमा मात्र बालबालिकालाई केन्द्रित गराउँछ वा किन शिक्षकले बालबालिकालाई उनीहरूले चाहे जस्तो मात्र बनाउन चाहन्छन् ? यस्तै विचार 'इभान इलिच'ले विद्यालय आवश्यक छैन भनेर चलाएका थिए । विद्यालय वा बन्द कक्षा कोठाको सिकाइ भन्दा प्रकृति नजिक वा प्रकृतिबाट नै सिकाइ प्रभावकारी र अर्थपूर्ण हुन्छ भनेर अहिले नर्वे जस्ता देशहरूले प्रकृतिमा विद्यालय (Nature preschool) अथवा जंगल स्कूल (forest kindergarten) हरू सञ्चालन गरिरहेका छन् । यि विद्यालयमा बालबालिकाहरूलाई दिनभरी जंगलमा लगिन्छ, स्वतन्त्ररूपमा बालबालिकाहरू झार पात, रुख, हाँगाबिंगा तथा जे जे हुन्छन् जंगल भित्र तिनीहरूसँग खेल्छन्, यसैकाबारेमा कुरा गर्छन् र सिक्छन् ।

यो सन्दर्भ अहिले किन चर्चा गर्दै छु भने अहिले हाम्रो परिस्थितिले अर्कै मोड लिएको छ र बालबालिकाहरू विद्यालयको चार घेर भन्दा बाहिर छन् । त्यसैले यसबेला उनीहरूलाई स्वतन्त्र र प्राकृतिकरूपमा सिक्न पाउने अवसर पर्याप्त छ । परन्तु हामीले पनि यस अवस्थालाई अवसरको रूपमा लिई बालबालिकाको सिकाइमा गुणत्मक सहयोग पुराउन सक्छौं । अहिले बालबालिका लागि के गर्ने कसरी पढाउने वा सिकाउने भनेर लेखिएका अधिकांश लेखहरूले बालबालिकाको विकास र सिकाइका साथै उनीहरूलाई सृजनशील र क्रियाशील बनाउने भन्दा पनि विद्यालयको विकल्पको रूपमा घरमा समय व्यवस्थापन गरी विद्यालयमा जस्तै अभिभावक केन्द्रित पाठकेन्द्रित क्रियाकलापमा धकेल्ने कुरालाई जोड दिइएको पाइन्छ ।

सिकाइका विविध विधिहरूमा खेल नै सबैभन्दा उत्तम विधि हो जसले सबै उमेरका व्यक्तिलाई मनोसामाजिक समस्या हुनबाट जोगाउँछ र एक अर्काबाट सिक्ने अवसर प्रदान गर्दछ । अभिभावक र बालबालिका मिलेर खेल खेल्ने गरेमा घरको वातावरण रमाइलो त हुन्छ नै बालबालिकाले पनि धेरै कुरा सिक्ने अवसर पाउँदछन् । बालबालिकाले विद्यालय र किताबबाट मात्र सिक्छन् भन्ने कुरालाई पुर्नविचार गरी यस समयलाई पनि बालबालिकाले जीवनपर्यन्त आवश्यक सीप सिक्ने अवसरको रूपमा प्रयोग गर्न सकिन्छ, जस्तो कि, घरमा उपलब्ध सामग्रीको प्रयोगबाट सिकाई क्रियाकलापबाट बालबालिकालाई भाषा, विज्ञान, गणित सजिलै सिकाउन सकिन्छ ।

बालबालिका स्वभावले नै कुनै न कुनै क्रियाकलापमा अल्झिरहन

मन पराउँछन् । बालबालिकालाई यस समयमा डर देखाउने अनावश्यक रोकटोक गर्ने र घर वा कोठा भित्र बन्दी जस्तो यो गर, त्यो नगर भन्नु भन्दा व्यस्त गराउने विभिन्न क्रियाकलापहरूमा दिनुपर्दछ । खेल, चित्रकला तथा विविध क्रियाकलापहरूले बालबालिकामा भएको तनाव, त्रास र मनोसामाजिक असरलाई न्यूनीकरण तथा निराकरण गर्न सहयोग पुग्नुको साथै सिकाइमा सहयोग पुग्दछ । तसर्थ यस्तो असामान्य परिस्थितिमा गरिने शैक्षिक क्रियाकलापहरूमा बालबालिकालाई विभिन्न सृजनात्मक क्रियाकलापमा संलग्न गराउनुपर्दछ । बालबालिकालाई लामो समयसम्म टीभी, कम्प्युटर वा फोन जस्ता प्रविधिसँग अलमलिन दिएमा बालबालिकामा सिकाइ भन्दा धेरै अन्य समस्याहरू देखिन थाल्नेछन् । चिडचिडाहट बढ्ने, झर्किने, एक्लै बस्न मन पराउने जस्था व्यवहारिक समस्याका साथै आँखा दुख्ने, घाँटी दुख्ने जिउ दुख्ने शारीरिक समस्या हुन्छ । तसर्थ शारीरिकरूपमा सक्रिय बन्न घर भित्र नै भए पनि उफ्रन, कुद्न दिनुपर्दछ ।

### निष्कर्ष

बालबालिकाहरू हरेक समय सिक्न तयार हुन्छन् र सिकिरहेका पनि हुन्छन् । उनीहरूको यो स्वस्फूर्त सिकाइलाई अनावश्यक दबाब र तनाव नदिइकन अभिभावक स्वयम् पनि सहभागी भइ उनीहरूसँगै वा उनीहरूको लागि पढी दिने, उनीहरूसँग खेल्ने र घरको काममा पनि उनीहरूलाई सहभागी गराउने गर्नाले बालबालिकाले थाहा नै नपाई रमाइलोसँग सिकिरहेका हुन्छन् । यस्तो वातावरण बालबालिकाको समग्र विकास र सिकाइको लागि आवश्यक र महत्वपूर्ण हुन्छ ।


तसर्थ वैकल्पिक माध्यमबाट प्रसारण गरिने सामग्रीको गुणस्तर नियमन तथा यसले बालबालिका र समाजमा पार्ने शैक्षिक, सामाजिक तथा मनोभावनात्मक असरहरूका सम्बन्धमा पनि अध्ययन अनुसन्धान गर्नुपर्ने हुन्छ । हामीकहाँ पनि समयमा नै यसतर्फ विचार गरी सोही अनुसार निर्देशन र नियमन गर्न सकेमा बालबालिकाको सिकाइ प्रभावकारी बनाउन मद्दत पुग्ने साथै यस्ता कार्यक्रम र क्रियाकलापबाट बालबालिकामा पर्ने मनोसामाजिक असरहरूलाई पनि समयमा नै पत्ता लगाइ निराकरण गर्न सकिन्छ । यसमा अझ अभ्यास गर्दै जाऔं, अझ थप अनुसन्धान र अनुभव अभिलेखीकरण पनि गर्दै जाऔं । कोरोनाले हामीलाई राम्रो अवसर पनि दिएको छ भन्नमा अत्यक्ति नठहर्ला ।

*(लेखक काठमाडौँ विश्वविद्यालय स्कूल अफ एजुकेशनका भिजिटिङ फ्याकल्टी हुनुहुन्छ ।*

*E-mail : mee07dhl@gmail.com*

# मानवता नीति-शिक्षा

**ठाकुर शर्मा भण्डारी**



देहको बलभन्दा त बुद्धिको बल श्रेष्ठ छ
त्यसैले जन विश्वास बुद्धिमान्तिर जाग्दछ ।
धनको मदले गर्दा मान्छे आफैं हराउँछ
हुँदा र नहुँदा त्यस्तै चिन्ताग्रस्त तुल्याउँछ ॥

नगरी काम के आशा विधिको यो विधानमा
पाकेको फल के आफैं आई पस्छ र पेटमा ?
न्यूनता उच्चता हुन्छ हुन्छ त्यो कर्मकै भर
स्वयं भित्र छ दृष्टान्त अरु के हुन सक्छ र ??

साथीलाई लुकाएर खाने त्यो रुन्छ धर्धरी
'सुदामा' झैं दरिद्रीमा गनिन्छन् ती सधैंभरि ।
सिर्जनशील नेतृत्व घर, समाज, राष्ट्रमा
समाजको दियो हुन्छ, दार्शनिक स्वरूपमा ॥

हित-चित्त सदा काम सौन्दर्यको मुहान हो
वन्दना गरिने हुन्छ 'परोपकार' सत्य हो ।
हो मान्छे सबमा विज्ञ मानिन्छ किन धर्मर ?
'सन्तोष' सबमा ठूलो नजान्दा सुख हुन्छ र ??

*(कवि शर्मा भण्डारी 'नीतिपद्य' ग्रन्थका ग्रन्थकार हुनुहुन्छ ।)*

एक सामाजिक परिचालककको अनुभव

# “म आत्मनिर्भर हुन अगाडि बढ्दै छु”



विनिस्ता धामी

मेरो नाम विनिस्ता धामी हो। मेरो घर बाजुरा जिल्लाको गौमुल गाउँपालिकामा पर्छ। म पहिलेदेखि नै लज्जालु स्वभावको थिएँ। मलाई अरूको अगाडि गएर आफ्नो कुरा व्यक्त गर्न साह्रै गाह्रो हुन्थ्यो। बाजुराबाट अध्ययनको लागि म काठमाडौं आएँ। यहाँ आएर सामाजिक परिचालन सम्बन्धी तालिम लिएपछि मैले धेरै कुरा बुझ्ने मौका पाएँ। यस्तो तालिम र जनसम्पर्क बढे पछि ममा आफूले केही गर्न सकिन्छ भन्ने आत्मबल बढ्दै गयो। यो तालिमको अवधिमा मैले १२ कक्षा पनि पास गरेँ। त्यसपछि बाजुरा नै फर्केर मार्तडीमा स्नातक तहको पढाई सुरु गरे। मैले क्याम्पस पढ्दै रेडियो बाजुरामा तीन महिना स्वयंसेवक भएर काम गरेँ। यसक्रममा गाउँ गाउँ डुल्दा र मानिसहरुसँग भेट्दा मैले यहाँका मानिस विशेषतः महिला, बालबालिकाहरू आफ्नो प्रतिभा र सीप भएर पनि पछाडि परेको देखेँ। यसले गर्दा मलाई यस्ता प्रतिभालाई बाहिर निकाल्न र आवाजविहिनको आवाज बुलन्द गर्नु पर्छ भन्ने लागेर सामाजिक क्षेत्रमा काम गर्ने सोच आयो त्यसपछि दुःख परेकालाई आफूले सकेको सहयोग गर्न थाले।

> म दुर्गमक्षेत्रमा जन्मिएको मानिस धेरै कुरा थाहा थिएन। मानिससँग बोल्न पनि त्यति सक्दैनथे। राजधानी काठमाडौं आएर काठमाडौं तालिम केन्द्रमा सामाजिक परिचालन सम्बन्धी १८ महिने तालिममा छात्रवृत्ति पाएर सैद्धान्तिक, प्रयोगात्मक तथा फिल्ड अभ्यासको लागि विभिन्न ठाउँमा गएर मानिसहरूसँग अन्तरक्रिया गर्दा धेरै कुराको सिकाई भयो।

यसबीचमा बाजुराकै गौमुल गाउँपालिका बस्ने १७ बर्षीय शिव रोकायाको २०७५ असोज ताका लडेर खुट्टा भाँचियो। चेतनाको कमी र गरिबीको कारणले राम्रो उपचार हुन सकेन। परिवारले गाउँमा धामीझाँक्री लगाएर उपचार गरे तर पनि निको भएन। लामो समयसम्म निको नभएपछि परिवारले काठमाडौं लगेर उपचार गर्ने निर्णय गरे। त्यतिबेला म पनि शिव रोकायाको परिवार साथै काठमाडौं आएर विरामीको हेरचार गर्न थाले। उनको वीर अस्पतालको ट्रमा सेन्टरमा उपचार सुरु भयो। यहाँ उपचार गर्दा उनलाई विस्तारै निको हुन थाल्यो तर उपचार खर्च कसरी जुटाउने भनेर उनका परिवार चिन्तित हुन थाले। त्यसपछि उपचार खर्च निःशुल्क गराउन लागियो। आवश्यक कागजात र प्रक्रिया पुऱ्याए निःशुल्क गराउन सकियो। यस कार्यमा मैले गरेको सहयोगबाट शिव रोकाया र उनको परिवार मदेखि निकै खुसी भएँ। मलाई पनि दुःखको वेला सहयोग गर्न पाएकोमा खुसी लाग्यो। हाल शिव रोकाया निको भएर राम्रोसंग हिड्डुल गर्न सक्ने भएका छन्। उनले

बेला बेला फोन गरेर सम्झिदा मलाई खुसीको सिमा नै हुँदैन ।

मैले यस्तो उपकारको काम अर्को पनि गर्ने मौका पाएँ । ओखलढुङ्गा जिल्ला घर भएकी पवित्रा कार्कीलाई काठमाडौँको सितापाइलामा केही समय अगाडि एसिड प्रहारबाट आक्रमण भएको खबर फैलिरहेको थियो । म यो खबर सुन्ने वित्तिकै साथीहरूसँग सल्लाह गरेर अस्पताल गएँ । त्यहाँ उपचारको लागि आर्थिक संकट भएको हामीले थाहा पायौं । त्यसपछि हामी सबै मिलेर आफ्नो खाजा खर्च कटौति गरी १५ हजार रुपैयाँ संकलन गरी उनको उपचारको लागि सहयोग गर्‍यौं । साथै उनलाई न्याय दिलाउन र पीडकलाई कारवाही गर्न आन्दोलनमा समेत सहभागी भयौं ।

म दुर्गमक्षेत्रमा जन्मिएको मानिस धेरै कुरा थाहा थिएन । मानिससँग बोल्न पनि त्यति सक्दैनथे । राजधानी काठमाडौं आएर काठमाडौं तालिम केन्द्रमा सामाजिक परिचालन सम्बन्धी १८ महिने तालिममा छात्रवृत्ति पाएर सैद्धान्तिक, प्रयोगात्मक तथा फिल्ड अभ्यासको लागि विभिन्न ठाउँमा गएर मानिसहरूसँग अन्तरक्रिया गर्दा धेरै कुराको सिकाई भयो । एकवर्षको सैद्धान्तिक तालिम पूरा भएपछि पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाई परियोजना ९च्धक्कए० मा स्याङ्जाको फेदिखोला गाउँपालिकामा रहेर ६ महिनाको ओजेटी (अन द जब) गरेँ । त्यसपछि उक्त परियोजनाले स्याङ्जा जिल्लाको हरिनास गाउँपालिकामा यस्तै कामको लागि मलाई छनौट गरेर पठायो । यसरी सामाजिक सेवा गर्दै आज म आत्मनिर्भर हुन अगाडि बढ्दै छु ।

*(लेखक बाजुरा जिल्लाको गौमुल गाउँपालिकाको स्थायी वासिन्दा हुनुहुन्छ।)*

## नेपान स्रोत केन्द्रमा उपलब्ध पुस्तक, म्यागेजिन तथा विभिन्न सामग्रीहरू

१ सुखतिरको यात्रा (पुस्तक), तेस्रो संस्करण, लेखक : महेन्द्र शाक्य
२ मानव अधिकार प्रशिक्षण पाठ्यक्रम, राष्ट्रिय मानवअधिकार आयोग, २०७६
३ आप्रवासी कामदारहरूको अधिकारको अवस्था, राष्ट्रिय मानवअधिकार आयोग, २०७६
४ मानवअधिकार संवाहक (जर्नल), राष्ट्रिय मानवअधिकार आयोग, २०७६
५ मानवअधिकार पत्र, राष्ट्रिय मानवअधिकार आयोग, २०७६
६ A Survey of Nepali People in 2018, Australian Aid/UK
७ आदर्श खवर, राष्ट्रिय मासिक, जेठ २०७६
८ सुशासन तथा जीविको पार्जन परियोजना, रुपान्तरण २०७२
९ जलवायु परिवर्तन र समुदायमा आधारित अनुकुलन योजना तर्जुमा तालिम सञ्चालन पुस्तिका, नेपाल सरकार, विज्ञान तथा प्रविधि मन्त्रालय, डिसेम्वर २०१४
१० Information Bulletin, Vol.1, Issue-1, Embassy of India, Aug-Sept. 2016
११ Information Bulletin, Vol. 6, Issue-6, Embassy of India, Jun-July. 2017
१२ India Perspective, Vol 32, Issue-4, Oct.-Dec. 2018.
१३ विचार विमर्श, शारदाप्रसाद दाहाल, २०७६
१४ २५ औं वार्षिक साधारणसभाको विस्तृत प्रतिवेदन २०७५, नेपाल सहभागीमूलक कार्य समूह
१५ उद्धेश्य सापेक्ष भूमि प्रशासन, नेपालमा कार्यन्वयनको रणनीति, आत्मनिर्भर केन्द्र
१६ मुक्तिको खोजीमा : हरवा चरवा, आत्मनिर्भर केन्द्र
१७ दलित भूमिहिनता र संविधान कार्यन्वयन सवाल, आत्मनिर्भर केन्द्र
१८ पूर्वीय दर्शनको पुर्नव्याख्या, डा. प्रमोद ढकाल
१९ दशौ मानवअधिकार राष्ट्रिय महाभेला २०७५, Youth Advocacy Nepal

# समन्वयात्मक सहभागिता : समस्यासँग जुध्ने महत्वपूर्ण औजार



तोया गौतम

केही अपवादजन्य नकारात्मक दृष्टान्तहरूलाई छाडेर हेर्ने हो भने अधिकांश स्थानीय तहहरूले यसपटकको कोभिड-१९ को महामारीका बेला उनीहरूको क्षमताको तुलनामा उल्लेखनीय काम गरे । यसको विभिन्न क्षेत्रबाट स्वाभाविक रूपमा प्रशंसा पनि भएको छ ।

नेपालको संविधान, अनुसूची-८ ले स्थानीय सरकारलाई आधारभूत स्वास्थ्य र सरसफाइको अधिकार मात्र एकल अधिकारका रूपमा प्रदान गरेको छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३ अनुसार आधारभूत तहको स्वास्थ्य सेवा, पोषण, परिवार नियोजन, सरसफाइ र औषधि पसलहरूको नियमनजस्ता स्वास्थ्यसम्बद्ध एकदमै आधारभूत कुराहरूमा मात्र स्थानीय तह उत्तरदायी हुने प्रावधान व्यवस्थित गरिएको छ । यस्ता आधारभूत स्वास्थ्य सेवासम्बन्धमा मात्र मूल दायित्व भएको स्थानीय तहले यसभन्दा पनि माथि उठेर आफ्नो बुता र वर्कतले भ्याएसम्म कोभिड-१९ को महामारीका बेला गरेको सेवाभाव सह्राहनीय मान्नु पर्दछ । उनीहरूले स्थानीय जनताको अभिभावकत्वको भूमिका प्रदर्शित गर्ने यस अवसरलाई सदुपयोग गर्दै आफूलाई यस सन्दर्भमा अब्बल साबित गरेका छन् । नागरिकहरूका लागि स्थानीय जनप्रतिनिधिमूलक सरकारको आवश्यकता छ भन्ने दृष्टान्त चरितार्थ भएको छ । तर, यस्ता सफलताहरूका पछाडि सङ्घ, प्रदेश र स्थानीय तह गरी तीनवटै तहका सरकारहरूको सहभागीमूलक प्रयत्न अर्थात् अन्तर-तह समन्वयको महत्वपूर्ण भूमिकालाई पनि बिर्सन मिल्दैन । यद्यपि, यसपटक स्थानीय तहको तुलनामा सङ्घ र प्रदेशबाट तदारुकताका साथ खेल्नु पर्ने समन्वयात्मक भूमिकामा बढी प्रश्नहरू उठे, बढी आलोच्य बन्यो ।

> ‘नेपालमा कोभिड-१९ को संक्रमणको जोखिम कम गर्न कुनै एउटा पक्षको मात्र नभई सरकारका विभिन्न तह र निकायहरूको सहभागिता र समन्वयात्मक अभ्यासले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ ।’

नेपालको वर्तमान संविधानको धारा -२३२ मा सङ्घीय राज्य प्रणालीमा रहेका तीनवटै तहबीचको अन्तरसम्बन्धलाई सहकारिता, सहअस्तित्व, समन्वय र पारस्परिक सहयोगको सिद्धान्तका आधारमा व्यवस्थित गर्ने उद्देश्य राखिएको छ । धारा -२३५ ले भने यस्तो अन्तर-तह समन्वयका लागि सङ्घीय संसदले आवश्यक कानून बनाउने कुरा उल्लेख गरेको

छ । संविधान जारी भएर पनि करिब तीन वर्षसम्म अन्तर-तह समन्वयको कानून नबनिरहेको अवस्था थियो । तर, वि.सं. २०७५ मा नेपाल सरकारले यससम्बन्धी विधेयक बनाई सङ्घीय संसदमा पेस गऱ्यो । यो 'सङ्घ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध व्यवस्थित गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' पनि एक वर्षभन्दा लामो अवधिदेखि सङ्घीय संसदमा अड्किएको थियो ।

२०७७ असारमा मात्र विधायिकाबाट पारित भएर यसले 'सङ्घ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) ऐन' को रूप लियो । तर, यसका कतिपय मर्मलाई भने यो ऐन बन्नुभन्दा पहिले नै नेपालमा अभ्यास गरियो । यो अभ्यास कोभिड-१९ को महामारी रोकथाम तथा न्यूनीकरणका सिलसिलामा पनि देखियो । यसो त, अन्तरसमन्वयात्मक कार्यहरू कुनै ऐन-कानूनका बुँदाहरू केलाउँदै गरिने अभ्यासमा भन्दा पनि अनुभव र सहकार्यको सहभागीमूलक अभ्यासबाट नै बढी मजबुत र विकसित हुन्छन् । सहभागीमूलक अभ्यासबाटै अन्तर समन्वयका तौततरिकाहरू व्यावहारिक रूपमा निर्माण र कार्यान्वयन हुँदै जान्छन् र यस प्रक्रियाबाट ती दिगो पनि हुन्छन् । त्यस्ता सहकार्यमा कुनै समस्या आएमा भने ऐन-कानूनजस्ता कुराहरूले निर्देशित गर्ने हो । कोभिड-१९ को महामारीले यही व्यावहारिक अभ्यासका लागि एउटा गजबको सहभागीमूलक अवसर प्रदान गऱ्यो । यद्यपि, यस महामारीको नियन्त्रणका लागि गरिएको सहभागीमूलक अभ्यासमा स्थानीय तहले सङ्घ र प्रदेशबाट र प्रदेशले सङ्घबाट ठ्याक्कै आफूले चाहेजत्तिकै एवम् तत्कालै सहयोग पाएको भन्न सकिने स्थिति निसन्देह उत्पन्न हुन सकेन तर 'केही नै भएन' वा 'पहाडै खस्यो'जस्तो अवस्था चाहिँ रहेन ।

महामारी नियन्त्रणका सिलसिलामा कतिपय परिस्थितिमा सङ्घीय र प्रदेश सरकारहरू आफैँ अलमलमा परेको अवस्था हुँदाहुँदै पनि यस महामारीका प्रत्येक परिस्थितिमा स्थानीय तहलाई काम गर्नका लागि सहजीकरण गर्ने आवश्यक नीति र मापदण्डहरू उपलब्ध गराएको पक्ष भने उल्लेखनीय रह्यो । ती मापदण्ड र नीति-निर्देशिकाहरू पनि यति विस्तृत थिए कि क्वारेन्टिइनमा बसेका नागरिकहरूलाई कति बजेदेखि कति बजेभित्र चिया-नास्ता र खाना खुवाउने भन्नेसम्मका विवरणहरू राखिएका थिए ।

कतिपय अवस्थामा महामारी नियन्त्रणका लागि आवश्यक उपयुक्त साधन समयमा पुग्न नसकेको सवालका सन्दर्भमा जसरी आलोचनात्मक स्वरहरू मुखरित भए, नीतिगत सहजीकरणका सवाल भने स्थानीय सरकारका लागि असहज भयो भन्ने आलोचना त्यसरी मुखरित भएको परिस्थिति कमै देखियो । यसका लागि चाहिने आर्थिक स्रोतको उपलब्धतामा केही अन्योल देखिए पनि ढिलोचाँडो तीनै तहका सरकारले आपसी समन्वयबाट यसलाई व्यवस्थित गरेरै छाडे । स्थानीय तहले सङ्घ र प्रदेशबाट रकम नआइपुगेको अवस्थामा समेत आफ्नै बजेटबाट रकमान्तर गर्न सकिने हदैसम्मको सीमामा पुगेर यो आकस्मिक परिस्थितिलाई सामना गर्ने उपाय समेत अपनाई स्थितिलाई नियन्त्रणमा राख्ने चुनौतीपूर्ण काम गरे ।

तीनै तहका सरकारमध्ये जटिल अवस्थामा नागरिकहरूको सबैभन्दा निकट र तुलनात्मक रूपमा सहज पहुँचमा रहेका स्थानीय तहले आफ्नो प्रमुख जिम्मेवारीकै रूपमा लिएर यस महामारी नियन्त्रणमा काम गरेको पाइन्छ । खासगरी महामारीको पूर्वतयारी तथा राहत व्यवस्थापन; स्वदेश तथा विदेशबाट फर्केका स्थानीय बासिन्दाको पहिचान, लगत संकलन, काठमाडौँ तथा नेपाल-भारतको सीमाबाट आफ्नो ठाउँसम्म नागरिकहरूलाई ल्याउने आवश्यक व्यवस्था; क्वारेन्टाइनको सञ्चालन र व्यवस्थापन; स्थानीय तहमा सचेतना जागरण; स्थानीय विपद् व्यवस्थापन समितिको गठन तथा परिचालन; सामान्य स्वास्थ्योपचार, स्वास्थ्य सामग्री र स्वास्थ्य परीक्षण एवम् ज्वरो नाप्ने डेस्कको व्यवस्थापन; स्वाब संकलन गरेर प्रयोगशालामा पठाउने कार्य; प्रदेश र सङ्घबाट उपलब्ध हुन नसकेको अवस्थामा परीक्षण सामग्रीको स्व-व्यवस्थापन, महामारी रोकथाम तथा उपचार कोषको निर्माण; बजार तथा स्थानीय बासिन्दाले किनमेल गर्ने ठाउँहरूको निगरानी एवम् अनुगमन लगायतका आवश्यक प्रबन्धहरूमा अधिकांश स्थानीय सरकारहरूले गरेका कार्यहरूले मुलुकलाई यो महामारीसँग जुझ्न उल्लेखनीय योगदान दिएको सन्दर्भ कम आँक्न सकिने खालको रहेन ।

प्रदेश सरकारले पनि यस महामारीसँग जुझ्नका लागि कोष व्यवस्थापन गर्ने; प्रभावित स्थानीय तहलाई आर्थिक सहयोग पुऱ्याउने, क्वारेन्टाइन स्थल र आइसोलेसन सेन्टरहरूको यथासम्भव सुधार तथा अनुगमनमा सहजीकरण गर्ने; आफूअन्तर्गत रहेका प्रयोगशालाहरूको क्षमता विस्तार गर्ने; कुनै क्षेत्र वा जिल्लामा आवश्यक भए पूर्ण बन्दाबन्दी गर्ने र आवश्यक स्वास्थ्य सामग्रीहरूको व्यवस्था गर्नेजस्ता विभिन्न क्रियाकलापहरूमा महत्वपूर्ण योगदान गरेको पाइयो ।

यी तीनवटै तहका क्रियाकलापमा जिल्ला प्रशासन कार्यालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान

विभाग, स्वास्थ्यकर्मी, अस्पताल र स्वास्थ्य कार्यालयहरू, विद्यालय तथा तिनका व्यवस्थापन समितिहरू, आमसञ्चार क्षेत्र र केही स्वतःस्फूर्त नागरिक सक्रियताले समेत महत्वपूर्ण योगदान पुऱ्याए।

यसरी हेर्दा नेपालमा कोभिड-१९ को संक्रमणको जोखिम कम गर्न कुनै एउटा पक्षको मात्र नभई सरकारका विभिन्न तह र निकायहरूको सहभागिता र समन्वयात्मक अभ्यासले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ। फलस्वरूप यो आलेख तयार गर्ने बेला अर्थात् २०७७ साउनको दोस्रो हप्ताको प्रारम्भसम्म नेपालसँगको खुला सीमा र सहज आवागमन भएको छिमेकी मुलुक भारतमा कोभिड-१९ को संक्रमण अत्यधिक मात्रामा वृद्धि हुँदै गएर दैनिक ४० हजारभन्दा बढी जनसंख्या संक्रमित भइरहेको तथ्याङ्क आइरहे पनि नेपालमा संक्रमितको संख्या त्यसरी बढ्न पाएन। यो दैनिक हजारको सङ्ख्यामा पुगेन र केही सयको हाराहारीमै सीमित रह्यो।

अबका दिनका लागि पनि कोभिड-१९ लाई रोकथाम र नियन्त्रण गर्न अहिलसम्मको जस्तै समन्वयात्मक र सहभागीमूलक प्रयत्नहरूलाई हालसम्मका सिकाइ र अनुभवका आधारमा अझ सुधार गर्दै निरन्तरता दिनुपर्ने खाँचो देखिएको छ। अर्कोतिर, यस विश्वव्यापी महामारीका कारण स्वदेश फर्केका लाखौंको संख्याका नागरिकहरूलाई रोजगारी र आयआर्जनका अन्य क्रियाकलापहरूमा संलग्न गराउनु पर्ने चुनौती पनि थपिएको छ। माथि नै उल्लेख गरिएझैं नागरिकहरूले भोग्नु पर्ने हरेक जटिल परिस्थितिमा सबैभन्दा निकट पहुँचमा रहेको स्थानीय सरकारले नै यो चुनौतीको पनि बढी सामना गर्नु पर्ने देखिन्छ तर यो चुनौती सामना गर्ने दायित्वबाट प्रदेश र सङ्घीय सरकार पनि पक्कै अलग्गिन सक्दैनन्। त्यसैले यस कार्यमा पनि तीनवटै तहका सरकारहरूले आपसी समन्वय र सहभागिताका साथ उल्लेखनीय कामहरू गर्न तदारुकता देखाउनु पर्ने बेला भइसकेको छ।

अन्तमा, सानातिना मात्र नभई मुलुकमा आइपर्ने ठूल्ठूला जटिल समस्याहरूको समाधानमा पनि समन्वयात्मक एवम् सहभागीमूलक कार्य-पद्धतिले महत्वपूर्ण भूमिका खेल्न सक्दछ भन्ने कुरालाई कोभिड-१९ को महामारीसँग जुध्न गरिएको प्रयासले छर्लङ्गै प्रष्ट्याएको छ।

*(लेखक विकास सञ्चारविद् तथा नेपान कार्यसमिति सदस्य हुनुहुन्छ।)*
*E-mail : toyagautam@gmail.com*

**नेपानद्वारा व्यवस्थित**

## प्रसिद्ध सहभागीमूलक विकास लेखन पुरस्कार

**(रू. १0,000/ नगद र सम्मानपत्र)**

**स्थापना : २०७४ चैत्र**

**संस्थापक : चेतनाथ कणेल परिवार**

**नेपानमा राखिएको अक्षयकोष रकम रू. १ लाख**

## हालसम्म सम्मानित हुनेहरू :

**२०७५ : गम्भीरबहादुर हाडा, सह-प्राध्यापक भक्तपुर बहुमुखी क्याम्पस (भक्तपुर)**
**२०७६ : डा. विष्णुराज उप्रेती, विकास तथा द्वन्द्वविद् (दोलखा)**
**२०७७ : डा. मानवहादुर विश्वकर्मा, बागमती प्रदेश सरकार, प्रमुख सचिव तथा लेखक एबम् अभियानकर्ता**

**नोट : २०७७ असोज ३ गते अपडेट गरिएको**

# सङ्घीय संरचनामा एचआईभी/एड्स् कार्यक्रमको मूलप्रवाहीकरणः आजको आवश्यकता



दलबहादुर जि.सी.

‘सुरुसुरुमा नेपालमा एचआईभी/एड्सको सवाल स्वास्थ्यसम्बन्धी मुद्दाको रूपमा बुझिएको भए तापनि बिस्तारै यससँग सम्बन्धित सवालहरू विकासका अन्य मुद्दाहरूसँग जोडिन थालेको पाईन्छ ।’

## पृष्ठभूमि

विश्व स्वास्थ्य सङ्ठनका अनुसार एचआईभी/एड्स्को महामारी सुरु भएदेखि हालसम्म ७ करोड ६० लाख जना यसको भाईरसबाट सङ्क्रमित भइसकेका छन् भने लगभग ३ करोड ३० लाख जनाको मृत्यु भइसकेको छ। सन् २०१९ को अन्त्यसम्मको तथ्याङ्क हेर्दा विश्वमा ३ करोड ८० लाख जना एच आईभी भाइरससहित बाँचिरहेका छन् । विश्वको १५-४९ वर्ष उमेर समूहका कुल जनसङ्ख्यामध्ये ०.७ प्रतिशतमा एच आईभी भाइरस रहेको कुरा अनुसन्धानले देखाएको छ। यसको समस्याले सबैभन्दा बढी अफ्रिका महादेशका मुलुकहरु प्रभावित छन् । अफ्रिका क्षेत्रका मुलुकहरूका प्रत्येक २५ जना वयस्कमध्ये १ जना (३.७%) मा एचआईभी भाईरस रहेको देखिन्छ (विश्व स्वास्थ्य सङ्गठन २०१९)। नेपालमा एचआईभी/एड्स्को सुरुआत सन् १९८८ मा भएकोमा सन् २०१९ को अन्त्यमा यसबाट सङ्क्रमित हुनेको सङ्ख्या ३० हजारको हाहारीमा पुगेको देखिन्छ। एचआईभीको अवस्था कस्तो छ, यो सवाललाई सही तरिकाले सम्वोधन गर्न सरकारी तथा गैरसरकारी निकायको भूमिक कस्तो रहेको छ, समुदाय तहमा यसबारे सचेतनाको अवस्था कस्तो छ र यो सवालको समाधानका लागि कसरी प्रभावकारी रूपमा सम्वोधन गर्न सकिन्छ भन्नेबारे विवेचना गर्नु नै यस लेखको मूल उद्देश्य हो ।

सुरुसुरुमा नेपालमा एचआईभी/एड्सको सवाल स्वास्थ्यसम्बन्धी मुद्दाको रूपमा बुझिएको भए तापनि बिस्तारै यससँग सम्बन्धित सवालहरू विकासका अन्य मुद्दाहरूसँग जोडिन थालेको पाईन्छ। सन् २०१२ मा राष्ट्रिय योजना आयोगको समन्वयमा एचआईभी/एड्स्को विविध पक्षको विश्लेषण गरी हेर्दा यससँग सम्बन्धित सवालहरू स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँग मात्र सम्बन्धित नभई सङ्घीय मामला तथा स्थानीय विकास मन्त्रालय, गृह, शिक्षा, महिला बालवालिका तथा समाज कल्याण र युवा तथा खेलकुद मन्त्रालयसँग पनि सम्बन्धित रहेको पाईएको छ। यसरी एचआईभी/एड्स्को समस्या समाधानका लागि एकिकृत रूपमा सम्वोधन गर्नुपर्ने देखियो ।

नेपालमा तीन तहको सरकारको संरचना स्थापना भएपश्चात् स्वास्थ्य सेवाको कार्यान्वयन प्रक्रियामा केही चुनौतीहरू देखा परेका छन् । नेपालको संविधानले जनताको स्वास्थ्य अधिकारलाई मौलिक हककै रूपमा प्रत्याभुत गरेको भए तापनि स्थानीय, प्रदेश र

सङ्घीय सरकारको कार्यमा तादाम्यता नदेखिनु, प्रदेश र स्थानीय तहको नीति नियम प्रष्ट नहुनु, दरबन्दी अनुरूपका कर्मचारीहरू समयमै आपूर्ती नहुनु, नयाँ कर्मचारीहरूलाई समयमै कार्यक्रमबारे अभिमुखीकरण नहुनु र आवश्यकतामा आधारित योजना बन्न नसक्नु प्रमुख चुनौतीहरूका रूपमा देखिएका छन्। त्यस्तै, सरकारी र गैसस निकायबीच कार्यक्रममा समन्वय र सहकार्यको अभाव देखिनुले एचआईभी/एड्स कार्यक्रमको प्रभावकारितामा कमी आएको छ भने यसको लागि एकिकृत ढंगले श्रोतको परिचालन हुने सकेको देखिँदैन ।

## विद्यमान नीतिगत व्यवस्था

एचआईभी/एड्सका सम्बन्धमा नेपालमा के-कस्ता नीतिहरूको व्यवस्था गरिएको छ र यसले समस्या समाधानको लागि कस्तो लक्ष्य राखेको छ भन्ने कुरा महत्वपूर्ण हुन्छ । यसबारे गरिएको नीतिगत व्यवस्था तलका बुँदाहरूमा समावेस गरिएका छन् ।

### (क) नेपालको संविधानमा व्यवस्था

नेपालको संविधानले स्वास्थ्यसम्बन्धी हक ३५ (१) मा 'प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन' भनी उल्लेख गरिएको छ । त्यस्तै, ३५ (२) मा 'प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ' भनी उल्लेख गरिएको छ भने, ३५ (३) मा 'प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पँहुचको हक हुने'बारे उल्लेख गरेको छ ।

### (ख) राष्ट्रिय स्वास्थ्य नीति २०७६ का महत्वपूर्ण अंशहरु

- स्वास्थ्य प्रणालीलाई सङ्घीय संरचनाअनुरूप सङ्घ, प्रदेश र स्थानीय तहमा पुर्नसंरचना, सुधार एवं विकास तथा विस्तार गरिनेछ ।
- स्वास्थ्य क्षेत्रमा सरकारी, निजी तथा गैरसरकारी क्षेत्र बीचको सहकार्य तथा साझेदारीलाई प्रवर्धन, व्यवस्थापन तथा नियमन गर्नुका साथै स्वास्थ्य शिक्षा सेवा र अनुसन्धानका क्षेत्रमा निजी, आन्तरिक र बाह्य लगानीलाई प्रोत्साहन एवं संरक्षण गरिनेछ ।
- सरुवा रोग, किटजन्य रोग, पशुपन्छीजन्य रोग, जलवायु परिवर्तन र अन्य रोग तथा महामारी नियन्त्रण लगायत विपत व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्यको एकिकृत उपायहरू अवलम्बन गरिनेछ ।
- आप्रवासन प्रक्रियाबाट जनस्वास्थ्यलाई उत्पन्न हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्न विदेशमा रहेका नेपाली नागरिकहरूको स्वास्थ्य सुरक्षाका लागि समुचित व्यवस्थापन गरिनेछ ।

### (ग) प्रादेशिक स्वास्थ्य नीति

प्रदेशहरूमा पनि राष्ट्रिय नीतिसँग तालमेल गर्दै आ-आफ्नो प्रदेशलाई अनुकूल हुने नीतिको तर्जुमा भएको छ, जसका केही महत्वपूर्ण अंशहरू तलका बुँदाहरूमा उल्लेख गरिएका छन् ।

- प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क पाउने हक हुनेछ । कसैलाई पनि आकष्मिक स्वास्थ्य सेवाबाट वन्चित गरिने छैन ।
- कुनै स्वास्थ्य संस्थामा उपचारको लागि आएको सेवाग्राहीलाई आफनो स्वास्थ्य संस्थाबाट उपचार गर्न नसकिने अवस्थामा त्यस्तो स्वास्थ्य संस्थाले सेवाग्राहीलाई तुरुन्त उपचार प्रदान गर्न सक्ने संस्थामा सम्प्रेशण गर्नु पर्नेछ । तर आफनो संस्थामा उपयुक्त सेवा र सेवा प्रदायक हुँदाहुँदै सेवाग्राहीलाई अर्को संस्थामा सम्प्रेषण गर्न पाईने छैन ।
- प्रजनन अङ्गमा हुने सक्रमण, यौन प्रसारीत रोगहरू तथा एचआईभी र एड्स लगायतका रोगको रोकथाम, नियन्त्रण उपचार तथा पुनर्स्थापनासम्बन्धी व्यवस्था र सेवा प्रदान गर्नको लागि मापदण्ड तोकिए बमोजिम हुनेछ ।

## स्थानीय सरकार संचालन प्रस्तावित ऐन

'पालिकास्तरीय स्वास्थ्य नीति ०७४' ले पालिकाहरूलाई जनताको स्वास्थ्य अधिकारलाई संरक्षण र सम्बर्द्धन गर्ने आवश्यक नीति तर्जुमा र मापदण्डको व्यवस्था गरेको छ । यसले सङ्घीयता सुहाउँदो स्वास्थ क्षेत्रको पुनर्संरचनामा विशेष जोड दिएकोछ । जसको निम्ति स्थानीय तहको स्वास्थ्य संस्थाको संरचना तथा जनशक्ति व्यवस्थापनलाई पहिलो प्राथमिकतामा राखिएको छ। संवैधानिक व्यवस्थाअनुसार स्वास्थ्यलाई मौलिक हकको रूपमा स्थापित गर्दै आधारभुत स्वास्थ्य सेवा विस्तारमा जोड दिईएको छ । स्वास्थ्य सेवामा सबैको समान पहुँचलाई सुनिश्चित गर्ने जिम्मेवारी र उत्तरदायित्व अहिले पालिकाहरूमा छ। उक्त ऐनले पालिकाहरूलाई सङ्घीय तथा प्रादेशिक लक्ष्य र मापदण्ड बमोजिम स्थानीय स्वास्थ्य सेवाहरूको प्राथमिकता र गुणस्तर निर्धारण गर्ने अधिकार दिएको छ । मूलतः आधारभूत स्वास्थ्य र सरसफाई, स्वच्छ खानेपानी र खाद्य पदार्थको गुणस्तर सुनिश्चित गर्दै स्वास्थ्य संस्थाहरूको प्रभावकारी सञ्चालन र व्यवस्थापनमा यो ऐनको जोड रहनेछ। साथै राष्ट्रिय स्तरका कार्यक्रमहरू जस्तै सुरक्षित मातृत्व, क्षयरोग, परिवार नियोजन, एचआईभी, स्वास्थ्य बीमा र सामाजिक सुरक्षा कार्यक्रमहरूको प्रभावकारी व्यवस्थापन र स्वास्थ्य सूचना प्रणालीलाई थप चुस्त बनाउने आवश्यकतालाई विशेष प्राथमिकतामा राखिएको छ ।

## 'एचआईभी'का सम्बन्धमा हाल भइरहेका प्रयासहरू

जनस्वास्थ्यको चुनौतीका रूपमा रहेको एड्सको महामारीलाई सन् २०३० सम्ममा अन्त्य गर्ने परिकल्पना अनुरूप नेपालको 'रणनीतिक योजना २०१६–२०२१' ले सन् २०२१ सम्ममा मुख्य समूहहरू ९० प्रतिशतको पहिचान, सिफारिस तथा परिक्षण गर्ने, एचआईभीको निदान भएका ९० प्रतिशत व्यक्तिहरूको उपचार गर्ने, एचआईभी भएको निदान भएका ९० प्रतिशत व्यक्तिहरूलाई एन्टिरेक्टोभाईरल निरन्तर उपचारमा राख्ने, आमाबाट बच्चामा हुने सङ्क्रमणको निवारण गर्ने र आमाहरूलाई जीवित तथा स्वस्थ राख्ने, जन्मजात सिफिलिस उन्मुलन गर्ने, नयाँ एचआईभी

सङ्क्रमणमा ७५ प्रतिशतले कमी ल्याउने लक्ष लिएकोछ ।

'आउटरिच' कार्यक्रम, छलफल कार्यक्रम र साथी शिक्षा कार्यक्रममार्फत् एचआईभीसम्बन्धी सचेतना बढाउने कार्यक्रम सञ्चालन भइरहेको छ। त्यस्तै, 'ड्रप-ईन' सेन्टरमा आएकाहरूलाई यसबारे जानकारी दिनुका साथै घुम्ती क्लिनिकको माध्यमबाट चेकजाँच र परामर्श सेवा दिने गरिएको छ । 'सेटलाईट' क्लिनिक र नियमित क्लिनिकमा इन्डेक्स परिक्षण गरिन्छ भने यी क्लिनिकहरूमा 'सम्पर्क अघिको प्रोफिल्याक्सीस' (एचभ्ए) र 'सम्पर्क पछिको प्रोफिल्याक्सीस' (एभ्ए) पनि गरिछ । त्यस्तै, प्रेषण पद्धति, अस्पतालबाट दिईने सेवा र 'एन्टीरेक्टो भाईरल' उपचार लगायतका विधिहरू नै एचआईभी रोकथाम र उपचारमा अपनाईएका प्रमुख विधिहरू हुन् ।

जोखिम समूहहरूको 'आउट-रिच' र पहिचान गर्ने कार्यमा गैरसरकारी संस्थाहरूको पनि सङ्लग्नता रहेको पाईएको छ । गैरसरकारी संस्थाहरूले एचआईभीको जाँच र उपचारमा सरकारले दिँदैआएको सेवामा पनि सहयोग गरेका छन् भने अधिकांश जिल्लाहरूमा सङ्क्रमित व्यक्तिहरूलाई समूहमा आवद्ध गराई उनीहरूको हकहितको लागि पैरवी गर्नुका साथै सङ्क्रमितहरूमाथि हुने भेदभाव न्यूनीकरणका लागि पनि सशक्त अभियान सञ्चालन गर्दै आएका छन् ।

## चुनौतीहरू

'स्वास्थ्य सेवामा सबैको पहुँच'को सिद्धान्त अनुरुप एचआईभी/एड्सका सेवाहरू भौगौलिक आधारमा सम्पूर्ण जिल्ला, पालिकाहरू र वडा तहसम्म समेटीन सकेको छैन । सरकारका विभिन्न निकायहरूबाट दिईने सेवाहरु जिल्ला तहसम्म मात्र सहज सेवा पाउने अवस्था रहेको छ। गैससद्वारा सञ्चालित कार्यक्रमहरू सवै जिल्लाहरूमा पुग्न सकेको छैन । सरकारले हालसम्म उक्त सेवा समुदाय तहसम्म पुऱ्याउने खाका बनाउन सकेको छैन, जसले गर्दा स्थानीय सरकारले पालिका स्तरमा एचआईभी कार्यक्रमलाई आत्मसात गर्न सकेका छैन । यसको लागि आवश्यक नीतिको कमी, व्यवस्थापनको अभाव, स्वास्थ्यका अन्य कार्यक्रमसँगको सहकार्यमा कमी, सङ्क्रमित व्यक्तिहरुप्रति गरिने भेदभाव आदि पनि प्रमुख चुनौतीका रूपमा रहेका छन् । त्यस्तै, सङ्क्रमित आवद्ध समूहहरूमा कार्यक्रमको अभाव, एचआईभी कार्यक्रमको लागि पालिका स्तरमा बजेट बिनियोजन नहुनु पनि अर्को चुनौती हो । एचआईभीका सम्बन्धमा पर्याप्त पैरवी हुन नसकेको कारण एचआईभी रोकथाम तथा उपचारका विषयलाई विकासका अन्य अभियानसँग एकिकृत ढङ्गले लैजान सकिएको छैन ।

## एचआईभी मुद्दाको मूलप्रवाहीकरण

नेपालमा विगत ३ दशकदेखि एचआईभी कार्यक्रम निरन्तर रूपमा सञ्चालन हुँदै आएकोले केही वर्ष यता सङ्क्रमणको दरमा कमी हुँदै गएको छ । एचआईभीको मुद्दा वहुपक्षीय सरोकारको विषय हो भन्ने कुरा सम्पूर्ण सरोकारवालाले महसुस गरेको भए तापनि समस्या समाधानको लागि आवश्यक पहल हुन सकेको छैन । यस बारेमा सङ्क्रमितहरूले औषधि पाएर मात्रै सबै कुराको हल हुँदैन । सङ्क्रमितहरू र उनीहरूसँग आश्रीत परिवारको जिविकोपार्जन, शिक्षा, पोषण, सुरक्षा र मानवीय ढङ्गले बाँच्न पाउने अधिकारको प्रत्याभूतीको लागि मूलवाहीकरण गर्न आवश्यक देखिन्छ। यसको निमित्त तिनै तहको सरकारमा समन्वय संयन्त्रको विकास गरिनु पर्दछ ।

'एचआईभी रणनीतिक योजना २०१६-२०२१' मा राष्ट्रिय योजना आयोगसँगको समन्वयमा बहुपक्षीय सरोकारवालाको साझेदारीलाई अघि बढाउने कुरा उल्लेख भएको छ । त्यस्तै, यस सम्बन्धमा केन्द्रिय स्तरमा सन् २०१२ मा राष्ट्रिय योजना आयोगको पहलमा सम्बन्धित मन्त्रालयसँग समन्वय गरी क्षेत्रगत नीतिको पुनरावलोकन गरिनुका साथै एचआईभीलाई विभिन्न क्षेत्रसँग मूलप्रभावीकरण गर्नको लागी मार्गनिर्देशिका समेत तयार पारिएको छ। यस अर्न्तगत राष्ट्रिय योजनाको समन्वयमा ६ वटा मन्त्रालयहरू क्रमश: स्वास्थ्य तथा जनसंख्या, सङ्घीय मामला तथा स्थानीय विकास, गृह, शिक्षा, महिला, वालवालिका तथा समाज कल्याण र युवा तथा खेलकुद रहेका मन्त्रालय पर्दछन् । नियमित अन्तरक्रियाको माध्यमबाट सबै मन्त्रालयबाट एक प्रतिनिधि (फोकल व्यक्ति) तोकेर एचआईभी र एड्सको क्षेत्रमा गरिएका क्रियाकलापहरूको समीक्षा गर्नुका साथै आगामी कार्ययोजना बारेमा जानकारी सङ्कलन गरिएको थियो । यस परिपाटी नियमित गरिएमा केन्द्रिय स्तरमा मूलप्रवाहीकरण गर्ने कार्यमा योगदान पुग्न सक्छ । यसरी नै प्रत्येक प्रदेशमा सम्बन्धित योजना आयोगको समन्वयमा प्रादेशिक मन्त्रालय र निर्देशनालयहरूको सङ्लग्नतामा उक्त अभ्यासलाई अवलम्बन गरी मूलप्रवाहीकरणको विषयलाई अगाडि बढाउन सकिन्छ । त्यसैगरी स्थानीय पालिकाहरूलाई यस बारेमा अभिमुखीकरण तथा सहजीकरणको कार्य गरी सो कार्यलाई स्थानीय तहसम्म विस्तार गर्न सकिन्छ ।

## स्वामित्व र दिगोपनको सवाल

मूलप्रवाहीकरणको विषयलाई तिनै तहमा विस्तार गर्न सकेमा मात्र सरकारी क्षेत्रको अपनत्व बढ्ने र यस कार्यक्रमले सरकारको नियमित योजना प्रक्रियामा समावेश गर्नको लागि सहजता हुन सक्छ। पालिका र वडास्तरीय कार्ययोजनामा एचआईभी र एड्सको कार्यक्रम नियमित रूपमा समावेश गर्दै जाने र त्यसको नियमित समीक्षा गर्ने परिपाटीले नै दिगोपनालाई मद्दत गर्दछ । यसको निमित्त मानव श्रोतको व्यवस्था, क्षमता विकास, बजेट विनियोजन र गैससहरू र निजीक्षेत्रसँगको सहकार्यलाई प्रभावकारी बनाउनु पनि अपरिहार्य मानिन्छ ।

*(लेखक एड्स विरुद्ध राष्ट्रिय नेटवर्क समूह-नेपाल (नानगान)को अध्यक्ष हनुहुन्छ ।*

*E-mail : gc_dal@hotmail.com*

# स्थानीय सरकारको प्रभावकारिता : सुशासन अभ्यासको अपरिहार्यता



गम्भीरबहादुर हाडा

सन् १९७० को दशकको मध्यबाट जब विश्वमा प्रजातन्त्रको लहर प्रारम्भ भयो। त्यसै बेलादेखि सुशासनको अवधारणाले लोकप्रियता पाउन थालेको हो। सूचना-क्रान्तिले एकातिर मानवको सामाजिक अस्तित्वलाई चिन्तनधाराको केन्द्रविन्दुमा ल्यायो भने अर्कोतिर प्रतिनिधिमूलक प्रजातन्त्रका सीमाहरू पनि प्रष्ट पारिदियो । वास्तवमा प्रतिनिधिमूलक भनिएको परिपाटीले राज्य र समाजको तल्लो तह तृणमूल तह (ग्रासरुट्स लेभल) का जनताका बीचमा प्रभावकारी सम्बन्ध स्थापित गर्न सकेन। परिणामस्वरुप विकासोन्मुख मुलुकहरूमा प्रतिनिधिमूलक प्रजातन्त्रको ठाउँले विस्तारै-विस्तारै 'सहभागीमूलक प्रजातन्त्र' ले लिन थाल्यो ।

> 'सुशासन (गुड गभर्नेन्स) भनेको सार्वजनिक प्रशासनलाई "असल" बनाउने प्रयास मात्र होइन, यद्यपि धेरैले सुशासनलाई यसै अनुरूप बुझ्दछन् । सुशासनका चारवटा उपायहरु छन् । राजनीतिक, सामाजिक, व्यवस्थापकीय र नैतिक/विकासोन्मूख राष्ट्रहरुको सर्वाङ्गीण विकास गर्ने सम्बन्धमा सरकारी, गैरसरकारी र निजी क्षेत्र तथा नागरिक समाज समेतको सहभागिताको माध्यमबाट मात्र सुशासन कायम गर्न सकिन्छ'

विकासोन्मुख राष्ट्रहरूमा राजनीतिक संस्थाहरू संस्थागत भइनसकेको कारणबाट सरकारी संयन्त्रहरू, कर्मचारीतन्त्र, व्यवस्थापिका, कार्यपालिका, अदालत आदि निकायहरू सम्भ्रान्त व्यक्तिकरण र वंशाणुगत सर्वसत्तावादको शिकार भएका छन्। शासकहरू निर्वाचित हुनुअघि ठूला-ठूला वाचा गर्दछन्, प्रतिबद्धता जाहेर गर्दछन् तर जितेर सरकारमा गएपछि आफ्नो राजनीतिक शक्तिलाई व्यक्तिगत स्वार्थमा दुरुपयोग गर्छन् । चुनाव जितिन्छ, सरकार बन्छ, प्रतिपक्ष बन्छ, बजेट बन्छ, संसद चल्छ, तर यी सबै काम कुरा निरन्तर रुपले नियमित चलिरहँदा पनि जनताका चाहना र विकासका कार्यसूचीहरू उचित ठाउँबाट सम्बोधन गरिँदैनन्। प्रजातन्त्रले जनतालाई बलियो बनाउनुपर्ने, शक्तिशाली बनाउनुपर्ने, सशक्तिकरण गर्नुपर्ने तर व्यवहारमा झन्-झन् कमजोर बन्दैजाने, निरीह बन्दै जाने प्रक्रिया सुरु भयो। यसै गतिरोध तोड्न सुशासनको अवधारणा विकास भयो (केसी, २०६५)।

सुशासनको अवधारणा राज्य संचालन इतिहास जत्तिकै पुरानो मानिएको छ। सुशासनको अवधारणा पश्चिमी देश तथा दातृ संस्थाहरूद्वारा तेश्रो विश्वका देशहरूको शासन व्यवस्थामा सुधार ल्याउने प्रयोजनका लागि सहायता सर्तको रुपमा अघि सारिएको हो। विश्व बैंकले सुशासनको सम्बन्धमा अघि सारेका व्यवस्थाहरूमा भविष्यदर्शि, खुल्ला र शिक्षाप्रद नीतिनिर्माण, व्यावसायिक कर्मचारीतन्त्रको विकास, पारदर्शी र जनउत्तरदायी सरकार, सशक्त र सहभागितामा आधारित नागरिक समाज र कानूनको शासन मुख्य हुन्। सुशासन असल सरकारसँग सम्बन्धित छ यस अवधारणा अनुसार सार्वजनिक क्षेत्रको समष्टिगत कार्यक्षमता तथा प्रभावकारिता अभिबृद्धि गरी मुलुकको अर्थव्यवस्थालाई सबल पुऱ्याउनु यसको मूल उद्देश्य रहन्छ (दाहाल, २००६)। शासन शब्दले सामान्यतया चार

कुराहरूलाई बोध गराउँछ । जस्तै :

(१) शासन सञ्चालन गर्न अपनाइने तौर-तरिकाहरू
(२) शासन सञ्चालन गर्ने निकाय, शासन सञ्चालन गर्ने कार्यहरू, शासन सञ्चालन गर्ने क्षमता
(३) व्यवस्थापनका तरिकाहरू नियमित गर्ने पद्धति
(४) रहनसहन, व्यवहार तथा आचरणका तौर-तरिका ।

सुशासन भनेको पूर्वानुमान गर्न सकिने, खुल्ला तथा बौद्धिक तवरले नीति निर्माण गर्नु, जनताको हित, कानूनको शासन तथा पारदर्शि प्रक्रियाको अभिबृद्धिका लागि कार्यरत व्यवसायिक गुणले परिपूर्ण कर्मचारीतन्त्र तथा सार्वजनिक चासोका विषयहरूमा सहभागी हुने बढीया नागरिक समाजको समग्रता हो (सुवेदी, २०६१) । सुशासनका लागि राजनीतिक व्यवस्था, संवैधानिक संरचनाले पूर्वाधारको रुपमा कार्य गरेका हुन्छन् ।

सुशासन (गुड गभर्नेन्स) भनेको सार्वजनिक प्रशासनलाई 'असल' बनाउने प्रयास मात्र होइन, यद्यपि धेरैले सुशासनलाई यसै अनुरूप बुझ्दछन् । सुशासनका चारवटा उपायहरू छन् । राजनीतिक, सामाजिक, व्यवस्थापकीय र नैतिक/विकासोन्मूख राष्ट्रहरूको सर्वाङ्गीण विकास गर्ने सम्बन्धमा सरकारी, गैरसरकारी र निजी क्षेत्र तथा नागरिक समाज समेतको सहभागिताको माध्यमबाट मात्र सुशासन कायम गर्न सकिन्छ भन्ने कुरामा जोड दिइएको छ ।

सुशासनमा सरकारका अतिरिक्त निजी, गैर-सरकारी क्षेत्र, गैर-सरकारी संस्था तथा नागरिक समाजले सबैको सहभागिता सुनिश्चित गर्दछ । यसरी विकासको केन्द्रविन्दु मानिएको जनता स्वयंको प्रतिनिधित्व शासन गराउँदा विकास प्रभावकारिता बढ्छ (प्रोपब्लिक, २०६१) । सुशासनले व्यापक जनसहभागितामा जोड दिन्छ । विधिको शासन, जवाफदेही कर्मचारीतन्त्रलाई जोड दिने भएकोले ग्रामीण विकासमा प्रभाव पार्दछ । जनताप्रति उत्तरदायि सरकार हुने भएकाले जनताका चाहना, आवश्यकताको सम्बोधन हुन्छ । सुशासनले लैङ्गिक समानता र जनसशक्तिकरणमा जोड दिने भएकोले सामाजिक विभेदको अन्त्य हुन्छ (हाडा, २०५७) ।

## सुशासनका विशेषताहरू

सुशासनको परिभाषा र अवधारणाको विश्लेषण गर्दा सुशासनका प्रमुख विशेषताहरू यसप्रकार हुन सक्ने देखिन्छ :

- शासनमा जनताको अधिकतम सहभागिता
- स्वतन्त्र, स्वच्छ र निष्पक्ष निर्वाचन प्रणालीलाई बढावा
- विधिसम्मत शासन प्रणालीको सञ्चालन
- नागरिक समाज र गैरसरकारी सङ्घसंस्थाहरूको प्रवर्द्धन
- जनकल्याणकारी सार्वजनिक नीतिहरूको तर्जुमा र कार्यान्वयन
- प्रजातान्त्रिक शासन व्यवस्था
- प्रशासनिक र राजनैतिक जवाफदेहिता
- स्वतन्त्र न्यायपालिकाको स्थापना
- आधारभूत मानव अधिकारको प्रत्याभूति
- आर्थिक कारोबार र निर्णयमा पारदर्शिता
- इमान्दारिता र नैतिकताको प्रवर्द्धन
- भ्रष्टाचार नियन्त्रण
- आर्थिक, राजनैतिक र व्यवस्थापकीय अधिकारहरूको विकेन्द्रीकरण एवं निक्षेपण
- उदार आर्थिक नीतिलाई बढावा
- प्रशासन र शासकीय सुधारको निरन्तरता
- सार्वजनिक सेवाहरूको वितरणमा प्रभावकारिता
- न्याय सम्पादनमा सरलता, स्वच्छता, शीघ्रता र निष्पक्षता, आदि ।

## नेपालमा सुशासन कायम गर्नमा देखिएका चुनौतीहरू

सुशासन कायम गर्नुपर्ने जनआवाज र गुनासो बढिरहेको सन्दर्भमा सरकारका क्रियाकलापहरू जनउत्तरदायी र सहभागीमूलक बनाउनुको साथै नयाँ संविधान र सरकारको प्रतिबद्धतालाई कार्यरुप दिन सुशासनका अवयवहरूलाई पूर्ण प्रतिबद्धताका साथ सम्बोधन गर्नु चुनौतीपूर्ण रहेको छ (नेपाल सरकार, २०७६क) ।

नेपालमा हालसम्म देखापरेका सुशासनसम्बन्धी मुख्य रूपमा समस्या र अवरोधको रूपमा निम्न कुराहरू देखिन्छन् :

क) नीति तर्जुमा गर्दा पहिचान गरिने विषयको यथार्थता र वास्तविकता प्रमाणित गर्न आवश्यक पर्ने सूचना र ज्ञानको कमी
ख) नीति तर्जुमा तथा विश्लेषण लागि आवश्यक पर्ने विशेषज्ञता, कार्यमूलक क्षमता सहितको संस्थागत संयन्त्रको अभाव
ग) सम्बद्ध पक्षको सकृय सहभागिताको अभाव
घ) नतिजा र परिणामको प्रक्षेपण र पूर्वानुमान गर्न नसक्नु
ङ) समस्या र चुनौतिको पूर्व आँकलन नगरिनु
च) स्रोत साधनको अभाव र मौजुदा स्रोत साधनको उपयुक्त परिचालन हुन नसक्नु
छ) राजनीति र प्रशासनिक नेतृत्वबीच समझदारी, समन्वयको अभाव
ज) नीतिको प्रकृति अनुरूपको तर्जुमा प्रक्रिया अवलम्बन नगरिनु
झ) अधिकार, जिम्मेवारी र उत्तरदायित्वबीच सन्तुलनको अभाव साथै उत्तरदायित्व पन्छाउने प्रवृत्ति
ञ) नीति कार्यान्वयन गर्न कार्ययोजना, कार्यविधि तय नगरिनु र कार्यहरूको प्राथमिकीकरण नगरिनु
ट) नीतिसम्बद्ध व्यक्तिहरूको मनोवैज्ञानिक पक्ष कमजोर एवं नकारात्मक हुनु
ठ) राजनीतिक दाउपेच घात प्रतिघात र प्रशासनमा अत्याधिक राजनीतिक हस्तक्षेप तथा भ्रष्टाचार, राष्ट्र र जनताको हितको संरक्षण र अभिवृद्धिको राजनीतिज्ञहरूको उदासीनता, राजनीतिक प्रतिबद्धताको कमी
ड) पुँजीको अभाव र अवैज्ञानिक र अव्यावहारिक रकम निकासा पद्धति तथा हचुवा बजेट विनियोजन प्रणाली ।
ढ) फितलो कार्यसम्पादन मूल्याङ्कन पद्धति, कमजोर अनुगमन व्यवस्था
ण) तथ्याङ्क र सूचनाको अभाव
त) नियुक्ति, सरुवा, बढुवा र पदस्थापनसम्बन्धी निश्चित कार्य-प्रणाली वा रीतिको अभाव
थ) व्यक्तिगत आवेश र लहडका आधारमा परिणामको परीक्षण

र विश्लेषणविना गरिने नीतिगत प्रयोगहरू
द) दण्ड, पुरस्कारको प्रभावकारी संयन्त्रको अभाव र निष्पक्षताको अभाव
ध) उच्च मनोबल र प्रतिवद्धताको अभाव
न) उत्प्रेरणाको कमी, कमजोर र अविकसित सूचना-प्रवाह प्रणाली, ज्ञान र सीपको अभाव, जिम्मेवारी पन्छाउने प्रवृत्ति र यथास्थितिवादी सोच
प) कर्मचारीहरूलाई जीवनस्तरका लागि चाहिने तलब र सुविधाको कमी
फ) कार्यान्वयनको वातावरण तयार गर्ने काममा कमी
ब) सरोकारवालाहरूलाई जानकारी एवं सचेतना गर्ने नीतिलाई आत्मसात नभएको ।

## स्थानीय सरकारका विशेष अधिकारहरू के के हुन् ?

- संविधानको अनुसूची ८ मा दिइएका क्षेत्रगत विषयहरू स्थानीय कानून नेपाल सरकारका कानूनसंग बाभिने गरी बनाउनु हुँदैन। नबाभिने गरी बनाएर पूर्णरूपमा लागू गर्न सक्छ।
- आफनो क्षेत्रभित्र निर्माण भएका सडक क्षेत्रभित्र बनेका संरचनालाई हटाउन वा आदेश दिन सक्छ। आदेश नटेरे पालिका कार्यपालिकाले आफैं हटाएर सम्बन्धित पक्षवाट लागेको खर्च असुलउपर गर्न सक्दछ।
- आफनो क्षेत्रमा भूजोखिमका आधारमा भूउपयोग मापदण्ड बनाउनु पर्दछ। त्यस्ता क्षेत्रमा भवन बनाउने जग्गाको खण्डीकरण वा प्लटिंग गर्न रोक लगाउनु पर्दछ।
- आफनो क्षेत्रभित्रको चार किल्ला तोकेर सांस्कृतिक वा पर्यटकीय क्षेत्र तोक्न सक्नेछ। भूकम्प वा विपदका दृष्टिकोणले बस्न अयोग्य भवनहरू तत्काल पुनर्निर्माण गर्न रेट्रोफिटिङ्ग गर्न वा भत्काउन आदेश दिनसक्छ।
- स्थानीय कर, राजस्व, शुल्क, दस्तुर र दण्ड जरिमाना स्थानीय कानून बनाएर लगाउन सक्दछ।
- आफ्नो क्षेत्रभित्र जुनसुकै स्वरुपमा गरिने सिन्डिकेट, कार्टेलिंग, कालोबजारी जस्ता कार्यमा रोक लगाउन सक्दछ।

## सुशासन प्रवर्द्धनका लागि के के गर्ने ?

क) स्थानीय निकायको लेखा प्रणालीमा समयानुकूल सुधार गर्दै लैजाने र जनसहभागिता, अन्य निकायहरूबाट भए गरेका खर्च पनि देखाउन सक्ने ढाँचाहरूको विकास गर्दै लैजाने र स्थानीय निकायहरूको आय व्यय हिसाबको आधारमा केन्द्रीय आय व्यय हिसाब बनाउने व्यवस्था मिलाउनु अति आवश्यक छ।
ख) स्थानीय तह वित्तीय सूचना प्रणालीको विकास गर्ने र लेखामा दक्ष जनशक्तिको व्यवस्था गरी राजश्व उठाउने, बजेट तर्जुमा गर्ने र विनियोजन गर्ने क्षमता बढाउनुपर्ने आवश्यकता देखिन आउँछ।
ग) सेवा शुल्क लिन सक्ने स्रोतहरू बढाउनुको साथसाथै वातावरण संरक्षण शुल्क लगाउने अधिकार दिने र कर, सेवा शुल्क, दस्तुर निर्धारण गर्दा सबै सरोकारवालाको सहभागिता बढाउन स्थानीय निकाय कर परामर्श समिति गठन गर्नु अति आवश्यक छ।

## निष्कर्ष

स्रोत साधनको सन्तुलित संयोजन कायम गर्नु, स्थानीय तहमा जनसहभागिता, पारदर्शिता र उत्तरदायित्व कायम गरी सुशासन प्रवर्द्धन गर्नु र लक्षित कार्यलाई प्रभावकारी बनाउनु स्थानीय सरकारका लागि चुनौती र अवसर दुबै हुन्। पूर्वाधार विकासमा जोड, जीविकोपार्जनमा सकारात्मक टेवा र स्थानीय स्रोतमा आधारित श्रममूलक प्रविधि विकास, वातावरणमैत्री पूर्वाधार विकास, स्थानीय जनताले बढीभन्दा बढी रोजगारी पाउने स्थितिको विकास गर्नु जरुरी छ

(नेपाल सरकार २०७६ख)। स्थानीयस्तरमा समावेशीकरण र मूलप्रवाहीकरणको माध्यमद्वारा जनचाहना र स्थानीय मागमा आधारित सहभागीमूलक योजना पद्धतिको विकास र अवलम्बन गरी स्थानीय विकास निर्माण र सेवा प्रवाहमा स्थानीय सरकारको प्रभावकारिता अझ बढाउनुपर्दछ।

साथै, सबै सरकारी, गैरसरकारी एवं अन्य विकाससँग सम्बन्धित संस्थाहरूलाई स्थानीय सरकारप्रति उत्तरदायी बनाउनु पर्दछ। महिला, बालबालिका, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, अपाङ्ग र भौगोलिक, सामाजिक, आर्थिक एवं सांस्कृतिक रुपमा पछाडि परेको विपन्न वर्ग र क्षेत्रलाई स्थानीय शासकीय प्रक्रिया र विकास निर्माण एवं सेवा प्रवाहमा पहुँच र स्वामित्व अभिवृद्धि गर्नुपर्दछ। यी सबै काममा सुशासनका विशेषतालाई शिरमा राख्नुपर्छ। सफल सङ्घीय शासनका लागि सुशासन अपरिहार्य तत्व हो भन्ने कुरा सबैले मनन गर्नुपर्छ। जनसहभागिता, पारदर्शिता, योजनावद्ध विकास, व्यवस्थित सूचना प्रवाह प्रणाली, समावेशी चरित्र, सदाचारी व्यवहार सबै पालिकाबाट जनताले अपेक्षा गरेका छन्।

## सन्दर्भ सामग्रीहरू

केसी, विदुर (२०६५)। कर्मचारीतन्त्रमा समयानुकूल सुधारको खाँचो, *नेपाल* (द्वैमासिक), वर्ष ३९, अंक ३, पूर्णाङ्क १७१, मंसिर-पौष, नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालय, सूचना विभाग, काठमाडौं।

दाहाल, रामकुमार (सन् २००६)। स्टेट, गभर्न्मेन्ट, इन्स्टिच्युसन एन्ड लोकल गभर्नेन्स। दीक्षान्त पुस्तक प्रकाशन, कीर्तिपुर, काठमाडौं।

नेपाल सरकार (२०७६क)। आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्य, अर्थ मन्त्रालय।

नेपाल सरकार (२०७६ख)। पन्ध्रौं पञ्चवर्षीय योजना २०७६-२०८१, राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं।

प्रोपब्लिक (२०६१)। *असल शासन,* मासिक प्रकाशन, वर्ष २, अंक ८, असार।

सुवेदी, विष्णु (२०६१)। प्रशासन व्यवस्थापन र विकासका मूलभूत पक्षहरू (प्रथम संस्करण), अटल एकेडेमिक सेन्टर, काठमाडौं।

हाडा, गम्भीरबहादुर (२०५७)। सुशासनको महत्व-एक चर्चा, *विश्व मामिला,* वर्ष २, अंक ५।

*(लेखक पूर्व सह-प्राध्यापक, अर्थशास्त्र, भक्तपुर बहुमुखी क्याम्पस।)*

*E-mail : gambhir.hada@gmail.com*

# सङ्घीय संरचनामा शैक्षिक नीति निर्माण: तीनै तहका सरकारको भूमिका तथा सहभागिताको सवाल



डा. सदानन्द कडेल

नेपालको संविधान २०७२ ले शिक्षालाई अधिकारको रूपमा आत्मसात गर्दै 'प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने' तथा 'प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुने' कुरा सुनिश्चित गरेको छ। यसैगरी अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकहरूलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुने र दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने कुरामा जोड दिएको छ। साथै, 'मातृभाषामा शिक्षा पाउने हक', तथा दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानून बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था'को प्रत्याभूति दिएको छ।

नागरिकको शिक्षा पाउने अधिकारलाई सुनिश्चित गर्नको लागि संविधानले तीन तहको सरकारलाई जिम्मेवारी समेत प्रदान गरेको छ। जुन कुरा अनुसूची ५ मा सङ्घको अधिकारको सूची, अनुसूची ६ मा प्रदेशको अधिकारको सूची, अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूची र अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा शिक्षालाई समाविष्ट गरिएको छ। संविधानले प्रदेश र स्थानीय तहलाई कानून बनाउन सक्ने अधिकार दिएको छ। संविधानप्रदत्त अधिकारलाई प्रयोग गर्दै प्रदेश सभा र नगर तथा गाउँ सभाले माथि उल्लेखित अनुसूची अनुसार ऐन निर्माण गरिरहेका छन्। यसै सन्दर्भमा हाल स्थानीय तह, प्रादेशिक र सङ्घीय तहमा शिक्षा सम्बन्धी के कस्ता नीति, ऐन, नियमावली, निर्देशिका वा मापदण्ड र कार्यविधिहरू बनेका छन् ? नीति निर्माण प्रक्रियामा सरोकारवालाहरूको सहभागिता कस्तो छ ? भन्ने प्रश्नको उत्तर खोज्ने प्रयास यो आलेखले गरेको छ। यस क्रममा देश भरका ७५३ स्थानीय तह, सातवटा प्रदेशका सामाजिक विकास मन्त्रालय र सङ्घीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र सम्बद्ध निकायहरूको वेबसाइटमा समाविष्ट अभिलेख तथा सन्दर्भ

> 'नागरिकको शिक्षा पाउने अधिकारलाई सुनिश्चित गर्नको लागि संविधानले तीन तहको सरकारलाई जिम्मेवारी समेत प्रदान गरेको छ। जुन कुरा अनुसूची ५ मा सङ्घको अधिकारको सूची, अनुसूची ६ मा प्रदेशको अधिकारको सूची, अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूची र अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा शिक्षालाई समाविष्ट गरिएको छ।'

सामग्रीहरूको सिंहावलोकन र टेलिफोन अन्तर्वार्तालाई सूचनाको मुख्य आधार बनाइएको छ ।

## सङ्घीय तह

नेपाल सरकारको मन्त्रीपरिषदले २०७६ सालको कार्तिकमा राष्ट्रिय शिक्षा नीति, २०७६। राष्ट्रिय विज्ञान प्रविधि तथा नव(प्रवर्तन नीति, २०७६ स्वीकृत गरेको थियो । त्यसको एक वर्षअघि सङ्घीय संसदले पास गरेको अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ कार्यान्वयनमा आइरहेको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय स्तरबाट नमुना विद्यालय व्यवस्थापन निर्देशिका, २०७४। नमुना विद्यालय विकास तथा संचालन निर्देशिका, २०७४ (पहिलो संशोधन २०७५)। वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाई सहजीकरण निर्देशिका, २०७७ जस्ता निर्देशिकाहरू जारी गरिएका छन् । साथै, सार्वजनिक र सामुदायिक पुस्तकालय अनुदान कार्यविधि, २०७४। विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन कार्यविधि, २०७४ (पहिलो संशोधन २०७५)। बृहत विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि, २०७५। विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यविधि, (दोस्रो संस्करण २०७५) पनि कार्यान्वयनमा आइरहेका छन् । यसको अतिरिक्त मन्त्रीपरिषद्ले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यविधि, २०७६ पनि जारी गरेको छ। यसरी हेर्दा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानवस्रोत विकास केन्द्रको सक्रियतालाई सकारात्मक मान्न सकिन्छ ।

वि. सं. २०७५ सालमा 'उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग' गठन गरेर शिक्षा क्षेत्रमा रूपान्तरण र गुणात्मक सुधारको लागि हौसिएको दुई तिहाइको सरकार आयोगको प्रतिवेदन बुझेपछि भने मुर्झाएको छ। आयोगकै सिफारिश मुताबिक राष्ट्रिय शिक्षा नीति ल्याएको दावी गर्ने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले उक्त प्रतिवेदन सार्वजनिक गर्ने क्षमतासमेत राख्न सकेको छैन । उक्त नीतिले मुख्य तीन दलको विधान र चुनावी घोषणापत्रको 'समाजवाद उन्मुख' रूपान्तरणकारी शिक्षाको मर्मसंग साइनो गास्न सकेको छैन । सङ्घीय तहमा छाता शिक्षा ऐन जारी गर्न अति नै जरुरी भइसक्दा पनि सार्वजनिक शिक्षा र निजी शिक्षाको द्वन्द्वले निम्त्याएको सरकारी अन्यौलताले गर्दा आशातित उपलब्धि हासिल हुन सकेको छैन । हाल तिन वटा ऐनको (विद्यालय शिक्षा, उच्च शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा) मस्यौदा त तयार गरिएको छ तर त्यसको प्रक्रियामा प्रदेश र स्थानीय तह तथा सङ्घीय स्तरका सरोकारवालाहरूको सुझाव लिनको लागि आवश्यक प्रयास नभएको गुनासो सर्वत्र जगजाहेर छ। अर्कातिर झन्डै दुई वर्ष अगाडिदेखि नै लागू गरिएको अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ को आधारमा स्थानीय तहमा २०७५ भाद्रभन्दा अगाडि जारी गरिएका शिक्षा ऐनहरूको समसामयिक संशोधनको लागि सहजीकरण वा अनुगमन गर्ने कार्यमा सङ्घीय तथा प्रादेशिक सरकारका शिक्षा सम्बद्ध निकायहरू उदासिन देखिएका छन् ।

## प्रादेशिक तह

प्रदेशस्तरमा हालसम्म समग्र शिक्षा क्षेत्रलाई समेटेर ऐन बन्न सकेको छैन भने बागमती प्रदेशले मात्र प्रदेशको शिक्षा नीति, २०७७ को प्रारम्भिक मस्यौदा सुझावको लागि सार्वजनिक गर्दै वेवसाइटमा राखेको छ । प्रदेश १ ले विद्यालय शिक्षाको शैक्षिक गुणस्तर सुधार निर्देशिका, २०७६। विद्यालय नर्सिङ सेवा कार्यक्रम संचालन कार्यविधि, २०७६। र कार्यक्रम संचालन मार्गदर्शन (शिक्षा), २०७७ पारित गरेको छ भने प्रदेश २ को वेवसाइटमा अहिलेसम्म शिक्षा सम्बन्धी नीति, ऐन, नियमावली, निर्देशिका वा मापदण्ड तथा कार्यविधि केही पनि राखिएको छैन ।

बागमती प्रदेशमा शिक्षा नीति, २०७७ को प्रारम्भिक मस्यौदाको अतिरिक्त प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद ऐन, २०७५। शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण सम्बन्धी निर्देशिका, २०७५। एक विद्यालय एक नर्स कार्यविधि, २०७६। र युवा वैज्ञानिक कोष स्थापना र संचालन कार्यविधि, २०७५ जारी भइ लागू भइरहेका छन् ।

शिक्षा ऐन र कार्यविधि निर्माण तथा प्रमाणीकरणको हिसाबले गण्डकी प्रदेश सबैभन्दा अगाडि देखिएको छ । यस प्रदेशले गण्डकी प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम प्रतिष्ठान ऐन, २०७६ र गण्डकी विश्वविद्यालयको स्थापना, व्यवस्थापन संचालन ऐन, २०७६ पारित गरेको छ । गत वर्ष मात्रै यो प्रदेशले ७ वटा कार्यविधि जारी गरी गरेको थियो । ती कार्यविधिहरू हुन्, शैक्षिक संस्था एक उद्यम कार्यविधि, २०७६। विश्वविद्यालय प्राध्यापक र विद्यार्थीहरूलाई शैक्षिक अनुसन्धानात्मक कार्यक्रम संचालन कार्यविधि, २०७६। मुख्यमन्त्री उच्च शिक्षा प्रोत्साहन छात्रवृत्ति कार्यक्रम (एमविविएस विद्यार्थीका लागि) संचालन कार्यविधि, २०७६। सामुदायिक क्याम्पसको स्तरोन्नतिका लागि पूँजीगत अनुदान कार्यविधि, २०७६। नमुना आवासीय विद्यालयमा निर्माण कार्य आरम्भ सम्बन्धी कार्यविधि, २०७६। आवासीय विद्यालय आवास संचालन एवम् व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ र दृष्टिविहीन

व्यक्तिहरूको लागि अडियो लाइब्रेरी (श्रव्य पुस्तकालय) स्थापना तथा संचालन कार्यविधि, २०७६ ।

प्रदेश ५ ले 'आधारभूत तह (कक्षा ८) उत्तीर्ण परिक्षा संचालन तथा व्यवस्थापन निर्देशिका, २०७५ कार्यान्वयन गरिरहेको छ भने कर्णाली प्रदेशले बैंक खाता छोरीको, सुरक्षा जीवन भरीको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ पारित गरी लागू गरिरहेको छ । यो कार्यविधिले परोक्ष रूपमा शिक्षासंग सरोकार राख्दछ । कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयको वेवसाइटमा अहिलेसम्म शिक्षा सम्बन्धी अन्य कुनै नीति, नियमावली वा कार्यविधि राखिएको छैन । प्रदेश ५ को सामाजिक विकास मन्त्रालयको वेवसाइट एकहप्तादेखी खुल्न नसकेकोले यहाँ नीतिगत दस्तावेजलाई अध्यावधिक गर्न पाइएको छैन ।

सुदूरपश्चिम प्रदेशले आधारभूत शिक्षा परीक्षा व्यवस्थापन निर्देशिका, २०७५ (नमुना)। एकीकृत छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७६ र सार्वजनिक तथा सामुदायिक पुस्तकालय अनुदान कार्यविधि, २०७६ पास गरी कार्यान्वयन गरिरहेको छ । कर्णाली प्रदेशका सामाजिक विकास मन्त्रालयसंग सम्बद्ध कर्मचारीहरूका अनुसार सङ्घीय शिक्षा ऐन नबनेको कारणले प्रदेशको शिक्षा नीति र ऐन निर्माणको लागि पर्खनु पर्ने अवस्था सिर्जना भएको छ ।

## स्थानीय तह

संविधानको धारा २२६ र अनुसूची ८ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को धारा १०२ ले मार्ग निर्देश गरे अनुसार गाउँपालिका तथा नगरपालिकाहरूले प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत र माध्यमिक शिक्षा, अविभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा बैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमनको जिम्मेवारी निर्वाह गर्दै आइरहेका छन् । हरेक स्थानीय तहको वेबसाइटमा समावेश गरिएको आधारमा हालसम्म बनेका शिक्षा नीति, ऐन, नियमावली, निर्देशिका वा मापदण्ड र कार्यविधि, गाउँ तथा नगर प्रोफाइल (पार्श्वचित्र) र गुरु योजना तथा आवधिक योजनाहरू तलको तालिकामा प्रस्तुत गरिएका छन् :

**शिक्षा नीति, ऐन, नियमावली, निर्देशिका वा मापदण्ड र कार्यविधि**

| शिक्षा नीति, ऐन, नियमावली, निर्देशिका वा मापदण्ड र कार्यविधि | बनाउने स्थानीय तह (पालिका) | | बनाउने नगरपालिका | | बनाउने गाउँपालिका | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| शिक्षा नीति | २ | ०.२६ | १ | ०.३४ | १ | ०.२१ |
| ऐन | १८७ | २५ | ८८ | ३० | ९९ | २२ |
| नियमावली | ११७ | १६ | ४१ | १४ | ७६ | १७ |
| निर्देशिका वा मापदण्ड | ३१ | ४ | १५ | ५ | १६ | ३ |
| कार्यविधि | १३७ | १८ | ५५ | १९ | ८२ | १८ |
| नगर वा गाउँ प्रोफाइल | ११२ | १५ | ४७ | १६ | ६५ | १४ |
| गुरु/अवधिक योजना | ८ | १ | ४ | १ | ४ | १ |

स्रोत: सबै नगरपालिका तथा गाउँपालिकाको वेवसाइट (७ भाद्र २०७७ सम्ममा अपलोड गरिएको मात्र)

हालसम्म कर्णाली प्रदेशको सानीभेरी गाउँपालिका र सुदूर पश्चिम प्रदेशको लम्कीचुहा नगरपालिकाले मात्रै शिक्षा नीति बनाएका छन् । केवल २५ प्रतिशत र १६ प्रतिशत पालिकाले मात्रै क्रमशः शिक्षा ऐन र नियमावली बनाएका छन् भने निर्देशिका वा मापदण्ड तथा कार्यविधि बनाउने स्थानीय तहको प्रतिशत क्रमशः ४ र १८ मात्र रहेको छ । माथीको तालिकाबाट के स्पष्ट हुन्छ भने प्रतिशतको हिसाबले हेर्दा नगरपालिकाहरूले ऐन धेरै (३०५) बनाएका छन् भने गाउँपालिकाहरूले नियमावली धेरै (१७५) निर्माण गरेका छन् ।

सबैभन्दा बढी संख्यामा शैक्षिक नीति तथा कानून बनाउने स्थानीय तह हो (कर्णाली प्रदेशको आठविसकोट नगरपालिका (रुकुम पश्चिम) जसले एउटा ऐन, एउटा नियमावली, ३ वटा

मापदण्ड र ४ वटा कार्यविधि पारित गरेको छ । जम्मा ६ वटा नीति, ऐन तथा कार्यविधिहरू जारी गरेर दोस्रो स्थान ओगट्ने स्थानीय तहहरू हुन् (रुकुम पश्चिमकै सानीभेरी गाउँपालिका र बागमती प्रदेशको भरतपुर महानगरपालिका (चितवन) । त्यसपछि धेरै नीति तथा ऐन बनाउने पालिकाहरू हुन् - कर्णाली प्रदेशका दार्मा गाउँपालिका (सल्यान), चौरजहारी नगरपालिका (रुकुम पश्चिम)। प्रदेश १ को सूर्योदय नगरपालिका (इलाम)। बागमती प्रदेशको बिगु गाउँपालिका (दोलखा)। गण्डकी प्रदेशको पोखरा महानगरपालिका (कास्की)। प्रदेश ५ का मुसिकोट नगरपालिका (गुल्मी) र सैनामैना नगरपालिका (रुपन्देही)। सुदूरपश्चिम प्रदेशका गौमुले गाउँपालिका (बाजुरा) र पुनर्वास नगरपालिका (कन्चनपुर) । आठविसकोट नगरपालिका र पोखरा महानगरपालिकाले मात्र ऐन, नियमावली, निर्देशिका वा मापदण्ड र कार्यविधि पारित गरी कार्यान्वयन गरीरहेका छन् ।

अहिलेसम्म ११२ स्थानीय तह (४६ नगरपालिका र ६५ गाउँपालिका) ले नगर वा गाउँ प्रोफाइल (पार्स्वचीत्र) तयार गरेका छन् । सोही प्रोफाइललाई आधार मानी प्रदेश १ का भद्रपुर नगरपालिका, दमक नगरपालिका (झापा) र सिद्धिचरण नगरपालिका (ओखलढुंगा)स प्रदेश २ को तिलाठी कोइलाडी गाउँपालिका (सप्तरी) । गण्डकी प्रदेशको पोखरा महानगरपालिकास प्रदेश ५ को परिवर्तन गाउँपालिका (रोल्पा)ले आवधिक योजना निर्माण गरेका छन् । बागमती प्रदेशका सिद्धलेक गाउँपालिका (धादिंग) र कर्णाली प्रदेशको कालीमाटी गाउँपालिका (सल्यान) ले पालिकाको समग्र गुरु योजना निर्माण गरेका छन् भने गण्डकी प्रदेशको मालिका गाउँपालिका (म्याग्दी) ले पर्यटन विकास गुरु योजना तर्जुमा गरेको छ ।

सबै पालिकाहरूको वेवसाइटको आधारमा विश्लेषण गर्दा आफूले कार्यभार सम्हालेको ३ वर्ष र ४ महिना बितिसक्दा पनि आधाभन्दा बढी पालिकाहरूले अझैसम्म शिक्षा सम्बन्धी कुनै नीति, ऐन, नियमावली, निर्देशिका वा मापदण्ड र कार्यविधि बनाउन सकेका छैनन् । तलको तालिकामा शिक्षा नीति, ऐन, नियमावली, निर्देशिका वा मापदण्ड र कार्यविधिमध्ये कुनै एक बनाउने पालिकाहरूबारे तथ्यांक प्रस्तुत गरिन्छ ।

**प्रदेश**

स्थानीय तह (पालिका) को संख्या शिक्षा ऐन, नियमावली, निर्देशिका वा मापदण्ड र कार्यविधि मध्ये कुनै एक बनाउने स्थानीय तह

| प्रदेश | स्थानीय तह -पालिका) को संस्या | शिक्षा ऐन, नियमावलि, निर्देशिका वा मापदण्ड र कार्यविधि मध्ये कुनै एक बनाउने स्थानीय तह | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | स्थानीय तह | | नगरपालिका | | गाउँपालिका | |
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| प्रदेश १ | १३७ | ७१ | ५२ | २५ | ४२ | ४६ | ५२ |
| प्रदेश २ | १३६ | ३३ | २४ | २२ | २९ | ११ | १९ |
| बागमती प्रदेश | ११९ | ७० | ५९ | २८ | ६२ | ४२ | ५७ |
| गण्डकी प्रदेश | ८५ | ४० | ४७ | १५ | ५६ | २५ | ४३ |
| प्रदेश ५ | १०९ | ५३ | ४९ | १७ | ४७ | ३६ | ४९ |
| कर्णाली प्रदेश | ७९ | ५३ | ६७ | १७ | ६८ | ३६ | ६७ |
| सुदूरपश्चिम प्रदेश | ८८ | ३९ | ४४ | १८ | ५३ | २१ | ३९ |
| जम्मा | ७५३ | ३८५ | ४८ | १४२ | ४८ | २१६ | ४७ |

स्रोतः सबै नगरपालिका तथा गाउँपालिकाको वेवसाइट (७ भाद्र २०७७ सम्ममा अपलोड गरिएको मात्र)

माथिको तालिकाबाट छर्लङ्ग दृष्टिगोचर हुन आउँछ कि ७ प्रदेशका ७५३ स्थानीय तहहरूमध्ये ३५८ (४८५) ले मात्रै शिक्षा नीति, ऐन, नियमावली, निर्देशिका वा मापदण्ड र कार्यविधिमध्ये कुनै एउटा निर्माण गरेर पारित गरेका छन् भने ३९४ पालिकाहरु (५२५) ले अहिलेसम्म केही पनि बनाउन सकेका छैनन् । केवल तिन वटा प्रदेश ( कर्णाली प्रदेश (६७५), बागमती प्रदेश (५९५)

र प्रदेश १ (५२५) मा मात्रै आधाभन्दा बढी पालिकाहरूद्वारा ऐन, नियमावली, निर्देशिका वा मापदण्ड र कार्यविधि निर्माण गरिएका छन् । प्रदेश २ को प्रतिशत अत्यन्त न्यून (२४५) रहेको छ । गाउँपालिकाभन्दा नगरपालिकाको संख्या बढी रहेको (५७५) एक मात्र प्रदेश, प्रदेश नम्बर २ मा शैक्षिक नीति निर्माणमा यस्तो नाजुक अवस्था रहनु सोचनीय छ ।

हालसम्म प्रदेश १ का प्रख्यात स्थानीय तहहरू फुङ्लिङ् (ताप्लेजुंग), देउमाई नगरपालिका (इलाम), बिर्तामोड नगरपालिका र मेची नगरपालिका (झापा), रंगेली नगरपालिका र उर्लाबारी नगरपालिका (मोरंग), इनरुवा नगरपालिका र दुहबी नगरपालिका (सुनसरी), पाखिवास नगरपालिका (धनकुटा), चैनपुर नगरपालिका (संखुवासभा), भोजपुर नगरपालिका (भोजपुर), कटारी नगरपालिका र त्रियुगा नगरपालिका (उदयपुर) तथा प्रदेश २ का सप्तकोशी नगरपालिका (सप्तरी), सिरहा नगरपालिका र मिर्चैया नगरपालिका (सिरहा), जनकपुर उप(महानगरपालिका (धनुषा), मटिहानी नगरपालिका (महोत्तरी), हरीपुर नगरपालिका र हरिवन नगरपालिका (सर्लाही), गरुडा नगरपालिका (रौतहट), निजगढ नगरपालिका (बारा) र पोखरिया नगरपालिका (पर्सा) आदि जस्ता चर्चित नगरपालिकाहरूको वेबसाइटमा शिक्षा नीति सम्बन्धी कुनै पनि दस्तावेज देखिन्न ।

यसैगरी बागमती प्रदेशका ललितपुर महानगरपालिका (ललितपुर), पनौती नगरपालिका (काभ्रे), मध्यपुर ठिमी नगरपालिका (भक्तपुर), नागार्जुन नगरपालिका (काठमाडौँ), मन्थली नगरपालिका (रामेछाप), कालिञ्चोक गाउँपालिका

(दोलखा), थाहा नगरपालिका (मकवानपुर), गजुरी गाउँपालिका (धादिंग) र माडी नगरपालिका (चितवन) आदिको वेबसाइटमा शिक्षा क्षेत्र खाली छ । साथै, गण्डकी प्रदेशका बेसिसहर नगरपालिका (लमजुङ्ग), बन्दिपुर् गाउँपालिका

(तनहुँ), कुश्मा नगरपालिका (पर्वत), कावासोती नगरपालिका (नवलपरासी -पूर्व)स प्रदेश ५ का तानसेन नगरपालिका (पाल्पा), सिद्धार्थनगर नगरपालिका (रुपन्देही), सन्धिखर्क नगरपालिका (अर्घाखाची), रोल्पा नगरपालिका (रोल्पा), नेपालगंज उपमहानगरपालिका र कोहलपुर नगरपालिका (बाँके) र बर्दघाट नगरपालिका (नवलपरासी-पश्चिम)। कर्णाली प्रदेशका बागचौर नगरपालिका (सल्यान), नारायण नगरपालिका (दैलेख), चन्दननाथ नगरपालिका (जुम्ला) र सुदूरपश्चिम प्रदेशका धनगढी उपमहानगरपालिका (कैलाली), जयपृथ्वी नगरपालिका (बझाङ्ग), मंगलसेन नगरपालिका (अछाम), अमरगढी नगरपालिका (डडेल्धुरा), दिपायल सिलगढ़ी नगरपालिका (डोटी) र दशरथचन्द नगरपालिका

(बैतडी) जस्ता प्रख्यात नगरपालिकाहरूले ऐन तथा नियमावली पारित गरेर वेबसाइट मार्फत सार्वजनिकीकरण गरेका छैनन् ।

## नीति तथा ऐन निर्माण प्रक्रियामा सरोकारवालाहरूको सहभागिता

शिक्षा क्षेत्रमा सबैभन्दा धेरै ऐन, नियमावली, मापदण्ड र कार्यविधि बनाउने कर्णाली प्रदेशको आठविसकोट नगरपालिकाका नगर प्रमुख गोर्ख बहादुर के. सी. भन्नु हुन्छ, 'हामीले शिक्षामा प्रथामिकता बढी दिएको हुनाले नै शिक्षा ऐन, नियमावलीका अतिरिक्त धेरै कार्यविधि र मापदण्ड बनाएर लागू गरिरहेका छौँ । शिक्षाको गुणस्तर सुधारको लागि १७७ जना शिक्षकहरूलाई करारमा नियुक्ति गरिएको छ । दर्जनौं विद्यालयहरू 'मर्ज' गरिएका छन् । अवैध तरिकाले संचालनमा ल्याइएका १५-१६ निजी विद्यालयहरू बन्द गरिएका छन्। एउटा नमूना विद्यालय स्थापना गरिएको छ।' शैक्षिक नीति तथा ऐन निर्माणको लागि सबै प्रधानाध्यापकहरू, व्यवस्थापन समिति तथा सरोकारवालाहरूसंग पटकपटक गोष्ठी, बैठक तथा छलफल गरिएको र बुटवल तथा काठमाडौँबाट समेत स्रोतव्यक्ति ल्याइएको बताउँदै उहाँ थप्नु हुन्छ, 'लागू गर्ने क्रममा हामीले चुनौती पनि सामना गर्नु पर्यो। सङ्घीय शिक्षा ऐन नभएको कारणले नगरपालिकाले एउटा विद्यालय 'मर्ज' सम्बन्धी मुद्धा हार्नु पर्यो । निजी विद्यालय बन्द गर्दा बिरोधको सामना गर्नु परे पनि मेहनतपूर्वक सम्झाई बुझाई गरेर शान्त पारियो । छिटोभन्दा छिटो सङ्घीय शिक्षा ऐन लागू गरियोस् ।' यो नगरपालिकाको प्रयास अत्यन्तै सराहनीय रहेको छ ।

एउटा पनि शिक्षाको ऐन तथा कार्यविधि वेबसाइटमा नराखिएकोबारे गरिएको प्रश्नको जवाफमा ललितपुर महानगरपालिकाका उपप्रमुख गीता सत्याल भन्नुहुन्छ, 'सङ्घ र प्रदेशको ऐन नबनेको हुनाले नगरको ऐनको उपादेयता कम हुन सक्ला भन्ने सोचेर नै ललितपुर महानगरपालिकाले शिक्षा ऐन नबनाएको हो । एउटा कार्यविधि चाही बनेको छ । शायद वेबसाइटमा राख्न बाँकी भएको हुन सक्छ ।'

भर्खरै आइ एम स्वेडीस डेभलपमेन्ट पार्टनर, तेरेडेश होम्स, सहकर्मी समाज, दलित विकास समाज र दलित महिला केन्द्र नेपालले संयुक्त रूपमा सङ्घ, कर्णाली प्रदेश र प्रदेश अन्तर्गतका १२ वटा स्थानीय तहमा गरेको स्वतन्त्र नीति अनुसन्धानले देखाए

अनुसार स्थानीय तहमा ऐन, नियमावली, निर्देशिका वा मापदण्ड र कार्यविधि निर्माण गर्दा शिक्षक, अविभावक, बालबालिका, नागरिक समाज, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, सम्बन्धित स्थानीय सङ्घ संस्थाहरू, स्थानीय समाजसेवीहरू जस्ता सरोकारवालाहरूको सहभागिता एकदम न्यून रहेको छ । नीति निर्माणबारे धेरै उत्साहित हुँदाहुँदै पनि नगर वा गाउँ सभाबाट कानून पास गर्ने वडाका जनप्रतिनिधिहरू समेत जारी भएका कानूनहरूबारे बताउन नसक्ने अवस्थामा रहेको पाइएको छ। साथै, उक्त अनुसन्धानमा छाता सङ्घीय शिक्षा ऐन पास हुन नसकेको कारणबाट प्रादेशिक ऐन बनाउन कठिनाई भएको र स्थानीय तहमा जारी भएका ऐन तथा नियमावलीको समेत प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको निस्कर्ष निकालिएको छ ।

नेपाल सरकारको पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६-७७ (२०८०-८१) को आधारपत्रमा 'स्थानीय तहको नीति, योजना, बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनमा सबै लिङ्ग, क्षेत्र, वर्गको समावेशी र अर्थपूर्ण सहभागितालाई सुनिश्चित गर्न कार्यविधि तर्जुमा गर्ने' कार्यनीति समावेश गरिएको छ । तथापि वार्षिक योजना, कार्यक्रम र बजेट तयार गर्ने प्रक्रियालाई सहभागीमूलक बनाइए पनि नीति तथा ऐन कानून निर्माणको समयमा आशातित रूपमा सरोकारवालाहरूको सहभागिता हुन सकिरहेको छैन । अझ बहिष्करणमा परेका महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, अल्प संख्यकहरू तथा आर्थिक रूपमा अति सिमान्तिकृतहरूको अनुभव र सुझावलाई समट्ने प्रयास झन् कम देखिन्छ। धेरै पालिकाहरूले एकचोटी जारी गरिएको ऐनको कार्यान्वयन पक्षमा बढी ध्यान दिन सकेका छैनन् भने अर्कोतर्फ त्यसको समयानुकुल संशोधन पनि गरेका छैनन्। एकचोटी नीति-नियम बनाएपछि कामै सकियो भन्ने जस्तो मनोवृत्ति सङ्घीय तहदेखि स्थानीय तहसम्म जरा गाडेर बसेको अवस्था छ। अर्कोतिर, स्थानीय तहमा शिक्षामा के कस्ता ऐन, नियमावली, निर्देशिका वा मापदण्ड तथा कार्यविधिहरू बनेका छन् त ? भन्ने प्रश्नको जवाफमा कतिपय स्थानीय तहका जननिर्वाचित प्रतिनिधिहरूले समेत 'प्रमुख प्रशासकीय अधिकृत तथा शिक्षा अधिकृतलाई सोध्नु पर्छ' भन्ने अवस्था रहेको छ ।

## निचोड

देशभरीका सबै नगरपालिका र गाउँपालिकाहरूको वेवसाइट संचालन भई नगर प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा सूचना अधिकारीहरूलाई आवश्यक पर्दा सम्पर्क गर्न सकिने अवस्था हुनु अत्यन्तै सकारात्मक कुरा हो । स्थानीय सरकारका नीति, ऐन, नियमावली, निर्देशिका वा मापदण्ड, कार्यविधि, पार्श्वचित्र, गुरु योजना, आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम लगायतका दस्तावेजहरू, सूचना, संदेश र गतिविधिहरू वेवसाइटमा हाल्ने कार्यबाट नागरिकको सूचनाको हकलाई सुनिश्चित गर्ने प्रयास भएको तथ्य स्पष्ट हुन्छ। तथापि हरेक ऐन तथा अन्य महत्वपूर्ण दस्तावेजलाई पारित तथा प्रमाणीकरण हुने वित्तिकै वेवसाइटमा अपलोड गर्ने कार्यमा तदारुकताको कमी देखिन्छ । ऐन तथा कार्यविधि बनेको दावी गर्ने तर महिनौंसम्म वेवसाइटमा केही नदेखिने अवस्था सिर्जना हुन नदिन निर्वाचित जनप्रतिनिधिहरूबाटै चुस्त ढंगले अनुगमन गरिनुपर्ने देखिन्छ ।

प्रदेश र स्थानीय तहमा ऐन, नियमावली, निर्देशिका वा मापदण्ड तथा कार्यविधि बनाउने, आवश्यकता अनुसार संशोधन गर्ने र सफलतापूर्वक लागू गर्ने कार्यमा शिक्षाको सङ्घीय छाता ऐन पारित गर्नमा भएको ढिलासुस्ती मुख्य अवरोधको रूपमा खडा भएको छ । यो निष्कर्षलाई धेरै ऐन तथा कार्यविधि बनाउने र कुनै पनि ऐन नबनाउने स्थानीय तहको अनुभव र विचार एवम् स्वतन्त्र नीति अनुसन्धान समेतले पुष्टि गरेको छ । यसलाई सम्बोधन गर्नको लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको अतिरिक्त प्रतिनिधि सभाको शिक्षा तथा स्वास्थ्य समिति र सङ्घीय सांसदहरूको समेत सक्रियता र प्रयासको खाँचो छ। सङ्घीय संसद, प्रादेशिक संसद र नगर तथा गाउँ सभाबाट पारित हुने शिक्षाका ऐनहरूको बीचमा आपसी सामन्जस्यता कायम गर्न सम्बन्धित सबैको ध्यान जानु जरुरी छ । नीति निर्माण प्रक्रियामा बालबालिका, अभिभावक, शिक्षक, प्रधानाध्यापक, स्थानीय शिक्षासेवी, गाउँ तथा नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, शिक्षक महासङ्घ र सङ्घ तथा संगठन आदि जस्ता सरोकारवालाहरूको सक्रिय सहभागिता जुटाउने सवालमा जोड दिनु अपरिहार्य छ । साथै, पारित नीति, ऐन, नियमावली, निर्देशिका वा मापदण्ड, कार्यविधि तथा गुरु र आवधिक योजनाहरू र कार्यान्वयनको बीचमा कस्तो दुरी वा अन्तर छ त भनेर विश्लेषण गर्नको लागि निकट भविष्यमा एउटा छुट्टै अध्ययन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

*(डा. कडेल शैक्षिक अनुसन्धाता तथा नीति विश्लेषक हुनुहुन्छ)*
*E-mail : sadankadel@gmail.com*

# पर्यटन विकासमा स्थानीय सरकारको दायित्व



नन्दलाल माझी

नेपालमा संसारका विभिन्न देशबाट वर्षेनी लाखौँ पर्यटक भ्रमण गर्न आउँछन् । यहाँ अनगिन्ति पर्यटन स्थलहरू भए तापनि सबैको सौँदर्य र महत्वबारे सार्वजनिक नभएकोले धेरैलाई थाहा छैन । यस्ता महत्वपूर्ण र प्राकृतिक सुन्दरताले भरिपूर्ण स्थलको सम्भार, प्रचार प्रसार, विकास र उपयोग हुन सकेको छैन । स्थानीय सरकारले यस्ता स्थललाई प्रवर्द्धन गर्न प्रयाप्त ध्यान दिएको पाईदैन । उनीहरूको अहिले भवन, बाटो, कुलो, बाँध जस्ता कार्यमा मात्र जोड दिएको पाईन्छ । कतिपय पर्यटन पूर्वाधार निर्माण भएका स्थानको पनि प्रयाप्त प्रचार र जानकारी नभएर पछाडि परेका छन् भने कतिपय ठाउँमा त स्थानीय जनतालाई समेत यस्ता कुराको प्रयाप्त जानकारी नै छैन् ।

> ‘पर्यटन विकासको लागि स्थानीय निकाय, जनप्रतिनिधि र जनतालाई चाहिएको आवश्यक तालिम, सीप दिएर क्षमता विकास गरी भौतिक पूर्वाधारको निर्माण गर्नु पर्छ ।’

स्थानीय पर्यटन विकास गर्नको लागि जनप्रतिनिधि र त्यहाँको जनताले मुख्य चासो राखेर विकासको लागि विभिन्न योजनाहरू बनाउनु पर्छ । पर्यटन विकासले हामीले प्रत्यक्ष अप्रत्यक्ष लाभ पाउँछौं । यसबाट स्थानीय उत्पादन, श्रम, सीप र साधनको सदुपयोग गरी रोजगारी वृद्धि गरी आय आर्जन गर्न सकिन्छ । जसबाट गरिबी निवारण र समृद्धि हासिल गर्न सघाउ पुग्छ । पर्यटन विकासको लागि स्थानीय निकाय, जनप्रतिनिधि र जनतालाई चाहिएको आवश्यक तालिम, सीप दिएर क्षमता विकास गरी भौतिक पूर्वाधारको निर्माण गर्नु पर्छ ।

यसलेखमा नेपालको प्रदेश १ र २ को केही धार्मिक तथा पर्यटकिय स्थलहरूको सन्दर्भमा चर्चा गरिएको छ । प्रदेश १ मा पर्ने त्रियुगा, बेलका, बराहक्षेत्र, रामधुनी नगरपालिका र कोशि तथा रैतामाइ गाउँपालिकाका कतिपय स्थलहरूको विकास र चिनारीको लागि स्थानीय सरकारहरू त्यति सक्रिय भएको पाईदैन । त्यसैगरी प्रदेश नं. २ मा पर्ने सप्तकोशी, कञ्चनपुर, लहान नगरपालिकाका र अग्निसाइर कृष्णासवरन, तिरहुत, रूपनि गाउँपालिकाले पनि पर्यटन विकासबारे खासै काम गरेको देखिदैन । त्यहाँका स्थानीय सरकारले विशेषगरि पर्यटन क्षेत्रको विकासको लागि त्यति ध्यान दिएको देखिदैन । कतिपय जनप्रतिनिधिहरू यसबारे जानकार नै नभएका र थाहा पाएका केही जनप्रतिनिधिहरूको

कुराको सुनुवाई स्थानीय सरकारले नगरेको गुनासो उनीहरूले गरेका छन् ।

प्रदेश १ र २ मा पर्यटकिय प्रचुर सम्भावना भएको स्थलहरूमा गिद्ध गया (जहाँ गिद्धहरू बुढेसकाल लागेपछि तिर्थाटनको लागि वा प्राण त्याग्न जान्छन् भन्ने भनाई छ), कृष्णासवरन (जहाँ गाइभैसी ब्याएपछि पहिले दुध चढाउने गरिन्छ) शनिमन्दिर, फुलवारी मेला (वैशाख १ गते मेला लाग्ने) शम्भुनाथ मेला, छिन्नमस्ता मन्दिर, कालो हनुमानको मन्दिर छन् । यसका अलावा सामुदायिक वन, कोशिटप्पु आरक्षण, कमलदह, नेपालको सबैभन्दा पुरानो चन्द्रनहर, रौता पोखरी, बराहक्षेत्र, चतरा र रामधुनि लगायत धार्मिक तथा प्राकृतिक सौंदर्य भएका क्षेत्र धेरै छन् । यी क्षेत्रमा घुम्न, मेला भर्न नेपाल र भारतबाट समेत लाखौ मानिसहरू आउँछन् । स्थानीय सरकारले यिनको उचित संरक्षण, विकास र प्रचारप्रसार गर्न सके आर्थिक गतिविधि बढी रोजगारी सृजना भई जीवनस्तरमा सुधार हुनेछ ।

यसै सन्दर्भमा नेपालमा पर्यटन क्षेत्रमा लामो समयदेखि लागिरहनु भएका पर्यटन विज्ञ चेतनाथ कणेलको अनुभवमा स्थानीयस्तरमा पर्यटन विकासका काम गरेको खण्डमा त्यहाँमात्र होईन समग्र देशको नै विकास हुन्छ । यसको लागि जनप्रतिनिधि र जनताको विशेष भूमिका रहन्छ । यसैगरी पत्रकार अमृत भादगाउँले प्रदेश नं १ र २ को भ्रमण गर्दा अधिकांश ठाउँमा व्यवस्थापनको कमी कमजारीहरू देखिएको बताउनु भयो । वास्तवमै स्थानीय सरकारले पर्यटन क्षेत्रलाई प्राथमिकता कम दिएको देखिन्छ । तर स्थानीय क्षेत्रको विकासको लागि पर्यटन क्षेत्रको महत्व निकै छ । त्यसैले पर्यटन विकासको लागि स्थानीय सरकार र जनप्रतिधिहरूले आगामी दिनमा विशेष ध्यान दिनु जरुरी छ ।

*(लेखक सामुदायिक विकास विशेषज्ञ हुनुहुन्छ र पछिल्लो समय समुदाय तहमा होमस्टे उद्यम प्रवर्द्धन गर्नमा तल्लिन हुनुहुन्छ ।)*

*E-mail : nlmajhi@yahoo.com*

## सहभागिताको लागि लेख रचनामा हुनुपर्ने अनिवार्य शर्तहरू

- लेख मौलिक र तथ्यपरक हुनुपर्नेछ ।
- लेख सहभागीमूलक प्रकियाको प्रवर्द्धन गर्ने खालको हुनुपर्नेछ ।
- लेख कम्प्युटर टाइपिङ्गमा प्रिति फन्टको १३/१४ साइजमा हुनुपर्नेछ ।
- नेपाली भाषामा हुनुपर्नेछ ।
- तथ्यको स्रोत स्पष्ट खुलाउनुपर्नेछ ।
- बढिमा २००० शब्दभित्र हुनुपर्नेछ ।
- लेखको साथमा लेखकको फोटो र लेखकको बारेमा संक्षिप्त जानकारी पठाउनुपर्नेछ ।
- लेख सान्दर्भिक फोटोहरुमा क्याप्सन सहित यसको स्रोत खुलाई पठाउनुपर्नेछ ।
- लेख इमेल (nepan@nepan.org.np) तथा नेपान कार्यालयमा पठाउन सकिनेछ ।
- अस्वीकृत लेख रचना फिर्ता हुनेछैन ।
- लेख रचना प्रकाशन सम्बन्धि अन्तिम निर्णय नेपानको मान्य हुनेछ ।

**थप जानकारीको लागि :**
नेपान सहभागीमूलक कार्य समूह (नेपान)
नेपान घर, दोभान टोल, सहयोगी नगर, जनता सडक
कोटेश्वर, काठमाडौं ३२, नेपाल
फोन नम्वर : ०१ ४१५४९३८
इमेल : nepan@nepan.org.np
वेभसाइट : www.nepan.org.np

# कोरोना कहरसँगसँगै कृषि विकासको रणनीति: केही सुझाव



दशरथ मोक्तान

कोरोना कहरले हामी विश्वभरकै मानिस प्रताडित बनेका छौं । सामाजिक, आर्थिक, राजनीतिक, कृषि, पर्यटन, वन, शिक्षा, यातायात, गैसस, निजी, सहकारी आदि सर्वत्र क्षेत्र यसको सिकार बनेका छन् । कोरोनाका बहुपक्षीय नकारात्मक अझै कति देखिने हुन् हेर्दै जानुबाहेक अरु विकल्प तत्कालका लागि छैन ।

जे भए पनि प्राण जोगाउनु छ । प्राणका लागि गाँस उब्जाउनु छ । किसानले मरिमेटेर काम गरिरहेका नै छन् । विपन्न किसान र आय नहुने अन्य वर्गका लागि कोरोनाले झनै दुःख दिएको यथार्थ हुँदाहुँदै पनि त्यो वर्गले कोरोना कहरबीच पनि रात दिन मेहनत गरेकै छ । तर उनीहरुलाई सरकारी, गैरसरकारी क्षेत्रबाट जति सहयोग हुनुपर्थ्यो त्यो हुन सकेको छैन । कृषिको विकासविना नेपालको विकास हुन सक्दैन भन्ने कुरा जान्दाजान्दै पनि अहिलेसम्म हामीले कृषि क्षेत्रको दीर्घकालीन र बहुपक्षीय विकासका लागि आवश्यक ध्यान पुऱ्याउन सकेका छैनौं । यस आलेखमा कृषि विकासका लागि चाल्नुपर्ने केही रणनीतिक उपायहरूका बारेमा  छलफल गर्ने प्रयास गरिएको छ ।

> ‘कोरोना महामारीका नकारात्मक प्रभावले आउँदा वर्षहरूमा खाद्यान्न संकट, भोकमरी र बेरोजगारीको महासंकट स्पष्ट अनुमान गर्न सकिन्छ । यस्तो अवस्थामा नेपालको कुल गार्हस्थमा ठूलो योगदान पुऱ्याउने, जीवन निर्वाह गर्न र राष्ट्रिय साथै औद्योगिक पूँजीको निर्माण गर्न सघाउने सबैभन्दा महत्वपूर्ण क्षेत्र कृषि हो ।’

## कोरोना प्रभाव

कोरोना महामारीको कहरबाट परेको समग्र प्रभावका बारेमा केही जल्दाबल्दा तथ्यांक प्रस्तुत गर्न चाहन्छु :

- आ. व. २०७६/७७ मा नेपालको कुल गार्हस्थ उत्पादन (जीडीपी) को वृद्धिदर २.२७ मात्र रहने अनुमान गरिएको छ ।
- श्रम मन्त्रालयको आकलनअनुसार कोरोना महामारीको कारणले खाडी र अन्य मुलुकहरूबाट करिब ४ लाख ७ हजार युवाहरू नेपाल फर्कंदैछन् । फलतः अब स्वदेशमा आउने रेमिट्यान्सको परिमाण पनि घट्ने छ ।
- केही समयअघि परेको भारी असिनाले तराईमा गहुँबालीमा क्षति पुगेको र पहाडी जिल्लाहरूमा मकैको नयाँबालीलाई किरा-फट्याङ्ग्रा (सलह आदि) ले सताएको अवस्था छ ।

- बन्दाबन्दीको कारणले यस वर्षको खेतीपातीको काममा अवरोध श्रृजना भएको छ ।
- कोरोनापश्चात्को समयमा वैदेशिक सहयोग (अनुदान, ऋण) पनि घट्ने सम्भावना छ ।
- कतिपय देशले खाद्यान्न निर्यात बन्द गरेको अवस्थामा नेपालमा त्यस्ता खाद्यान्न आयात गर्न कठिनाइ बढ्दै जाने अवस्था देखिएको छ, जसले गर्दा खाद्य-संकट आउन सक्छ।

कोरोना महामारीका यस्ता नकारात्मक प्रभावले आउँदा वर्षहरूमा खाद्यान्न संकट, भोकमरी र बेरोजगारीको महासंकट स्पष्ट अनुमान गर्न सकिन्छ । यस्तो अवस्थामा नेपालको कुल गार्हस्थमा ठूलो योगदान पुऱ्याउने, जीवन निर्वाह गर्न र राष्ट्रिय साथै औद्योगिक पुँजीको निर्माण गर्न सघाउने सबैभन्दा महत्वपूर्ण क्षेत्र कृषि हो । यसै क्षेत्रमा विदेशबाट आएका युवाहरू समेतलाई उनीहरूको जीविकोपार्जनार्थ संलग्न गराउने सम्भावना बढेको छ ।

## के गर्ने त ?

माथिका पृष्ठभूमिका साथ, एक कृषिविज्ञका हिसाबले सङ्घीय, प्रदेश तथा स्थानीय सरकारहरूबाट आ. व. २०७७/७८ र त्यसपछि पनि निरन्तर जोड दिनुपर्ने कृषि विकासका केही कौशल र रणनीतिक उपायहरू यहाँ सुझाउन चाहन्छु :

**१) भूमि व्यवस्थापनमा चुस्तता :**

हरेक प्रदेश र स्थानीय तहमा खेती नगरिएको बाँझो जमिन प्रशस्त छ । त्यसको सदुपयोग गर्नेतर्फ हाम्रो ध्यान जानुपर्छ । उदाहरणको रूपमा, प्रदेश ५ को पाल्पा र प्रदेश ४ (गण्डकी) को तनहूँ जिल्लाका करिब आधा दर्जन स्थानीय सरकारहरूले अनुदानको व्यवस्था मिलाएर बाँझो जमिनमा खेती सुरु गरेका छन् । ती किसानलाई तरकारी/फलफूल खेती गर्दा प्रतिरोपनी २ हजार रुपैयाँ र अन्नबाली खेती गर्दा प्रतिरोपनी ३ हजार रुपैयाँ अनुदान दिने गरिएको छ । माननीय कृषि मन्त्रीको मिति २०७६ चैत २४ को पत्रअनुसार सबै स्थानीय सरकारहरूलाई सूचना उपलब्ध गराइदिनको लागि लेखिएको पत्रको बुँदा (ग) मा बाँझो जमिनको उपयोग सम्बन्धमा प्रदेश सरकारको भूमिकाबारे पनि सुझाव मागिएको छ । अतः बाँझो जमिनको उत्पादनशील व्यवस्थापनमा हाम्रो जोड हुनुपर्छ । यसका लागि तत्काल गर्नुपर्ने कार्य यी हुन् :

(क) प्रदेशभित्रको बाँझो जमिनको तथ्यांक संकलन गर्ने (सबै पालिकाबाट संकलन गरी प्रदेश सरकारले तथ्यांक विश्लेषण गरी विस्तृत प्रतिवेदन तयार पार्ने) ।



(ख) प्रदेश/स्थानीय सरकारबाट 'भूमि बैंक'को व्यवस्था (सरल र सहज नीति निर्माण, सुपथ मूल्यमा भाडामा प्रयोग गर्न स्थानीय सरकारलाई सहयोग गर्ने, प्रदेश/स्थानीय सरकारको मातहतको बाँझो जमिन सहकारीमार्फत् वा समूहमा खेती गराउन युवाहरू परिचालन गर्ने । रोजगारी अभिवृद्धिको यो एउटा राम्रो उपाय हुनेछ) ।

(ग) प्रदेश तथा स्थानीय सरकारका मातहतमा रहेका जंगलका खाली भागलाई पनि वन मन्त्रालयसँग समन्वय गरी कबुलियती वन (लिजहोल्ड फरेस्ट्री) को माध्यमबाट कृषिजन्य उत्पादनमा पूर्ण सदुपयोग गर्ने ।

**२) बीउ तथा मलसम्बन्धी व्यवस्था :**

क) बीउ र मलमा विशेष अनुदान दिने । यसका लागि सङ्घीय सरकारले ठोस नियम बनाउने र प्रदेश सरकारहरूले आपसमा समन्वय गरी कार्यान्वयन गर्ने ।

ख) धान, गहुँ, मकैको बीउ उत्पादन, खरिद र भण्डारण प्रदेशले गर्ने व्यवस्था मिलाउने ।

ग) प्रदेशले आवश्यक पर्ने खाद्यान्न सुरक्षाको लागि सार्वजनिक भण्डारण (पब्लिक ओयर-हाउस) निर्माण गर्ने ।

घ) प्रदेशलाई आवश्यक पर्ने मलको भण्डारण (फर्टिलाइजर ओयर-हाउस) को निर्माण र व्यवस्थापन गर्ने ।

ङ) सरल र सहज नीति बनाई निजी कम्पनी (प्राइभेट फर्म) हरूलाई पनि मल बिक्री-वितरण गर्ने व्यवस्थामा सरिक बनाउने, जिम्मेवारी प्रदान गर्ने व्यवस्था मिलाउने ।

**३) कृषि ऋणसम्बन्धी व्यवस्थामा प्रभावकारिता बढाउने :**

गरिब किसान र युवाहरूलाई सहजरूपमा ऋण उपलब्ध गराउने नीति बनाएर स्थानीय वित्तीय संस्थाहरूलाई ऋण उपलब्ध गराउने व्यवस्था मिलाउने ।

**४) बजार प्रवर्द्धनका लागि :**

क) विभिन्न प्रचलित बालीहरूको समर्थन मूल्य तोक्न समयमै स्थानीय सरकारहरूसँग सहकार्य गर्ने ।

ख) किसानहरूले आफनो उत्पादन न्यूनतम समर्थन मूल्यमा बिक्री गर्न नसकेको अवस्थामा पनि ती उत्पादन स्थानीय/प्रदेश सरकारहरूले खरिद गर्ने व्यवस्था मिलाउने। यसो भएमा किसानको जाँगर मर्ने छैन । दुध पोख्न पर्ने छैन । तरकारीमा ट्याक्टर लाउन पर्ने छैन, बाटोमा ल्याएर फाल्न पर्ने छैन ।

**५) शीत भण्डारणको देशव्यापी अभाव पूरा गर्नेतर्फ :**

विगत वर्षमा निर्माण भई सञ्चालन हुन नसकेका शीतभण्डारहरू हरेक प्रदेशले आवश्यकताअनुसार अन्न, फलफूल, तरकारी आदि भण्डारण गर्न सञ्चालन गर्ने, साथै आवश्यकताअनुसार थप शीत भण्डारण निर्माण, व्यवस्थापन/सञ्चालन गर्नेतर्फ जोड दिने । यस कार्यमा सानो स्केलका शीतभण्डार हरेक पालिका र वडामा पनि हुनु जरुरी छ । स्थानीय सहभागिता र योगदान प्रवर्द्धन गरी यी कार्य गर्न सकिने छ ।

**६) बीमा (बाली तथा पशुपक्षी) :**

क) बीमा कम्पनीहरूको सेवा लिन सहज प्रणालीको व्यवस्था गर्ने । किसानलाई कुनै झञ्झट आइनपरोस् भन्नेमा सबै तहका सरकारले जोड दिने ।

ख) बीमा कम्पनीहरू ग्रामीण समुदायमा पुगेर सेवा दिने व्यवस्था मिलाउन स्थानीय सरकारको समेत लगानी र अगुवाइ गराउन प्रदेश सरकारको भूमिका बढाउने ।

ग) बीमा कार्यक्रममा बढीभन्दा बढी किसानको सहभागिता कसरी हुनसक्छ भन्ने कुरामा विभिन्न सञ्जाल संस्था, गैसस तथा सहकारीले पनि सहयोग गर्ने ।

घ) नेपानजस्ता सहभागमूलक अनुसन्धानमा विशेषज्ञता हासिल गरेका संस्थाले त्यसको कभरेज र प्रभावकारिताको बारेमा समय-समयमा सहभागीमूलक अध्ययन गरी तीनै तहका सरकारहरूलाई नीतिगत पृष्ठपोषण दिने कार्य गर्ने। विज्ञहरूलाई परिचालन गरी त्यसमा थप सहजीकरण पनि गर्ने ।

**७) कृषि पर्यटन प्रवर्द्धन गर्नमा जोड दिने :**

हरेक प्रदेश र स्थानीय तहमा रहेका पर्यटकीय आकर्षणका केन्द्रहरू र अन्य सम्भावित क्षेत्रहरूमा होमस्टेको व्यवस्था मिलाउन सहयोगी कार्यक्रमहरू तयार पार्ने । ग्रामीण पर्यटनलाई बढीभन्दा बढी कृषि व्यवसायसँग आबद्ध गरी किसानको बहुमुखी आय बढाउने उपाय अवलम्बन गर्ने ।



**निष्कर्ष :**

कोरोनाको महामारीले दैनिक श्रम गरी खाने श्रमिकवर्गसमेतलाई ध्यान दिई निर्वाहमुखीदेखि यान्त्रिकीकरणमा आधारित खेती प्रणाली गरी खाद्यान्नमा आत्मनिर्भर हुनसके त्यसपछिका वर्षहरूमा कृषि विकासको दीर्घकालीन लक्ष्य हासिल गर्नेतर्फ अघि बढ्न सकिने छ। विदेशबाट फर्कने युवाहरूलाई कृषिमा आकर्षित गर्नका लागि यानित्रकीकरण अति जरुरी छ । उनीहरूले विदेशबाट कृषिको अनुभव लिएर फर्केको भए त साह्रै राम्रो भयो, होइन अरु क्षेत्रको अनुभव छ भने पनि कृषि व्यवसायमा कसरी जोडिन सक्छन् भन्ने कुरामा राम्रोसँग सोधखोज र विश्लेषण गरी अगाडि बढ्नुपर्छ । यी कार्यका लागि हाल प्रदेश, कृषि ज्ञान केन्द्र र पालिकामा रहेका कृषि प्राविधिकहरूलाई उत्साहित र प्रोत्साहित गरी 'उत्तम खेती ......' भन्ने अवधारणालाई सबै मिलेर अघि बढाउनुपर्छ । कोरोनाले गर्दा विश्वभर नै 'उत्तम खेती .....' को अवधारणा, आधार र विश्वास अझ बलियो भएर आइरहेको छ । जय कृषि, जय किसान !

*(नेपानका आजीवन सदस्य लेखक मोक्तान कृषि विकास रणनीति विज्ञ हुनुहुन्छ र हाल प्रदेश नं. १ को कृषि विकास मन्त्रालय विराटनगरमा कार्यरत हुनुहुन्छ ।)*

*E-mail : dasarathmoktan@gmail.com*

# कौसीखेती- असल 'कृषि पाठशाला' : स्थानीय सरकारको प्रोत्साहन जरुरी



प्रा.डा. धर्मराज डङ्गोल

विश्वव्यापी महामारी कोरोना (कोभिड-१९) का कारणले चैत्र ११ देखि नेपालभरि लकडाउन भयो । लकडाउनमा घरमै थुनिनु परेपछि केही सिर्जनात्मक काम गरूँ भन्ने भावना पलाइरहेको थियो । आफ्नो विशेष दिलचस्पी कृषि र वनस्पतिमा भएकोले फुर्सदको सदुपयोग गर्दै कौसी बगैँचा बनाऊँ-बनाऊँ जस्तो लागेको हो ।

मेरो घरमा पनि कौसी छ । मेरो कौसीमा के छ भनेर अझ नजिकबाट नियाल्न गएँ । मेरी श्रीमतीले धेरै माटोका गमलामा फूल लगाएकी रहिछन् । गुलाफ, ज्ञानमय्जु, जर्मिन फूल, तुलसी, बाबरी, दुबो, भ्यागुते फूल, पिटुनिया आदि आदि पूजा गर्नलाई व्यवस्था गरेका फूलहरू रहेछन् । मुन्तला र अम्बा पनि पछि थपिएका रहेछन् । फूलमा थप्नुपर्ने धेरै देखिएन । तर तरकारी र फलफूल थप्नुपर्ने महसुस भयो ।

> कौसी बगैंचा मलाई राम्रो पाठशाला जस्तै लाग्छ । मेरो सिकाइ केन्द्र हो त्यो ।

केही थप गमला किनेर ल्याएँ, र फेसबुकमा कौसी बगैँचा बनाउने मेरो पनि इच्छा भएको क्याप्सन राखी पोष्ट गरेँ । केही समयभित्रै ४२५ लाइक पाएँ । मलाई हौसला भयो, केही गर्ने मन भयो । गर्न त गर्ने, तर के के गर्ने ? कसरी गर्ने ? राम्रो मेसो थिएन ।

### जहाँ इच्छा, त्यहाँ उपाय !


यूट्युब हेर्न थालेँ, भर्मी कम्पोष्ट (गड्यौँले मल) बनाउने विधि चितवनको फूलबारीको प्राङ्गारिक कृषक चन्द्रप्रसाद अधिकारीजीसँग सोधेँ । मेरो रामपुर क्याम्पसको स्नात्तकोत्तरको मेरो विद्यार्थी कविता खरेलले लेखेको लेख पनि पढेँ । तर लकडाउन भएको बेला गड्यौँला कहाँबाट पाउने, कसरी ल्याउने सम्भव नभएको जस्तो लाग्यो । अनि कसरी कम्पोष्ट बनाउन सकिन्छ भनेर यूट्युबबाट नै सिकेँ । कौसी खेती तालिम दिने शेषनारायण महर्जनजीले पनि आफूसँग भएको कुनै पनि भाँडोमा मल बनाउन सकिन्छ भन्नु भएको सम्झेँ । मेरो पालोमा छोराको प्लाइउडको स्पिकरको भाँडोबाट स्पिकर निकालेँ । अनि त्यसै भाँडोमा भान्छा कोठाको जैविक फोहोरबाट मल बनाउन थालियो । गमलाहरूमा पनि मल बनाउन थालियो । यसरी बनाउँदा राम्रो मल बन्न दुई-तीन महिना लाग्ने पनि थाहा भयो ।

श्रीमतीले बिहान र बेलुका पूजा गर्दाका फूललाई व्यवस्थापन कसरी गर्ने भनेर पनि सोच्न थालेँ । लकडाउनको समयमा फोहोर लिन नआउने, गन्हाउने समस्या साथै लिन आएको बेला मूल बाटोसम्म लगेर दिन जानु पर्ने । आफूलाई कौसी बगैँचाको लागि पनि मल छिटो छिटो चाहिने । के उपाय होला भनी सोचेँ, भिडियो क्लिप हेर्न थालेँ । झोलमल बनाउने विधि पनि थाहा पाएँ ।



एक बिहान डेरी पसलबाट दूध किनेर फर्केको बेला धाराको टुटी किनेर ल्याएँ, श्रीमतीसँग एउटा बकेट मागेँ, तरकारी छान्ने प्लास्टिकको टोकरी मागेँ । श्रीमतीले टोकरी होइन म:म: बनाउने प्वाल भएको पुरानो प्लेट दिइन् । बकेटमा धारा जडान गरेँ । प्वाल परेको प्लेट आइसक्रिमको कपमाथि राखेँ । एउटा कागज प्लेटमा राखेँ । पूजा गरिसकेको फूलहरु राखेँ, बकेटमा बिर्को राखेँ । दुई हप्तापछि झोलमल तयार भयो । फेसबुकमा सेयर गरेँ, लाइक पनि आयो र कमेन्ट बक्समा 'झोलमल बनाउन सिक्ने इच्छा छ, सिकाइदिनुस्' भनेर चाहना पनि व्यक्त हुन थाले । खुसी लाग्यो- नयाँ कौसीखेती गर्ने कुरामा पनि आफूले गरेका कुरा साट्न पाउने भएकोमा ।

गमला अलि कम भयो, अनि पेटुनिया लगाएको गमलामा तनेबोडी रोपेँ, मुन्तला लगाएको भाँडो पनि तनेबोडी रोपेँ, । अम्बा लगाएको ड्रममा तीतेकरेला र भिण्डी लगाएँ । साथै गुलाफ लगाएको गमलामा भिण्डी लगाएँ, अर्को गमलामा भिण्डी र तीतेकरेला लगाएँ । मल नपुगेर गुलाफ राम्ररी नफुलेको, कम्पोष्ट मल, झोल मल पनि कमी भएको बेला फेरि युटुयुबमा भिडियो क्लिप हेरेको केराको बोक्राको झोल मल बनाउने तरिका थाहा पाएँ । त्यसै गरेँ । मल बनाएर गुलाफमा राखेँ । त्यही झोल मल मैले मेरा मायालु नाति-नातिनालाई जुस (सर्बत) दिएको जसरी तनेबोडी, भिण्डी र तीतेकरेलामा पनि अलिअलि राखेँ । अनि ठूल्ठूला राम्रा राम्रा रातो र पहेँलो गुलाफ फुल्दा मैले मात्र हेरेर चित्त.नबुझेर फेसबुकमा सेयर गरेको थिएँ । साथै लामा लामा फलेको भिण्डी र लटरम्म फलेर





झुमेको तनेबोडीको मेरो सेयरले मेरा फेसबुक साथीहरूलाई कौसीखेती गर्नमा उत्साह प्रदान भएको महसुस भएको थियो । तनेबोडी पनि, तीतेकरेला पनि अनि भिण्डी पनि फित्ताले नापेँ । तनेबोडी निकै लामा लामा सर्लक्क परेका फले । टेपले लम्बाइ नापेँ । ६९से.मी.सम्म लामा बोडी फलेको पाएँ । तिनै अर्गानिक तनेबोडीका बारेमा मेरा मित्र चेतनाथ कणेल 'हरित'ले त एउटा कविता नै लेखेर मेरो टाइमलाइनमा राखिदिनुभएछ । म झनै उत्साहित भएँ । कौसीमा फलेको त्यो बोडीको तरकारी, गोलभेडा मिसाएर बनाएको भिण्डीको अचारसँग भात खाँदा अर्गानिक तरकारी र अचारको स्वाद कस्तो हुन्छ भनेर मिठो अनुभव गर्न पायौँ ।

## घरघरमा पाठशाला !

कौसीमा आफैँले उमारेर, पकाएर खाँदाको मजा बेग्लै हुँदो रहेछ । यो कुराको अनुभूति गरेँ मैले पनि । कौसीखेतीप्रतिको इच्छाशक्ति बलियो हुँदै गयो । थप सिक्न जाँगर चल्दै गयो । अनि छिमेकी र साथीहरूको कौसी हेर्ने मेरो इच्छा थप पलायो । अनि कीर्तिपुरका समाजसेवी राममानजीको कौसी बगैँचा पनि हेर्न गएँ, हनुमानघाटको रामनारायणजीकोमा पनि र नानी मिसको पनि लकडाउनपछि स्थापना गरेको कौसीखेती हेर्न गएँ । कीर्तिपुरकै बाघभैरव मन्दिरनजिकका बीरबहादुर दाइको कौसीखेती पनि हेर्न गएँ । उहाँको कौसी बगैंचा मलाई राम्रो पाठशाला जस्तै लाग्छ । मेरो सिकाइ केन्द्र हो त्यो । त्यहाँ लटरम्म फलेको गोलभेडा र खुर्सानी, थरीथरीका फूलहरु, सेडम फूललाई त उहाँले कोकको बोटल टपमा झुन्ड्याएर फुलाइरहेको दृश्यले मनलाई लोभ्याइहालेको थियो । कुनै

कुनै बोटहरु लेयरिङ्ग गरिराखेको खरको बोटको कलमी बनाई राखेको, साथै राम्रा राम्रा फूलहरुलाई कीर्तिपुरको मन्दिरको आँगनमा आफ्नो घरको पेटी राम्रो बनाउन फूलका धेरै बेर्ना बनाइराखेको देखाउनु भयो । उहाँले बिन कम्पोष्टमा मल बनाएको, अन्डाको बोक्रालाई धुलो बनाइराखेको, केराको बोक्रा सुकाएर मिक्सचरबाट धुलो बनाइ राखेको पनि देखाउनु भयो । अनि उहाँको कौसीखेतीको ज्ञान, सीप र प्रविधिलाई कीर्तिपुर नगरपालिकाले र कौसीखेती गर्न इच्छुक व्यक्तिले र संस्थाले सदुपयोग गर्न जरुरी भएको महसुस हुन्छ । यो लेख हाम्रा मेयर-उपमेयरले पढ्नुभयो भने उहाँको ज्ञान सीप प्रविधि पक्कै यो ठाउँको लागि काम लाग्ने छ ।

अनि लकडाउन हल्का खोलेको बेला असार ६ गते म, राम भाइ र ठेचोको मञ्जु भई स्वयम्भूको सानुमैयाँ महर्जनको घरमा गयौं र उहाँको परिवारको काम बुझ्यौं । हाम्रो मन छोयो । तपाईंहरूलाई पनि बताउँछु ।

उहाँको घरको आँगनमा ठूलो २४ हजार लिटर अट्ने पानी ट्याङ्की बनाएको छ । उहाँहरुले ८० हजार देखि ९० हजार लिटर आकाशे-पानी संकलन गर्नुहुँदो रहेछ । संकलित पानी छानेर औषधी राखी प्युन पनि प्रयोग हुन्छ । लुगा धुन, नुहाउन र अन्य काममा पनि प्रयोग हुन्छ । उहाँहरूले आकाशे-पानी थापेर पानी किन्ने थुप्रै पैसा जोगाउनु हुन्छ, वर्षको १० महिनासम्म यस्तो पानी पुऱ्याउनुहुन्छ ।

घरको पछाडि ६५ वर्गफिटको ४/५ फिट अग्लो सानो ठाउँमा गड्यौंला मल पनि बनाउनु हुन्छ । वर्षभरि १० टन जैविक फोहोरबाट १ टन भर्मि-कम्पोष्ट मल बन्दोरहेछ । प्रतिकिलो ३ हजारका दरले ६० किलो जति गड्यौंला बिकी गर्नुहुन्छ । अनि प्रतिकिलो ५० का दरले एकहजार किलो भर्मि-कम्पोष्ट बेच्नु हुन्छ । सानुमैयाँ काठमाडौं महानगरपालिकामा वातावरण शाखाको अफिसर, उहाँको छोरा स्नाकत तह व्यवस्थापनको विद्यार्थी, उहाँको श्रीमानले प्लम्बिङ्ग पेशा गर्नुहुन्छ, ससुरा बा घरको काम गर्नुहुन्छ । आँगनमा ब्लक छापेको छ, विभिन्न ब्याग र क्रेटमा खुर्सानी, भिण्डी, फर्सी र अन्य तरकारी खेती गर्नुहुन्छ । उहाँको ससुरा बाले घर हेर्दा हेर्दा भर्मि-कम्पोष्टिङ्ग र तरकारी खेतीले महिनाको १७ देखि ३५ हजारसम्मको आम्दानी हुन्छ भनेर गर्वका साथ सानुमैयाँ सुनाउनुहुन्छ । उहाँहरू घरमा सधैं मिलेर काम गर्नुहुन्छ । सानोजस्तो लाग्ने तर ज्यादै मननयोग्य र सिक्नलायक काम छ उहाँहरूको परिवारको । ससुरा बाको उहाँलाई अति चिन्ता छ । 'हरेक क्षण व्यस्त हुन जरुरी छ', भन्नुहुन्छ सानुमैयाँ । समय सदुपयोगको साथसाथै अलिअलि पुग्ने गरी व्यायाम पनि हुने, घरको आवश्यकता पनि टर्ने, केही पैसा पनि कमाउन पाइने र समाजमा पनि घरकै प्रतिष्ठा बढ्ने उहाँको अनुभव छ । उहाँहरुको घर पनि एउटा राम्रो 'पाठशाला' लाग्यो ।

'कौसीखेती : असल कृषि पाठशाला' भनेर मलाई अब लाग्न थालेको छ । सहरी क्षेत्रमा यो अति जरुरी पनि छ । मैले यो कृषि पाठशालामा आफूले पनि नौला नयाँ कुरा सिक्दै सिकाउँदै जान जरुरी छ भन्ने लागेको छ । साथै मलको प्रभावकारिता वैज्ञानिक तरिकाबाट अध्ययन र परीक्षण गर्न आवश्यक छ । त्यसैले अब स्कूल, कलेज र विश्वविद्यालयका विद्यार्थीहरूलाई कौसीखेतीको बारेमा सिकाउन जरुरी छ । साथै, अनुसन्धान पनि गर्न गराउन आवश्यक छ । धेरैभन्दा धेरै नयाँ कुराहरुलाई सेमिनार र लेख-रचनामार्फत् धेरै व्यक्ति र संस्थासमक्ष पुऱ्याउन आवश्यक छ ।

## निष्कर्ष

कौसीखेतीको मर्मलाई आत्मसात गर्दा अब मैले पनि मेरो सिकाइ पत्रकार, अध्ययनकर्ता, अनुसन्धानकर्ता र विद्यार्थीहरू एवम् साहित्यकारहरूसँग मिली कलम चलाउने बेला भइसकेको छ । अन्य माध्यमबाट आफूमा भएका ज्ञान, सीप र प्रविधि साट्न पनि थाल्नुपर्ने बेला आइसकेको मलाई महसुस भएको छ ।

यी सबै कार्यमा स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार हरूको अहम् भूमिका छ । अझ स्थानीय सरकारको दायित्व बढी छ । कौसीखेतीवाल, अध्ययन अध्यापन गराउने प्राज्ञिक संस्था, अनुसन्धान संस्था र अन्य गैरसरकारी संस्थाहरूबीच हातेमालो गराई सरकारी पहलबाटै कौसीखेतीलाई संवर्द्धन र प्रवर्द्धन गर्ने बेला हो यो । समयले यो कुरा मागिसकेको छ ।

हामीहरूले पनि ठाउँ हुनेले कौसीलाई आफ्नो कर्मथलो बनाई घरको लागि, आफ्नो ज्यानको लागि, मन शान्तिको लागि कौसीमा खेती गरौं, स्वस्थकर तरकारी फलफूल उब्जाऔं । अर्गानिक पौष्टिक खानाको जोहो गरौं । यसमा सबैको कल्याण छ ।

*(नेपानका आजीवन सदस्य लेखक डा. डङ्गोल त्रिभुवन विश्वविद्यालयका पूर्व प्राध्यापक हुनुहुन्छ र प्राङ्गारिक सवाल, स्थानीय वनस्पति तथा नवप्रवर्तन पहल, सहभागीमूलक संग्रहालय व्यवस्थापनजस्ता विषयका अनुसन्धाता तथा प्रवर्द्धक हुनुहुन्छ ।)*

*E-mail : drdangol@gmail.com*

# सङ्घीयता र स्थानीय शासन सुदृढीकरणमा प्रदेश तथा स्थानीय सरकारहरूको अपेक्षित भूमिका



विष्णु न्यौपाने

‘विकास निर्माण र सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाइ देशलाई समृद्ध बनाउने अभियानलाई यथार्थमा परिणत गर्न जनप्रतिनिधिहरूसंगै राष्ट्रसेवक कर्मचारीको लागि कोरोना महामारीले सृजित नवप्रवर्तन सुरुआतिको विषम परिस्थिति चुनौती र अवसर दुवै हो ।’

नेपालको संविधान २०७२ ले जनताको सार्वभौमिकता, मानवअधिकार, स्वतन्त्रता, मर्यादा र सबै नागरिकको अर्थपूर्ण सहभागिताको रक्षा गरी समान हितको लागि कानूनको कार्यान्वयनको आधार दिएको छ । नेपालको संविधानमा सङ्घीय शासन व्यवस्थामा तीन तहका संरचनात्मक सरकारहरूमा स्वतन्त्रतासहितका शक्ति र कार्यको विकेन्द्रीकरणले विकासका अवसरहरूका साथै चुनौतीहरू पनि सिर्जना गरेको छ । यसबाहेक, कोरोना महामारीले सृजित नवप्रवर्तन` सुरुआतको अवधारणाका कारण जनप्रतिनिधि, सरकारी कर्मचारीहरूले झन प्रभावकारी सेवा वितरणलाई वैकल्पिक नयाँ क्षितिजको रूपमा सोच्न बाध्य तुल्याएको छ, जुन सिद्धान्तहरू अन्तरसरकारी संयन्त्रको सहयोग, सहअस्तित्व र समन्वयका साथ सपन्न गर्नुपर्दछ जसले प्रादेशिक पूर्वाधार र आर्थिक समृद्धिलाई साकार बनाउन मद्दत पुग्दछ ।

त्यस्तै राष्ट्रिय योजना आयोगको १५ औं योजनाले विकसित गरेको दृष्टिकोण पत्र, नेपालको दिगो विकास लक्ष्य, सङ्घीयसरकारको योजना र बजेट मार्गदर्शनसहित सङ्घीय प्रणालीलाई आत्मसात् गरि नागरिकका लागि सेवाप्रवाह, विकास व्यवस्थापनमा पहिलेभन्दा अझ प्रभावकारी रूपमा कार्यसम्पादन गर्ने जिम्मेवारीलाई दिशानिर्देशन गर्दछ ।

नेपालको संविधान (२०७२) को धारा ३०६ उपधारा १ खण्ड (ढ) अनुसार स्थानीय तहको परिभाषामा जनताको नजिकबाट स्थानीय क्षेत्रको प्रशासनिक कार्य, विकास निर्माण तथा शान्ति सुरक्षा सञ्चालन तथा व्यवस्थापन गर्ने निकायनै हो र स्थानीय तह भन्नाले गाउँपालिका एवम् नगरपालिका र जिल्ला सभालाई सम्झनुपर्छ भनिएको छ । हाल ७ प्रदेश अन्तर्गत ६ महानगरपालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिका गरी ७५३ वटा स्थानीय तह छन् ।

स्थानीय तहमा पनि केन्द्रमा जसरी कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका (न्यायिक समिति) को संरचना रहने व्यवस्था संविधानले गरेको छ जसले स्थानीय तहको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि कोसेढुङ्गा सावित हुने विश्वास गरिएको छ । जनताद्वारा

निर्वाचित जनप्रतिनिधिहरूले स्थानीयस्तरमा स्वतन्त्ररुपले काम गर्न पाउने अधिकार संविधानको धारा ५७ (४) मा स्थानीय तहको अधिकार अनुसुची ८ मा संविधानले (स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा पनि) व्यवस्था गरिएको छ (बक्स १ मा हेर्नुहोस्) जुन गाउँसभा वा नगरसभाले बनाएको कानून बमोजिम हुने भनिएको छ। प्रदेश र केन्द्रमा भन्दा बढी स्थानीय तहमा विशिष्ट खालको स्वायत्तता र अधिकार छ। यि अधिकारको व्यवहारिक रूपमा कति प्रभावकारी तरिकाले जनताले उपभोग गर्न पाएका छन् भन्ने कुराको "लिट्मस टेस्ट" हुन भने जरुरी छ।

## विकास तथा सुशासन व्यवस्थापन र योजना तर्जुमाको प्रक्रिया

संविधानअन्तर्गत स्थानीय तहको अधिकारको सहि प्रयोग गर्न प्रदेश तथा स्थानीय सरकारले ध्यानमा राख्नुपर्ने एक महत्वपूर्ण पक्ष भनेको विकास व्यवस्थापन हो। यो विकासको सन्दर्भमा कुनै पनि प्रकारको कार्य प्रयासहरूको लक्ष्य प्राप्त गर्नका लागि पारदर्शी र समावेशी उन्मुख रणनीतिहरूमा आधारित मध्यस्थता वा व्यवस्थापन हो। कूल ग्राहस्थ उत्पादन र प्रतिव्यक्ति आयमा वृद्धि सँगसँगै सामाजिक विकासको आवश्यकतालाई जोड दिदै महिला तथा सीमान्त वर्ग समेतको सहभागीमूलक समावेशी विकास, दिगो विकास र पर्यावरण, गरिबी निवारण, सामाजिक आर्थिक असमानता, गरिबी र बेरोजगारीको सम्बोधन गर्ने बहुआयामिक विषय नै विकास व्यवस्थापन हो भन्ने बुझ्नुपर्दछ।

यसै क्रममा प्रदेश सरकारले विकास नीतिलाई एक प्रक्रियाको रूपमा लिनुपर्दछ जुन आफ्नो क्षेत्रमा रहेका विकास साझेदारहरूलाई एकिकृत गर्दै विकासको क्रममा हुने जटिलताहरूको मूल्यांकनको आवश्यकतालाई औंल्याउनु पर्दछ जुन विकास व्यवस्थापनको लागि एक नवप्रवर्त सुरुआतिको विन्दु सावित हुन सक्छ।

**बक्स १**

संविधानअन्तर्गत स्थानीय तहको अधिकार सूची

१. नगर प्रहरी
२. सहकारी संस्था
३. एफ.एम सन्चालन
४. स्थानीय कर स्थानीय कर, सेवा शुल्क तथा दस्तुर
५. स्थानीय सेवाको व्यवस्थापन
६. स्थानीय तथ्याङ्क र अभिलेख संकलन
७. स्थानीयस्तरका विकास आयोजना तथा परियोजनाहरू
८. आधारभूत र माध्यमिक शिक्षा
९. आधारभूत स्वास्थ्य र सरसफाई
१०. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता
११. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिचाई
१२. गाउँसभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
१३. स्थानीय अभिलेख व्यवस्थापन
१४. घरजग्गा धनी पुर्जा वितरण
१५. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी
१६. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन
१७. वेरोजगारको तथ्याङ्क संकलन
१८. कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण
१९. खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा
२०. विपद् व्यवस्थापन
२१. जलाधर, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षर्ण र विकास
२२. भाषा संस्कृति र ललितकलाको संरक्षण र विकास

**स्रोत : स्थानीय सरकार सञ्चालन एने, २०७४**

विकास व्यवस्थापन मुद्दाहरूको सन्दर्भमा, स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गर्न प्रदेश तथा स्थानीय सरकारलाई निम्न चुनौतीहरूमा केन्द्रित गर्न सकिन्छ तर यसैमा सीमित भने हुँनुहुँदैन।

१) विकासको संदर्भमा स्थानीय र राष्ट्रिय अन्तर्राष्ट्रिय तथा गैरसरकारी संस्थाका साथै नागरिक समाजका विज्ञहरूसहित विकासको व्यवस्थापनका मुद्दालाई स्पष्टरूपमा सम्बोधन गर्ने प्रदेशस्तरिय राजनीतिक एवम् संगठनात्मक संयन्त्रको प्रवाभकारी पालना तथा विकास नहुनु।

२) भौतिक पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य, कृषि, पशु सेवा, महिला विकास, सामाजिक सुरक्षा, न्यायिक कार्य, योजना अनुगमन, मूल्यांकन तथा कार्यान्वयनलगायत महत्वपूर्ण जिम्मेवारी वहन गर्न दरबन्दीअनुसार दक्ष जनशक्ति कर्मचारी अभावका कारण योजना कार्यान्वयनमा चुनौती देखिएका छन्।

३) परियोजना डिजाइन, व्यवस्थापन र मूल्याङ्कनमा स्रोत निर्भरताको अवधारणाका आधारमा स्रोत पारिचालन तथा पृष्ठपोषण नीति बनाएर विकास परियोजनालाई आत्मनिर्भरमुखी व्यवहारिक अवधारणाको कमि हुनु।

४) उपयुक्त अनुसन्धान वा अनुसन्धान विधिहरूको ज्ञानको साथ नीजिक्षेत्रको साथमा आर्थिक र सामाजिक नीति विश्लेषण तथा यथार्थतामा वसाई सराई नीति

अवलम्बन गरी सो अनुरुप उपयुक्त पूर्वाधारको विकासगरि जनतामा चुस्त सेवा प्रवाह गर्ने सन्यन्त्रको व्यवस्थापन गर्न नसक्नु ।

५) सङ्घीयताको सिद्धान्त र संयन्त्रमा निर्वाचित अधिकारी र सरकारी कर्मचारीको समभ्रुदारी बढाउने तथा प्रदेश सरकारसँग आवश्यक सीप भएका कर्मचारीहरू छन् भन्ने कुरा सुनिश्चितताका लागि क्षमता विकास रणनीति बनाउनु नसक्नु ।

६) स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिसँग अधिकार, वित्तिय व्यवस्थापन र स्रोत परिचालनबारे विद्यमान अन्योलताले संविधानद्वारा प्रदान गरिएको अधिकार अनुरूप आवश्यक ऐन, नियमहरू निर्माण गरी प्रतिनिधि र कर्मचारीको कार्य सम्पादनमा चुनौती देखापर्नु ।

७) प्रदेशस्तरिय विकास कार्यलाई विकास व्यवस्थापनको सिद्धान्त, नीति र तर्कसंगतमा आधारित भई जातीय, धार्मिक, सांस्कृतिक तथा भौगोलिक विविधतालाई सम्बोधन गरी जनताका अपेक्षा पूरा गर्न जननिर्वाचित प्रतिनिधिहरूलाई चुनौती हुनु ।

**बक्स २: स्थानीय योजना प्रक्रियाका सात चरण**

चरण १: सङ्घीय सरकारबाट बजेट र दिशानिर्देशन

चरण २: स्रोत र सीमित क्षेत्रहरूको आकलन

चरण ३: गाउँहरूमा योजना, गाउँस्तरबाट गतिविधिहरूको छनौट ।

चरण ४: वार्ड कमेटीले योजना छनौट । (वार्डस्तरमा गतिविधिहरूको प्राथमिकता)

चरण ५: बजेट र कार्यक्रम निर्माण समितिको बैठक (एकीकृत बजेट र कार्यक्रम निर्माण)

चरण ६: गाँऊर नगरपालिकामा छलफल र योजनाको अनुमोदन (कार्यक्रम र बजेट) र विधानसभामा पेश।

चरण ७: गाँऊरनगरपालिका सभाले योजना (कार्यक्रम बजेट) र अनुमोदनको बारेमा छलफल ।

राष्ट्रिय नीति र लक्ष्यका आधारमा प्रदेश योजना तर्जुमाको चरण स्थानीय तह स्तरबाट र राष्ट्रिय योजना तर्जुमाको चरण प्रदेश तहबाट सहभागीमूलक योजना प्रक्रियाको रूपमा सात चरणको प्रणालीलाई (बक्स २ मा हेर्नुहोस् आधारभूत विकास स्तम्भ मानि विभिन्न व्यक्तिको अधिकार, छनौट र आवाजलाई मूलधारमा लैजानको निम्ति सार्वजनिक सेवा प्रवाहको प्रावधानमा बढी उत्तरदायित्व र पारदर्शिताका साथ जनताको घरदैलोमा पुग्नुपर्छ।

सहभागीमूलक योजना प्रक्रिया आफै सङ्घीय, प्रान्तीय र स्थानीयस्तरको विकास उद्देश्य, प्राथमिकता र दीर्घकालीन योजनाहरूमा आधारित हुन्छ, मुख्यतया गरिबी न्यूनीकरण, आधारभूत स्वास्थ्य, शिक्षा र पूर्वाधार विकास, सामाजिक र आर्थिक रूपमा जीविकाका अवसरहरू वृद्धिमा जोड दिन्छ जसले अन्तर्राष्ट्रियस्तरमा गरिएको प्रतिबद्धता, दिगो विकास लक्षहरूको लक्ष भेट्टाउन सहयोग गर्दछ ।

सरोकारवालाको बहस र विज्ञहरूको अनुसन्धानले नेपालमा स्थानीयस्तरमा सहभागीमूलक योजना प्रक्रियाको अवस्था परिकल्पना गरिएको जस्तो प्रभावकारी नभएको देखिन्छ। यसका प्रमुख कारणमा स्रोतको उचित बाँडफाँड, इच्छाशक्ति, क्षमताका साथै राजनीतिक नेता र प्रशासकहरूको जवाफदेहिता, जनताको अर्थपूर्ण संलग्नताहरूमा चासो नहुनुनै स्थानीय शासनको प्रभावकारिता र सामुदायिक विकासको अवरोध हुन् ।

## क्षमता विकासको अपरिहार्यता

प्रदेश तहको विकास तथा सुशासन व्यवस्थापनका लागि क्षमता विकासहेतु निम्न बुँदागत कुराहरूमा जोड दिन सकिन्छ ।

१) विकास व्यवस्थापनमा जनताको भविष्य निर्धारण गर्ने नीति, कार्यक्रम र परियोजनाहरूमा सहभागीमूलक प्रक्रियाद्वारा लैङ्गिक तथा सामाजिक सशक्तिकरणमा जोड दिदै राज्य, निजी वा गैरसरकारी संस्थाहरूको जवाफदेहीता बढाउन सक्रिय नागरिक संगठन, राजनीतिक दल, स्वतन्त्र मिडिया र स्वायत्त अनुसन्धान निकायहरूसँग सहकार्य गर्न सकिन्छ ।

२) सामाजिक जवाफदेहिताका औजारहरू जस्तै सार्वजनिक सुनुवाइ, सार्वजनिक लेखापरीक्षण, योजना पुस्तिका प्रकाशन, सामाजिक परीक्षण, नागरिक प्रतिवेदन पत्र, नागरिक वडापत्र, अन्य पारदर्शिताजस्ता संयन्त्रको सञ्चालन प्रविधि मैत्रि ९क्ष्क्त दबकभम नयखभचलबलअभ० मा आधारित भई सोसल मिडिया, टेलिभिजन, रेडियो, खबरपत्रिका आदिमा प्रभावकारी रूपमा प्रेषण गरिनु पर्दछ ।

३) सुशासनका लागि मुख्यमन्त्रीको कार्यालयले योजना आयोगमार्फत विकास संचालनको कार्यसम्पादनका आधारमा मूल्याङ्कन तथा पृष्ठपोषण गरिनुपर्दछ। यसका लागि सङ्घको सहकार्यमा व्यवसायिक प्रशासनिक नेतृत्व र विज्ञको सहयोगमा प्रदेशस्तरीय समान क्षमताको विकासको लागि प्रदेशस्तरीय सुशासन केन्द्रको संरचनालाई उपयोग गर्न सकिन्छ ।

४) सशक्तिकरण र सहभागिता, समुदाय र गरिब र शक्तिविहीनको पक्षमा काम गर्ने विधिहरूसहित सहभागीमूलक ग्रामीण

मूल्याङ्कन र सहभागीमूलक कार्य अनुसन्धानको क्षमता विकासमा जोड दिनुपर्ने देखिन्छ ।

५) प्रदेश योजना आयोगहरूले सङ्घीयता र सीपमा आधारित मुद्दाहरूमा सार्वजनिक अधिकारीहरूलाई औपचारिक प्रशिक्षण दिन प्रदेशस्तरीय राष्ट्रिय तालिम संस्थानहरूलाई सहयोग र स्थानीय तहमा स्थानीय सरकार संस्थागत स्वमूल्याङ्कन कार्यविधिलाई आवश्यकता अनुरूप परिमार्जन गर्ने तथा तहगत सरकारबीच समन्वयलाई बढावा दिन संयन्त्र र प्रक्रियाको क्षमता विकास हुनु पर्दछ ।

६) वैदेशिक रोजगार, उपभोगमुखी संस्कृति, सामाजिक र पारिवारिक बन्धनमा आएको विखण्डन, मोजमस्ती जीवनशैली तथा सोसल मिडियाको पहुँचमा आएको समाजलाई विकास आयोजनाहरू र सेवा प्रवाहमा उत्तरदायित्व र सुशासन कायम गरी दीर्घकालीन योजनाबद्ध तरिकाले संविधानको सफल कार्यान्वयनमा जोड दिनु पर्छ ।

७) कृषि क्षेत्रको द्रुत विकास गर्न भू-उपयोग नीति कार्यान्वयनको लागि आवश्यक कानूनी संरचना बनाई कृषि अनुसन्धान, सिँचाइ, कृषि सडक, कृषि ऋण, कृषि शिक्षाजस्ता अत्यावश्यक पूर्वाधार तथा सेवाहरूको विस्तार जरुरी छ । युवालाई कृषि पेशामा आकर्षण गर्न युवा लक्षित कार्यक्रमहरू, कृषि तथ्याङ्क व्यवस्थापन आदि कार्यहरू प्रमुखरूपमा संचालन गर्नु आवश्यक छ ।

८) प्रदेशस्तरिय विकास संस्थाको सीपको आवश्यकता, अन्तर्राष्ट्रिय्भूमण्डलीकरण विकासवादी नीतिहरूको उचित मूल्याङ्कन र व्यवस्थापनको लागि आवश्यक पर्ने क्षमताका लागि छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकुल नहुने गरी कानून बनाइ सहजीकरण गर्न सकिन्छ ।

अन्त्यमा विकास निर्माण र सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाइ देशलाई समृद्ध बनाउने अभियानलाई यथार्थमा परिणत गर्न जनप्रतिनिधिहरूसंगै राष्ट्रसेवक कर्मचारीको लागि कोरोना महामारीले सृजित नवप्रवर्तन सुरुआतिको विषम परिस्थिति चुनौती र अवसर दुवै हो । सङ्घीय सरकारभन्दा प्रदेश तथा स्थानीय सरकार जनता नजिक हुने हुनाले जवाफदेहिता, सुशासन कायमगरी समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय नीति व्यवहारमा रूपान्तरित गर्न कोरोना महामारीले सिर्जित यस समयलाई अवसरको रूपमा लिएर हरेक तह तप्काका प्रदेशस्तर कर्मचारी, जनप्रतिनिधी तथा जनतामा सूचना र सञ्चार प्रविधिमैत्री (आईसीटी) को प्रयोग गर्ने सीपको क्षमता विकास गर्नुपर्ने देखिन्छ। अतः जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारीहरूले उत्तरदायित्व, सहभागिता, साझेदारी तथा सुशासन मध्यनजर गर्दै नेपालको संविधानले दिएका अधिकारको आधारभूत सिद्धान्त सहकार्य, सहअस्तित्व र समन्वयको औचित्य पूर्ण हुने गरि क्षेत्र, अधिकार तथा जिम्मेवारी सम्बन्धी प्रावधानलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्नु आवश्यक छ । विकास व्यवस्थापनमा देखिएका सेवा प्रवाहका चुनौतीहरूलाई दीर्घकालीन विकास नीति तथा कानूनमार्फत जनकेन्द्रित, प्रभावकारी र जनउत्तरदायी बनाउँदै अवसरमा परिणत गर्न जनप्रतिनिधि तथा कर्मचारीले कुशलपूर्वक उत्तरदायित्व वहनगर्नु जरुरी छ ।

---

*(लेखक न्यौपाने प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रम प्रदेश ५ मा पाठ्यक्रम विकास विज्ञको रूपमा कार्यरत हुनुहुन्छ । प्रस्तुत विचारहरू लेखकका निजी हुन् ।)*

*E-mail : bishnuneupane.bn@gmail.com*

**हाम्रो अनुरोध**

**नेपानको दिगोपना अभिवृद्धि र प्रगतिको लागि विभिन्न व्यक्ति र संस्थाहरूबाट गर्नुभएको सहयोगको कदर गर्दै अन्य संस्था एवम् महानुभावहरूले पनि नेपानको अक्षय कोषको लागि सक्दो सहयोग गर्नहुन र आफ्नो पहुँच भएका नेपानको उद्धेश्यसंग मेलखाने संस्थाहरुलाई नेपानको अक्षयकोषबारे जानकारी गराई कोष प्रवर्द्धनमा योगदान पुऱ्याउनुहुन हार्दिक अनुरोध गर्दछौ ।**

**कार्यकारिणी समिति, नेपान**

**सहभागीमूलक कार्य समूह (नेपान)**

# संविधान, सहभागीमूलक विकास, जनप्रतिनिधि, र स्थानीय सरकार



अश्विन पुडासैनी

नेपालको संविधान राजनीतिक आर्थिक सामाजिक एवं साँस्कृतिक विकासको लागि शक्तिको बाँडफाँड गरेकोछ। राज्यशक्तिको श्रोत सार्वभौमसत्ता सम्पन्न नेपाली जनता भएको र नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गरेको छ । यसकोसाथै जनताको अधिकार सुनिश्चित गर्न लोकतान्त्रिक मान्यतालाई स्थापित गर्न विभिन्न व्यवस्था गरेको छ ।

> 'नागरिक तह पछि पहिलो चरण भनेको नै स्थानीय तह हो । जहाँ जनताले दैनिक रूपमा कतिपय जनताले बिहान, दिउसो र साँझमा समेत आफूले प्रत्यक्ष मतद्वारा चुनेका जनप्रतिनिधिहरूलाई देख्न, भेट्न, कुराकानी गर्न र उनीहरूका कामकारवाहीहरूको अनुगमन तथा मूल्याँन गर्न पाईरहेका हुन्छन् ।'

### समतामूलक समाज निर्माण गर्ने संकल्प

संविधानले सामन्ती, निरंकुश, केन्द्रिकृत र एकात्मक राज्यव्यवस्थाले सृजना गरेको सबै प्रकारका विभेद र उत्पीडनको अन्त्यको घोषणा गरेको छ। केन्द्रिकृत शासन व्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य सँगसँगै सबै प्रकारका विभेदरहित समतामूलक समाज निर्माण गर्ने प्रतिवद्धता पनि व्यक्त गरेको छ।

नेपालको विशेषता बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक तथा भौगोलिक विविधतायुक्त अवस्थितिलाई आत्मसात गरेको छ । विविधताबीचको एकता, सामाजिक साँस्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्द्धनगर्दै, वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य भएको घोषणा गरेको छ। संविधानको प्रस्तावतामा यी कुराहरु समावेश गर्नुले नेपालमा नेपाली जनताले पटक पटक गरेको राजनीतिक एवम् सामाजिक क्रान्तिको आत्मसात गरिएको छ।

### सहभागीमूलक सिद्धान्तको आधारमा राष्ट्र निर्माण गर्ने प्रण

संविधानको प्रस्तावनामा नै सहभागीमूलक सिद्धान्तको आधारमा राष्ट्र निर्माण गर्ने प्रण गरिएको छ। सहभागीमूलक विकास पद्धतिमा काम गर्नेहरूका लागि यो भन्दा खुसीको कुरा हो । आर्थिक समानता, सामाजिक न्यायको सुनिश्चितता गर्न समानुपातिक, समावेशी र सहभागीमूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने संकल्प पनि गरेको छ। जनताको प्रतिस्पर्धात्मक बहुदलिय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मानवअधिकार, वालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता

तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणा लगाएतका लोकतान्त्रिक मुल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिवद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने प्रतिवद्धता सहित संविधान जारी भएको छ। संविधानको प्रस्तावनाले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरागर्ने संकल्प गरेको छ ।

## नेपाली सभ्यता नयाँ युगमा

यी माथिको सबै हरफहरू वि.स ं२०७२ साल असोज ३ गते संविधानसभाबाट पारित गरी जारी भएको संविधानको प्रस्तावनाका कुराहरू हुन् । नेपालको संविधानको प्रस्तावनाका हरफहरू पटक पटक यो आलेखको सुरुआतीमा नै लेख्नुको आशय नेपाल नयाँ युगमा प्रवेश गरेको प्रस्तान विन्दुको रूपमा यसलाई लिईएको हो । यो नै नेपाली जनताको नयाँ युगको विकास र समृद्धिको आधार हो । नयाँ युग सँगसँगै यसले तयारगरेको खाका बमोजिमको सबै किसिमको संरचनाहरू समेत निर्माण भएकोले यसलाई हामी नयाँ युगमा छौ भन्ने आत्मावोध गर्दै अगाडि बढ्ने साझा दूर दृष्टि हो । यसले नै सबै तहका सरकार, संरचना, जनशक्ति र यसको परिचालनको लागि उर्जा प्रदान गर्दछ। तर संविधानमा जे जस्ता कुराहरू लेखिएको भए तापनि नेपाली जनता, राजनीतिक दलहरू, त्यसमा पनि स्थानीय तह नै नेपालको संविधानको कार्यान्वयन गर्ने आधारभूत तह हो ।

## स्थानीय तह नै घर आँगनको सरकार

नागरिक तह पछि पहिलो चरण भनेको नै स्थानीय तह हो । जहाँ जनताले दैनिक रूपमा कतिपय जनताले बिहान, दिउसो र साँझमा समेत आफूले प्रत्यक्ष मतद्वारा चुनेका जनप्रतिनिधिहरूलाई देख्न, भेट्न, कुराकानी गर्न र उनीहरूका कामकारवाहीहरूको अनुगमन मूल्याङ्कन गर्न पाईरहेका हुन्छन् ।

मुलुक कोरोनाको कहरमा परेको छ । यो विश्वव्यापी आएको महामारी हो । नेपाल मात्रै अछुतो रहने कुरै भएन । संसार भरका देशहरूमा जुन जुन देशमा स्थानीय सरकार र स्थानीय निकायहरू सकृय भई जनताको घरघरमा सचेतना र जागरुकताको लहर सृजना गरे ती देशहरूमा कोरोनाबाट कम क्षति र कम हताहत भएको खबरहरू दिनहुँ जसो विभिन्न सञ्चार माध्यमहरूबाट जानकारी पाईएको छ । हाम्रो देशमा पनि स्थानीय तहका जनप्रतिनिधिहरूको सकृयता र जनताप्रतिको जनउत्तरदायित्य वोध व्यवहारमा देख्न पाईयो । हाम्रा जनप्रतिनिधिहरू मध्ये कतिपयले यो कोरोना कहरमा वास्तविक समाज सेवाको भावले लागेका जनप्रतिनिधि भन्ने परिचय नै स्थापित गर्न सफल भएका छन् ।

## घरघरमा दिनहुँ संविधानको प्रस्तावना र धाराहरूको पाठ गरौं

संविधानका ज्ञाताहरूमध्येका  एक व्यक्तिलाई एक दिन यस पंतिकारले सोध्यो । विभिन्न धर्म र संप्रदायहरूमा दिनहुँ केही न केही धार्मिक एवं साँस्कृतिक ग्रन्थ एवं पुस्तकहरू पाठ गर्ने हाम्रो परम्परा छ । गणतन्त्र नेपालमा नयाँ युगमा हामीले कसरी नयाँ सभ्यताको सुरुआत गर्न सक्छौं  भन्ने जिज्ञासामा विद्वान मित्रले बढो अनौठो किसिमले भन्नु भयो । यहि हामीले जसरी विगतमा हाम्रो आफ्नो रीतिरिवाज परम्परा बमोजिम बिहान बिहानै विभिन्न मन्त्र वा स्तोत्र पाठ गर्ने आफ्नो आफ्नो आस्थाप्रति आराधना गर्ने गर्छौं । सोहि बमोजिमको आनिबानी व्यवहार र आचरण पालना गर्छौं । साँच्चै हामीले नयाँ सभ्यताको सुरुआत र समतामूलक समाज निर्माण गर्ने प्रतिवद्धता सहित अगाडि बढ्ने हो भने हाम्रो संविधानको प्रस्तावना र केही धाराहरू दिनहुँ घरघरमा पाठ गर्ने गरौं । सोहि अनुसारको आनिबानी र व्यवहार र आचरणको अभ्यास गरौं हामीले छिट्टै समृद्धि हासिल गर्न सक्नेछौ । सुन्दा अनौठो लाग्ने विद्वान मित्रको कुरा मनन् योग्य लाग्यो । यसको लागि प्रत्येक नागरिकको तहमा यो संविधानमा भएका कुराहरूलाई बुझ्ने, आत्मसात गर्ने र सोहि अनुसार आफ्नो आनिबानी व्यवहारमा परिवर्तन जरुरी हुन्छ ।

सङ्घीय सरकार वा भनौं केन्द्रीय सरकार र प्रदेश सरकारबारेमा अर्को आलेखमा चर्चा गरौला यो आलेख भने स्थानीय तह अर्थात स्थानीय सरकार स्थानीय जनप्रतिनिधि वा घर आँगनको सरकारको काम कर्तव्य र जनउत्तरदायित्व बारेमा मात्र छलफल बहस  (डिस्कोर्स) सुरु गर्न खोजिएको हो ।

## अनुसूची ८ को स्थानीय तहको अधिकारको २२ वटा सूची

कसरी यो स्थानीय तह घर आँगनको सरकार भयो त ? यसबारेमा नेपालको संविधानको अनुसूची ८ मा भएको व्यवस्थाबारेमा केहि चर्चा गरौं ।

अनुसूची ८ मा स्थानीय तहको अधिकारको २२ वटा सूची उल्लेख गरिएको छ । जुन यस प्रकार छन् ।

१. नगर प्रहरी २. सहकारी संस्था ३. एफ.एम सञ्चालन ४. स्थानीय कर (सम्पत्तिकर, घरबहाल कर, घरजग्गा कर, रजिष्ट्रेशन शुल्क, सवारी साधन कर) ५.स्थानीय सेवाको व्यवस्थापन ६. स्थानीय तथ्याङ्क ७. स्थानीयस्तरका विकास आयोजना तथा परियोजनाहरू ८. आधारभूत र माध्यमिक शिक्षा ९. आधारभूत स्वास्थ्य र सरसफाई १०. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता ११. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिँचाई १२. गाउँसभा, नगरसभा, जिल्लासभा, स्थानीय अदालत, मेलमिलाप

र मध्यस्थताको व्यवस्थापन १३. स्थानीय अभिलेख व्यवस्थापन, १४. घरजग्गा धनीपूर्जा वितरण १५. कृषि तथा पशुपालन, कृषि उत्पादन, पशुस्वास्थ्य सहकारी १६. ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन १७. वेरोजगारको तथ्याङ्क संकलन १८. कृषि प्रसारको व्यवस्थापन, संकलन र नियन्त्रण १९. खानेपानी, साना जलविधुत आयोजना, वैकल्पिक उर्जा, २०. विपद् व्यवस्थापन, २१. जलाधार वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण २२. भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास ।

यी माथिका कुराहरू स्थानीय तहको अधिकार मात्र होइनन् । यी कर्तव्य र दायित्व पनि हो ।

## अनुसूची ९ को सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको १५ वटा सूची

माथि चर्चा गरिएका अधिकारहरूको अलावा संविधानको अनुसूची ९मा सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार भन्दै केही माथि भएका कुराहरू र केही कानून बमोजिम हुनेगरि भनी १५वटा अधिकारको साझा सूची रहेका छन् । यी विषयहरू १. सहकारी, २. शिक्षा, खेलकुद र पत्रपत्रिका ३. स्वास्थ्य ४. कृषि ५. विद्युत, खानेपानी, सिँचाई जस्ता सेवाहरू ६. सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क ७. वन जंगल, वन्य जन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता ८. खानी तथा खनिज ९. विपद् व्यवस्थापन १०. सामाजिक सुरक्षा र गरिबी निवारण ११. व्यक्तिगत घट्ना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क १२. पुरातत्व, प्राचीन स्मारक र संग्रहालय १३. सुकुम्वासी व्यवस्थापन १४. प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी १५. सवारी साधन अनुमती जस्ता अधिकार रहेका छन् । यी अधिकारहरूको प्रयोग सङ्घीय कानून, प्रदेश कानून र गाउँ तथा नगरसभाले बनाउने कानून बमोजिम हुने छ भनिएको छ ।

## गाउँ तथा नगरपालिका प्रमुख दुई कार्यकाल मात्र

लोकतान्त्रिक संविधानले जननिर्वाचित प्रतिनिधिहरूलाई लोकतान्त्रिक आनिबानी व्यवहार गर्नको लागि सामाजिक चरित्र निर्माणको लागि गाउँ तथा नगर कार्यपालिका प्रमुखको कार्यकालको अवधी दुई कार्यकालमा सिमित गरिदिएको छ । यो उत्कृष्ठ लोकतान्त्रिक व्यवस्था हो । यो व्यवस्थाले के जनाएको छ भने विगतमा लामो समयसम्म एकै व्यक्तिको हालिमुहाली हुने र समाजमा फरक किसिमले अवसरबाट लोकतान्त्रिक आचरणमा स्खलन आउने प्रवृतिलाई निर्मूल गर्न खोजेको छ । जनप्रतिनिधि हुनु भनेको समाजसेवा हो । राजनीति नै आय आर्जन गर्ने पेशा बन्दै गैरहेको अवस्थामा संविधानले नै यसलाई व्यवस्थित गर्न खोजेको छ । संविधानको धारा २१५ को उपधारा ७ बमोजिम गाउँ तथा नगरपालिकाको कार्यपालिका प्रमुखको कार्यकाल २ कार्यकाल तोकिएको छ । जस अनुसार अध्यक्ष पदमा दुई कार्यकाल निर्वाचित भएको व्यक्ति गाउँ/नगर पालिकाको उमेम्द्वार हुन पाउने छैन भनि किटानी गरिएको छ । यस्तो व्यवस्था प्रदेश तथा सङ्घीय सरकारमा पनि दुईकार्यकाल भन्दा बढि उमेम्द्वार बन्न नपाउने गरि किटानी गरिनु पर्दथ्यो ।

## राजनीति आयआर्जन गर्ने पेशा वा व्यवसाय होईन

राजनीतिलाई आय आर्जन गर्ने पेशा वा व्यवसायको रूपमा लिनेहरूको कमि छैन । तर गणतान्त्रिक व्यवस्थामा त्यस्तो प्रवृतिलाई जनताले नै निरुत्साहित गर्नु पर्छ । अहिले पहिलो निर्वाचन भएकोले पनि विगतको पञ्चायत र संसदिय बहुदलीय व्यवस्थामा राजनीतिक दलका प्रतिनिधि तथा जनप्रतिनिधिमा निर्वाचितहरूको आनिबानी व्यवहार र आचरण उचित थिएनन् । कतिपय भ्रष्ट व्यक्तिहरू नै पटक पटक निर्वाचित हुने गरेका उदाहरणहरू छन् । तर अब गणतान्त्रिक संविधानको प्रस्तावना बमोजिम नै राजनीतिलाई समाजको सकारात्मक परिवर्तत गरि समृद्ध समाज निर्माण गर्ने भनि यो अभियानमा सामेल हुनेहरूलाई समाज सेवाको काम भनि आनिबानी व्यवहारमा अभ्यास गर्दै जानु जरुरी छ । अहिले पालिकाहरूमा निर्वाचितहरूको सवारी साधन प्रतिको मोह । आम्दानी आय आर्जनको पेशा व्यवसाय जस्तो गरि तलब भत्ता खाजा भोज भत्तेर खर्च गर्ने प्रवृत्ति देख्दा यसमा कानूनी रूपमा नै सुधार गर्दै जानु पर्ने देखिएको छ ।

## जनप्रतिनिधिहरू कर्मचारी होइनन्

अहिलेका कतिपय जनप्रतिनिधिहरूले कर्मचारी जस्तो व्यवहार गरेको । उनीहरूको आनिबानी व्यवहार आचरण कर्मचारी जस्तो भएको व्यापक जनगुनासो आईरहेको छ । जनप्रतिनिधिहरूको काम भत्ता विल भौचर मिलउनमा नै व्यस्त भन्ने गुनासो समेत प्रसस्तै छ । जनप्रतिनिधिहरू भनेका कर्मचारी होईनन् । स्थायी र सरुवा बढुवा वा घटुवा नसियत दिने वा खोसुवामा पर्ने व्यक्ति होइनन् । उनीहरू भनेका जनताका दैनिककाम काजमा सहयोग गर्ने स्वयंसेवक जनप्रतिनिधिहरू हुन् । लोकसेवा आयोग वा कुनै पदमा दरखास्त हालेर प्रतिस्पर्धामा पास भएका कुनै निश्चित शैक्षिक योग्यता वा विशेषज्ञता हासिल गरेर कवुलियत गरेर आयका व्यक्ति होइनन् । जनतालाई सेवा सुविधा र जनताको हितको रक्षा गर्न चुनिएका प्रतिनिधिहरू हुन् ।

## प्रत्येक नेपालीको बैंक खाता अभियान

प्रत्येक नेपालीको बैंक खाता अभियान २०७६साल वैशाख १ गते देखि सरकारीस्तरबाटै सुरु भएको छ । तर अझै पनि ७५३ मध्य केही (६ वटा) गाउँपालिकाहरूमा बैंक पुग्न सकेको छैन । यद्यपि यो अभियान अन्तर्गत यसै वर्ष भित्रमा सबै गाउँपालिकाहरूमा बैंक पुग्ने छ ।

नेपाली जनताले आफ्नै बैंक खाताको सुविधा पाउँन पनि आफ्ना जनप्रतिनिधिहरू मार्फत अभियान चल्नु पर्दछ। यसको सरल उपाय धेरै पटक भनिएको छ। प्रत्येक वडाका महिला जनप्रतिनिधिहरूले अभियान चलाउनु पर्दछ । बैंकमा सम्पर्क गरी अभियान अगाडि बढाउन सकिन्छ । अब जन्मने प्रत्येक शिशुलाई पनि जन्मदर्ता प्रमाणपत्रको आधारमा बैंक खाता खोलि स्थीनय तहले आफ्नो क्षमताअनुसारको बचत गर्ने संस्कृतिको समेत विकास गर्नु पर्दछ । कर्णाली प्रदेशमा छोरीलाई जन्मने वित्तिक्कै पाँच सय जम्मा गरिदिने घोषण गरिएको भए तापनि यो अभियानले गति लिएको छैन ।

## प्रत्येक नागरिकहरूलाई कर तिर्न र गौरव वोध गर्ने संस्कृति निर्माण गरौ ।

प्रत्येक नागरिकहरूले आफ्नो जुनसुकै किसिमको आम्दानीमा र खर्चगर्दा तिरेको कर आफैले अभिलेख हेर्न सक्ने गरि प्यानकार्ड मार्फत बैंकिङ्ग प्रणालीमा आवद्धगरी कर तिर्ने संस्कृतिको निर्माण गर्ने समय पनि यहि हो। यसको पनि सरल उपाय छ। जस्तो साग बेच्नेले पनि कर तिर्न सक्ने व्यवस्था गर्न सकिन्छ। सय रुपैयाँको साग बेच्नेले एक रुपियाँदेखि तीन वा पाँच रुपियाँमात्र कर तिर्ने हो भने हाम्रो अर्थतन्त्र मजवुद हुन सक्छ । सबै नागरिकहरूको आम्दानी खर्च राज्यले थाहापाउने व्यवस्था र प्रणालीमा मात्रै समतामूलक समाज निर्माण हुन सक्दछ । यी सामान्य मापन तथा प्रणाली स्थापनामा जोड नदिँदासम्म जतिसुकै खर्च गरे पनि हामी समतामूलक समाज निर्माण गर्न सक्दैनौ । हाम्रो समाजको रूपान्तरण गर्ने आधारशिला र पूर्वाधार भनेकै स्थानीय तह हो । यसबारेमा जनप्रतिनिधिहरूलाई व्यापकरूपमा अभिमुखीकरण तथा तालीम कार्यक्रमहरू मार्फत जागरुक बनाउनु पर्दछ ।

## १६ वर्ष मुनि र ६१ वर्ष माथिकाहरूको जीवन बीमा र निःशुल्क स्वास्थ्य उपचार

मुलुकमा असलशासन व्यवस्था संस्थागत गर्ने मूल आधार भनेको स्वास्थ्य, शिक्षा, सुरक्षा र कर्तव्य परायणता नै हो । यो विषय धेरै नीति निर्माताहरूको चासो बनेको छैन । यो अभियानको सुरुआत सबै नागरिकहरूको स्वास्थ्य बीमा तथा निःशुल्क स्वास्थ्य उपचारको प्रबन्धबाट गर्नु पर्दछ। स्थानीय सरकारलाई यो अवसर पनि हो। १६ वर्ष मुनिका बालबालिकाहरूका लागि स्वास्थ्य उपचार तथा जीवन बीमाको प्रिमियम तिरिदिने र ६१ वर्ष माथिका ज्येष्ठ नागरिकहरूका लागि पनि यो प्रवन्ध गर्ने हो भने बीचको समयमा १६ वर्ष माथि र ६१ वर्षसम्म आम्दानी गर्ने समयमा स्वास्थ्य बीमा र स्वास्थ्य उपचार खर्च सञ्चिती गर्ने संस्कृति विकास गर्न सकिन्छ । स्वस्थ नागरिक अभियान चलाउनु जरुरी छ। यसो गरेमा मात्र भ्रष्ट्राचारमा लिप्तहुने प्रवृतिको अन्त्य हुन सक्दछ ।

## निःशुल्क एवं अनिवार्य शिक्षा अभियान

धेरै पटक चर्चा गरियो नेपालमा नाम चलेको गुणस्तरीय शिक्षा दिने विद्यालयको रूपमा चिनिएको बूढानिलकण्ठ स्कुलको मोडेलमा ७७ वटै जिल्लामा कम्तिमा एक एक वटा गरी करिब १०० आवासिय विद्यालय स्थापना गरौं । जसमा हामी देशभरका छानिएका बालबालिकाहरूलाई एकै प्रकारको शिक्षा दिन सक्छौ । १५ वर्ष यो अभियान चलाउने हो भने नेपालमा कोहीपनि बालबालिका शिक्षाको उज्यालोबाट बञ्चित हुनु पर्ने थिएन। यो अभियान अब स्थानीय तहले सुरु गर्नु अनिवार्य छ। किनकी केन्द्रीय सरकारलाई यसको चासो रहेन । कम्तीमा १०० स्थानीय तहले यो अभियान सुरुगरि शिक्षामा लगानी गर्ने हो भने । हामी छिट्टै विकासको गतिमा अगाडि बढ्ने छौं। यसको मोडेलबारेमा आगामी आलेखमा चर्चा गरौंला। तराईका केही जिल्लाहरूमा बेटी पढाओ बटीबचाओ अभियान चलेको छ । यो राम्रो सुरुआत हो । स्थानीय तह नै यसको मूल अभियन्ता बन्न सक्नु पर्छ ।

## निःशुल्क सिफारिस संस्कृतिको अभियान चलाऔ

स्थानीय तह भनेको जनताको घर दैलोको सरकार पनि हो । यो सरकार जति जनमैत्री हुन सक्छ । त्यति नै गणतन्त्र संस्थागत हुन्छ । यी संरचनाहरूमा जननिर्वाचित प्रतिनिधिहरू सधैं स्वयंसेविरूपमा रहने संस्कृतिको विकास गर्नु पर्छ । अहिलेको जनगुनासो भनेको जनप्रतिनिधिहरू भनेका कर्मचारी जस्ता भए भन्ने छ। जहासम्म विभिन्न किसिमका सिफारिसहरूमा शुल्क लिने संस्कृति मौलाउँदो छ। त्यसको अन्त्य गर्नु पर्दछ। नागरिकहरूलाई जन्म दर्ता, मृत्यु तथा अन्य सामान्य सिफारिसहरूमा समेत शुल्क लिने प्रवृति छ समयमा नै यसको अन्त्य गर्नु पर्दछ । राजश्व लिने भनेको व्यावसायीक काममा मात्र हो सिफारिसमा शुल्क लिने प्रणाली खारेजी गर्नु पर्दछ । जनप्रतिनिधिहरूको अगुवाईमा नै हो यस्तो अभियान सञ्चालन गर्ने र स्थानीय सरकार भनेको जनतालाई शासन गर्न होईन सेवा दिने निकाय हो भन्ने अनुभूति दिनु पर्दछ ।

## उपभोक्ता समिति, प्राविधिक, इन्जिनियर र डोजरका भ्रष्ट्राचारको अन्त्य गरौ

विभिन्न उपभोक्ता समितिमार्फत गाउँ तथा नगरका बजेटहरूमा भागबण्डा गर्ने, डोजरमा तेल तथा भाडाका नाममा आर्थिक अनिमियता भएको देखिन्छ। इन्जिनियरहरूले खुलेयाम घुस नलिई काम नगर्ने संस्कृतिको अन्त नगरेसम्म हाम्रो स्थानीय सरकार भनेको लुटेराहरूको अड्डाको रूपमा बदनाम हुन सक्ने देखिन्छ। हिउँदमा डोजरले खनेको बाटोले वर्षामा जनताको ज्यान, घर र धनसम्पत्तिको क्षति भएका समाचारहरू दैनिकजसो सुन्नु परेको

छ । यो सबैको कारण खोज्ने हो भने भ्रष्ट्राचार नै हो । त्यसको अन्त्य गर्ने अभियानमा राजनीतिक पार्टिका संगठनहरू, बुद्धिजीवि शिक्षक, नागरिक समाज र जनप्रतिनिधिहरूले नै हो । यस किसिमको संस्कृतिको अन्त्य गर्दै इमान्दार, पारदर्शि लगनशिल र विकासमैत्री स्थानीय तहको अभियान चलाउनु पर्दछ । यो अभियानको अगुवाई स्थानीय तहका जनप्रतिनिधिहरूबाटै हुनु पर्दछ ।

## भूमि बैंकको कार्यान्वयन र खाद्यान्नमा आत्मनिर्भर अभियान

सरकारले २०७७ जेठ १५गतेको बजेट वक्तव्य मार्फत भूमिबैंक स्थापनाको कार्यक्रम ल्याएको छ । यो भूमि बैंक स्थापन गर्ने भनेको केन्द्रीय, प्रदेश र स्थानीय तह मध्य कार्यान्वयन गर्ने तह भनेकै स्थानीय तह हो । गाउँगाउँमा रहेका कृषि एवं खेती योग्य जमिनको सिँचाई सुविधा सहितको उपयोग सम्बन्धमा नमुना कार्यक्रमको रूपमा संञ्चालन गर्ने कार्यक्रम प्राविधिकहरूको सहयोगमा स्थानिय जनप्रतिनिधिहरूले नै गर्नु पर्दछ । साथै आफ्नो गाउँ तथा नगरपालिकालाई खाद्यान्नमा आत्मनिर्भर बनाउन अन्नबाली उत्पादनको समयमा नै स्थानीय निकायले स्थानीय उत्पादनको खरिद गरी बजार व्यवस्थापन गर्नु पर्दछ । यातायात र ढुवानीको लागि पूर्वाधार विकास गरी नयाँ बजार प्रवर्द्धन प्रणाली स्थापना गर्न सकिन्छ । यो अभियानको लागि पनि स्थानीय जनप्रतिनिधिहरूले तदारुकता देखाउनु पर्दछ । जस्तो हुम्लामा उत्पादन हुने स्याउको उचित मुल्य दिएर स्थानीय सरकारले भण्डारण तथा बिक्री वितरण गरी किसानहरूलाई सहयोग र हौसला दिनु पर्दछ । खाद्यान्नमा आत्मनिर्भर हुने गरि योजना तथा कार्यक्रमहरूको कार्यान्वयन गर्नु पर्दछ ।

## स्थानीय लुटेराको रूपमा रूपान्तरण हुन सक्ने खतरा

स्थानीय जनप्रतिनिधिहरू कतिपय स्थानमा प्रत्यक्ष पमा कतिपयमा परिवारका सदस्यहरूको संलग्नतामा र कतिपयमा अप्रत्यक्षरूपमा स्थानीय सरकारी जग्गा, जमिन, जंगल, काठ बालुवाखानी, ढुंगाखानी लगायत प्राकृतिक साधन दोहन गर्ने माफिया र अपराधीहरूसँग मिलेमतो भएको जनगुनासो सर्वत्र छ । कृतिम योजना बनाई सरकारी बजेटको अपचलन समेत भएका थुप्रै गुनासाहरू छन् । सहरी क्षेत्रमा जनताको त्यति धेरै चासो नहुने सँस्कृतिले गर्दा विना कार्यक्रम कार्यान्वयन नै प्राविधिक कर्मचारी र केही सिमित व्यक्तिहरूको मिलेमतोमा बजेट स्वाहा पार्ने प्रवृति बढ्दो छ । स्थानीय तहको कामकारवाहीबारेमा अनुसन्धान गर्दै गरेका एक समाजशास्त्री भन्छन् । बेलैमा यसको नियन्त्रय र नियमन गर्न नसक्ने हो भने स्थानीय जनप्रतिनिधिहरूनै स्थानीय प्राकृतिक श्रोत साधनहरूको दोहन तथा सन्त्रास सृजना गर्दै लुटेरा बन्ने खतरा पनि हुनक्ने बताउँछन् । यस तर्फ सबै क्षेत्र सजग हुन जरुरी छ । नत्र सभ्यतामा नै कुठाराघात हुन सक्छ ।

## अन्त्यमा,

अर्ति, बुद्धि, उपदेश र सल्लाह दिनेहरुको कमि छैन । लेख रचना प्रकाशित गर्नेहरु पनि कम छैनन् । गोष्ठी सेमिनार भाषण, गफ दिन सक्नेहरुको कमी छैन । कमि त केवल गर्नुपर्ने काम बुझ्ने र सोहि अनुसारको आचरण गर्नेहरूको मात्र छ । दुई तीन हजार शब्दको लेख लेखेर विद्धता प्रदर्शन गर्नेलाई साँच्चै नै यो संविधान बमोजिमको लक्ष हासिल गर्न गर्नै पर्ने के के काम गर्नु भएको छ । गरिरहनु भएको छ । भनेर सोध्ने हो भने मुस्कीलले दुई तीन काम गरेका होलान् । तर त्यो पनि नगर्ने कति हुन् कति ? लेखा जोखा गर्न पनि खोजेको होइन । यो लेखकलाई पनि आफुले के गर्‍यौ त भनेर सोध्यो भने मुस्कीलले दश कर्म गरेको छु भन्न सक्ला तर त्यो भन्दा धेरै मुस्कील पर्ला ।

यसो भन्दै गर्दा जसरी आगोको धर्म पोल्नु हो । पानीको धर्म भिजाउनु हो । त्यसै गरी लेखकीय धर्म पनि विभिन्न ठाउँमा भएका कुराहरूलाई समेटेर लिपिवद्ध गर्दै आफ्ना विचारहरू लेख रचना मार्फत प्रस्तुत गर्ने हो । म आज त्यहि धर्म निर्वाह गरेको छु ।

हामी सबैको साझा अभियानबाट मात्रै मुलुल परिवर्तन हुने हो । हामीले नगरे कसले गर्ने । हामीले परिवर्तन गरेनौं भने कुन पुस्ताले गर्ने हो । यी सबै देखेको भोगेको र भोलीको उज्यालो भविष्यको लागि हाम्रो पुस्ताका जनता र जनप्रतिनिधिहरूले काम गरौं ।

अघिल्लो पुस्ताको आशागर्नु भनेको हामीले हाम्रो समयको बर्वाद गर्नु मात्र हो । सबै तिर यो पुस्ताको अग्रसरता जरुरी छ । हस्तक्षेपकारी भूमिका भनियो भने नकारात्मक अर्थ लाग्न सक्छ । प्रो एक्टिभ, नेतृत्वदायी, निरन्तरता र लगनशिलता सहितको क्रियाशिलता जरुरी छ ।

आफ्नो आनीबानी व्यवहार सुधार गरौं । भोलीका सन्ततीहरूलाई अर्थात भोलीको पुस्ताको लागि नेपाल पहिलो रोजाईको देश बनोस् । कम्तीमा भोली जन्मने र अहिलेसम्म जन्मेका युवा पुस्ता जो जीवन निर्वाहगर्न विदेश गएको छ । विदेश जान लालाहित छ । तीनीहरुले नेपाल मै आफ्नो गाँउ शहरमा नै आफ्नो भविष्य देखुन् भन्ने हेतुले यी विषय उठाएको हो । पटक पटक भन्छु हाम्रो भविष्य सुरक्षीत हामीले नै गर्ने हो । हाम्रै पुस्ताले गर्ने हो । आगे पाठकहरू कै मर्जी ।

*(लेखक नेपाल बैंक लिमिटेडमा तालिम महाशाखा प्रमुख हुनुहुन्छ र नेपानका आजीवन सदस्य हुनुहुन्छ ।)*

*E-mail : ashbinkumar@yahoo.com*

अन्तर्वार्ता

# "अहिले संवैधानिक साक्षरताको खाँचो छ"

**अशोककुमार ब्याञ्जू, नेपाल नगरपालिका संघ**

नेपाल नगरपालिका सङ्घ नेपालका सबै नगरपालिकाहरू अर्थात् महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाहरू गरी २९३ वटा स्थानीय सरकारहरूको छाता सङ्गठन हो । सन् १९९४ मा स्थापना भएको यस सङ्घका अध्यक्षको रूपमा हाल धुलिखेल नगरपालिकाका नगर-प्रमुख अशोककुमार ब्याञ्जू (श्रेष्ठ) रहनु भएको छ। अध्यक्ष ब्याञ्जूसँग नेपाल सहभागीमूलक कार्यसमूह (नेपान)ले प्रकाशन गर्दै आइरहेको 'सहभागिता' का लागि हालै नेपानका कार्यसमिति सदस्य तथा 'सहभागिता' सम्पादक-मण्डलका सदस्य तोया गौतमले स्थानीय सरकार, नेपाल नगरपालिका सङ्घ र कोभिड-१९का सन्दर्भहरूमा केन्द्रित रहेर भर्चुअल अन्तर्वार्ता गर्नु भएको थियो । प्रस्तुत छन्, सो अन्तर्वार्ताका मूलभूत कुराहरू:

✍ **स्थानीय सरकारको प्रतिनिधिमूलक छाता संस्थाको रूपमा रहेको नेपाल नगरपालिका सङ्घले संविधानले व्यवस्था गरेको स्थानीय सरकारको अधिकार र कर्तव्यलाई कसरी लिएको छ ?**

☞ नेपालको संविधानले राज्यशक्तिको बाँडफाँड सङ्घ, प्रदेश र स्थानीय गरी तीनवटा सरकारमा उपलब्ध गराएको छ र तीनवटै सरकारलाई स्वायत्त रूप दिएको छ । कतिपय कामहरू साझा अधिकारका रूपमा पनि तोकिएका छन् भने कतिपय एकल अधिकारका रूपमा रहेका छन्। एकल अधिकारलाई आफैँले कानून बनाएर कार्यान्वयन गर्न सकिनेसम्मको स्थिति पनि छ। तर साझा अधिकारको क्षेत्रलाई भने सङ्घीय सरकारले अलि नबुझेको हो कि जस्तो लागेको छ । साझा अधिकारका सवालहरूमा दुई वा दुईभन्दा बढी सरकारका बीचमा गरिने कामका सन्दर्भमा कुन अधिकार कसको जिम्मेवारीमा दिने भनेर सहमतिमा निर्क्योल गर्ने सङ्घीयतामा गएका मुलुकहरूको विश्वव्यापी प्रचलन हो । नेपालमा भने अहिले साझा अधिकारको सूचीमा रहेका विषयवस्तुमा साझेदारीमा नभई सङ्घ सरकारले एकल ढङ्गले आफ्नै नीति-नियम ल्याएर सबै अधिकार आफूले मात्र लिने र केही अधिकार मात्र तल प्रदान गर्ने काम गरेको छ। यस्तो एकलौटी नगरी तीनवटै सरकारका बीच समन्वय गरेर जानुपर्थ्यो । यो कुरा कुन सरकार ठूलो र कुन सरकार सानो भन्ने भावबाट नभई हाम्रो संविधानले प्रतिपादन गरेको सहअस्तित्वको सिद्धान्तअनुसार समभाव राखेर गरिनु पर्नेमा त्यो भन्दा बाहिर गएको देखिन्छ। अर्को, हाम्रो समन्वय र साझेदारीको सिद्धान्त पनि छ। यसअनुसार कुनै काम एक्लैले गरेर नसकिने अवस्थामा त्यस्तो कामका लागि आपसी समन्वय र साझेदारी गरेर जिम्मेवारी बाँडफाँड गरी अघि बढाउनुपर्ने हुन्छ। यसका लागि आवश्यक अन्तरसरकारी सम्बन्ध विकास गर्ने विषयमा बल्ल कानून बनेको छ। कतिपय काममा हस्तक्षेप र दोहोरोपनाको अवस्था पनि छ। यस्तो अवस्था हटाउन पनि सङ्घ सरकारले काम गरेको छैन । यस्ता सन्दर्भमा नयाँ कानूनहरू बनाउनु पर्नेमा धेरैवटा कानूनहरू अझै बनिसकेका छैनन्। कतिपय नयाँ कानूनहरू पनि संविधानमा भएका प्रदेश र स्थानीय सरकारका अधिकारहरू समेत कुल्चेर बनाइएका छन्। कतिपय आयोग र मन्त्रिपरिषद्का निर्णयहरूले पनि यसै गरिरहेका छन्। यस्तो प्रवृत्तिले तीनवटै सरकारका बीच हुनु पर्ने 'हार्मोनी'मा केही समस्याहरू आइरहेका छन् । त्यसैले स्थानीय सरकारको आँखाबाट हेर्दा सङ्घ सरकार पूरै संविधानको भावना विपरित गएको त म भन्दिनँ तर पूरै सहमत भएर काम गरिरहेको चाहिँ

पाइएको छैन । प्रदेश सरकारले बनाएका कतिपय कानूनहरूमा पनि स्थानीय सरकारले गर्ने कामहरू समेत समेटिएका कमजोरीहरू छन् । अहिले जिल्लामा समेत सङ्घ र प्रदेश सरकार अन्तर्गतका कार्यालयहरू समेत राख्ने काम भएको छ। यो संविधानसँग नमिल्ने कार्य हो । यो त विगतको पञ्चायतकालीन सोचजस्तो भएको छ । यस्ता कुराहरू अहिलेको सङ्घीयता कार्यान्वयनका सन्दर्भमा मुख्य समस्याका रूपमा आएका छन्।



**✍ जनताको घरदैलोको सरकारका रूपमा रहेका नगरपालिकाहरूले चाहिँ जनताको पक्षमा के कस्ता कामहरू गरेको पाउनु भएको छ ?**

☞ हिजो स्थानीय सरकारहरूलाई १ खर्बको बजेट पनि जाँदैन थियो। अहिले ३ खर्ब ३२ अर्बको बजेट व्यवस्थित भएको पाइन्छ। सङ्घ सरकारले आफ्नो बजेटको ६४-६५ प्रतिशतभन्दा बढी हिस्सा खर्च गर्न सकेको पाइँदैन । प्रदेश सरकारले पनि आफ्नो बजेटको ठूलो हिस्सा खर्च गर्न सकेका छैनन् । तर, स्थानीय सरकारहरूले अहिलेको लकडाउनको अवस्थामा समेत ६४ देखि ९६ प्रतिशतसम्म खर्च गरी काम गरेको देखिन्छ । उदाहरणको रूपमा मेरै नगरपालिकालाई हेर्ने हो भने गएको आर्थिक वर्षमा ९५.३८ प्रतिशत काम भएको छ । यसले नै स्थानीय सरकारले कति प्रभावकारी ढङ्गले काम गरिरहेका छन् भन्ने प्रष्ट हुन्छ । उनीहरूले व्यापक रूपमा जनतासँगको साझेदारिता, पारदर्शिता र प्रभावकारिताका साथ जनताको पक्षमा काम गर्दै आएका छन्। शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास, खानेपानी, गरिबी निवारणजस्ता जनताका अपेक्षाका धेरै क्षेत्रहरूमा स्थानीय सरकारले विकासलाई तीव्रता दिएका छन् । स्थानीय सरकारहरू जनताको चाहना र अपेक्षाअनुसार नै अघि बढेका छन्। कहीं-कहीं राजनीतिक रूपमा स्थानीय सरकारले गरेका निर्णयहरू मन नपराइएका पनि होलान्, कतिपय अव्यावहारिक पनि भएका होलान् तर समग्रतामा हेर्दा स्थानीय सरकारका कामहरू जनताको मागका आधारमा नै हुने गरेका छन्। नेपालका नगरपालिकाहरूको अहिलेको स्थिति हेर्ने हो भने नगरपालिकाको क्षेत्रभित्र सहर मात्र नभई धेरै दुर्गम गाउँहरू पनि छन् र ती पनि छरिएर बसेका छन् । त्यस्ता ठाउँमा जनताका आवश्यकताहरू धेरै हुनु स्वाभाविकै हो तर उपभोक्ताहरू भने कम छन्। त्यस्ता ठाउँहरूमा जनताको अपेक्षाअनुरूपका सबै कामहरू गर्न हाम्रा बजेटहरू अपर्याप्त छन् । त्यसैले स्थानीय सरकारले आन्तरिक आम्दानी वृद्धि गर्ने, सङ्घ र प्रदेश सरकारले क्रमिकरूपमा स्थानीय सरकारका लागि बजेट वृद्धि गर्दै जाने एवम् स्थानीय जनताका आवश्यकतालाई ध्यानमा राखेर क्रमिकरूपमा त्यहाँका आधारभूत आवश्यकताहरूलाई परिपूर्ति गर्दै जानुपर्ने अवस्था छ । यसैगरी सुशासनको व्यवस्थामा जोड दिने, पारदर्शिता अपनाउने र स्थानीय जनप्रतिनिधिले पूर्ण लोकतान्त्रिक प्रक्रियाको अभ्यास गरेर त्यस्तो अभ्यासबाट जनतालाई लाभान्वित तुल्याउनुपर्ने अवस्था पनि छ । यसो गर्दै गएर बजारमा 'हिजो एउटा राजा थिए, अहिले सयौं राजा भए' भन्ने जुन भनाइ आएको छ त्यसलाई मिथ्या साबित गर्नु जरूरी छ । राजनीति शास्त्रले पनि 'जनप्रतिनिधि जनताको सेवक हो' भन्दछ । यस तथ्यलाई जनप्रतिनिधिहरूले आत्मसात गर्नुपर्दछ । हामी जनप्रतिनिधि जनतालाई शासन गर्न हैन सहजीकरण गर्न आएका हौं भन्ने कुरा बुझ्नुपर्दछ । यसो गरे हामी स्थानीय लोकतन्त्रलाई मजबुत बनाउन सक्दछौं र जनअपेक्षाअनुरूप अझ बढी काम गर्न सक्दछौं ।

**✍ नीतिगत रूपमा व्यवस्था भएर पनि व्यवहारमा नआएका कुनै नीति वा कार्यहरू पनि छन् ? छन् भने तिनलाई कार्यान्वयन गर्न के पहल भएको छ ?**

☞ मैले माथि नै संविधानमा भएको व्यवस्था र सङ्घ तथा प्रदेश सरकामा रहेको बुझाइ र प्रवृत्तिका बारेमा कुरा गरिसकें । हामी एकातिर सङ्घीय गणतन्त्र नेपालको पहिलो जनप्रतिनिधि हुन पाएकाले भाग्यमानी पनि छौं, अर्कोतिर सम्पूर्ण नीतिगत व्यवस्थाहरू भइनसकेको अवस्थामा काम गर्नु परेकाले अभागी पनि छौं । उदाहरणका लागि हामी निर्वाचित भइसकेपछि मात्र नेपाल सरकारले स्थानीय सरकार सञ्चालन ऐन ल्यायो । हामीले ऐन

बिना नै केही समय काम गर्नुपऱ्यो। हामीले कानून बिना काम गर्न पाउँदैनौं तर स्थानीय सरकारका एकल अधिकारसम्बन्धी काम गर्न कानून नभएकाले हामीले त्यस्ता कामका लागि ऐन बनाउनु पऱ्यो, नियमावली बनाउनु पऱ्यो, कार्यविधि बनाउनु पऱ्यो। त्यसमा समय लागे पनि हामीले त्यस्ता आधारहरू निर्माण गरेर काम गर्नुपऱ्यो। चुनाव पनि तीन चरणमा भयो जसले गर्दा समय नपुगेर कतिपय स्थानीय निकायले समयमा बजेट नै ल्याउन नसकेको स्थिति पनि उत्पन्न भयो। फेरि हामी जनप्रतिनिधिले निर्णय गरेको काम त प्राविधिक एवम् प्रशासनिक कर्मचारीहरूले गर्नुपर्ने हुन्छ तर स्थानीय सरकार गठन भएको डेढ वर्षसम्म पनि सङ्घ सरकारले कर्मचारी समायोजन गरेर दिन सकेन। कर्मचारीको अभावले पनि सुरुमा काम गर्न अप्ठ्यारो पऱ्यो। सङ्घ सरकारले प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिशका आधारमा स्थानीय सरकार, प्रदेश सरकार र सङ्घ सरकारका लागि बजेट बाँडफाँड गर्नु पर्ने भनिए पनि सङ्घ सरकारले त्यो बजेट समेत दिएन। सुरु-सुरुमा अर्थमन्त्रीको आदेशका आधारमा बजेट चलाउनुपऱ्यो। सङ्घ सरकारले संविधानको सही ढङ्गले कार्यान्वयन गरेन। यस्ता विविध कारणहरूले जनताका समस्या समाधान गर्ने सवालमा अप्ठ्याराहरू आए। यस्ता समस्या समाधान हुँदै जानेछन् भनेर हामीले आशावादी हुँदै काम गऱ्यौं र सँगसँगै यसका लागि लबिङ पनि गर्दै गयौं। स्थानीय सरकारसँग भएको स्रोतको पूर्ण कार्यान्वयन गर्दै अप्ठ्यारा परिस्थितिमा पनि सकेसम्म काम गर्दै जाने प्रयत्न गऱ्यौं। स्थानीय जनताको समस्या स्थानीय सरकारको मात्र नभई सङ्घ र प्रदेश सरकारको पनि हो भन्ने राजनीतिक दायित्व सङ्घ र प्रदेश सरकारले अनुभूत गर्नुपर्छ। त्यसो नगरी स्थानीय तहले जे गर्छ गरोस् भनेर छोड्दा तीन तहका सरकारबीचको सम्बन्ध सुमधुर हुन सक्दैन।

नगरपालिकाहरूले पनि केवल बाटोघाटो बनाउनेजस्ता पूर्वाधार निर्माणका काममा मात्र आफूलाई केन्द्रित नगरी आर्थिक प्रगतिका दिशामा पनि ध्यान केन्द्रित गर्ने नीति लिनुपर्छ। उदाहरणका लागि गहुँ फलाउने मात्र हैन त्यसबाट चाउचाउ बनाउने हो कि, आलु फलाएर बेच्ने मात्र हैन त्यो आलुबाट चिप्स बनाएर बेच्ने हो कि, कसरी मूल्य अभिवृद्धि गर्ने किसिमका औद्योगिक क्रियाकलापहरू गर्न सकिन्छ, त्यस्ता कुरामा पनि ध्यान दिने नीति लिनु पर्छ। यसैगरी जनताको सीप र क्षमता अभिवृद्धि गर्ने र उनीहरूको आर्थिक अवस्था सुधार गरी बलियो बनाउने कुरामा पनि नीतिगत रूपमै ध्यान दिनु पर्छ। एउटा उद्योग सञ्चालन गरेर एक हजारलाई रोजगारी दिन सकियो भने त्यसले मजदूरका परिवारका चारहजार मान्छे पाल्छ। त्यसबाट सिर्जना हुने व्यावसायिक एवम् बजारीकरण क्रियाकलापमा पनि मानिसहरूले काम पाउँछन्। यतातिर पनि नगरपालिकाहरूको ध्यान केन्द्रित हुनुपर्छ। बाटो, पानी, ढल र स्कुल निर्माण गर्नेजस्ता कुरातर्फ मात्र सीमित रहनु हुँदैन। यस्ता कुरासँगसँगै आर्थिक विकासतर्फको जिम्मेवारी पनि नगरपालिकाहरूले वहन गर्नुपर्छ। सहरहरूलाई त 'इन्जिन अफ इकोनोमी' भन्ने गरिन्छ। यस्ता आर्थिक क्रियाकलापले गर्दा जनतामा आर्थिक प्रगति भएर उनीहरू स्थानीय सरकारलाई बढी कर तिर्न सक्षम हुन्छन्। त्यसबाट जनताका आवश्यकता पूरा गर्न सङ्घ र प्रदेशमा मात्र निर्भर नभई आफ्नै खुट्टा मजबुतसँग टेकेर नगरपालिकाहरू विकासमा अघि बढ्न सक्दछन्। त्यसैले आफ्ना योजनाहरूमा यस्ता कुराहरूलाई पनि समावेश गर्नुपर्दछ। यसमा नीतिगत अप्ठ्याराहरू आएमा त्यसको समाधानका लागि सङ्घ र प्रदेश सरकारले पनि सहयोग गर्नुपर्दछ। स्थानीय सरकारको अधिकार मिच्ने र स्थानीय सरकारलाई कमजोर बनाउने काम चाहिँ सङ्घ र प्रदेश सरकारले गर्नु हुँदैन। राजनीतिक अराजकता सिर्जना गर्नेतिर लाग्नु हुँदैन।

**✍अब नेपाल नगरपालिका सङ्घतिर लागौं। यहाँ त यस सङ्घको अध्यक्ष हुनुहुन्छ। यस सङ्घले अहिलेसम्म गरेका प्रमुख उल्लेखनीय कार्यहरू के कस्ता छन्? बताइदिनु हुन्छ कि?**

☞हामीले एउटा प्रमुख काम त यस सङ्घलाई कुनै राजनीतिक दलको छायाँमा मात्र नराखी सबैको साझा संस्थाको रूपमा विकास गर्न सकेका छौं। सङ्घमा पोलिटिकल हार्मोनी पैदा गरेर काम गर्न सकिन्छ भन्ने विश्वास जागृत गरेका छौं।

दोस्रो, हामीले शहरी क्षेत्रमा काम गर्ने अन्तर्राष्ट्रिय सङ्घ-संस्थाहरूसँग आपसी सहयोग विकास गरी काम गर्न सकेका छौं। अहिले हाम्रो करिब एक दर्जन अन्तर्राष्ट्रिय सङ्घ-संस्थाहरूसँग सहयोगात्मक सम्बन्ध विकास भइसकेको छ। उनीहरूसँगको अन्तर्राष्ट्रिय अनुभव, ज्ञान, सीप र बुझाइबाट लाभान्वित हुँदै हरेक हिसाबमा मिलेर काम गर्ने र नगरपालिकाहरूलाई अन्तर्राष्ट्रिय संस्थाहरूसँग जोड्ने काम गरेका छौं।

तेस्रो, नेपाल नगरपालिका सङ्घमार्फत् हामीले स्थानीय सरकारका पक्षमा सङ्घ सरकारसँग बलियो लबिङ र एडभोकेसी गरिराखेका छौं। स्थानीय सरकारलाई बलियो बनाउने सन्दर्भमा सङ्घ सरकारका तर्फबाट भएका कमीकमजोरीका बारेमा सम्माननीय प्रधानमन्त्रीज्यू, सम्बन्धित मन्त्रालयहरू र विभिन्न निकायहरूसँग कुरा गरेर स्थानीय सरकारलाई मजबुत बनाउने प्रयत्नहरू भएका छन्।

चौथो, प्रत्येक नगरपालिकाले बनाएका विकास योजनाहरूको डीपीआर (विस्तृत परियोजना प्रतिवेदन) समेटेर योजना बैङ्क बनाएका छौं। जुन योजना बैङ्क प्रदेश, सङ्घ र अन्तर्राष्ट्रिय दातृ निकायहरूलाई हामीले यस्ता योजनाहरू बनाएका छौं जसमा तपाइँहरू लगानी गर्न चाहनु हुन्छ भने गर्नुस् भनेर लबिङ

गर्न प्रयोग हुने गरेको छ । यस्ता प्रयत्नबाट विगत वर्षहरूको तुलनामा अहिले नगरपालिकाहरूको विकासमा अन्तर्राष्ट्रिय दातृ निकायहरूको सहयोग अभिवृद्धि भइरहेको छ ।

अर्को, हामीले गरेका उत्कृष्ट संवैधानिक, कानूनी र व्यावहारिक अभ्यासहरूलाई अन्तर्राष्ट्रियकरण गरेका छौँ जसबाट हामी पनि कमजोर, निमुखा, केही गर्न नसक्ने मात्र होइनौँ, हामी आफ्नो विकासमा प्रतिबद्ध छौँ र यस्ता-यस्ता कामहरू गरिरहेका छौँ भनेर अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको सकारात्मक छवि बनाउन प्रस्तुत गरिरहेका छौँ ।

यसैगरी, स्थानीय सरकारका जनप्रतिनिधिहरू सबै किसिमका ज्ञान र सीपका आधारमा जान्ने हुन्छन् भन्ने होइन, निर्वाचित भएर पदमा पुगे पनि कतिपय विषयगत क्षेत्रहरूमा उनीहरूको ज्ञान र क्षमता अभिवृद्धि गर्नुपर्ने हुन्छ। त्यस दिशामा पनि अर्थात् स्थानीय सरकारका जनप्रतिनिधिहरूलाई क्षमतावान बनाउने सन्दर्भमा पनि हामीले कामहरू गरिरहेका छौँ । जनताको विकासलाई बलियो बनाउन जनप्रतिनिधिहरूलाई पनि बलियो बनाउनुपर्ने हुन्छ ।

सातैवटा प्रदेशमा नेपाल नगरपालिका सङ्घका प्रदेशस्तरीय कमिटी पनि बनाएका छौँ। त्यहाँबाट पनि विभिन्न क्रियाकलापहरू भइरहेका छन्।

यी त केही उदाहरणहरू मात्र हुन्। यस्ता विभिन्न क्रियाकलापहरू गरेर नेपाल नगरपालिका सङ्घले नेपालका नगरपालिकाहरूलाई सार्थक सहरका रूपमा विकास गर्ने प्रयत्न गरिरहेको छ ।

**✍अहिले अकस्मात कोरोना महामारी पनि आइलागेको छ। यो महामारी रोकथाममा नेपाल नगरपालिका सङ्घले कस्तो भूमिका खेलेको छ ?**

☞यसलाई पनि एकपटक संवैधानिक नजरले समेत हेरौँ भन्ने लाग्छ । यसअनुसार सरुवा रोग नियन्त्रण, महामारी रोकथाम, क्वारेन्टाइन व्यवस्थापनजस्ता कामहरू सङ्घ सरकारको एकल जिम्मेवारीका कुराहरू हुन् । तर, हाम्रा नागरिकलाई समस्या परिरहेका बेला यो काम सङ्घ सरकारको हो भनेर हामी चूप लागेर बसेका छैनौँ । सबै स्थानीय सरकारहरूले क्वारेन्टाइन बनायौँ, विदेशबाट आउने हाम्रा नागरिकहरूलाई घरसम्म ल्याइपुऱ्याउने काम गऱ्यौँ, उनीहरूलाई खुवाउने-पियाउने कामहरू गऱ्यौँ, रोजगारबाट विछोडिएकाहरूलाई राहतको व्यवस्था गऱ्यौँ, कोरोना रोकथामका लागि सूचना प्रवाह गर्ने र सचेतना जगाउने काम गऱ्यौँ । यस्ता कामहरूमा नेपाल नगरपालिका सङ्घले पनि योगदान गरिरहेको छ। नेपाल नगरपालिका सङ्घ, धुलिखेल नगरपालिका र धुलिखेल अस्पताल मिलेर विदेशबाट आएका करिब डेढ लाख मानिसहरूलाई धुलिखेल अस्पतालबाट स्वास्थ्य सल्लाहहरू दिने काम भइसकेको छ । २० जनाभन्दा बढी मनोचिकित्सकहरू राखेर यो महामारीका कारण उत्पन्न मनोचिकित्सासम्बन्धी समस्या समाधान गर्न मनोपरामर्श उपलब्ध गराउने गरेका छौँ। हामीले सातैवटा प्रदेशका मुख्यमन्त्रीहरूलाई ज्ञापन-पत्र दिएर कोरोनाका लागि चाहिने बजेट व्यवस्थापन गर्न अनुरोध गरेपछि प्रदेश सरकारहरूले क्वारेन्टाइन व्यवस्थापनका लागि बजेट व्यवस्था गरे ।

*'नेपालमा हालसम्म १ लाख २५ हजार क्वारेन्टाइन त स्थानीय सरकारले नै बनाएका छन् । २५ हजार आइसोलेसन बेडहरू स्थानीय सरकारहरूले नै बनाएका छन् । यतिबेला स्थानीय सरकारहरूले यस्ता प्रयत्नहरू नगरेको हुँदो हो त कोरोना नियन्त्रण पक्कै पनि यो अवस्थामा आइपुग्ने थिएन। यसरी स्थानीय सरकारले कानूनी आधारमा यो महामारी नियन्त्रणको काम आफ्नो हैन भनेर चूप नलागी आफ्ना नागरिकहरूको हितमा मानवीय नाताले समेत काम गरेका छन् ।'*

सङ्घ सरकार र त्यसअन्तर्गत बनेको कोरोना नियन्त्रणको मुख्य जिम्मेवारी रहेको उच्चस्तरीय संयन्त्रलाई समेत हामीले ज्ञापन-पत्र दिएपछि 'पीपीई' (पर्सनल प्रोटेक्सन इक्विप्मेन्ट्स्) को व्यवस्था गर्न र कोरोना परीक्षण गर्न स्थानीय सरकारले पनि भूमिका खेल्नसक्ने वातावरण बन्यो । नेपाल नगरपालिका सङ्घकै माध्यमबाट नेपालका ५० वटा नगरपालिकाका लागि अन्तर्राष्ट्रिय दातृ निकायहरूको सहयोग तथा नेपाल नगरपालिका सङ्घको आफ्नै ४० लाख रुपैयाँ समेत खर्च गरेर पीपीई, मास्क, सेनिटाइजर, ज्वरो नाप्ने गन मेसिनजस्ता अत्यावश्यक सामग्रीहरू उपलब्ध गरायौँ । यसरी नेपाल नगरपालिका सङ्घ र नगरपालिकाहरूले यो महामारी नियन्त्रणमा धेरै कामहरू गरेका छौँ । नेपालमा हालसम्म १ लाख २५ हजार क्वारेन्टाइन त स्थानीय सरकारले नै बनाएका छन्। २५ हजार आइसोलेसन बेडहरू स्थानीय सरकारहरूले नै बनाएका छन् । यतिबेला स्थानीय सरकारहरूले यस्ता प्रयत्नहरू नगरेको हुँदो हो त कोरोना नियन्त्रण पक्कै पनि यो अवस्थामा आइपुग्ने थिएन । यसरी स्थानीय सरकारले कानूनी आधारमा यो महामारी नियन्त्रणको काम आफ्नो हैन भनेर चूप नलागी आफ्ना नागरिकहरूको हितमा मानवीय नाताले समेत काम गरेका छन् ।

**✍नेपाल नगरपालिका सङ्घले कतिपय नगरपालिकाहरूमा देखिएको बेथिति, भ्रष्टाचार र बेरुजूहरू न्यूनीकरण गर्न के कस्ता कार्यहरू गरिरहेको छ ?**

☞नेपाल नगरपालिका सङ्घले सातैवटा प्रदेशमा स्थानीय सरकारका मेयर, उपमेयरहरूलाई विभिन्न समयमा अभिमुखीकरण

कार्यक्रमहरू गरेर जवाफदेहिता, पारदर्शिता र उत्तरदायित्वका सवालमा जनप्रतिाधिहरू बढी जिम्मेवार हुनुपर्छ भनेर छलफलहरू चलाएको छ । त्यस्ता कार्यक्रमहरूमा हामी जे गर्छौं, जनताका लागि गर्ने भएकाले हाम्रा कामहरू पारदर्शी हुनुपर्छ, हामीले जवाफदेही भएर काम गरेनौं भने त्यस्तो कामले अपेक्षित उपलब्धि दिन सक्दैन, स्थानीय सरकारमार्फत् गरिएका काममा कुनै समस्या आए फलाना इञ्जिनियर वा कर्मचारी वा ठेकेदार आदिले गरेको भनेर हामी उत्तरदायित्वबाट पन्छिन सक्दैनौं भन्ने कुराहरू उठाउने गरिएको छ । त्यसैले हामीले वहन गर्ने जवाफदेहिता, पारदर्शिता र उत्तरदायित्वबाट जनताका लागि राम्रा कामहरू हुन्छन् र जनप्रतिनिधिहरूको विश्वसनीयता पनि बढ्दछ । जनप्रतिनिधिहरूको भावना स्वच्छ हुनुका साथै उपयुक्त आचारसंहिताको पालना पनि हुनुपर्छ । यसमा हामीले जोड दिने गरेका छौं । हुन त, स्थानीय सरकारअन्तर्गतका कामहरूमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा करिब ३ हजार २ सय मुद्दा परे भन्ने कुरा पनि आएको छ तर मुद्दा पर्दैमा दोषी प्रमाणित नभएसम्म अख्तियार दुरुपयोग भएकै हो भन्न नमिल्ने कुरा पनि हामीले बुझ्नु पर्दछ । कतिपयले त त्यत्तिकै पनि मुद्दा हाल्छन् । अख्तियार दुरुपयोग भयो भनेर ३२ सय उजुरी हाल्ने तर १० प्रतिशत पनि प्रमाणित नहुने कुराका आधारमा अख्तियार दुरुपयोग बढ्यो भन्न मिल्दैन । यसो त, म सबै जनप्रतिनिधिहरूले राम्रा कामहरू गरेका छन्, त्यहाँ कुनै गडबडी नै भएको छैन त भन्दिनँ तर गडबड भएको छ भने त्यसलाई सम्बन्धित निकायबाट कारवाही गर्ने संयन्त्र र प्रावधानहरू छन् । प्रचारमा चाहिँ गलत गऱ्यो भन्ने तर कारवाही चाहिँ नगर्ने कुरा गलत हो । अहिले सङ्घ, प्रदेश र स्थानीय सरकारको अवस्था हेर्नुहुन्छ भने जनप्रतिनिधिभन्दा कर्मचारीहरू नै बढी अख्तियार दुरुपयोगमा परेका छन् । नेपाल नगरपालिका सङ्घ विधिको शासन चाहन्छ, यसलाई प्रवर्द्धन गर्न चाहन्छ र त्यसैतर्फ प्रयत्नशील छ ।

**✍ नेपाल नगरपालिका सङ्घले अहिले के कस्ता चुनौतीहरू सामना गर्नु परिरहेको छ ?**

☞ सबैभन्दा ठूलो चुनौती त नेपालको संविधान, राजनीतिक व्यवस्था र प्रशासनिक व्यवस्था जुन सिद्धान्तमा आधारित हुन्छ, त्यसलाई सङ्घ सरकारले आफ्नै अनुकूल भाषामा बुझ्ने, प्रदेशले आफ्नै भाषा र रूचिका आधारमा बुझ्ने, स्थानीय तहले आफ्नै भाषा र रूचिमा बुझ्ने, प्रशासनले आफ्नै भाषामा बुझ्ने गरेका छन् । यस्तो भइरहने हो भने हामी संविधानले खोजेको राज्य व्यवस्था स्थापित गर्न सक्दैनौं । त्यसैले अहिले संविधानलाई सही ढङ्गले बुझ्ने साक्षरता जरूरी छ ।

दोस्रो महत्वपूर्ण चुनौती स्रोत र साधनकै हो । हाम्रा जिम्मेवारी धेरै छन् तर स्रोत र साधनको अभावले चाहेअनुसारका जिम्मेवारी हामीले पूरा गर्न सकिरहेका छैनौं ।

त्यसैगरी जनप्रतिनिधिहरू र नेतृत्व वर्ग, बुद्धिजीवी लगायत सबै क्षेत्र इमान्दार भइदिनुपर्ने खाँचो पनि छ । त्यसो नहुँदा पनि हामीलाई काम गर्न चुनौतीहरू आइपर्ने गर्दछन् ।

**✍ यस्ता चुनौतिहरूको सामना कसरी गरिरहनु भएको छ ?**

हाम्रा चुनौतीहरूको सामना गर्न विभिन्न किसिमका लबिङ र एडभोकेसीहरू गरिरहेका छौं । कतिपय प्रयत्नहरू त माथि पनि उल्लेख गरिसकिएकै छ । प्रत्येक चुनौतीहरूलाई हामीले अवसरका रूपमा बदल्ने प्रयत्न गरिरहेका छौं र त्यसैअनुरूप अघि बढिरहेका छौं ।


**✍ नेपाल नगरपालिका सङ्घका भावी योजनाहरू चाहिँ के कस्ता छन् ?**

☞ नेपाल नगरपालिका सङ्घले सबै नगरका प्रतिनिधि र विज्ञहरू राखेर पाँच वर्षे रणनीति बनाएको छ । सो रणनीतिअनुसार नै अघि बढ्दै जाने र त्यस अनुसारकै योजना र क्रियाकलापहरू गर्दै जाने कुरामा हामी अग्रसर छौं । यस रणनीतिअन्तर्गत हाम्रा पाँचवटा खम्बा (पिलर) हरू छन् । जसमा नगरपालिकाहरूलाई बलियो बनाउन निरन्तर एड्भोकेसी र लबिङ गरिरहनु पर्दछ । हामीले अपनाउने गरेका प्रविधि र नेटवर्किङ पनि अझै भनेजस्तो हुन सकिरहेको छैन । त्यसलाई सुधार्दै जाने हाम्रो योजना छ । नेटकर्किङमा सुधार गरेर अन्तर्राष्ट्रिय सहरहरूले गरेका राम्रा-राम्रा अभ्यासहरूलाई हामीकहाँ पनि ल्याउनु पर्नेछ । हाम्रै देशमा भएका राम्रा अभ्यासहरूलाई पनि एकअर्कामा जोड्दै जानु पर्दछ । सूचना र सूचना प्रविधिमा पनि हाम्रा स्थानीय सरकारहरूमा कमजोरी रहेको छ । त्यसलाई सुधार गर्नु पर्नेछ । हाम्रा नगरहरूका पूर्वाधारहरू पनि कमजोर छन् । तिनको पहिचान गर्ने र तिनलाई कसरी परिपूर्ति गर्न सकिन्छ भन्नेतिर लाग्नु पर्ने खाँचो पनि छ । लोकतान्त्रिक प्रक्रिया जति कमजोर हुन्छ अन्य पिलरहरू पनि बलिया नभई त्यति नै कमजोर हुन्छन् । त्यसैले लोकतान्त्रिक प्रक्रियालाई बलियो बनाउनका लागि हामीले प्रयास गर्नु पर्नेछ । यसैगरी स्थानीय जनप्रतिनिधिहरूलाई पनि क्षमतावान बनाउँदै लानु पर्दछ । हाम्रो सङ्घको मूल अभिप्राय पनि स्थानीय सरकारको रूपमा रहेका नगरपालिकाहरूलाई सशक्त, सुदृढ र सक्षम तुल्याउँदै उपयुक्त एवम् सार्थक सहरहरू विकास गर्नेतर्फ अग्रसर तुल्याउन प्रयत्न गर्ने हो र हाम्रा आगामी योजनाहरू पनि त्यसैअनुरूप अगाडि बढाइने छन् । धन्यवाद ।

*अध्यक्ष, नेपाल नगरपालिका सङ्घ*

पुस्तक समीक्षा

# झर्रो शब्दको ज्याद्रो प्रस्तुति : सिक्तेलको 'आफ्नै प्रतिबिम्ब'




> 'लेखकले उल्लेख गरेका मुख्य विषयहरूमा नेपाल स्विस विकास आयोजनाको अनुभव, मुसे सार्कीको फेरिएको अनुहार, दु:खको सिलशिला, विदेशी सहयोगको कुरा, विकासको पैसामा विदेशीको मोज, वन सचिवको रिस, सुशासन र पारदर्शिताको धज्जी, पैसाले ठूला भएका गोराहरू, टाटा बाईबाई स्विसको जागिरलाई, जस्ता लेखहरूमा वर्णित प्रसङ्गले नेपालको कर्मचारीतन्त्र। प्राविधिक (टेक्नोक्रयाट) हरुबारेमा एकै पटकको पढाईले छर्लङ्गै पारि दिन्छ ।'

सन् १९९९मा नेपाल सहभागीमूलक कार्यसमूह (नेपान) बाट नेपालका ज्येष्ठ नागरिकहरूको अवस्थाबारेमा भएको पहिलो अनुसन्धानको सिलसिलामा खगेन्द्र सिक्तेलसँग सामान्य चिनजान भएको हो । उहाँ हाम्रो अनुसन्धान परियोजनाको स्टेरिङ्ग कमिटिमा हुनुहुन्थ्यो । हुताराम बैद्यको संयोजकत्वमा गठित समितिमा अस्मी नामक गैह्रसरकारी संस्थाको प्रतिनिधिको रूपमा सदस्य हुनुहुन्थ्यो ।

पहिलो भेट मै यी मान्छे ज्याद्रो लाग्यो। उहाँका झर्रोशब्द सहितका विचारहरू सुनेर हामी खुबै मोहित भएका थियौं। सरल तर खस्रो मिजासका पाका मान्छे भेटेर केही खुसी पनि लाग्यो। हामीले अनुसन्धान गर्न जाँदा भेट्ने मानिसहरू पनि यस्तै होलान् कि गमखाँदै टिप्पणी पनि गरियो। हामीले अनुसन्धानकर्ताको रूपमा देशभर रहेका जेष्ठ नागरिकहरूको परिभाषा, अवस्था र सवालहरूकाबारेमा अनुसन्धान गर्ने तयारीको सिलशिलामा उहाँका कुरा सुनेका थियौं। दोहोरो संवाद गरेका थियौं। पूर्वेली लवजमा कडा स्वरमा बोल्ने हुँदा उहाँलाई थोरै संवादमा पनि धेरैले चिन्छन्।

कोरोना महामारीको समयमा २०७६ चैत ११ गतेदेखि देशभर लकडाउन सुरु भयो। यसै मेसोमा खगेन्द्र सिक्तेलको आत्मकथा आफ्नै प्रतिबिम्ब आद्योपान्त पढियो। समीक्षा गर्न भने पढेको होइन। गत साउनको अन्तिम हप्तामा नेपाल सहभागीमूलक कार्य समूह, नेपानबाट यो पुस्तक समीक्षा गरिदिनु पर्‍यो भनि अनुरोध आएपछि फेरी रिट्ठो नबिराई पढियो।

आठ भागमा बाँडिएको आत्मकथाको सिलशिला पहिलो भागमा लेखकको परिवार र बाल्यकालबारेमा रोचक प्रसङ्ग र प्रेरणादायी कथा पढ्न पाईन्छ। वि.सं २००६ साल वैशाखमा सुदूरपूर्व ताप्लेजुङ्ग जिल्लाको हाङ्गदेवा गाउँमा जन्मेका लेखक १३ वर्ष पछिमात्र विद्यालय भर्ना भएका रहेछन्। आम बालबालिका जस्तै अल्छि बताए पनि पन्ध्र वर्षको भएदेखि त हलो जोत्न सुरु गरेको थिएँ। बिहान प्राय: सधैं हलो जोतेर स्कुल जान्थेँ। नौ कक्षा पढुन्जेल कसैले चिनेनन्। नौ कक्षाको परीक्षामा प्रथम हुनासाथ सबैले चिने। दस कक्षामा गएपछि त सबैको हाईहाई भएँ। (पृष्ठ १७ र १९)

भाग दुईमा युवा अवस्था र उच्च शिक्षाका लागि काठमाडौँको पहिलो यात्रा त्यो पनि हवाईजहाजमा र बाले दुईसय ऋणकाडेर विवाह गरिदिनु भएको प्रसङ्ग कम रोचक छैन । त्यससमयका गाउँघरका धेरै युवाहरूको साझा कथा हो । अहिलेका विकासकर्मीहरूलाई प्रेरण दिने खालको छ ।

भाग तीनमा पाखीबास कृषिकेन्द्रका एक दशक शिक्षकबाट कृषि हाकिमसम्म भएको कुरा समेटिएको छ। भाग चारको विदेश भ्रमण र पाँचको मेची पहाडी विकास परियोजनाको वर्णन पढ्दैगर्दा नेपालको कृषि क्षेत्रमा आएको परिवर्तन, विकासे परियोजनामा संलग्न सहकर्मिहरूसँगको संवाद अत्यन्तै सरल, पारदर्शि र खरो भाषामा प्रस्तुत गरिएको छ । लेखकले खोलेका कामगर्दाका अनुभवका पुलिन्दाले लेखकसँग कामगर्दाका सहकर्मिहरूलाई समेत केही लेख्न प्रेरणा दिने खालका छन् ।

भाग छ मा लेखकले उल्लेख गरेका मुख्य विषयहरूमा नेपाल स्विस विकास आयोजनाको अनुभव, मुसे सार्कीको फेरिएको अनुहार, दुःखको सिलशिला, विदेशी सहयोगको कुरा, विकासको पैसामा विदेशीको मोज, वन सचिवको रिस, सुशासन र पारदर्शिताको धज्जी, पैसाले ठूला भएका गोराहरू, टाटा बाईबाई स्विसको जागिरलाई, जस्ता लेखहरूमा वर्णित प्रसङ्गले नेपालको कर्मचारीतन्त्र । प्राविधिक (टेक्नोक्र्याट) हरूबारेमा एकै पटकको पढाईले छर्लङ्गगैं पारिदिन्छ । हामी कहाँ छौं । सतहमा देखिने विकास र वास्तविक विकासमा के फरक छ। नेपालको विकास । विकासे संस्था विकासका नाममा हुनेगरेका चटकलाई लेखकले उच्छित्तो काडिदिएका छन् ।

दलिय राजनीति नगर्ने तर राजनीतिमा चाखराख्ने भन्नेहरूका लागि के राजनीति हो के होईन राजनीति भन्ने कुरा लेखक सिक्तेलले सपाट वर्णन गरेका छन् । नेपालको वामपन्थी आन्दोलनका नयाँ मोड दिन सफल बहुदलिय प्रतिस्पर्धाको अवधारणालाई लोकतान्त्रिक वैज्ञानिक भाष्यमा दार्शनिक व्याख्या दिनसक्ने चम्किला नक्षेत्र मदन भण्डारीसँगको प्रसङ्गलाई लेखकले भाग सातमा सविस्तार व्याख्या गरेका छन् । पुस्तकको आवरणमा समेत छापिएको छ, 'मदन भण्डारीले प्रवक्ताको रूपमा टुँडिखेलमा भाषण गरेको रात हामी सँगै सुत्यौं । उहाँका मामा गुरुप्रसाद पोखरेलको रत्नपार्कमा जुत्तापसल थियो । म पनि त्यहाँ गएको थिएँ । भाषण सुनेर बसेँ । बेलुका बागबजारभित्र रहेको गुरुजीको कोठामा तीनै जना गयौं । उहाँको पाँच जनाको परिवार थियो । बस्ने दुईवटा कोठा थिए । ठाउँ साँघुरो भए पनि त्यहीँ अटायौं । यस्तो कोचाकोच गरेर अटाउने बानी परिसकेको हुँदा कुनै असहज भएन ।'

मदन भण्डारीसँगकै प्रसङ्गमा मदन भण्डारीले गरेको प्रस्तावबारे चर्चा गर्दै लेख्छन्, 'काठमाडौं, ललितपुर र भक्तपुर जहाँ अनुकुल हुन्छ, त्यहाँ चार आना जग्गा किन्नुस् र त्यो चार आना घडेरीमा चारवटा कोठा भएको एक तल्ले घर बनाउनुस् । त्यति तपाईले प्रयास गर्नुभयो भने सक्नुहुन्छ । त्यो चार कोठामा दुई वटा कोठा मलाई दिनुस्, दुई वटा कोठामा तपाई बस्नुस् । कुनै दिन सकेँ भने तपाईको घरको भाडा तिरुँला । नभए तपाईलाई भाडा नतिर्दा पनि हुन्छ । तर थापाजीको यो सेवा मलाई महँगो भईरहेको छ । तपाईले मदन भण्डारीका लागि यत्ति काम गरिदिनुस् । उहाँका कुरा मेरो मनमा गड्यो ।' (पृष्ठ १५१)

आमाको तेह्रौं सन्तानका रूपमा जन्मिएका लेखकले पुस्तकको अन्तिम भाग आठमा संस्कारका कुरा, चित्त नबुझ्ने कुरा र म जन्मँदै बुढो भएछु भन्दै ज्येष्ठ नागरिकहरूको हितमा गरिएका पहलहरूको चर्चा गरेका छन् । समाज, परिवार र ज्येष्ठ नागरिकका सवालमा लेखकले गरेका सत्प्रयास अनुकरणीय छन् ।

मदन भण्डारी स्मृति प्रतिष्ठान नेपाल, उर्लाबारी, मोरङ्गले २०७६ पुस महिनामा प्रकाशित गरेको लेखक खगेन्द्र सिक्तेलको आत्मकथा, 'शिक्षाको जरा तितो हुन्छ तर यसको फल सधैं मिठो हुन्छ' भन्ने अरस्तुको भनाईबाट सुरु भएको लेखनी आफ्ना माता पिताको स्मृतिमा हस्तकमल सेवा समाज स्थापना गरी आफ्ना सन्ततिहरूको योगदानले ज्येष्ठ नागरिकहरूको हितमा काम गर्ने अभियानले निरन्तरता पाउने विश्वासमा रोकिएको छ । २६८ पृष्ठको डिमाईज साईजको यस पुस्तकको मुल्य रु. ३५० रहेको छ । लेखकले यस पुस्तकको बिक्रीबाट प्राप्तहुने रकम मदन भण्डारी स्मृति प्रतिष्ठान नेपाल र हस्तकमल सेवा समाज, इटहरीको सामाजिक कार्यमा प्रयोग हुने प्रतिबद्धता पुस्तकमा नै छापेका छन् ।

विकास, विकासे परामर्शदाता, विकासे संस्था र विकासे कर्मचारीतन्त्रको धज्जी उडाउँदै आलोचनात्मक चेतबाट लेखकले पुस्तकका पानाहरूमा आफ्ना असन्तुष्टिका झटारो पस्केका छन् । विकासकर्मी । विकासका क्षेत्रमा काम गरिरहेका नीतिनिर्माता, प्राज्ञिक एवं प्रोफेसनल पेशाकर्मीहरूका लागि नेपालको ग्रामिण भेगका एक पुस्ताको व्यक्ति, परिवार, समाज, संस्कृति, राजनीति र विकासको ऐनाको रूपमा रहेको सत्य कथामा आधारित चलचित्र हेर्नै पर्ने झै सुझाव दिन सकिन्छ । एक पटक पढ्न सिफारिस नै गरिन्छ । अस्तु ।

*-समीक्षक : अश्विन पुडासैनी*

परियोजना अनुभव

# स्थानीय सरकारहरूसँग 'सम्बोधन' परियोजनाको सहकार्य



चन्द्रबहादुर सर्तुङ्गे

> सम्बोधन परियोजनाले पहिचान गरेका जोखिमयुक्त व्यक्ति तथा घरपरिवारको जीविकोपार्जन, सामाजिक सुरक्षा, खाद्य सुरक्षा, सुरक्षित आवास निर्माणका साथै अर्थपूर्ण सामाजिकीकरणमा उल्लेखनीय योगदान पुऱ्याएको छ ।

## पृष्ठभूमि

वि.सं. २०७२ वैशाख १२ र २९ गते गएको विनाशकारी भूकम्पको कारणले नेपालभरिका १४ वटा जिल्ला धेरै प्रभाव पारेको थियो । राष्ट्रिय पुनर्निमाण प्राधिकरणको तथ्यांक अनुसार ८,९७९ जनाको मृत्यु भएको थियो भने २२,३०९ जना घाइते भएका थिए । धेरै मात्रा मानवीय क्षति हुनुका साथै व्यक्तिगत निजी आवास, सरकारी भवन, सार्वजनिक विद्यालय, स्वास्थ्य संस्थाहरू, ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरूमा असर गरेको थियो । भौतिक रूपमा पारेको क्षतिको तुलनामा मानवीय क्षति अझ थप पीडादायी रहेको थियो । भूकम्पको कारणले जीविकोपार्जनका माध्यमहरूको विनाश भएको कारणले, आम्दानीको स्रोतहरू बन्द भएर आर्थिक अवस्था झन् कष्टकर भएको थियो । जसको कारणले मानिसहरूले आधारभूत रूपमा पाउनुपर्ने शिक्षा, स्वास्थ्य, खाद्यन्न, सामाजिक सुरक्षा आदिको अभावको कारण जोखिमतको अवस्था बढिरहेको थियो ।

## परियोजनाको परिचय

नेपाललाई बेलायत सरकारले लामो समयदेखि सहयोग गर्दै आइरहेको छ। Department of Foreign International Development (DFID) ले नेपालमा भूकम्प (२०७२) गएपछि यहाँको विकास निर्माण तथा सुरक्षित आवास निर्माणको लागि पूर्णिमा परियोजना सञ्चालन गरिरहेको छ । यस परियोजना अन्तर्गत सङ्घीय सरकार, प्रादेशिक सरकार र स्थानीय निकायलाई पुनर्निमाण, योजना र कार्यन्वयनको क्षेत्रमा क्षमता विकास गर्ने, ग्रामिण पूर्वाधारको पुनर्निमाण अन्तर्गत विद्यालय, खोनपानी, पुल आदि, निजी क्षेत्रको पूर्वाधार निर्माण, वित्तीय पहुँचको सहजता, नविन विकास र सीप सम्बन्धि सहजताको लागि प्रयासहरू हुँदै Challenge Fund (CF) अन्तर्गत कोहि पछि नपरुन् (Leave No One Behind) को मर्म अनुरुप जोखिमयुक्त समूह पहिचान गरि तिनीहरूको जीविकोपार्जन, आवास निर्माण तथा सामाजिक सुरक्षाको विषयमा कार्य गर्दै आएको छ ।

सम्बोधन परियोजना नुवाकोट जिल्लाको तीन गाउँपालिकाहरू दुप्चेश्वर, तादी र शिवपुरीमा कन्सोर्टिम मोडलमा आधारित परियोजना हो । यो परियोजनाको कार्यन्वयनको लागि मुख्य

अगुवाई सप्रोस नेपालले गर्नुका साथै अपांगताको विषयमा विज्ञता प्रदान गर्नको लागि CBM International, ज्येष्ठ नागरिकको विषयमा छलफल र वहस प्रदान गर्नको लागि नेपाल सहभागीमूलका कार्य समूह (नेपान) र सामुदायिक परिचालनको क्षेत्रमा कार्य गर्नको लागि सामुदायिक विकास केन्द्र, नुवाकोट रहेका छन् ।

सन् २०१९ को जनवरी महिनाबाट शुरुवात भएको परियोजनाले २०२० को अन्त्यसम्म कार्य गर्नेछ । स्थानीय निकायको सहकार्य र समन्वयमा वित्तीय संयोजन गरि धेरै सँख्यामा गरिनुपर्ने क्रियाकलाप सम्पन्न गरिसकेको छ । हाल कोभिड १९ को महामारीको न्यूनीकरणको लागि सचेतना कार्यक्रमहरू तथा आर्थिक सहजताको लागि छोटो समयका जीविकोपार्जनका कार्यक्रम तथा तालिमहरू सम्पन्न गरि स्थानीय निकायको जिम्मेवारीमा थप इटा थपेको छ ।

## परियोजनाको औचित्य

गोरखाको बारपाक केन्द्रविन्दु बनाई वि.सं. २०७२ सालमा गएको भूकम्पको कारणले नेपाली जनजीवनमा धेरै असर परेको थियो । भौगोलिक, प्राकृतिक, आर्थिक तथा सांस्कृतिक असरका साथै भूकम्प अतिप्रभावित १४ जिल्लामा जीविकामा पनि धेरै असर परेको थियो । भूकम्पको कारणले भत्केका आवास संरचना पुनर्निमाण गर्दा धेरै मानिस गरिबीको दुष्चर्कमा फसेका थिए । जीविकोपार्जको आधार भूकम्पको कारणले नष्ट हुनुका साथै आफन्तको वियोगले मानिसहरूमा मानसिक समस्या केही समयसम्म रहेको पाइन्छ । महिला, बालबालिका, अपांगता भएका व्यक्तिहरू, अति विपन्न घरपरिवार र भूकम्पको कारणले विस्थापितहरू झन् पछि झन् जोखिमताको स्थितिमा पुगेका थिए । केही मानिसहरू सरकारी कागजपत्रको अभावमा नेपाल सरकार तथा दातृ निकायबाट पाउनुपर्ने सेवा सुविधाबाट बञ्चित थिए । ज्येष्ठ नागरिका परिचय पत्र, अपागंता भएका व्यक्तिको परिचय पत्र, एकल महिला परिचय पत्र, जग्गाधनी लालपुर्जा, नागरिकताको अभावमा सामाजिक सुरक्षा तथा विविध सेवा सुविधाकाको उपभोगबाट अलग थिए जसको कारण सामाजिक बहिष्करणमा परेका थिए ।

यी समस्याहरूको अल्पकालीन तथा दीर्घकालीन समाधानको लागि तथा जोखिमयुक्त वर्गहरूको लागि जीविकोपार्जनको आधार, सुरक्षित आवास निर्माणमा सहयोग र सामाजिक सुरक्षाको सहज पहुँचको लागि सम्बोधन परियोजनाको सुरुआत गरिएको हो ।

## परियोजनाको उद्देश्य

परियोजनाको मुख्य उद्देश्य भूकम्प[1] प्रभावित क्षेत्रका मानिसहरूको



जीवनमा दीर्घकालीन सकारात्मक परिवर्तन ल्याउनु रहेको छ । साथै, यसका सहायक उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

क) गाउँपालिका तथा समुदायस्तरमा जोखिमता र जोखिमयुक्त समूहको बारेमा गहन बुझाइ र परिस्कृत दृष्टिकोणको विकास गर्नु ।

ख) मजबुत सामुदायिक सामाजिक नेटवर्क, परिस्कृत प्रभावकारी प्रतिनिधित्व र सेवामा सहज पहुँचको माध्यमबाट समावेशीकरणमा बृद्धि गर्नु ।

ग) अति जोखिमयुक्त घरपरिवारको लागि परिस्कृत खाद्य सुरक्षा र उच्च आम्दानीको सुनिश्चितता ।

घ) आत्मसम्मान सहितको सुरक्षित आवास र आत्मनिर्भर ।

## तथ्यांक संकलन विधि

सम्बोधन परियोजनाले Participatory Rural Appraisal (PRA) का विविध सामग्रीहरूको प्रयोग गरी स्थानीय आमसमुदायको सक्रिय सहभागिताबाट तथ्यगत र वास्तविक तथ्यांक संकलन गरेको थियो । जसको संक्षिप्त चर्चा गरिएको छ ।

### क. सुपेरीवेक्षक र गणकहरूको लागि विशेष तालिम

परियोजनाले सुपेरीवेक्षक र गणकहरूलाई प्रभावकारी तालिम प्रदान गरेको थियो । विभिन्न विषयगत क्षेत्रका विज्ञहरूले प्रदान गरेको तालिममा तथ्यांक संकलन गर्दा अपनाउनुपर्ने विधि र तौरतरिकाहरूको बारेमा वस्तुनिष्ठ तालिम प्रदान गरिएको थियो । सुपेरीवेक्षकको प्रत्यक्ष निरिक्षणमा सामाजिक नक्सांकन, मुख्य जानकार व्यक्तिको अर्न्तवार्ता र वडाबाट प्राप्त तथ्यांकहरूलाई संयोजन गरि तथ्यगत तथ्यांक संकलन गरिएको थियो ।

### ख. सामाजिक नक्सांकन (Social Mapping)

स्थानीय समुदाय स्थानीय ज्ञानको बारेमा विज्ञ हुन्छन्, जुन भनाई संभवतः कसैले नकार्न सक्दैन । त्यसैकोआधारमा स्थानीयको सक्रिय सहभागितामा जोखिमयुक्त घरपरिवारको विश्लेषण गरी परियोजनाको लागि आवश्यक तथ्यांक प्राप्त गरिएको थियो । सामाजिक नक्साको आधारमा जोखिमयुक्त घरपरिवारको पहिचान र सामाजिक र आर्थिक अवस्थाको सहि विश्लेषणको लागि यो विधि उपयुक्त मानिन्छ । सहजकर्ताको रूपमा सुपरिवेक्षकले

1 http://www.nra.gov.np/np/pages/view/fk2lRwucsHVwn9q-LAx-pTW9mGJgIRz25rUWNDHdbkYk

गरेको छलफलमा स्थानीय आम मानिसले गरेको मूल्यांकन बढि विश्वासिलो र समुदायले नै अपनत्व लिने भएको हुनाले परियोजना कार्यन्वयन कमै समस्या आउने गरेको छ ।

### ग. मुख्य जानकार व्यक्तिको अर्न्तवार्ता (Key Informant Interview/KII)

मुख्य जानकार व्यक्तिको अन्तर्वार्ता (KII) को मुख्य उद्देश्य भनेको समुदायस्तरबाट आएको तथ्यांकलाई अझ भरपर्दो र विश्वासिलो बनाउनको लागि गरिने अर्न्तवार्ता हो । यसमा मुख्यगरि समाजलाई राम्रोसंग बुझेका स्थानीय जननिर्वाचित प्रतिनिधि, शिक्षक, मान्यजन, युवा क्लबको अध्यक्ष, आमा/महिला/ किशोरी समूहका अध्यक्ष आदिको विचार समेटिने गरिन्छ । सम्बोधन परियोजनाको सम्बन्धमा प्राप्त भएका तथ्यांकको मूल मर्म नबिग्रने गरि राम्रोसंग अध्ययन गर्नुका साथै छुटेका तथ्यांकलाई आवश्यकता अनुसार समेटिएको थियो । अझ परिस्कृत र व्यापक बनाउनको लागि यो विधि अबलम्वन गरिएको थियो ।

## तथ्यांकको प्रमाणीकरण तथा वैधता

सम्बोधन परियोजनाले तथ्यांकको प्रमाणीकरण र वैधताको लागि संकलित तथ्यांकहरूलाई तीनवटै गाउँपालिकाका २१ वडाका जनप्रतिनिधिहरूको बीच प्रस्तुतगरी प्रमाणित गरेको थियो । सामाजिक नक्सांकन गर्दा संकलन गरिएको तथ्यांकमा केही प्राविधिक त्रुटिहरूलाई वडास्तरको छलफलमा सुधार गर्दै पालिकास्तरमा तथ्यांकहरू प्रस्तुत गरिएको थियो । यसरी, चरणगत रूपमा स्तरिकृत गरिएको तथ्याकंको आधारमा परियोजनाको गतिविधि सञ्चालन गरिएको थियो ।

## कार्यान्वयन विधि तथा तौरतरिका

यसरी चरणगत स्तरीकृत हुदै आएका तथ्यांकहरुमध्ये अति जोखिमयुक्त व्यक्ति र घरपरिवारलाई पहिलो प्राथमिकतामा राखी



परियोजना गतिविधि सञ्चालन गरिएको थियो । प्राथमिकता निर्धारण गर्दा बहुआयामिक जोखिमताको आधारमा गरिएको थियो । परियोजनाले जोखिमस्तरको पहिचान तुलनात्मक रूपमा सामाजिक संरचनाको पिँधमा वा कुनै पनि विपद्को अवस्थामा पहिलो जोखिमको अवस्थामा पर्ने महिला, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, चरम गरिबीमा परेका विपन्न घरपरिवार र आन्तरिक विस्थापनमा परेका समूहको आधारमा गरेको थियो ।

दोस्रो चरणमा जोखिमको स्तर पहिलोको तुलनामा कम भएका सेवाग्राहीलाई सेवा प्रदान गर्दै आएको छ । यसैगरी, जोखिमको सघनताका आधारमा जोखिमको मात्रालाई न्यूनीकरण गर्दै जीविकोपार्जन, सामाजिक सुरक्षा र सुरक्षित आवास निर्माणमा परियोजनाले ध्यान दिँदै आएको छ ।

## सहभागीमूलक समूह गठन तथा सञ्चालन विधि

परियोजनाले समुदायस्तरमा समूह निर्माण गरी कार्य सञ्चालनको आधार बनाएको छ । सीमान्तकृत समूह र व्यक्तिको क्षमता विकास र सामुहिक प्रयासको असल अभ्यासको सुदृढिकरणको लागि तथा समुदायको सामाजिक सम्पति (Socail Assest) को रूपमा समूहमा आवद्ध एकल महिला, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अति विपन्न घरपरिवार र आन्तरिक रूपमा विस्थापित घरपरिवार र उनीहरुको आश्रित परिवारको लागि जीविकोपार्जनको बलियो आधार निर्माण गरेको छ । स्थानीय सरकारबाट पाउनुपर्ने तथा प्राप्त गरेका सेवा सुविधाको बारेमा सामुहिक रूपमा हुने छलफलले उनीहरूमा स्थानीय सरकारप्रतिको अपनत्व र सार्वजनिक चासोमा वृद्धि गरेको छ । समूह सञ्चालनको लागि परियोजनाको प्राविधिक सहयोगमा समूह सञ्चालन कार्यविधि बनाई आर्थिक अनुशासन, जवाफदेहिता र पारदर्शिताको अभ्यास गरिरहेका छन् । जसले गर्दा ती एकिकृत सीमान्तकृत समूहलाई राज्यले दिनुपर्ने सेवा सुविधामा थप बृद्धि भइरहेको छ । हाल दुप्चेश्वर गाउँपालिका, तादी गाउँपालिका र शिवपुरी गाउँपालिका स्थानीयस्तरका कार्यक्रम योजनामा आवद्धगरी प्रत्यक्ष लाभ प्रदान गरिरहेका छन् ।

## स्थानीय निकायसंगको सहकार्य र अपनत्व

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको कानूनी व्यवस्था अनुसार स्थानीय निकायलाई गैरसरकारी संस्थाको क्रियाकलापको समन्वय गर्ने अधिकार रहेको छ । सोही कानूनी व्यवस्थालाई आधार मान्दै सम्बोधन परियोजनाले कार्यक्रमको प्रभावकारी कार्यन्वयनको लागि स्थानीय निकायसंगको सहकार्यलाई मजुवुत बनाउदै लगेको छ । जीविकोपार्जन, सामाजिक सुरक्षा र आवास पुर्ननिर्माणको लागि अनिवार्य रूपमा स्थानीय निकाय गाउँपालिका

तथा वडा कार्यालयहरूसंगको समन्वयमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको छ । अपागंता भएको व्यक्तिको परिचय पत्र वितरणको लागि परियोजनाले तादी र शिवपुरी गाउँपालिकामा एकपटक र दुप्चेश्वर गाउँपालिकामा दुईपटक परिचय पत्र वितिरण शिवर सञ्चालन गरिसकेको छ । साथै, सम्बोधन परियोजनाको कारणले स्थानीयहरूमा परम्परागत सीप, प्रविधि र व्यवसायलाई आधुनिक तरिकाले कार्यसञ्चालन गरी जीविकोपार्जनको भरपर्दो आधार भएको छ । भूकम्प, गरिबी र वेरोजगारीको अवस्थालाई धेरै हदसम्म न्यूनीकरण गर्नुकासाथै युवा पुस्तामा स्थानीयस्तरमै विभिन्न जीविकोपार्जनका आधार बनाउन सकिनेमा विश्वास बढ्दै गएको पाउन सकिन्छ ।

त्यसैगरि, कोभिड १९ को न्यूनीकरणको लागि स्थानीय निकायसंग सहकार्य गरिरहेको छ । जीविकोपार्जनका गतिविधिमा गरिएको सहयोगमा थप पालिकास्तरबाट अनुदान प्रदान गर्नुले सहकार्यको उच्च सम्बन्धलाई जनाउछ। साथै, परियोजनाले गरेको गतिविधिको पारदर्शिता कायम गर्नको लागि सम्पूर्ण सूचनाको सार्वजनीकरण गरिनुका साथै अनुगमनको लागि जनप्रतिनिधिहरूले भ्रमण गरी गुणस्तरीयता सुनिश्चित गरिएको छ ।

## मुख्य उपलब्धिहरू

सम्बोधन परियोजनाले पहिचान गरेका जोखिमयुक्त व्यक्ति तथा घरपरिवारको जीविकोपार्जन, सामाजिक सुरक्षा, खाद्य सुरक्षा, सुरक्षित आवास निर्माणका साथै अर्थपूर्ण सामाजिकीकरणमा उल्लेखनीय योगदान पुऱ्याएको छ । अपांगता भएका व्यक्तिको सामाजिक प्रतिष्ठा र उनीहरू प्रति हेर्न दृष्टि र सोचाईमा आमूल परिवर्तन ल्याएको छ। ज्येष्ठ नागरिकप्रति गरिने व्यवहार र अर्थपूर्ण सहभागितामा विशेष ख्याल दिन थालिएको छ भने एकल महिला, दलित तथा आर्थिक तथा सामाजिक रूपमा विपन्न घरपरिवारको लागि बलियो जीविकोपार्जनको आधार स्थापित भएको छ ।

तादी, शिवपुरी र दुप्चेश्वर गाउँपालिकामा सञ्चालित परियोजनाले स्थानीय निकायसंगको सहकार्यमा अपांगता भएका व्यक्तिहरूको पहिचानगरी सामाजिक सुरक्षा कार्यक्रममा समावेश गर्न परिचय पत्र बनाउन सहयोग गरेको छ। त्यसैगरि जीविकोपार्जन अन्तर्गत आधुनिक प्रविधिमा आधारित तोकिएको मापदण्डको आधारमा तरकारी खेती, कुखुरापालन, बंगुरपालन, बाख्रापालन, मौरी पालन, चिया खेती, सुन्तला, कागति जातको विरुवाको व्यवसायिक खेती, तथा अपांगतमैत्री र ज्येष्ठ नागरिक मैत्री व्यवसाय तथा कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । व्यवसायिक योजनादेखि बजारीकरण हुदै सुपथ कर्जाको समेत व्यवस्था गरिएको छ ।

सुरक्षित आवास पुनर्निमाणको लागि स्थानीय निकाय तथा पुनर्निमाण प्राधिकरणसंग समन्वय गरी आवास निर्माण कार्य गर्दै आएको छ । किस्ता रकमबाट अपुग भएका घरहरूलाई थप सहयोग गरी जीविकोपार्जनको आधार सिर्जना गरी आर्थिक स्थितिमा सुधार ल्याउने प्रयास गरेको छ ।

## कार्यक्रमको दिगोपनाको प्रयास

परियोजना निश्चित प्रकारको उद्देश्यले प्रेरित छोटो समयावधिको कार्यक्रम हो। निश्चित प्रकारको विशिष्ट ज्ञानलाई समुदायस्तरमा कार्यन्वयन गरी उनीहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउन यसको मुख्य ध्येय रहेको हुन्छ । सम्बोधन परियोजनाले पनि आफ्ना सफल गतिविधिहरूलाई दिगो रूपमा लैजानको लागि स्थानीयहरूमा सीप हस्तान्तरण, क्षमता विकास, असल अभ्यासको अनुशरण, प्राविधिक ज्ञानको हस्तान्तरण, स्थानीय निकायसंगको सम्बन्ध स्थापित तथा स्थानीय निकायलाई समुदायप्रति थप जिम्मेवार बनाउदै उत्कृष्ट अभ्यासहरूको अनुशरण लगायतका गतिविधिहरूबाट दिगोपन र स्वालम्वन बनाउने कोशिस गरको छ।

जीविकोपार्जनको गतिविधिहरू सञ्चालनको लागि दक्ष जनशक्तिको विकास, प्राविधिक ज्ञानको विकास, नेतृत्व विकास, सामुहिक अभ्यास आदिको कारणबाट स्थानीयमा आत्मनिर्भरताको क्षमता विकास हुँदै गएको पाइन्छ। सामाजिक चिन्तनमा आएको सकारात्मक परिवर्तको कारणबाट सीमान्तकृत व्यक्ति र समुदायले पनि केही गर्न सक्छन वा आर्थिक र सामाजिक आत्मनिर्भरताको कारणबाट उनीहरूको प्रतिष्ठमा सकारात्मक परिवर्तन भएको भन्ने भाष्य निर्माणमा यो परियोजनाले उत्कृष्ट भूमिका स्थापित गर्न सफल भएको देखिन्छ ।

## निष्कर्ष

अन्त्यमा, सम्बोधन परियोजनाले २ वर्षे समयावधिमा भूकम्पको कारणले धरासयी भएको व्यक्तिगत, सामाजिक, आर्थिक अवस्था कारणले झन् जोखिममा परेका एकल महिला, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, चरम गरिब घरपरिवार र आन्तरिक रूपमा विस्थापित घरपरिवारको जीविकोपार्जन, सामाजिक सुरक्षा र आवास निर्माणमा गरेको सहयोगले सामाजिक एकता र पारस्परिक समाञ्जस्यता ल्याउनमा सहयोग गरेको छ । साथै, स्थानीय निकायको सहकार्य र समन्वयमा वास्तविक विकासका उत्कृष्ट अभ्यास गर्न सकिनेमा विश्वस्त हुन सकिन्छ ।

*(लेखक सम्बोधन परियोजनामा क्षमता विकास संयोजक तथा नेपानमा कार्यकारी संयोजकको रूपमा कार्यरत हुनुहुन्छ)*

*E-mail : sartunge.chandra45@gmail.com*

*twitter: @dear_sartunge*

# स्थानीय विकासको योजना तर्जुमा र विकास व्यवस्थापनमा देखिएका अवसर र चुनौतीहरू : सिद्धिचरण नगरपालिकाको पाठ



पदमा शाक्य

'आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, आवधिक योजना, जनप्रतिनिधिको व्यक्त गरेका प्रतिवद्धता, टोलस्तरदेखि वडास्तर हुँदै बजेट तथा कार्यक्रम तर्जुमा समितिसम्मका चरणमा भएका छलफल, नगर कार्यपालिले दिएको सुझाव, सङ्घ संस्थाबाट र निजी क्षेत्रबाट प्राप्त सुझाव तथा प्रचलित ऐन, कानूनमा रहेको व्यवस्था, सङ्घ र प्रदेश सरकारको नीति र कार्यक्रम, स्थानीय सरकार संचालन ऐन २०७४ मा भएका काम कर्तव्य र अधिकारलाई मुख्य आधारको रुपमा लिईएकोछ ।'

नेपालको संविधान २०७२ ले गरेको व्यवस्था बमोजिम सिद्धिचरण नगरपालिकाले आफ्नो क्षेत्रमा गरेका विकासका केही पहलहरू यहाँ उल्लेख गर्ने जमर्को गरिएको छ। नेपालको संविधान युगान्तकारी परिवर्तनको दस्तावेज हो । संविधान जारी भएसँगै मुलुक नयाँ युगमा प्रवेश गरेको छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्र संस्थागत भएको छ। अब समाजको समग्र परिवर्तनका लागि गरिने सङ्घर्षकोरूप बदलिएको छ। अबको सङ्घर्ष सामाजिक शत्रुकारूपमा रहेका भोक, रोग र शोक एवम् गरिबी, पछौटेपन र अशिक्षाका विरुद्ध केन्द्रीत छ । समानुपातिक एवम् सामाजिक न्याय सहितको आर्थिक विकासका माध्यमबाट समृद्धि हासिल गर्दै अघि बढ्ने कुरा अबको मार्गचित्र हुनुपर्दछ। लामो सङ्घर्ष पछि नेपाली जनताको चाहनाअनुरूप सङ्घीयता सहितको समावेशी राज्य प्रणाली स्थापना भएको छ। तीनै तहको निर्वाचनबाट सङ्घीय लोकतान्त्रिक शासन प्रणाली संस्थागत भएको छ। यो मौलिक स्वरूपको राजनैतिक उपलब्धी सँगै जनताको भरपर्दो साथ र विश्वास पाएको वर्तमान सरकारलाई राज्यको सम्पूर्ण स्रोत र सामर्थ्यको सदुपयोग गरी विकास र सम्बृद्धिको यात्रामा अविचलितरूपमा अघि बढ्न ठूलो प्रेरणा मिलेको छ।

नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय व्यवस्थापिका, कार्यपालिका, न्यायिक समिति, नगरसभा, नगरपालिकाले बनाईएका कानूनहरू, सङ्घ र प्रदेश सभाले बनाएका कानूनहरू यो नगरपालिका संचालनका मुख्य आधारहरू हुन। संविधानको धारा २२६ मा स्थानीय तहले कानून बनाउन सक्ने व्यवस्था गरिएको छ। त्यसैगरी संविधानको धारा २१४ को अनुसूचि ८ र ९ बमोजिम एकल र साझा अधिकारको व्यवस्था छ । त्यसैगरी न्यायिक समितिको व्यवस्था धारा २१७ मा रहेको छ भने स्थानीय आर्थिक कार्यप्रणाली अन्तर्गत धारा २२८ मा कर लगाउन वा ऋण लिन पाउने अधिकार उल्लेख छ। यसैगरी धारा २२९ मा स्थानीय सञ्चित कोषको व्यवस्था गरिएको छ। यस कोषमा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजश्व, सङ्घीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, नगरपालिकाले लिएको ऋण रकम र अन्य श्रोतबाट प्राप्त

रकम जम्मा हुने व्यवस्था छ । संविधानमा व्यवस्था भएअनुसार तीन तहकै सरकार (सङ्घ, प्रदेश र स्थानीय तह) स्वतन्त्र छन् भने समन्वय, सहकार्य र सहअस्तित्वको आधारमा तीनै तह संचालन भएको छ ।

आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, आवधिक योजना, जनप्रतिनिधिको हैसियतले बेलाबेलामा व्यक्त गरेका प्रतिवद्धता, टोलस्तरदेखि वडास्तर हुँदै बजेट तथा कार्यक्रम तर्जुमा समितिसम्मका चरणमा भएका छलफल, नगर कार्यपालिका बैठकमा भएका छलफलबाट प्राप्त सुझाव, विभिन्न सङ्घ संस्थाबाट र निजी क्षेत्रबाट प्राप्त सुझाव तथा प्रचलित ऐन, कानूनमा रहेको व्यवस्था, सङ्घ र प्रदेश सरकारको नीति र कार्यक्रम, स्थानीय सरकार संचालन ऐन २०७४ मा भएका काम कर्तव्य र अधिकारलाई मुख्य आधारको रूपमा लिईएकोछ ।

उच्च आर्थिक बृद्धि दिगो विकास र उज्ज्वल भविष्य सहितको लोककल्याणकारी र सुशासन युक्त नगर स्थापित गर्न साथै विकास र सम्बृद्धिको आधार नगरबासी र जनप्रतिनिधिको सहकार्य, समन्वय, सहयोग र विश्वास हो । जसको माध्यमबाट भविष्यको पिढी र पुस्तालाई समेत ख्याल गरी स्रोत र साधनको उच्चतम सदुपयोग गर्दै नगरको विकास र सम्बृद्धिको सम्भावना उच्च रहेको छ । यस नगरपालिका भौगोलिक विविधताले गर्दा मौसम र यहाँको हावापानीमा पनि विविधता पाइन्छ । माथिल्लो भागमा रहेका ३ हजार मिटर माथिका डाँडाहरूमा जाडो महिनामा हिउँ पर्ने गरेको पाइन्छ । यस नगरपालिकाको पूर्वमा चिशंखुगढी गाउँपालिका, पश्चिममा मोलुङ र सुनकोशी गाउँपालिका, उत्तरमा सोलुखुम्वु जिल्लाको दुधकुण्ड नगरपालिका, दक्षिणमा मानेभन्ज्याङ्ग गाउँपालिका र खोटाङ जिल्लाको हेलेसी तुवाचुङ नगरपालिका पर्दछ । यस नगरपालिकाको क्षेत्रफल १६७.८८ वर्ग किलो मिटर रहेको छ भने हाल करिब ३२ हजार जनसंख्या बसोबास गरेको पाइन्छ । यहाँ ब्राह्मण, क्षेत्री, नेवार, गुरुङ्ग, तामाङ्ग, राई, शेर्पा, मगर, दलित आदि विभिन्न जातजातिका मानिसहरू बसोबास गर्छन् ।

सिद्धिचरण नगरपालिका प्रदेश न. १ अन्तरगत ओखलढुङ्गा जिल्लाको एकमात्र नगरपालिका हो । प्रकृतिप्रेमी युगकवि सिद्धिचरणको नामबाट नामाकरण गरिएको यो नगरपालिका प्राकृतिक सौन्दर्यले सजिएको छ । ऐतिहासिक स्थल ओखल आकारको ढुङ्गासंगै युगकवि सिद्धिचरण श्रेष्ठको प्रतिमास्थल सिद्धिचरण पार्क नजिकै सरस्वती मन्दिर र श्रष्टापार्क जहाँबाट ओखलढुङ्गा बजारको रमणीय दृष्य छर्लङ्ग देखिनुको साथै रमाइलो डाँडाँ कमिरे डाँडाँको सौन्दर्य र रानीवन लगायतका प्राकृतिक सुन्दरता नियाल्न सकिन्छ । ओखलढुङ्गा जिल्लाको जिल्ला सदरमुकाम पनि यही नगरपालिकामा अवस्थित छन् भने एक मात्र हवाई विमानस्थल रुम्जाटार विमानस्थल पनि यसै भित्र समेटिएको छ । यस नगरपालिका अन्तरगत १२ वटा वडाहरु रहेका छन् भने सबै वडामा समान किसिमले विकास निर्माणका कार्यहरूको थालनी भएको छ ।

किम्बदन्ती अनुसार सोह्रौं शताब्दी तिर काठमाडौंका मल्ल राजा लक्ष्मीनरसिंह मल्लको पालामा तत्कालीन राज्यको पूर्वी क्षेत्रको रक्षार्थ काजी भिम मल्लको नेतृत्वमा आएको सेनाले साविक ओखलढुङ्गा गा.वि.स. वार्ड नं. ६ हाल सिद्धिचरण नगरपालिकाको वार्ड नं. १२ स्थित ओखल आकारको ढुङ्गाको खोपिल्टोमा धान कुटी भात पकाएर खाएका थिए । सोही आधारमा यस ठाउँको नाम ओख्लीढुङ्गा भनिने गरिएकोमा पछि आएर यसलाई सुधारी ओखलढुङ्गा भनिएको र सोही ऐतिहासिक स्थानको आधारमा यस जिल्लाको नाम ओखलढुङ्गा रहन गएको हो भन्ने किम्बदन्ती रही आएको छ ।

यस नगरपालिकाको मुख्य पर्यटकीय स्थलहरूमा ऐतिहासिक स्थल ओखल आकारको ढुङ्गा ओखलढुङ्गा, युगकवि सिद्धिचरणको प्रतिमास्थल सिद्धिचरण पार्क, श्रष्टा पार्क, बलबहादुर राई प्रतिष्ठान, रुम्जाटारस्थित पक्की विमानस्थल र निर्माणाधिन बौद्ध गुम्बा, थामडाँडाँ र लगलगेमा निर्माणाधिन भिउ टावर, ऐतिहासिक र धार्मिक महत्वका स्थानहरू चम्पादेवि र झाँक्रीढुंगा, रुम्जाटार विमानस्थलबाट देउराली टोड्के हुँदै र ओखलढुंगाबाट सोलु सल्लेरी हुँदै सर्वोच्च शिखर सगरमाथासम्म पैदल मार्गको पहुँच, नेवार, गुरुङ्ग, तामाङ्ग, राई र शेर्पा समुदायको संस्कृतिमा आधारित परम्परागत सांस्कृतिक झाँकी र परम्परागत पेशामा आधारित रुम्जाटारको राडीपाखी र भेडापालन व्यवसाय यस नगरपालिकाको मौलिकता हो ।

यस नगरपालिकाले बजेट तथा कार्यक्रम तयार गर्दा विशेष गरी नगरवासीको प्राथमिकतालाई मध्यनजर गर्दै तयार गर्ने गरेको पाइन्छ । "स्वस्थ, स्वच्छ, सुसंस्कृत, सुशासित, समृद्ध सिद्धिचरण नगर" भन्ने मूल नाराका साथ सिद्धिचरण नगरपालिकाले कोभिड १९ को संक्रमण, नियन्त्रण तथा उपचारलाई जोड दिने, गरिबी न्यूनिकरण गर्दै जीवनस्तरमा सुधार गर्न न्यूनतम आधारभूत आवश्यकताहरूको परिपूर्ति गर्ने, सङ्घीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदानको उच्चतम परिचालन गर्दै

नगरभित्र रहेका स्रोत साधन, राजश्वको पहिचान र परिचालन गरी नगरको आर्थिक सम्बृद्धि हासिल गर्ने, सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई प्रोत्साहित गर्दै भौतिक तथा सामाजिक पूर्वाधार विकासमा जोडदिई सम्मुन्त सुदृढ र दीगो अर्थतन्त्रको निर्माण गर्ने साथै पर्यटन क्षेत्रको पूर्वाधार विकास गरी आर्थिक मेरुदण्डको रूपमा पर्यटन क्षेत्रको विकास गर्ने मूल उद्देश्यको साथ तयार गर्ने गरेको पाइन्छ । नगरपालिकाले तय गरेको मुख्य प्राथमिकताको क्षेत्रहरुमा कोभिड १९ को संक्रमणलाई नियन्त्रण, रोकथाम र उपचार गरी कोभिड १९ रहित नगरपालिका बनाउने, नगरभित्रको शिक्षा, स्वास्थ्य, आवास र रोजगारी जस्ता आधारभूत मानवीय आवश्यकताहरूको परिपूर्ति गर्ने क्षेत्रहरूको विकास र प्रवर्द्धन गर्ने, कोभिड १९ को कारण विदेशबाट फर्किएका तथा रोजगार गुमाएकाहरूका लागि नयाँ रोजगार सृजना गर्ने । उच्च र दिगो आर्थिक बृद्धिदर हासिल गर्न कृषि, पर्यटन, जलस्रोत, उद्योगका क्षेत्रमा पूँजी परिचालन, भौतिक र सामाजिक पूर्वाधारको विकास गरी समृद्ध नगरपालिका बनाउने अभियानलाई गति दिन सडक, सिंचाई, जलविद्युत जस्ता क्षेत्रहरूको निर्माण, विकास र विस्तार गर्ने, सुशासन, पारदर्शीता र जवाफदेहीता भन्ने अभिप्रायका साथ आम नगरबासीलाई छिटो छरितो, गुणस्तरीय र परिणाममूखी सेवा प्रदान गर्ने, जलवायु अनुकूलन, पर्यावरणीय संरक्षण र विपद् व्यवस्थापन तथा लैङ्गिक समानता र सामाजिक सुरक्षा प्रमुख प्राथमिकता रहेको पाइन्छ ।

## सिद्धिचरण नगरपालिकाले गरेका प्रसंशनीय कार्यहरू:

सिद्धिचरण नगरपालिका ओखलढुङ्गामा रहेका सुस्त मनस्थिति तथा संरक्षणबिहिन बालबालिकाहरूलाई राहत वितरण कार्यक्रम जसमा खाद्यान्न तथा लत्ताकपडा बितरण गरिएको थियो । २०७७ असार ११ गतेबाट सिद्धिचरण नगरपालिकाले विपन्न वर्गका परिवारलाई युएनएफपिए, ओरेक र जिल्ला आयुर्वेदको सहयोगमा प्रत्येक वडाको ४ घर परिवारलाई राहत वितरण गरेको नगरपालिकाकी उपमेयर इच्छाकुमारी गुरुङ्गले जानकारी दिनु भयो । नगरपालिका अन्तरगतका वडा नं. १, २, ४, ५ का संरक्षणविहीन जेष्ठ नागरिक, पूर्ण अपाङ्गता भएका व्यक्ति, अति विपन्न गर्भवती महिला, ४५ दिन भित्रका सुत्केरीका लागि राहत र स्वास्थ्य सामग्री तथा अति विपन्न घरको खरको छाना भएकाहरूलाई ३ बन्डलको दरले जस्तापाता वितरण सुरु गरेको कुरा गुरुङ्गले बताउनु भयो । उहाँका अनुसार सिद्धिचरण नगरपालिकाका १२ वटै वडाका संरक्षण विहीन तथा दिर्घरोगी २९३ जना जेष्ठ नागरिक, ८२ जना पूर्ण अपाङ्गता भएका व्यक्ति, ७८ जना विपन्न गर्भवती महिला, २६ जना विपन्न सुत्केरी महिला, २५ जना सुस्तमनस्थिति भएका बालबालिका, ४८ गरीब घरपरिवारलाई जस्तापाता वितरण गरियो ।

सिद्धिचरण नगरपालिकाले कोभिड १९ कोरोना भाइरसले आक्रान्त बनाइरहेको अवस्थामा जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएको व्यक्तिहरूलाई सजिलो र सहजता होस भनेर लकडाउनको समयमा वहाँहरूकै घर वा टोल बस्तीमा गएर सामाजिक सुरक्षा भत्ता वितरण समेत गरेको छ भने लकडाउनको समयमा विपन्न तथा गरिब परिवारलाई राहत वितरणको कार्य पनि सम्पन्न गरेको छ । यस नगरपालिकाले बढीमा दुईवटा मात्र सन्तान छोरी भएर स्थायी परिवार नियोजन गरेका दम्पतीलाई दोसल्ला ओढाएर, प्रमाण पत्र र नगद रु ५०००। दिई दम्पतीलाई सम्मान कार्यक्रम गरेको थियो । यस नगरपालिकाले महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई वार्षिक रु. ७२००। (रिचार्ज कार्ड को लागि रु.१२०० र महिनाको रु. ५०० भत्ता) भत्ता प्रदान गरेको छ जसमा  यसबाट १२८ जना महिला स्वास्थ्य स्वयंसेविकाहरू लाभान्वित भएका छन् भने यस आर्थिक वर्षदेखि ९० वर्ष माथिका जेष्ठ नागरिकहरूको लगत विवरण तयार गरी सामाजिक सुरक्षा भत्तामा वार्षिक रु ४०००। थप भत्ता प्रदान गर्ने नीति लिएको छ । सिद्धिचरण नगरपलिकाले बेला बेलामा सार्वजनिक सुनुवाई कार्यक्रम गरेर जनतालाई सुसुचित गर्ने कार्यक्रम पनि सम्पन्न गरेको  छ। त्यस्तै गरी प्राकृतिक सौन्दर्य बचाई राख्न, सांस्कृतिक धरोहरको जगेर्ना गर्न र सामाजिक क्षेत्रमा विशेष योगदान पुऱ्याउनुको साथै विकास निर्माणको कार्यमा अग्रसर भएको छ सिद्धिचरण नगरपालिका ।

२०७६ जेठ ९ गते सम्माननीय राष्ट्रपती विद्यादेवि भण्डारीको प्रमुख आतिथ्यमा युगकवि सिद्धिचरण श्रेष्ठको पूर्णकदको सालिक प्रतिमा अनावरण र श्रष्टा पार्कको उद्घाटन कार्यक्रम भएको थियो भने युगकवि सिद्धिचरण श्रेष्ठको १०८ औं जन्मजयन्ति पुरस्कार वितरण समारोहको आयोजना नगरपालिकाले सम्पन्न गरेको थियो ।  यस नगरपालिकाले युवाको प्रतिभा पहिचान गर्नको लागि “शिक्षाको रुपान्तरणमा युवाको भूमिका” विषयमा जिल्ला स्तरीय वक्तृत्वकला प्रतियोगता आयोजना गरेको थियो । त्यस्तै गरी युवा प्रतिभा पहिचान अन्तरगत “उद्यमी परियोजना प्रस्ताव लेखन तथा प्रस्तुतीकरण प्रतियोगिता” जिल्लास्तरीय कार्यक्रम नगरपालिकाले आयोजना गरेको थियो ।

सिद्धिचरण नगरपालिकाको छैटौं नगर सभा  २०७७ असार १० गते शुभारम्भ भई  १९ गते सम्पन्न भएको थियो । नगरसभालाई

सम्बोधन गर्नुहुने ओखलढुङ्गा जिल्लाको सङ्घीय प्रतिनिधि सभाका सदस्य माननीय श्री यज्ञराज सुनुवार, ओखलढुङ्गा जिल्लाको माननीय सांसद प्रदेश नं. १ को भौतिक पूर्वाधार विकास राज्य मन्त्री माननीय श्री अम्बिरबाबु गुरुङ्ग, ओखलढुङ्गा जिल्लाका प्रमुख जिल्ला अधिकारी कृष्ण पौडेल, जिल्ला समन्वय समितिका संयोजक जयबहादुर श्रेष्ठले छैटौं नगर सभालाई सम्बोधन गर्नु भएको थियो । सिद्धिचरण नगरपालिकाको नगर प्रमुख मोहन कुमार श्रेष्ठले छैटौं नगर सभामा नगरपालिको नीति र कार्यक्रमको बारेमा प्रस्तुत गर्नु भएको थियो र सिद्धिचरण नगरपालिका अन्तरगतका १२ वटा वडाका सम्पूर्ण वडा अध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य र अन्य सदस्यहरू तथा सरोकारवालाहरूको उपस्थितिमा छैटौं नगर सभा सम्पन्न भएको थियो । जसमा नगर उपप्रमुख इच्छाकुमारी गुरुङ्गले आर्थिक वर्ष २०७७र२०७८ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्नु भएको थियो । नगरपालिकाको उक्त बजेट ६४ करोड ४५ लाख रुपैयाँको रहेको छ भने कार्यक्रमले शैक्षिक, आर्थिक, सामाजिक लगायत सबै क्षेत्र र वर्गलाई समेटेको पाइन्छ ।

### सिद्धिचरण नगरपालिकामा देखिएका चुनौतीहरूः

सिद्धिचरण नगरपालिकाले नगरवासीको हितको लागि धेरै राम्रा कामहरू गर्दै आएको तथ्य पहिचान भइसकेको यस अवस्थामा नगरपालिका क्षेत्रभित्र विकासका सम्भावना र अवसरहरू प्रशस्त मात्रामा देखिन्छ । यति हुँदाहुदै पनि यस नगरपालिकाले केही चुनौतिहरूको सामना गर्न परिरहेको तथ्यलाई नकार्न सकिन्न । यस नगरपालिकाको मुख्य चुनौतिहरू भनेको नगरपालिकासंग श्रोत र साधन सिमित छ तर नगरवासीको आवश्यकता र अपेक्षा भने उच्च रहेको छ । अर्को भनेको नगरपालिकासंग काम गर्ने दक्ष जनशक्तिको अभाव छ दरबन्दी अनुसारको कर्मचारी छैन वडा कार्यालयमा वडा सचिवहरूनै दरबन्दी अनुसारको पूरा छैन । यस्तो अवस्थामा गरेका कामहरू चुस्त दुरुस्त गर्न कठिन भएको छ । यस नगरपालिकाभित्र विभिन्न जातजातिहरूको वसोवास रहेको छ उनीहरूको जातिगत हिसाबले सांस्कृतिक, धार्मिक पहिचान र संस्कृतिको जगेर्ना गर्न कठिन भइरहेको अवस्था छ । त्यस्तै गरी यस क्षेत्रको भौगोलिक विकटताको कारणले पनि चुनौति थपिदिएको छ भने कमजोर भूगोल भएकै कारणले गर्दा प्राकृतिक प्रकोपको उच्च जोखिम र विपद् व्यवस्थापनमा कठिनाई भएको छ ।

श्रोतः सिद्धिचरण नगरपालिकाको वेवसाइट, मेयर, उपमेयरसंगको टेलिफोन वार्ता र फेसबुक पेज ।

*(लेखक काठमाडौं तालिम केन्द्रसँग आवद्ध हुनुहुन्छ र नेपान कार्यसमिति सदस्य हुनुहुन्छ ।)*

***E-mail : padma.ktc@gmail.com***

# कोरोना र मान्छे !

सीता भण्डारी कँडेल



के हो यो कसरी बनेर अहिले घुम्दैछ संसारमा
केही छैन दया निरुद्यम बनी लाग्दैछ संहारमा
कस्तो धूर्त रहेछ छल्छ कसरी देखिन्न आफू कतै
रोगी, निर्बल, वृद्ध  खोज्छ पहिले डुल्दैछ निर्धक्क भै ।

मान्छेलाइ हराउँदैछ सजिलै भिड्दैछ मैदानमा
के के ध्वंश मचाउँदैछ यसले प्रकृतिको शानमा
वाणी छैन कुनै न भन्छ सहजै यस्तो छु ऐले भनी
हावाकै गतिमा बहन्छ कसरी लाँदैछ मान्छे गनी ।

मान्छे आज बिषादको भुमरीमा अन्योल जस्तै भयो
त्यो उत्साह उमंग जोश मनको निष्क्रिय बन्दै गयो
मान्छे नै यदि सुस्त बन्दछ भने चल्दैन संसारमा
बाली, बीउ र अन्नपात कसले गर्दिन्छ भण्डारण ?

हिंसा मानवको गरेर यसरी आतंक फैलाउने
कस्तो अद्भुत जीव हो धरणिमा अदृश्य भै धाउने
त्यो जीवाणु हटेर निष्क्रिय हुँदै छाड्ने छ अस्तित्व जो
बेचैनी मनबाट भाग्छ सजिलै फर्किन्छ उत्साह त्यो ।

राम्रो कर्म गरेर मानव कतै प्रसिद्ध बन्दै गयो
गल्ती फेरि गरेर झन् तल गयो निष्कर्ष यस्तै भयो
कैले आँधि अतीव ताप छ कतै कैले अनावृष्टि यो
केही चेत अवश्य मिल्छ सवमा यो दण्ड हो सृष्टिको ।

*नयाँबानेश्वर, शंखमूल, काठमाडौं*
रचना : २३ जेठ २०७७

# कोरोनाबाट उत्पन्न बन्दाबन्दीले स्थानीय तहमा खुम्च्याएको सहभागिता



तेज सुनार

'कोरोना (कोविड-१९) को महामारीको कारण लागू भएको बन्दाबन्दीले विभिन्न तह र तप्काका सरोकारवालाहरूको सहभागीतालाई खुम्च्याउन पुगेकोछ । त्यसमा पनि महिला, दलित र अन्य सीमान्तकृत समुहहरूको मात्रात्मक र गुणात्मक सहभागिता सीमित हुदै गएको छ ।'

नेपालको संविधान २०७२ ले 'बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागीमूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने' संकल्प गरेकोछ (प्रश्तावना) । त्यतिमात्र नभएर महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक प्रदान गरेको छ (धारा ३८) । राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ । सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि विशेष व्यवस्था हुने कुराको स्पष्ट व्यवस्था गरिएकोछ (धारा ४०) । हुनेछ । त्यसै गरी सामाजिक न्यायको हकको रूपमा धारा ४२ मा सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, थारू, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, सीमान्तीकृत, मुस्लिम, पिछडा वर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुने कुराको व्यवस्था गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्ने, लोकतन्त्रका लाभहरूको समानुपातिक समावेशी र न्यायोचित वितरण गर्ने तथा स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गर्ने कुराको आत्मसात गरेको छ ।

सङ्घीय प्रणालीको कार्यान्वयनका सन्दर्भमा यी संवैधानिक र कानूनी प्रावधानहरू तीनवटै तहमा अभ्यासमा आएका

छन् । यद्यपि अभ्यासका क्रमका धेरै कमी कमजोरीहरू उजागर हुदैं आएका पनि छन् । खास गरी सहभागिताको हिसावले महिला, दलित तथा अरु सीमान्तकृत समुहहरूको सहभागितालाई औपचारिकतामा सीमित गर्न खोजिएको

छ। उनिहरुको अर्थपूर्ण र सारभूत सहभागिताको लागि अफ्र पनि धेरै प्रयत्नहरूको खाँचो त छँदैछ ।

विश्वव्यापी रूपमा फैलिएको कोविड-१९ को महामारीबाट नेपाल पनि अछुतो रहन सकेन । जब नेपालमा कोविड-१९ को कारण २०७६ चैत्र ११ देखि बन्दाबन्दी सुरु भयो त्यसको प्रभाव अन्य क्षेत्रमा त पर्‍यो नै त्यसका साथसाथै स्थानीय तहको नीति निर्माण, योजना तर्जुमा तथा तीनका कार्यान्वयनमा सरोकारवालाहरूको व्यापक सहभागितामा पनि पर्न गयो । यो अवधि एकातर्फ चालु आर्थिक बर्ष २०७६।७७ को नीति, कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयनको महत्वपूर्ण समय हो भने अर्को तर्फ आगामी आ.ब. २०७७।७८ को नीति तथा कार्यक्रम (वार्षिक योजना) तर्जुमाको अत्यन्त महत्वपूर्ण क्षण हो। त्यसमाथि, कोविड-१९ को महामारीको कारण सृजित नयाँ जिम्मेवारीहरुले आफ्नो ठाउँमा छदैछन् । यस परिवेशमा समुदाय तहदेखि वडा, कार्यपालिका तथा पालिका सभासम्मका कृयाकलापमा विभिन्न तह र तप्काका सरोकारवालाहरुको उल्लेख्य सहभागिताको खाँचोको बेला हो । तर कोविड-१९ को महामारीको कारण लागू भएको बन्दाबन्दीले त्यस्ता विभिन्न तह र तप्काका सरोकारवालाहरूको सहभागीतालाई खुम्च्याउन पुगकोछ । त्यसमा पनि महिला, दलित र अन्य सीमान्तकृत समुहहरूको मात्रात्मक र गुणात्मक सहभागिता सीमित हुदैं गएको छ । एकातिर आपतकालीन अवस्था र त्यसको सम्बोधनका लागि निर्णय गर्ने तथा अन्य गतिविधिहरूलाई व्यापक रूपमा सहभागीमूलक बनाउने कार्य आफैमा चुनौतिपूर्ण हो त्यसमाथि महिला दलित र अन्य सीमान्तकृत समुहहरूबाट निर्णायक तहमा जिम्मेवारीमा कम हुनुले यस्तो सीमितता ल्याएकोछ ।

बन्दाबन्दीका कारण नेपाल पनि नयाँ नयाँ सूचना प्रविधिको प्रयोग पढेकोछ । सूचना प्रविधिका विभिन्न माध्यमहरु प्रयोग गरी छलफल, बैठक, वेविनारहरु पर्याप्त मात्रामा हुने गरेकाछन्। नेपाल सरकारले स्थानीय तहले समेत प्रयोगमा ल्याउने गरी आधिकारिक 'जुम' प्रयोगमा ल्याएकोछ। कतिले आफ्नै पहलमा 'स्काइपी', 'गो टु मिटिङ्ग', 'एमएस टिम्स' आदि याप्सहरु प्रयोगमा ल्याएकाछन्। यस हिसावले सहभागिताको स्वरूपमा नयाँ आयाम थपिएकोछ, त्यो हो 'भर्चुअल' सहभागिता । तर यसका पछाडि अनेक व्यवधानहरू छन्। खास गरी यसको लागि प्राविधिक क्षमता र आर्थिक अवस्था कमजोर हुनेहरू विशेष गरी महिला, दलित, विपन्न र अन्य सीमान्तकृत समुहहरू तथा इन्टरनेट सुविधा नपुगेका क्षेत्रहरू यस खालका सूचना प्रविधिको प्रयोग र भर्चुअल सहभागिताबाट वञ्चित हुनु परेकोछ । भर्चुअल सहभागिताका सन्दर्भमा, यस्ता वर्गहरूसँग आवश्यक क्षमता र गुणस्तरको मोवाइल सेट नहुनु, ल्यापटप वा कम्प्युटर नहुनु, हुनेहरूले पनि, सूचना प्रविधिको प्रयोग गर्न नजान्ने कारण सहभागी हुन नसक्ने, आर्थिक स्थिति कमजोर भएको कारण नेट वा मोवाइल डेटाको खर्च धान्न नसक्ने अवस्था छ। अर्कोतर्फ, निर्णायक तहमा हुनेहरूले जानेर वा नजानेर तथा चाहेर वा नचाहेर (Unconscious bias or conscious bias) उनिहरूको भूमिकालाई नजरअन्दाज गरी सहभागी नगराउने प्रवृत्तिले महिला, दलित, विपन्न र अन्य सीमान्तकृत समुहहरूको सहभागिता सीमित हुंदै गएकाछन् । त्यस्तै, सीमित मात्रामा हुने गरेका प्रत्यक्ष बैठक वा कार्यक्रमहरूमा बन्दाबन्दीका कारण सार्वजनिक यातायात नचल्ने र आफ्नो सवारी साधन नहनुका कारण धेरै जसो ठाउँहरूमा महिला, दलित, विपन्न र अन्य सीमान्तकृत समुहका मानिसहरू सहभागी हुन सकेका छैनन् । यो अवस्था चाहे निर्वाचित जनप्रतिनिधि हुन वा समुदायका व्यक्तिहरू हुन् सबैमा भएको देखिन्छ ।

स्थानीय तहहरूले यो बीचमा आफ्नो नियमित गतिविधिहरू, खास गरी बार्षिक योजनाका कामहरू तथा कोविड-१९ सम्बन्धी प्रतिकार्यका कार्यहरू जस्तै जनचेतना जगाउने, क्वारेनटाइन सञ्चालन र व्यवस्थापन, राहत वितरण आदि सीमित सहभागितामा अघि बढाएको देखिन्छ । नेपाल र अन्य देशका अनुभवले के देखाएको छ भने यस्तो वेलामा जति बढी समुदायमा आधारित तथा व्यापक सहभागितामा निर्णय तथा कार्यान्वयन गरिन्छ, त्यति नै बढी प्रभावकारिता र दिगोपन बढ्छ । तसर्थ, अहिलेको परिप्रेक्ष्यमा भर्चुअल बैठक वा छलफलमा सहभागिताको लागि मोवाइल फोनमा सूचना प्रविधि र आधारभूत याप्स् चलाउने सीप विकासमा सहयोग गर्ने, इन्टरनेट वा मोवाइल डेटाका लागि हुने खर्चका लागि रकम उपलब्ध गराउने, इन्टरनेट वा मोवाइल डेटाका चार्जमा सव्सीडी दिने, मोवाइबाट यातायात तथा खाजा खर्च उपलब्ध गराउने, साना साना समूहहरूमा छलफल, बैठकहरू सञ्चालन गर्ने, टेलिफोनबाट व्यक्तिगत तवरमा छलफल गरी सल्लाह, सुझाव लिने जस्ता कार्यान्वयनका जिम्मेवारी दिने जस्ता पहलकद्मीहरूबाट महिला, दलित, विपन्न तथा अन्य सीमान्तकृत समूहहरूको सहभागिता बढाउन सकिन्छ ।

*(लेखक नेपानका कोषाध्यक्ष एवम् समावेशी तथा सुशासन विज्ञ हुनुहुन्छ ।)*

*E-mail : tejsunar@yahoo.com*

# कोरोना महामारीमा खाद्य तथा पोषण सुरक्षा गर्न स्थानीय तहको भूमिका



डा. नरविक्रम थापा

## १. परिचय

सन् २०१९ को डिसेम्बर ३१ देखि चीनको वुहान सहरबाट सुरु भएको कोरोना (कोभिड-१९) को प्रकोप तीन-चार महिनाभित्रै संसारका धेरैजसो देशमा फैलिएको देखिन्छ। संसारमा कोभिड-१९ को महामारीले ठूलो जन-धनको क्षति भएको कुरा सर्वविदित नै छ। यस रोगले जनस्वास्थ्यमा पारेको भयावह अवस्थाले त जनस्वास्थ्य विज्ञ, वैज्ञानिकहरू, चिकित्सकहरू, स्वास्थ्यकर्मी, योजनाकारहरू र संसारको स्वास्थ्य प्रणालीलाई नै ठूलो चुनौती दिएको छ। अझ कोभिड-१९ को महामारीले जनस्वास्थमा मात्र नभएर संसारको राजनीतिक, आर्थिक र सामाजिक प्रणालीलाई नै नकारात्मक प्रभाव पारेको छ। यसले संसारको शक्ति संरचनामा नै फेरबदल हुनसक्ने अवस्था सिर्जना भएको छ। कोभिड-१९ को प्रकोपले अहिलेसम्मको स्थितिमा संसारका गरिब मुलुकभन्दा विकसित देशमा सबैभन्दा बढी असर गरेको देखियो। विश्वभर नै यसको फैलावटको मुख्य कारण सार्वजनिक स्वास्थ्य प्रणाली जनमुखी, सबल र प्रभावकारी हुन नसकेको, कमजोर स्वास्थ्य संरचना, जनसमुदायमा चेतनाको कमी, अप्राकृतिक खानपान, वातावरणीय असन्तुलन, कमजोर व्यवस्थापन प्रणाली, कमजोर राजनीतिक संकल्प, सुशासनको कमी आदि रहेको देखिन्छ। अहिले संसारको आर्थिक अवस्था जर्जर भएको छ भने करोडौँ मानिसहरू गरिबीको खाडलमा धकेलिँदै छन्।

> ‘कृषि क्षेत्र रोजगारी सिर्जना गर्नका लागि महत्वपूर्ण क्षेत्र हो। विदेशबाट फर्केका नेपालीहरू केहीले व्यावसायिक तरकारी खेती, पशुपालन, कुखुरापालन, अष्ट्रिचपालन, माछापालन, फलफूल खेती, दूग्ध व्यवसाय, च्याउ खेती आदि सञ्चालन गरेका छन्।’

आज विश्व नै एकान्तवास (लकडाउन) को अवस्थामा छ। नेपाल पनि यो अवस्थाबाट अछूतो रहन सकेन। कोभिड-१९ ले खाद्य तथा पोषण क्षेत्रमा सबैभन्दा बढी नकारात्मक प्रभाव पारेको देखिन्छ। आर्थिक रूपले विपन्न परिवारहरूमा चरम खाद्य तथा पोषणको अभाव देखिइसकेको छ। यसले गर्दा धेरै विपन्न परिवारहरू कुपोषणको शिकार हुँदैछन्। खासगरी बालबालिका, गर्भवती महिला, जेष्ठ नागरिक, शारीरिक अपाङ्गता भएका व्यक्तिहरू र गरिब वर्ग नै सबैभन्दा बढी कुपोषणबाट प्रभावित हुँदैछन्। धेरै श्रमिक वर्गले रोजगारीको अवसर गुमाउनु परेको हुँदा उनीहरूको परिवारमा आर्थिक सङ्कट निम्तिइसकेको छ। यसले

गर्दा श्रमिक वर्गले खाद्यान्न खरिद गर्ने क्रयशक्ति गुमाउँदैछन् ।

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना रोगका कारण विश्वमै एकैपटक मानवीय र आर्थिक सङ्कटबाट उत्पादन, व्यापार तथा लगानीसम्मको श्रृङ्खला प्रभावित भई विश्व अर्थतन्त्रमा संकुचन आउने स्पष्ट सङ्केत देखिएको छ । विश्व अर्थतन्त्रसँगको अन्तरआबद्धताका कारण नेपालको अर्थतन्त्रका प्रमुख क्षेत्रहरूमा समेत गम्भीर प्रभाव पर्न थालेको कुरा नेपालको यस वर्षको बजेट वक्तव्यमा उल्लेख भएको छ (अर्थ मन्त्रालय, वि.सं. २०७७) ।

एसियाली विकास बैङ्क (एडिबी)ले यो वर्ष दक्षिण एसियाको आर्थिक वृद्धि तीन प्रतिशतले ऋणात्मक हुने प्रक्षेपण गरेको छ । एडिबीले 'एसियन डेभलपमेन्ट आउटलुक प्रतिवेदन' सार्वजनिक गर्दै एसियाको आर्थिक वृद्धिदर ६० वर्ष यताकै न्यून बिन्दुमा पुग्ने प्रक्षेपण गरेको हो । एसियाली विकास बैङ्कका अनुसार यो वर्ष अर्थात् सन् २०२० मा नेपालको आर्थिक वृद्धि गत वर्षको भन्दा दुइतिहाइ बढीले खस्किएर २.३ प्रतिशतमा सीमित हुनेछ । विश्व बैङ्कले भने यो वर्ष नेपालको वृद्धि १.८ प्रतिशतमा सीमित हुने अनुमान गरेको छ । यी दुवै प्रक्षेपणले नेपालको वृद्धि खराब परि स्थितिमा पनि ऋणात्मक अवस्थामा भने प्रवेश गर्ने छैन । परिदृश्य थप खराब भएन भने नेपालले सन् २०२१ मा ६.४ प्रतिशतको पुनर्बहाली फर्काउने छ । यसबीच नेपालको मुद्रास्फीति यो वर्ष ६.६ र सन् २०२१ मा ६.५ प्रतिशतमा रहने छ । कोभिड-१९ को महामारीका कारण नेपालको निर्माण, यातायात, पर्यटन, थोक तथा खुद्रा व्यापार र विप्रेषणमा भारी नकारात्मक प्रभाव पर्ने र त्यसबाट उपभोग थप निराशाजनक हुने एडिबीले उल्लेख गरेको छ । परिदृश्य बिग्रँदै गएको अवस्थामा भने नेपालको वृद्धि थप खस्किने एडिबीको अनुमान छ (एडिबी, सन् २०२०) ।

कोरोना महामारी र लकडाउनका कारण हुने आर्थिक नोक्सानीले गर्दा विश्वभर अति गरिबको संख्या एक अर्ब कट्नसक्ने संयुक्त राष्ट्रसङ्घको एक प्रतिवेदनले जनाएको छ । उक्त प्रतिवेदनका अनुसार थप ४० करोड मानिस गरिबीको शिकार हुनेछन् जसमा दक्षिण र पूर्वी एसियाका मानिसहरू बढी प्रभावित हुनेछन् । उक्त प्रतिवेदनमा विश्वका मानिसहरूको आम्दानीमा कस्तो असर पर्छ भन्ने पनि उल्लेख गरिएको छ । महामारीको असर सबैभन्दा खराब देखिएको खण्डमा मानिसहरूको पुँजीगत आम्दानीमा २० प्रतिशतको कमी आउने छ । यो अवस्थामा एक अर्बभन्दा बढी मानिसहरू दुई डलरभन्दा कम रकममा दैनिक गुजारा गर्न बाध्य हुनेछन् । त्यसका साथै ३ अर्ब ७० करोड मानिस अर्थात् करिब विश्वको आधा जनसंख्याको आम्दानी घटेर दैनिक ५.५ डलरभन्दा कममा आउने छ । महामारीका कारण विश्वबाट गरिबी उन्मूलनको कार्यक्रम पनि २० देखि ३० वर्षपछि धकेलिने उक्त प्रतिवेदनमा उल्लेख छ (अनलाइन खबर, वि.सं. २०७७) ।

## २. उद्देश्य

यो आलेख तयार पार्न गरिएको अध्ययनका लागि निम्नलिखित उद्देश्यहरू किटान गरिएको थियो :

१. कोभिड-१९ को महामारीपछि यसले नेपालको अर्थतन्त्र एवम् खाद्य तथा पोषणको अवस्थामा पारेको प्रभावबारे अध्ययन गर्ने, र
२. कोभिड-१९ को महामारीपछि कृषि विकास, खाद्य तथा पोषणको अवस्थामा सुधार गर्न स्थानीय तहको भूमिका पहिचान गर्ने ।

## ३. अध्ययन विधि

यस अध्ययनका लागि सहभागितात्मक विधि, लैङ्गिक समानतासँग सम्बन्धित दृष्टिकोण, प्रशंसनीय खोजजस्ता अवधारणाहरू आत्मसात गरिएको थियो भने अर्धसंरचित अन्तरवार्ता, अवलोकन, विद्यमान दस्तावेजहरूको समीक्षा, इन्टरनेट आदिको प्रयोग गरिएको थियो । अध्ययनको सिलसिलामा विभिन्न कोणबाट सूचनाको विश्लेषण गरिएको थियो । सूचना विश्लेषण अर्थ-राजनीतिक अवधारणामा आधारित थियो । एकान्तवासको बेलामा अध्ययन गरिएको हुँदा केही चुनौतीका बावजूद पनि अध्ययन कार्य सम्पन्न गरियो ।

## ४. अध्ययनका नतिजाहरू

### ४.१ कृषि क्षेत्रको विद्यमान अवस्था

नेपालको एघारौँ जनगणना (वि.सं. २०६८) ले मुलुकभर जम्मा ५४ लाख २७ हजार परिवार रहेको र यी परिवारमा २ करोड ६४ लाख ९५ हजार जनसंख्या रहेको देखाएको छ । त्यसपछि भएको नेपालको छैठौँ कृषि गणनाले मुलुकभर जम्मा ३८ लाख ३१ हजार किसान परिवार रहेको र यी परिवारमा २ करोड ५ लाख ५३ हजार सदस्यहरू रहेको देखाएको छ । यी दुई गणनाबाट प्राप्त नतिजाको आधारमा नेपालका ७१ प्रतिशत परिवार केही न केही कृषि कार्यमा लागेका देखिन्छन् र ७८ प्रतिशत जनसंख्या किसान परिवारभित्र पर्दछन् । देशको सम्पूर्ण परिवारमा सरदर ४.९ जना छन् भने किसान परिवारमा सरदर ५.४ जना छन् । कृषि पेशा अझै पनि नेपालीहरूमाझ जीवन पद्धति, संस्कार र सामाजिक मर्यादाको सवालको रूपमा रहेको छ (थापा, वि.सं. २०७३) ।

छैठौं कृषि गणना (वि.सं. २०६८) अनुसार देशभरमा २५ लाख २३ हजार हेक्टर जग्गामा खेतीपाती भएको छ । देशमा खेतीपातीको लागि कृषकले भोगचलन गरेको जग्गाको खण्डीकरण भने कम हुँदै गएको छ । कृषकले भोगचलन गरेको जग्गाको आकार पनि एकपछि अर्को गणनामा घट्दै गएको छ । पहिलो गणनामा एक कृषक परिवारको भागमा १.११ हेक्टर जग्गा पर्दथ्यो भने ५० वर्षपछि (वि.सं. २०६८)मा आएर यसको आकार ०.६८ हेक्टरमा झरेको छ ।

भौगोलिक क्षेत्रमध्ये तराईमा एउटा कृषक परिवारको भागमा सरदर ०.७५ हेक्टर जग्गा पर्दछ भने पहाड र हिमाली क्षेत्रमा यो संख्या क्रमशः ०.५७ तथा ०.६५ हेक्टर रहेको छ । नेपालको पूर्वी भागमा भन्दा पश्चिमी भागमा साना कृषकहरू धेरै रहेका छन् । कृषि गणना, वि.सं. २०६८ अनुसार पूर्वाञ्चलमा (प्रदेश १ मा) भोगचलन गरेको जग्गाको आकार ०.८४ हेक्टर छ भने सुदूर पश्चिम प्रदेशमा यस्तो जग्गाको आकार ०.५३ हेक्टर मात्र छ ।

कृषि गणना, वि.सं. २०६८ अनुसार नेपालका सम्पूर्ण कृषक परिवारमध्ये आधाभन्दा बढी (५३ प्रतिशत) साना किसान (०.५ हेक्टरभन्दा कम जग्गा भोगचलन गर्ने) परिवार छन् । यिनीहरूले भोगचलन गरेको जग्गाको हिस्सा भने देशभरमा भोगचलन भएको जम्मा जग्गाको १९ प्रतिशत मात्र छ । अर्कोतर्फ ठूला किसान (दुई हेक्टर वा सोभन्दा बढी जग्गा भोगचलन गरेका किसान परिवार) पाँच प्रतिशत मात्र छन् भने उनीहरूले भोगचलन गरेको जग्गाको हिस्सा २४ प्रतिशत रहेको छ । ठूला किसानको तुलनामा साना किसानले सघन रूपले खेती गर्ने गरेको पाइन्छ ।

कृषि क्षेत्र रोजगारी सिर्जना गर्नका लागि महत्वपूर्ण क्षेत्र हो । विदेशबाट फर्केका नेपालीहरू केहीले व्यावसायिक तरकारी खेती, पशुपालन, कुखुरापालन, अष्ट्रिचपालन, माछापालन, फलफूल खेती, दुग्ध व्यवसाय, च्याउ खेती आदि सञ्चालन गरेका छन् । यस्ता कार्यहरू धेरै किसानहरूले सञ्चालन गरी देशभित्रै रोजगारीका अवसर सिर्जना गर्न सकिन्छ । साथै, विदेशबाट आयात हुने अन्न, तरकारी, फलफूल, मासु, माछा आदिलाई पनि प्रतिस्थापन गर्न सकिन्छ । नेपालमा वार्षिक दुई खर्बभन्दा बढीको कृषिजन्य खाद्य पदार्थ भारतलगायत अन्य देशबाट आयात हुने गरेको छ । यो नेपालजस्तो कृषि प्रधान देशका लागि सुहाउने कुरा होइन । झाका अनुसार नेपालले सन् १९६१ देखि १९८१ सम्म विभिन्न देशमा ३५० हजार मेट्रिक टन धान निर्यात गर्दथ्यो । तर, सन् १९८१ पश्चात् ४०० हजार मेट्रिक टनसम्म धान आयात गर्नु परिरहेको छ । त्यसैगरी अन्य उपभोग्य वस्तु तरकारी, दाल, माछा, मासु ठूलो मात्रामा आयात भैरहेको छ (झा, वि.सं. २०७७) ।

नेपालको भू-बनौट हिमाल, पहाड, तराई, भित्री मधेस र गङ्तिर प्रदेश मिलेर बनेको छ । विविध हावापानी र पर्यावरण भएको देश हुँदा यहाँ विभिन्न किसिमका फसलहरू व्यावसायिक रूपमा खेती गर्न सकिन्छ । चिसो हावापानीमा उत्पादन भएका कृषि उपजहरूको माग संसारभरि नै भएको हुँदा बजारको समस्या छैन । नेपालले कृषिजन्य उपजहरू तरकारी, फलफूल, जडीबुटी, च्याउ, माछा आदि निकासी गरेर विदेशी मुद्रा आर्जन गर्न सक्दछ । तर, कामदारको अभावमा करिब ३० प्रतिशत खेतीयोग्य जमिन बाँझो रहेको छ । जमिन ओगटेर राख्ने तर खेती नगर्ने परिपाटीलाई निरुत्साहित गर्न राज्यले उपयुक्त भू-उपयोग नीति लागू गर्नु आवश्यक छ (थापा, वि.सं. २०७६) ।

### ४.२ कोभिड -१९ ले आर्थिक क्षेत्रमा पारेको प्रभाव

सन् २०२० को सुरुदेखि नै विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ को संक्रमणले मानवीय क्षति हुनुको साथै विश्व अर्थतन्त्रमा गम्भीर असर परेको छ । यो संक्रमणको नियन्त्रण गर्न विश्वव्यापी रूपमा अवलम्बन गरिएका कदमहरूबाट उत्पादनदेखि आपूर्तिसम्मको श्रृङ्खला खलबलिएको छ । यस महामारीको असरबाट गरिबी र बेरोजगारीमा चाप परेको छ । यो संक्रमणले विश्व अर्थतन्त्र नै मन्दीतर्फ धकेलिएको अन्तराष्ट्रिय संस्थाहरूको अनुमान छ ।

यसअघि अप्रिलको 'वर्ल्ड इकोनोमिक अउटलुक'मा सन् २०२० मा विश्व अर्थतन्त्र तीन प्रतिशतले ऋणात्मक हुने प्रक्षेपण गरिएको थियो । अन्तराष्ट्रिय मुद्राकोष (आइएमएफ)ले यो नयाँ प्रक्षेपणमा १ दशमलव ९ प्रतिशतको संशोधन गर्दै ४ दशमलव ९ प्रतिशतले ऋणात्मक हुने प्रक्षेपण गरेको छ । आइएमएफका अनुसार सन् २०२१ मा विश्व अर्थतन्त्र ५ दशमलव ४ प्रतिशतले वृद्धि हुनेछ । जुन कोरोना अगाडिको स्तरभन्दा ६ दशमलव ५ प्रतिशत बिन्दुले अझै कम हो । महाव्याधि सिर्जित जारी सङ्कटबाट विश्वले सन् २०२० र २०२१ मा कुल १ सय २५ खर्ब डलर गुमाउने आइएमएफको प्रतिवेदनले उल्लेख गरेको छ (अन्तराष्ट्रिय मुद्रा कोष, सन् २०२०, अर्थ मन्त्रालय, वि.सं. २०७७) । कोभिड-१९ महामारीको कारण स्थिति दिनदिनै झन् खराब हुँदै गइरहेको छ ।

अहिलेको अवस्था हेर्दा विकसित मुलुकहरू कोभिड-१९ को प्रभावबाट बढी प्रभावित हुने अनुमान रहेको छ । सन् २०२० मा यी मुलुकहरूको आर्थिक वृद्धि ६.१ प्रतिशतले संकुचन हुने प्रक्षेपण रहेको छ भने उदीयमान तथा विकासशील अर्थतन्त्र १.० प्रतिशतले संकुचन हुने प्रक्षेपण रहेको छ । विश्व अर्थतन्त्रमा कोभिड-१९ को प्रभाव सन् १९३० को महामन्दी र सन् २००९ को वित्तीय

सङ्कटभन्दा बढी रहेको अन्तराष्ट्रिय मुद्रा कोषको अनुमान छ । यो प्रकोपको कारण सन् २०२० र सन् २०२१ मा विश्वको कुल गार्हस्थ्य उत्पादनमा करिब ९ ट्रिलियन अमेरिकी डलर बराबरको नोक्सान हुने अनुमान रहेको छ । अन्तराष्ट्रिय मुद्रा कोषका १७० सदस्य मुलुकहरूको प्रतिव्यक्ति आय घट्ने प्रक्षेपण रहेको छ ।

सन् २०१९ मा चीनको अर्थतन्त्र ६.१ प्रतिशतले बढेकोमा सन् २०२० मा १.२ प्रतिशतले मात्र विस्तार हुने अनुमान छ । दक्षिण एसियाली मुलुकहरूमध्ये सन् २०१९ मा ४.२ प्रतिशतले वृद्धि भएको भारतीय अर्थतन्त्र सन् २०२० मा १.९ प्रतिशतले मात्र विस्तार हुने अनुमान छ । सन् २०२० मा दक्षिण एसियाली मुलुकहरूमध्ये मालदिभ्स, श्रीलंका, पाकिस्तान र अफगानिस्तानको अर्थतन्त्र संकुचित हुने अनुमान रहेको छ । दक्षिण एसियाली मुलुकहरूमध्ये कोभिड-१९को प्रभाव सबभन्दा बढी मालदिभ्सको अर्थतन्त्रमा पर्ने र सबैभन्दा कम असर नेपालमा पर्ने अनुमान रहेको छ (अर्थ मन्त्रालय, वि.सं. २०७७) । तथापि, नेपालको व्यवस्थापन पक्ष र अनुगमनमा कमजोर अवस्था रहँदै आएको हुँदा अर्थतन्त्रमा व्यापक संरचनात्मक सुधारको खाँचो देखिन्छ । फजुल खर्च व्यापक रूपमा कटौती गर्नुपर्ने आवश्यकता रहेको छ ।

**४.३ नेपालको खाद्य तथा पोषणको अवस्था**

संयुक्त राष्ट्रसङ्घ, विश्व खाद्य कार्यक्रमले के खबरदारी गरेको छ भने सन् २०२० को अन्तसम्ममा संसारभरमा २६५ मिलियन जनसंख्याले खाद्य सङ्कट झेल्नेछन् जबकि यसअघि नै १३५ मिलियन जनसंख्या खाद्य सङ्कटको मारमा परिसकेका थिए (विश्व बैङ्क समूह, सन् २०२०) । संयुक्त राष्ट्रसङ्घ विश्व खाद्य कार्यक्रमका अनुसार संसारभर ८२ करोड १० लाख मानिस साँझ भोकै सुत्ने गरेका छन् । थप १३ करोड ५० लाख एक छाकमा जीवन चलाउनु पर्ने अवस्थातर्फ धकेलिँदै छन् । यो कोभिड -१९ को संक्रमणले विश्वव्यापी रूप ग्रहण गर्नुअघिको तस्बिर हो । कोभिड-१९ पछि सन् २०२० को अन्त्यसम्ममा थप १३ करोड मानिस भोकमरीको महामारीमा पिल्सिनेछन् । विश्व खाद्य कार्यक्रमका निर्देशकका अनुसार उचित प्रबन्ध नगर्ने हो भने तीन महिनामा तीन लाख मानिसले भोकका कारण मृत्युवरण गर्नु पर्नेछ । कतिपय मुलुकमा खाद्य सङ्कटका कारण सामाजिक द्वन्द्व निम्तिने छ । कोभिड-१९ को महामारीभन्दा आर्थिक कठिनाइका कारण अरू धेरैको मृत्यु हुनेछ । यसका साथै, एकान्तवासका कारण पैदा हुने आर्थिक मन्दीले सबैभन्दा धेरै श्रमिक वर्ग र विप्रेषणबाट धानिएका देशहरू, जस्तै : हैटी, नेपाल र सोमालियामा सबैभन्दा बढी असर पर्नेछ (विश्व खाद्य कार्यक्रम, सन् २०२०) ।

नेपालमा भने झन्डै ८.१ प्रतिशत जनसंख्या दैनिक निर्धारित क्यालोरीको न्यूनतम मात्रा उपभोग गर्नबाट वञ्चित रहेको अवस्था छ । साथै, ३६ प्रतिशत पाँच वर्षमुनिका बालबालिका पर्याप्त पोषणको कमीले राम्रोसँग शारीरिक विकास हुनबाट वञ्चित भएका छन् । कोभिड-१९ को संक्रमण भएपछि खाद्य सङ्कटमा पर्ने जनसंख्या झन् बढ्ने छ । खाद्य तथा पोषण सुरक्षाको महत्वलाई हृदयङ्गम गरी नेपालको संविधान-वि.सं. २०७२ ले खाद्य सम्प्रभूताको प्रत्याभूति हुने व्यवस्था गरेको छ । यसको कार्यान्वयनका लागि खाद्य अधिकार तथा खाद्य सम्प्रभूता ऐनको व्यवस्था भएको छ । खाद्य सुरक्षा बहुआयामिक सवाल हो । यसको उद्देश्य प्राप्त गर्न बहुपक्षीय प्रयास आवश्यक छ । दिगो विकास लक्ष्यमा "भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा पोषणको अवस्था सुधार गर्ने तथा दिगो कृषि प्रणालीको प्रवर्द्धन गर्ने" उल्लेख भएको छ (रा.यो.आ., वि.सं. २०७६) । तर, नेपालमा योजना राम्रो बनेपनि आधारभूत तह अर्थात् गाउँ तथा कृषकको घरदैलोमा कार्यक्रम नपुग्ने र कडाइका साथ अनुगमन नहुने अवस्था रहँदै आएको छ ।

प्रकृतिले दिएको अनुपम वरदान जमिन, जैविक तथा पर्यावरणीय विविधता नेपालका अमूल्य सम्पत्ति हुन् । यिनको स्थानीय रूपमै उपयोग तथा परिचालन गरी कृषिका माध्यमबाट राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्न सकिन्छ । साथै, यसले खाद्य तथा पोषण सुरक्षा र साना किसानहरूको जीविकोपार्जनको रणनीतिलाई मजबुत पार्दै स्थानीय आत्मनिर्भतालाई सहयोग पुऱ्याउँछ ।

पन्ध्रौं योजनाको अन्त्यसम्ममा नेपालले खाद्यान्नमा आत्मनिर्भर हुने दीर्घकालीन लक्ष्य लिएको छ । तर, अहिलेको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २७ प्रतिशत मात्र छ । पछिल्लो दुई दशकमा कृषि क्षेत्रको उत्पादन औसत ३.२ प्रतिशतले मात्र वृद्धि भएको छ । चामल, गहुँ, मकैजस्ता दैनिक उपभोग्य खाद्यान्नका लागि आयातमा निर्भर हुनु परेको छ । कृषि उत्पादनको अवस्था नाजुक हुनुमा युवाको कृषिप्रति विकर्षण, कृषिमा विविधीकरण तथा वयावसायीकरणको कमी, कृषि उत्पादनको मूल्य-श्रृङ्खलामा कमी र कृषि उत्पादनको बजारको अनिश्चितताजस्ता कारणहरू मुख्य हुन् । यसमा सुधार गर्न सहकारीलाई उत्पादनका साधन परिपूर्ति गर्ने माध्यम र कृषि उत्पादनको खरिद केन्द्रको विकास गर्नुपर्ने देखिन्छ । अझ तिनलाई कृषक र बजारबीचको सम्पर्क बिन्दुको रूपमा विकास गर्नु जरूरी छ (ओझा, वि.सं. २०७७) ।

नेपालको प्रमुख धान बालीको उत्पादनमा उत्साहजनक वृद्धि नहुँदा परनिर्भरता बढ्दै गएको छ । नेपाल चामलमा आत्मनिर्भर हुन

६७ लाख देखि ७० लाख मेट्रिक टनसम्म धान उत्पादन हुनुपर्ने सरकारको ठहर छ । तर, मुलुकको धानखेती हुने क्षेत्रफलमा आत्मनिर्भर हुनेगरी उत्पादकत्व बढ्न सकेको छैन । धान खेती गर्ने जमिन अतिक्रमण हुँदा पनि उत्पादनमा कमी आएको छ । धानबाली विज्ञ भोलामानसिंह बस्नेत खेती हुने जमिनको संरक्षणमा जोड दिनुपर्ने बताउँछन् । बाँझो जमिनमा धान खेती गर्न सकियो भने उत्पादन बढाउन सहयोग पुग्छ । तर, पछिल्ला वर्षहरूमा बाँझो जग्गा राख्ने प्रवृति बढेको तथा बाढी-पहिरोले खेतीयोग्य जमिन कटान गर्दै लैजाँदा धान खेती हुने क्षेत्रफल घट्न थालेको छ । धानको उत्पादन बढाउन खासगरी असल बीउको छनौट, ब्याडको राम्रो व्यवस्थापन, सिँचाइको सुविधा, बाली संरक्षण, चैते धान खेतीमा जोड, चैते धान सुकाउने व्यवस्था, विज्ञको सहयोग, उन्नत प्रविधिको प्रयोग आदि कुरामा ध्यान दिनुपर्ने देखिन्छ । धान बालीले मात्र कुल गार्हस्थ उत्पादनमा करिब २० प्रतिशत योगदान पुऱ्याउँछ । त्यसैले धान खेती धेरै महत्वपूर्ण छ । नेपालीहरूले मसिनो चामल बढी प्रयोग गर्न थालेको हुँदा यस्तो चामलको माग शहर-बजारमा बढ्दै गएको छ । त्यसैले मसिनो धानको खेतीमा पनि राज्यले ध्यान दिनु आवश्यक छ ।

### ४.४ खाद्य तथा पोषण र कृषिको अवस्था सुधार गर्न स्थानीय तहको पहल

वैदेशिक रोजगारमा रहेका करिब ४४ लाख युवाको मात्र होइन प्रतिवर्ष वैदेशिक रोजगारमा जाने औसत चार लाख युवा तथा हरेक वर्ष नेपाली श्रमबजारमा थपिने अतिरिक्त पाँच लाख युवाको व्यवस्थापन पनि अर्को चुनौती हो । तर, कोभिड-१९ को संक्रमणले नेपाललाई चुनौती मात्र होइन एउटा अवसर पनि सृजना भएको छ । यसलाई एउटा अवसरको रूपमा सदुपयोग गर्नुपर्ने देखिन्छ । विदेशबाट फर्कने नेपालीले साथमा आउँदा ज्ञान र सीप पनि लिएर आउने हुँदा उक्त सीपलाई सही रूपले कृषि तथा अन्य उद्योग व्यवसायमा लगाउन सकेमा नेपालको अर्थतन्त्र उकास्न सकिन्छ । अहिले बाँझो रहेको जमिनलाई हराभरा पारेर कृषि उत्पादन तथा प्रतिइकाई उत्पादकत्व बढाउन सकिन्छ जसले नयाँ रोजगारी सृजना भै खाद्य तथा पोषण सुरक्षा बढाउन र थप आयआर्जन समेत गर्न सकिन्छ । तर, यसका लागि स्थानीय सरकारले उचित बजारको व्यवस्था सुनिश्चित गर्नुपर्ने हुन्छ ।

अब कृषिलाई बहुआयामीकरण गर्नुपर्छ । यसमा कृषिको व्यवसायीकरण, उत्पादनको मूल्य अभिवृद्धि र कृषि पर्यटनलाई सँगसँगै लैजानु पर्ने आवश्यकता छ । कृषिको व्यवसायीकरण गरेर सहकारीमार्फत् बजारीकरण गरेमा बिचौलियाको शोषणबाट किसानलाई मुक्त गर्न सकिन्छ । स्थानीय सरकारले सहकारीमार्फत् मूल्य अभिवृद्धि गर्ने पक्रिया अघि बढाउन सक्दछ । स्थानीय सरकारबाट सहकारीमार्फत् साना तथा घरेलु उद्योग स्थापना समेत गर्न सकिन्छ । साथै, आधुनिक कृषि फार्मलाई पर्यटन गन्तव्यको रूपमा विकास गरेर कृषि पर्यटन स्थापित गर्न सकिन्छ । आधुनिक कृषि फार्मलाई शैक्षिक भ्रमण, अवलोकन, रेष्टुराँ आदिको रूपमा समेत विकास गर्न सकिन्छ । यसरी कृषि फार्मलाई बहुआयामिक ढङ्गबाट विकास गरेर युवा वर्गलाई आधुनिक कृषि प्रणालीमा आकर्षित गर्ने सम्भावना प्रबल देखिन्छ । यो काम ठाउँ-ठाउँमा सुरु समेत भएको छ । यो असल अनुभवलाई स्थानीय सरकारले पुँजीकृत गर्नुपर्छ । तर यी सबै कामका लागि सरकारले किसान-मैत्री कृषि नीतिमार्फत् सहजीकरण गर्नुपर्ने हुन्छ । कृषि कार्यक्रम सञ्चालन गर्ने अधिकार क्षेत्र स्थानीय सरकारको हो । जबसम्म स्थानीय सरकार (गाउँपालिका र नगरपालिका) सक्रिय हुँदैनन् तबसम्म कृषिको बहुआयामिक विकास सम्भव देखिँदैन । कृषि नै एउटा यस्तो क्षेत्र हो जसबाट बढीभन्दा बढी जनताको बीचमा आर्थिक कार्यक्रम पुऱ्याई छोटो अवधिमै आमजनताको जीवनस्तर उकास्न सकिन्छ ।

अहिले कृषि विकासको चुनौती भनेको बीउ, मल, बाली संरक्षण गर्ने बिषादी समयमा उपलब्ध हुन नसक्नु, बाह्रै महिना सिँचाइको सुविधा नहुनु, निर्वाहमुखी कृषि प्रणाली कायमै रहनु, सरकारी अनुदान वास्तविक किसानसम्म नपुग्नु, साना किसानको कृषि ऋणमा पहुँच कम हुनु, प्रमुख अन्नबालीहरू, दूध, मासु, अण्डा, तरकारी र फलफूलको सरकारले समयमा समर्थन मूल्य तोक्न नसक्नु, किसानको घरदैलोमा कृषि प्राविधिक नपुग्नु, जग्गाको खण्डीकरण, कृषि अनुसन्धानमा कम प्राथमिकता, कमजोर कृषि प्रसार कार्यक्रम, कृषि अनुसन्धान र कृषि प्रसारबीचमा प्रभावकारी समन्वय नहुनु, सङ्घीय, प्रादेशिक र स्थानीय सरकारको बीचमा समन्वयको कमी रहनु, नवीनतम कृषि प्रविधिको किसानको खेत-बारीमा परीक्षण कम हुनु, यातायातको कमजोर नेटवर्क, मूल्य-श्रृङ्खलामा आधारित कृषि बजारको कमजोर व्यवस्थापन, कोल्ड स्टोरको उचित प्रबन्ध नहुनु, अव्यवस्थित पशुपालन, घाँस खेतीको कमी, कमजोर पशु स्वास्थ्य सेवा, गोठेमललाई कम प्राथमिकता, किसान-मैत्री नीति नहुनु, भूसंरक्षणको प्रभावकारितामा कमी हुनु, उच्च राजनीतिक दलका नेतृत्वमा कृषि विकासप्रति संकल्पको अभाव, कमजोर स्थलगत अनुगमन र रिपोर्टिङ, स्थानीय तहमा कृषि प्राविधिकको अभाव, किसानको खेत-बारीमा नवीनतम कृषि तालिमको आयोजना कम हुनु, कृषि पेशा मर्यादित, आकर्षक र यसमा प्रोत्साहन नहुनु, सुशासनको कमी, भ्रष्टाचार, कृषि प्राविधिकहरूमा

काम गर्ने जोश तथा जाँगरको अभाव, कृषि विश्वविद्यालयमा देशको हावापानी, माटो, भौगोलिक अवस्था, पर्यावरण र किसानको आवश्यकताअनुसारको अनुसन्धानमूलक तथा व्यावहारिक पढाइ नहुनु, कृषि प्राविधिक तथा वैज्ञानिकहरू विदेश पलायन हुनु, कृषि क्षेत्रमा निजी क्षेत्रको कम सहभागिता रहनु, कृषि बालीको बिमा प्रभावकारी हुन नसक्नु, निर्बाध रूपमा भारतबाट कृषि उपज नेपाल भित्रिनु, व्यापक रूपमा अन्धाधुन्ध ढङ्गले बिषादीको प्रयोग हुनु, कृषि प्रयोगशालाको कमी तथा भएका प्रयोगशालाको पनि कमजोर व्यवस्थापन, बाँझो जग्गा उपयोग गर्न भूमि बैङ्कको अवधारणा व्यवहारमा लागू नहुनु, कृषि नेपालको अर्थतन्त्रको इन्जिन हो भनेर निर्वाचित जनप्रतिनिधिहरूलाई अभिमुखीकरण नहुनु, राजनीतिक दलहरूले आफ्ना कार्यकर्ताहरूलाई कृषि कर्ममा लगाउन नसक्नु, कृषि पेशामा पुरस्कार र दण्डको नीति कडाइका साथ लागू गर्न नसक्नु, चुस्त  कृषि संरचनाको कमी, समयमा सीमित बजेट पनि खर्च गर्न नसक्नु आदि हुन् ।

सहुलियतपूर्ण कृषि ऋण वास्तविक किसानले नपाएको गुनासो बारम्बार आउने गरेको छ । पहुँचवाला गैरकिसानले कृषिको नाममा ऋण लिएर अन्य प्रयोजनमा खर्च गरेको तथ्य पनि बेलाबेलामा प्रकट हुने गरेको छ । वि.सं. २०७५ फागुनसम्म कुल कृषि कर्जा १ खर्ब ८० अर्ब ४२ करोड रूपैयाँ परिचालन भएकोमा वि.सं. २०७६ फागुनसम्म यस्तो कर्जा २२.२ प्रतिशतले वृद्धि भई २ खर्ब ४३ अर्ब रूपैयाँ पुगेको अर्थ मन्त्रालयले जनाएको छ। कृषि कर्जामध्ये सबैभन्दा बढी पशुपालनमा छ। पशुपालनको कर्जा अनुपात ३७.०६ प्रतिशत छ भने खेतीपातीसम्बन्धी कर्जाको अनुपात १५.९ प्रतिशत र अन्य कृषिजन्य सेवाको अनुपात ४६.५ प्रतिशत छ। वि.सं. २०७६ फागुनसम्म बैङ्क तथा वित्तीय संस्थाहरूबाट २६ अर्ब ९७ करोड बराबरको कृषि कर्जा प्रवाह भएकोमा पशुपालनतर्फ मात्र १६ अर्ब २२ करोड रूपैयाँ प्रवाह भएको छ। त्यस्तै खेतीपातीका लागि ५ अर्ब २४ करोड र अन्य कृषिजन्य सेवाका लागि ५ अर्ब ५१ करोड कर्जा प्रवाह भएको छ।

वि.सं. २०७६ फागुनसम्म २ खर्ब ४३ करोड कृषि कर्जा प्रवाह भएको छ, त्यसमध्ये साना किसानले १२ अर्ब २४ करोड ४६ लाख रूपैयाँ मात्र कृषि ऋण लिएका छन् । बाँकी ऋण ठूलाबडा तथा बिचौलियाकै हातमा पुगेको देखिन्छ। साना किसानतर्फ १९ प्रतिशतले मात्र ऋण असुली भएको छ भने अन्य ठूलाबडा किसान तथा बिचौलियाले कसरी ऋण चुक्ता गर्दै होलान् सहजै अनुमान गर्न सकिन्छ । राष्ट्रिय कृषक समूह महासङ्घका अध्यक्ष उद्धव अधिकारीले कृषि कर्जा भनिए पनि यो कर्जा अधिकांश उद्योगी र व्यापारीले पाउने गरेको गुनासो गरेका छन् । "असली किसान यो कर्जाबाट टाढा छन् । कर्जा लिनका लागि सम्बधित क्षेत्रमा दौडधूप गरेका हुन्छन् तर पाउँदैनन्" अधिकारी भन्छन् । उद्योगी व्यवसायीहरूले भने कृषि कर्जा तुरुन्त पाउने गरेका छन्। कृषिका बारेमा लिएको कर्जा सोही क्षेत्रमा लगानी भएको छ कि छैन, त्यसबारे खोजी हुनुपर्ने उनले बताए (रातोपाटी, २०७७ जेठ १४)। वास्तवमा कृषि ऋण पनि सही रूपमा सदुपयोग हुन नसकेका कारणले दक्षिण एसियाली मुलुकहरूको तुलनामा नेपालमा कृषि उत्पादन र उत्पादकत्व प्रतिइकाइ जमिनमा कम छ ।

कोभिड-१९ को महामारीले गर्दा विप्रेषण आयमा कमी आउने र देशभित्र बेरोजगारी दर बढ्ने हुँदा कृषि क्षेत्रको महत्व पुनः बढेको छ। कृषि यस्तो क्षेत्र हो जहाँ आफूले उत्पादन गरेको वस्तुको मूल्य आफैँले निर्धारण गर्न उत्पादक असमर्थ छन्। जबकि गैरकृषि क्षेत्रमा उत्पादन गरेपछि वस्तुको मूल्य उत्पादक आफैँले तोकेर बजारमा पठाउँछन्। किसानलाई भने लागत मूल्य उठाउन पनि मुस्किल पर्छ। सन् २०१८ मा चितवन, नवलपरासी र महोत्तरी जिल्लामा गरिएको एक अध्ययनमा धान, गहुँजस्ता बाली उत्पादन गर्ने किसानले घाटा खाएर भए पनि खेतीमै संलग्न भइरहनु परेको पीडा व्यक्त गरेका थिए। देशका अन्य ठाउँमा पनि यही अवस्था रहेको आकलन गर्न सकिन्छ। साथै, कृषिवस्तुको मूल्य निर्धारणमा मौसमको प्रभाव पनि अनौठो रहँदै आएको छ। एकातिर मौसम राम्रो हुँदा कृषि उत्पादन बढ्न गई मूल्य स्वतः कम हुन आउँछ। अर्कोतर्फ, मौसम खराब हुँदा उत्पादनमा कमी आई ठूलो क्षति व्यहोर्न कृषकहरू विवश हुन्छन्।

कुनैपनि अर्थतन्त्रमा उत्पादनले जुगानुजुगदेखि घाटा खाएर चलाएको एकमात्र पेशा खेती नै हो भन्दा दुईमत नहोला । यस्तो अवस्थामा युवा तथा अन्य कृषकहरू कसरी खेती-किसानीमा निरन्तर लागिरहन प्रेरित होलान् र ? कृषि उत्पादन बढाउने कुरामा मात्र हाम्रो नीति केन्द्रित रहिरह्यो भने कृषि क्षेत्रमा नयाँ आयाम थपिएला भनेर नसोचे पनि हुन्छ । नयाँ फड्को मार्न उत्पादन वृद्धिसँगसँगै कृषिवस्तुको मूल्यमा पनि जोड दिनु आवश्यक छ। चाहे त्यो मूल्य बजारले निर्धारण गरोस् वा नेपाल सरकार, कृषि तथा पशुपंछी मन्त्रालयमार्फत् निर्धारण होस्। यसर्थ नेपालमा कृषिवस्तुको मूल्य निर्धारण कसरी भइरहेको छ अनि कृषि आम्दानीको वितरण प्रणाली कस्तो छ भन्ने कुराले आगामी दिनको कृषि क्षेत्रको भविष्य तय गर्नेछ ।

उत्पादक र उपभोक्ताबीच तहगत रूपमा धेरै बिचौलिया रहन्छन्। उदाहरणका लागि किसानले फलाएको तरकारी स्थानीय तरकारी

सङ्कलक, ढुवानीकर्ता, थोक बिक्रेता, खुद्रा व्यापारी हुँदै अन्ततः उपभोक्ताको भान्छासम्म पुगेको हुन्छ। उपभोक्ताले चर्को मूल्यमा तरकारी किन्दा पनि बिचौलिया मोटाइरहने र किसानलाई चाहिँ लगानीको न्यूनतम प्रतिफल पाउन पनि कठीन हुने गरिरहेको देखिन्छ । उपभोक्ता संरक्षण मञ्चले वि.सं. २०७५ मा गरेको अध्ययनअनुसार तहगत बिचौलियाका कारण किसानले प्रतिकिलो २० रूपैयाँमा बिक्री गरेको तरकारी उपभोक्ताले प्रतिकिलो ७५ देखि ८५ रूपैयाँमा खरिद गर्न बाध्य रहेको पाइयो। त्यही अध्ययन प्रतिवेदनमा व्यापारीले तरकारीमा न्यूनतम ७१.४३ प्रतिशतदेखि अधिकतम १२२.२२ प्रतिशतसम्म मुनाफा लिएर उपभोक्तालाई बिक्री गरेको पाइयो। कतिपय अवस्थामा त थोरै मूल्य पाएकाले बजारसम्म आफ्नो उत्पादन पुऱ्याउन नसकेर किसानले कृषि उपज खेतबारीमै नष्ट गर्नुपर्ने अवस्था पनि छ। ठूलो परिमाणमा उत्पादन गर्ने कृषि उद्यमीले सामान्य प्रशोधन तथा प्याकेजिङ गरी आफैँले बजारसम्म पुऱ्याउने भएकाले उत्पादनको उचित मूल्य पाइरहेका हुन्छन्। तर, साना किसानले उत्पादन सिधै बजारसम्म पुऱ्याउन नसकी मध्यस्थकर्ताको सहायता लिनुपर्ने बाध्यता छ। यसबाट मध्यस्थकर्ता मोटाउँदै गए पनि किसान चाहिँ दुब्लाउनु पर्ने दुःखद अवस्था छ । नेपालमा यस्तो विडम्बना वर्षौंदेखि चलिआएको छ (शर्मा र दाहाल, वि.सं. २०७७) । किसानको उपज खेतबाट बजारसम्म पुग्दा करिब ४० प्रतिशतजति नोक्सान भैसकेको हुन्छ। यसलाई न्यूनीकरण गर्न सरकारले ध्यान दिनुपर्ने देखिन्छ।

यस्तो किसानमाथि भएको शोषण, अन्याय र अत्याचार अन्त्य गर्न सरकारी संयन्त्रले ठोस कदम चाल्नु पर्ने आवश्यकता छ। साथै, साना किसानहरूले पनि संगठित भै सहकारी संस्था गठन गरेर अभियानकै रूपमा बजारमा पहुँच बढाउन पहल गर्नुपर्छ। यसका लागि स्थानीय तह अर्थात् गाउँपालिका र नगरपालिकाहरूको धेरै ठूलो भूमिका हुन सक्दछ। किसानका लागि सोझै पहुँच स्थानीय तहसँग मात्र हुन्छ।

कृषिमा सूचना प्रविधिको प्रयोग बढाएर पनि किसानले बढी मूल्य पाउन सक्छन् । कृषि सूचनामा किसानको पहुँच बढाएर व्यापारीसँग बार्गेनिङ्ग क्षमता अभिवृद्धि गर्न सकिन्छ भने अर्कोतिर डिजिटल बजारीकरणको माध्यमबाट किसानले आफ्नो उत्पादनको बजार विस्तार गर्न सक्नेछन्। यस क्षेत्रमा केही काम पनि नभएको त होइन। तथापि, यो प्रयास पर्याप्त छैन। बिचौलियाको शोषणबाट कृषकलाई बचाउन यस क्षेत्रमा व्यापक काम गर्न सक्ने अवसर देखिन्छ। कृषि क्षेत्रलाई पूर्वाधार, पर्यटन, आकर्षक रोजगारी, ऊर्जा, यातायात र बजारसँग एकीकृत गर्दै लैजानु पर्छ। कम्तीमा कृषि प्रसार र अनुसन्धानका लागि सङ्घीय सरकारले जम्मा बजेटको पाँच प्रतिशत, प्रदेश सरकारले १० प्रतिशत र स्थानीय सरकारले आफ्नो वार्षिक बजेटको १५ प्रतिशत रकम विनियोजन गर्नुपर्ने देखिन्छ। यसका लागि राजनीतिक प्रतिबद्धताको खाँचो छ। कृषिमा दिइएको अनुदान सिधै वास्तविक कृषकको खातामा निकासा हुनुपर्छ। र, अनुदान रकमको बाह्य विज्ञबाट सही ढङ्गले स्थलगत रूपमा कडाइका साथ अनुगमन र मूल्याङ्कन हुनु आवश्यक छ। विगतमा कृषिमा दिइएको अनुदान धेरै गाडी र साडीमा सीमित भयो भन्ने गुनासो सुन्न पाइन्छ। अब यो अवस्था रहनु हुँदैन।

पछिल्लो समय नेपालमा आत्महत्या दर बढ्दो छ । भनिन्छ, दैनिक औसत १९ जनाले आत्महत्या गरिरहेका छन् । वर्तमान स्थितिमा जनजीविका कष्टकर बन्दै गएकाले आत्महत्या बढ्नुमा एकान्तवास पनि एउटा प्रमुख कारण हुनसक्ने अनुमान गरिएको छ। त्यसो त आर्थिक जटिलता, पारिवारिक कलहजस्ता थुप्रै कारणले आत्महत्या गर्न उक्साउने गरेको पाइन्छ (अनलाइन खबर, वि.सं. २०७७) । त्यसैले संक्रमणले भन्दा तनावले पुऱ्याउने मानवीय क्षति न्यूनीकरणका उपाय पहिल्याउनै पर्छ। यसका लागि अहिले सबैलाई एक-अर्काको ढाडस चाहिएको छ। आमनागरिकमा भएको हरेक किसिमको असुरक्षाको भावना हटाउन सरकारी इच्छाशक्ति र दूरदृष्टिको खाँचो छ। बेलैमा ध्यान नपुऱ्याए भोलि प्रकोप अन्त्य हुँदा पनि आमनागरिकलाई मनोसमस्याले सताइरहने स्थिति आउन सक्छ। यसतर्फ सरकार सतर्क हुनैपर्छ। यसैपालि सलहको पनि प्रकोप भएको हुँदा यसले अन्नबालीमा पुऱ्याएको क्षतिको कारणले अर्को साल खाद्य तथा पोषणको समस्या झन् थपिने सम्भावना बढेर गएको छ। यसले गर्दा किसान वर्गमा झन् त्रास छाएको छ।

## ५. सारांश र सिफारिसहरू

कोभिड-१९ को महामारीले नेपालमा खाद्य तथा पोषण सुरक्षामा व्यापक रूपमा नकारात्मक प्रभाव पारेको छ। उता विश्वमै पनि ८२ करोड १० लाख मानिस साँझ भोकै सुत्ने गरेका छन्। थप १३ करोड ५० लाख एक छाकमा जीवन चलाउनु पर्ने अवस्थातर्फ धकेलिँदै छन् । यो कोभिड-१९ को संक्रमणले विश्वव्यापी रूप ग्रहण गर्नुअघिको तस्बिर हो । कोभिड-१९ पछि सन् २०२०को अन्त्यसम्ममा थप १३ करोड मानिस भोकमरीको महामारीमा पिल्सिने छन्। उचित प्रबन्ध नगर्ने हो भने तीन महिनामा तीन लाख मानिसले भोकका कारण मृत्युवरण गर्नुपर्नेछ । कतिपय मुलुकमा खाद्य सङ्कटका कारण सामाजिक द्वन्द्व निम्तिने छ । कोभिड-१९ को महामारीभन्दा आर्थिक कठिनाइका कारण अरू धेरै मृत्युको मुखमा पुग्न बाध्य हुनेछन् । साथै, एकान्तवासका कारण पैदा हुने आर्थिक मन्दीले सबैभन्दा धेरै श्रमिक वर्ग र

विप्रेषणबाट धानिएका देशहरूमा (जस्तैः नेपाल) मा पनि सबैभन्दा बढी असर पर्नेछ । नेपालमा झन्डै ८.१ प्रतिशत जनसंख्याले दैनिक निर्धारित क्यालोरीको न्यूनतम मात्रा उपभोग गर्नबाट वञ्चित रहेको अवस्था छ । साथै, ३६ प्रतिशत पाँच वर्षमुनिका बालबालिका पर्याप्त पोषणको कमीले राम्रोसँग शारीरिक विकास हुनबाट वञ्चित भएका छन् । कोभिड-१९ को संक्रमण भएपछि खाद्य सङ्टमा पर्ने जनसंख्या झन् बढ्ने छ ।

अब के गर्ने त ? यस सम्बन्धमा सरकारी क्षेत्र, गैरसरकारी क्षेत्र, सहकारी तथा निजी क्षेत्रले कृषि विकासका लागि तलका कुरामा सामूहिक तवरले ध्यान दिनु जरुरी छः

क) कोरोनाको रोगले भन्दा भोकले मानिसहरू मर्ने भएका छन् । कोभिड-१९ को महामारीले गर्दा विप्रेषण आयमा कमी आउने र देशभित्र बेरोजगारी दर बढ्ने हुँदा कृषि क्षेत्रको महत्व बढेको छ । कृषि कार्यक्रम सञ्चालन गर्ने अधिकार क्षेत्र स्थानीय सरकारको हो । जबसम्म गाउँपालिका र नगरपालिकाहरू सक्रिय हुँदैनन् तबसम्म कृषिको बहुआयामिक विकास तथा खाद्य र पोषणमा आत्मनिर्भरता सम्भव देखिँदैन । कृषि नै एउटा यस्तो क्षेत्र हो जसबाट बढीभन्दा बढी जनताको बीचमा आर्थिक कार्यक्रम पुऱ्याई छोटो अवधिमै आमजनताको जीवनस्तर उकास्न सकिन्छ ।

ख) स्थानीय सरकारले सहकारीमार्फत् साना तथा घरेलु उद्योग स्थापना गर्न सक्दछन् । यसका साथै आधुनिक कृषि फार्मलाई पर्यटन गन्तव्यको रूपमा विकास गरेर कृषि पर्यटन स्थापित गर्न पनि सकिन्छ ।

ग) आधुनिक कृषि फार्मलाई शैक्षिक भ्रमण, अवलोकन, रेष्टुराँ आदिको रूपमा समेत विकास गर्न सकिन्छ । यसरी कृषि फार्मलाई बहुआयामिक ढङ्गबाट विकास गरेर युवा वर्गलाई आधुनिक कृषि प्रणालीमा आकर्षित गर्ने सम्भावना प्रबल देखिन्छ । तर, यी सबै कामका लागि सरकारले किसान-मैत्री कृषि नीतिमार्फत् सहजीकरण गर्नुपर्ने हुन्छ । कृषि कार्यक्रम सञ्चालन गर्ने अधिकार क्षेत्र स्थानीय सरकारको हो ।

घ) नेपालमा दीर्घकालीन कृषि विकास रणनीति बने पनि अहिलेसम्म कुनै पनि कृषि योजना सफल हुन सकेको देखिँदैन । कृषि क्षेत्र नेपाली अर्थतन्त्रको इन्जिन भएपनि सरकारको अदूरदर्शी दृष्टिकोण, कमजोर कार्यान्वयन क्षमता, कमजोर स्थलगत अनुगमन र रिपोर्टिङ्ग, किसान-मैत्री नीतिको अभाव, उच्च तहका नेताहरूमा न्यून राजनीतिक प्रतिबद्धता, किसानको बजारमा कम पहुँच, भूमि बैङ्कको अवधारणा व्यवहारमा लागू नहुनु, कमजोर सुशासन, भ्रष्टाचार, कृषि प्राविधिकको उदासिनता आदि चुनौतीहरू देखिन्छन् । खाद्य तथा पोषण सुरक्षामा देश आत्मनिर्भर हुन कृषि क्षेत्रमा व्यापक रूपान्तरणको खाँचो छ र यसका लागि स्थानीय तहको सक्रिय भूमिका अपरिहार्य देखिन्छ ।

## सन्दर्भ सामग्रीहरू


अनलाइन खबर । (वि.सं. २०७७) । विश्वमा अति गरिबको संख्या एक अर्ब नाघ्न सक्छ : युएन । काठमाडौं । २०७७ जेठ ३० गते ।

अनलाइन खबर । (वि.सं. २०७७) । आत्महत्या गर्नेको मनोदसा र भ्रम । काठमाडौं । २०७७ असार १६ गते ।

एसियाली विकास बैङ्क । (सन् २०२०) । एसियन डेभलपमेन्ट आउटलुक । मनिला ।

अर्थ मन्त्रालय । (वि.सं. २०७७) । आर्थिक सर्वेक्षण-२०७६/७७ । काठमाडौं । नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरबार।

अर्थ मन्त्रालय । (वि.सं. २०७७) । आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्य । काठमाडौं । नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरबार ।

ओझा, अबिन । (वि.सं. २०७७) । कृषिको बहुआयामिकीकरण नै अबको आर्थिक विकल्प । काठमाडौं । नयाँ पत्रिका, २०७७ जेठ १५ गते, बिहीबार ।

केन्द्रीय तथ्याङ्क विभाग । (वि.सं. २०६८) । नेपालमा गरिबी र नेपाली जीवनस्तर सर्वेक्षण (तेस्रो, २०६६/०६७ मा आधारित संक्षिप्त प्रतिवेदन) । काठमाडौं । राष्ट्रिय योजना आयोगको सचिवालय ।

केन्द्रीय तथ्याङ्क विभाग । (वि.सं. २०६८) । राष्ट्रिय कृषि गणना- वि.सं. २०६८, सारसङ्क्षेप । काठमाडौं । राष्ट्रिय योजना आयोगको सचिवालय ।

झा, धर्मेन्द्रकुमार । (वि.सं. २०७७) । दिगो विकासको मुख्य आधार : कृषि तथा युवा स्वरोजगार । काठमाडौं । नयाँ पत्रिका । २०७७, असार ७ गते ।

थापा, नरविक्रम । (वि.सं. २०७३) । नेपालमा कृषि तथा जनजीविकाको अर्थ-राजनीतिः किसानहरू कहिलेसम्म उपेक्षित रहिरहने ? । काठमाडौं । सहभागिता, वर्ष २०, पूर्णाङ्क ५०, २०७३ भदौ । नेपाल सहभागिमूलक कार्यसमूह ।

थापा, नरविक्रम । (वि.सं. २०७६) । रोजगारी सिर्जना : दिगो विकासको आधार । काठमाडौं । सहभागिता, वर्ष २३, पूर्णाङ्क ५३, २०७६ भदौ । नेपाल सहभागिमूलक कार्य समूह ।

विश्व बैङ्क समूह । (सन् २०२०) । फुड सेक्युरिटी एण्ड कोभिड-१९ । वासिङ्गटन ।

रातोपाटी अनलाइन । (वि.सं. २०७७) । काठमाडौं । रातोपाटी अनलाइन पत्रिका, २०७७ जेठ १४ गते ।

राष्ट्रिय योजना आयोग । (वि.सं. २०७६ फागुन) । पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१) । काठमाडौं ।

शर्मा, कृष्ण र दाहाल, किरण । (वि.सं. २०७७) । कृषिको बढ्दो रणनीतिक महत्व । अमेरिका । साउदर्न इलिनोय युनिभर्सिटी ।



*(लेखक नेपानका आजीवन सदस्य तथा हाल लुम्बिनी एकेडेमी अफ साइन्स एण्ड टेक्नोलोजीसँग आवद्ध हुनुहुन्छ ।)*

*E-mail : nbthapa2012@gmail.com*

# कोरोना महामारीको परिवेश र स्थानीय सरकारका पहलहरू



विनोदकुमार तिमिल्सेना

कृषियुगको सुरुआतसँगै भएका परिवर्तनले मानिसको जीवनशैलीमा विभिन्न रोगको विश्व (वैश्विक) महामारी (प्यान्डेमिक) लाई निम्त्याएको मानिन्छ । कृषियुगमा मानिसहरू स्थायीरूपमा एकत्रित भएर बस्न थालेपछि बाक्लो र घना बस्तीको विकास हुन थाल्यो । यस युगमा जनावरलाई घरपालुवा बनाउने चलनको थालनी भयो । विज्ञहरूले महामारी फैलिन मानिसको जनघनत्व र जनावरको संसर्गलाई कारक मान्दै आएका छन् । यसरी मानिस र जनावरबीचमा सम्पर्क बढ्न थालेपछि जनावरहरूलाई लाग्ने रोगको संक्रमण मानिसमा पनि देखिन थाल्यो । यसैले कालान्तरमा महामारीको रूप लियो । मानिसलाई लाग्ने रोग जस्तैः बिफर, हैजा, क्षयरोग, औलो, फ्लु, प्लेग, दादुरा, एचआईभी एड्सजस्ता सरुवा रोग जनावरबाटै सरेको मानिन्छ । पछिल्लो समय नोबेल कोरोना भाइरस (कोभिड १९) पनि चमेरोबाट मानिसमा सरेको अनुमान छ ।

नेपालमा पनि बेलाबखत यस्ता खालका महामारीले पीडा दिएको पाइन्छ । इतिहास, वंशावली, विदेशीहरूले (नेपालसम्बन्धी) गरेका पत्राचार र यात्रा विवरण हेर्दा नेपालले सामना गरेका महामारीबारे उल्लेख

पाइन्छ । यस्ता दस्तावेजहरूलाई केलाउँदा नेपालमा हैजा र बिफरको महामारी सबैभन्दा बढ्ता फैलिएको देखिन्छ । भीमबहादुर पाँडेले लेखेको 'त्यस बखतको नेपाल' पुस्तकमा लुतो, पिलो, गानो, जुका, रुघाखोकी आदिलाई पनि नेपालका प्रमुख रोगको रूपमा उल्लेख गरेका छन् । तर त्यतिबेला नेपाल-खाल्डो भनेर चिनिने काठमाडौं उपत्यकाका बासिन्दालाई भने हैजा र बिफरले धेरै सताएको पाइन्छ ।

> 'यो महामारीमा जनताले तीनवटै सरकार (सङ्घ, प्रदेश र स्थानीय तह) ले गरेको कार्यको मूल्यांकन गर्न पाए । जनताको निकट र उनीहरूको प्रत्यक्ष पहुँच भएको स्थानीय सरकारले गरेका कार्यहरूलाई हेर्दा अधिकांश कार्य सकारात्मक र जनतालाई राहत पुग्ने खालका छन् ।'

## नोबेल कोरोना भाइरस (कोभिड १९) महामारीको विश्व परिवेश

चीनको वुहानस्थित एक पशुपन्छी बजारबाट सन् २०१९ को डिसेम्बर अन्तिम साता कोरोना भाइरस संक्रमण फैलिएर छोटो समयमा विश्व महामारीको रूप लियो । चीनले यस नयाँ भाइरसलाई 'नोबेल कोरोना भाइरस' भनेर नाम दियो । सुरुमा यसलाई चीनले लुकाउन खोजेपनि सामाजिक सञ्जाल र मिडियामा यो खबर फैलिएर विश्वव्यापी भएपछि धेरैको ध्यान यसमा केन्द्रित भयो । वैज्ञानिकहरूले यसलाई 'कोभिड-१९' भाइरस भनेर नामाकरण गरे । यो भाइरसको संक्रमण चीन बाहिर थाइल्याण्ड सिंगापुर, ताइवान, इटली

हुँदै युरोप, अमेरिका र पूर्वी एसियाली देश भएर विश्वभर फैलियो।

यो महामारी छिटै फैलिएर करिब दुई दर्जन देशमा पुगेपछि सन् २०२० को फेब्रुअरी १ बाट विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले विश्वव्यापी स्वास्थ्य सङ्कटकालको घोषणा गऱ्यो। यतिबेलासम्म यस महामारीबाट चीनमा २ सय १३ जना को मृत्यु तथा ९ हजार ८ सयभन्दा बढी संक्रमित भई अन्य देशमा पनि तीव्र रूपमा फैलिरहेको थियो तर मृत्यु भने भएको थिएन ।

यो महामारीले चिकित्सा क्षेत्रमा अगुवा र अत्याधुनिक उपचार पद्धति भएका अमेरिका तथा युरोपको कमी कमजोरी विश्वसामु उदाङ्गो भयो । यसले विश्वको सामाजिक, आर्थिक राजनीतिक, वातावरणीय तथा शक्ति सन्तुलनमा हलचल ल्याउनुको साथै मानिसको दैनिक जीवनलाई निकै प्रभावित पारिदियो । सेल्फ क्वारेन्टाइन, आइसोलेसन, सोसल डिस्टेन्सिङको नाममा मानिसलाई समाज र परिवारबाट टाढा रहन बाध्य पाऱ्यो । विश्वव्यापी रूपमा स्वीकार गरिएको पश्चिमा समाजको अभिवादन संस्कार हात मिलाउने, म्वाइँ खाने शैली छोडेर मानिसहरू पूर्वीय संस्कार अनुसार 'नमस्ते' गर्ने र टाढैबाट हाई गर्नेजस्ता शैलीमा अभ्यस्त हुन थाले ।

साउनको अन्तिम साताको मध्यसम्ममा (वि.सं २०७७ साउन २९ गते मध्यान्न १२:२० बजेसम्म) विश्वमा यस महामारीबाट २ करोड ६ लाख २१ हजार ९ सय ४९ जना मानिसहरू संक्रमित भए भने ७ लाख ४९ हजार ३ सय ७२ जनाको मृत्यु भयो। यसबाट नेपालमा २४ हजार ४ सय ३२ जनालाई संक्रमण भएकोमा ९१ जनाको मृत्यु भएको छ ।

अर्कोतर्फ यस महामारीलाई निहुँ बनाएर अमेरिका, युरोपेली देश र चीनबीच आरोप-प्रत्यारोप निकै चल्यो। युरोपेली देश र अमेरिकाले कोभिड १९ विश्वभर फैलनुमा चीन जिम्मेवार रहेको आरोप

लगाए। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले त यसलाई 'चाइनिज भाइरस' भन्दै चीनले प्रयोगशालामा बनाएको समेत बताए । अमेरिकाले विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले जिम्मेवारी पूरा नगरेको र चीनतर्फ ढल्किएको आरोप लगाउँदै उसलाई दिँदै आएको सहयोग समेत रोक्यो । उता चीनले यस सङ्कटलाई सामना गर्न विश्व स्वास्थ्य संगठनलाई दुई अर्ब अमेरिकी डलर सहयोग गर्ने घोषणा गऱ्यो ।

## महामारीमा नेपालको परिवेश

चीनबाट फैलिएको कोभिड १९ भाइरस नेपालमा सर्वप्रथम वि.सं २०७६ माघ १० गते चीनबाट आएका काठमाडौँका एक युवालाई देखियो । त्यसपछि चैत ११ गते अर्को एक नेपालीलाई संक्रमण देखिएपछि देशभर यसले एकप्रकारको तरङ्ग ल्यायो। यसबीच अर्को छिमेकी देश भारतमा पनि यो फैलिरहेको थियो। खुला सीमानाका कारण बिना रोकटोक लाखौँ नेपाली भारतमा काम गर्ने जाने र उताका यता आउने हुँदा संक्रमण बढ्ने जोखिम देखेर तयारी बिनै सरकारले तत्काल (चैत ११ गते) देशभर लकडाउन गऱ्यो।

यो महामारी विश्वभर फैलिरहँदा नेपाल सरकार सयममै प्रभावकारी रूपमा रोकथाम तथा पूर्वतयारीमा नलागी अरू नै मुद्धामा अल्झिरह्यो । सरकार आफ्नो दलभित्रको खिँचातानी, एमसीसीको विवाद र भष्ट्राचारमा मुछियो। प्रतिपक्ष दलले पनि यसप्रति धेरै चासो देखाएन ।

लकडाउन भएर सबैतिर बन्दाबन्दी भएपछि आमनागरिकको जीवन सकस र अप्ठ्यारोमा पऱ्यो । विदेशबाट आउने यात्री रोकिए पनि भारतबाट आउने रोकिएनन्। भारतमा संक्रमण बढ्दै जाँदा त्यहाँ भएका नेपाली एकैपटक ठूलो समूहमा देशभित्र आउन खोज्दा सीमानामा निकै अस्तव्यस्तता र मानवीय सङ्कट देखापर्न थाल्यो । सरकारले मुख्य नाकाबाट आवतजावत बन्द गरे पनि खुला सीमाना भएकोले मानिसहरू भित्री बाटोबाट आवतजावत गरिरहे। यसले संक्रमण झन् बढाउने काम गऱ्यो। सीमामा पर्ने तराई-मधेशका जिल्ला एवम् पश्चिम नेपाल हुँदै देशभर संक्रमण छिट्टै फैलियो ।

लकडाउन गरेपछि पनि नेपाल सरकारले समयको सदुपयोग गरेन। नागरिकहरू विभिन्न किसिमका समस्याबाट दिनप्रतिदिन घेरिँदै गए। सुरुमा रोगप्रतिको जुन डर र त्रास थियो त्योसँगसँगै भोकले सताउँदै गएपछि रोगको डर क्रमशः हराउँदै गयो । मानिसहरू दैनिक जीविकोपार्जनको उपाय नभएर भोक-भोकै हुने स्थिति आयो। कतिपय भोकले मरेका खबरहरू पनि सार्वजनिक हुन थाले । त्यसपछि लकडाउनको पालना फितलो हुँदै गयो । सरकारले यस सङ्कटलाई सम्बोधन गर्न आर्थिक वर्ष २०७७/७८ को बजेट मार्फत् केही कार्यक्रम ल्याएपनि यसले सबैलाई समेट्न सकेन । जनता रोग, भोक र त्रास फैलिएर निरास हुन थाले । यस अवधिमा आत्महत्याको दर निकै बढ्यो। विभिन्न विसङ्गति, अस्तव्यस्तता, भद्रगोल, भष्ट्राचार, मानवीय मुल्य स्खलन भएका खबरहरू सुनिन थाले ।

लामो समय लकडाउनले गर्दा देशको आर्थिक अवस्था चौपट हुन थाल्यो। सरकारलाई चौतर्फी दबाब पऱ्यो। राम्रो पूर्वतयारी नै नगरी वि.सं २०७७ साउन ७ गतेबाट सरकारले लकडाउन हटायो । कतिपय क्षेत्रलाई भने खुला गरेन । खुला नगरिएका क्षेत्रहरूमा मानिसको धेरै जमघट हुने स्थलहरू विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र, तोकिएको बाहेक अन्तर्राष्ट्रिय नाकाबाट प्रवेश, सिनेमा हल, पार्टी प्यालेस, डान्सबार, सैलुन, ब्युटीपार्लर, स्पा, स्विमिङ पुल, जिमखाना, हेल्थक्लब, समूहमा खेलिने खेल, धार्मिक, सामाजिक स्थल, पुस्तकालय, संग्रहालय, चिडियाखाना, सभा, गोष्ठी, प्रदर्शन र भेला छन् ।

## सङ्घीय सरकारले गरेका मुख्य कार्यहरू

नेपालमा कोभिड १९ को संक्रमण सुरु हुँदा त्यो भाइरस परीक्षण गर्ने कीट र ल्याबको व्यवस्था राम्रो नहुँदा पहिलो संक्रमितको परीक्षण हङकङमा पठाई तीन दिनपछि मात्र रिपोर्ट आएको थियो।

संक्रमण सुरु भएपछि नेपालले महामारीसँग लड्न स्वास्थ्य पूर्वाधार तथा सामग्री तयारी गर्न थाल्यो। अत्यावश्यक औषधी, परीक्षण गर्ने कीट, स्वास्थ्य सामग्री, ल्याबको स्थापना र जनशक्तिको लागि सरकारले ध्यान दिई काम गर्न थाल्यो। छोटो समयमै सातै प्रदेशमा परीक्षण ल्याब, कीट, स्वास्थ्य सामग्री, क्वारेन्टाइन, आइसोलेसन बेड, आइसीयू बेड र अस्पताल स्थापना गरिए र कोभिड १९ मात्रै हेर्ने अस्पतालहरू पनि तोकिए।

यसबीचमा नेपाल सरकारले चीनको वुहानमा संक्रमणको जोखिममा परेका आफ्ना नागरिकलाई (२०७६ फागुन ४ गते) हवाई उडान गरी १७५ जनालाई उद्धार गरेर स्वदेश ल्यायो। नेपाल एयरलाइन्सको विमानमार्फत् ल्याइएका तिनीहरूलाई भक्तपुरको खरिपाटीस्थित विद्युत प्राधिकरणको तालीम केन्द्रमा क्वारेन्टाइनमा राखियो। सम्भवतः विदेशमा रहेका नेपालीलाई नेपाल सरकारले आफ्नो खर्चमा व्यवस्थित रूपले उद्धार गरेको यो नै पहिलो घटना हो। सरकारले पछिल्लो समयमा खाडी मुलुक, अष्ट्रेलिया, अमेरिका लगायतका देशमा कठिन अवस्थामा रहेका नागरिकलाई उनीहरूकै खर्चमा उद्धार गरी स्वदेश ल्याउने कार्य जारी राखेको छ।

सुरुमा यस महामारीले नेपाललाई त्यति असर नगर्ने ठानेर बसेको नेपाल सरकार संक्रमण पुष्टि हुन थालेपछि सक्रिय हुन थाल्यो। यसपछि उसले क्रमशः निर्णयहरू गर्दै तयारी गर्न थाल्यो। नेपालमा कोभिड १९ देखिएपछि (२०७६ माघ १० गते) देखि लकडाउन हटाउँदा (२०७७ साउन ७ गते) सम्म सङ्घीय सरकारले गरेका केही मुख्य कार्य यस्ता छन् : वि.सं २०७६ माघ १२ गते सरकारले विदेशबाट आउने यात्रीलाई निगरानी गर्न त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलमा हेल्प डेस्क राख्यो। फागुन १८ गते कोभिड १९ रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति गठन गरी चीन, दक्षिण कोरिया, इरान, इटली तथा जापानका नागरिकलाई नेपाल प्रवेशमा रोक लगायो। फागुन १९ गते बाहिरबाट आउनेलाई होम क्वारेन्टाइनमा बस्नु पर्ने निर्णय गर्‍यो। फागुन २९ गते विदेशमा काम गर्न जाने श्रम स्वीकृति बन्द गर्‍यो। चैत ५ गते सिनेमा हल, सांस्कृतिक केन्द्र, रंगशालाजस्ता भीड हुने स्थल चैत समान्तसम्म बन्द गर्ने र २५ जनाभन्दा बढी भेला हुन नपाउने निर्णय गर्‍यो। चैत ६ गते कक्षा १० को एसईई परीक्षा लगायत अन्य तहका परीक्षा स्थगित गरी स्कुल, कलेज बन्द गर्‍यो। चैत ७ गते आन्तरिक उडान बन्द गर्‍यो।

यसबीच प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रको नाममा सम्बोधन गर्दै कोभिड १९को सम्भावित संक्रमण रोक्न चैत ९ देखि २१ सम्मको लागि अत्यावश्यक बाहेकका सबै सेवा बन्द गरी सीमा नाकामा अनिवार्य स्वास्थ्य जाँच गर्ने घोषणा गर्नुभयो। चैत ११ गते काठमाडौंकी १९ वर्षीया युवतीमा संक्रमणको दोस्रो केस पुष्टि भएपछि सरकारले एकसाताको लागि देशभर लकडाउनको घोषणा गर्‍यो। चैत १४ गते स्वास्थ्य सेवा विभागले ओम्नी इन्टरनेसनलसँग अत्यावश्यक स्वास्थ्य सामग्री ल्याउने सम्झौता गर्‍यो। यसमा घोटाला भएको कुरा सार्वजनिक भएर विरोध भएपछि चैत १९ गते ठेक्का सम्झौता रद्ध गरी सेनालाई यी सामग्री ल्याउने जिम्मेवारी दियो। चैत १७ गते क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड सार्वजनिक भयो। यसबीचमा पटक-पटक लकडाउनको अवधि थप गरी अरू नियम लागू गर्ने, राहत थप गर्ने लगायतको कार्य गर्‍यो। २०७७ साउन ७ गते सरकारले १२० दिनदेखि लगाएको लकडाउन हटाएको घोषणा गर्‍यो। समूहमा भेला हुने स्थलहरू विद्यालय, कलेज, पार्टी प्यालेस लगायका केही क्षेत्रलाई अझै खुला गरेन।

## स्थानीय सरकारले गरेका पहलहरू

सङ्घीयताले जनताको घरदैलोमा सिंहदरबार (शासन गर्ने केन्द्र) आएको आमधारणा बनिरहेको बेला यस महामारीले सङ्घीयताको अभ्यास र औचित्य पुष्टि गर्ने अवसर स्थानीय सरकारलाई जुटाइदियो। जनताको नजिक रहेका स्थानीय सरकार (प्रदेश र स्थानीय तह) ले गरेका केही अपवादका केसलाई छोड्ने हो भने यसबीचमा स्थानीय सरकारले उल्लेख्य कार्य गरेका छन्। मुलुक र जनतालाई दुःख, अप्ठ्यारो पर्दा उनीहरूलाई मलमपट्टी लगाउने र सहयोग गर्न आइपुग्ने सबभन्दा नजिकको सरकार स्थानीय तह र प्रदेश हुन् भन्ने कुरालाई उनीहरूले यसपटक व्यवहारमा उतार्ने कोशिस गरेका छन्।

कोभिड १९ को महामारीसँग लड्न सङ्घीय सरकारले राष्ट्रियस्तरको नीति बनाएर निर्देशन दिँदा स्थानीय सरकारले त्यसैलाई आधार मानी आफ्नो परिवेशअनुसार ती कार्यहरू सम्पादन गरेका छन्। सङ्घीय सरकारले महामारीको रोकथामका लागि सातवटै प्रदेशलाई उपलब्ध गराएको रकम ती प्रदेशले केही थप गरी आफ्ना स्थानीय तहहरूलाई औचित्यको आधारमा वितरण गरे। यसका साथै प्रदेशहरूले आफ्नो क्षेत्रमा बसोबास गर्ने नागरिकहरूका लागि विपद् व्यवस्थापन कोषमा करोडौं रूपैयाँ छुट्ट्याएका छन्। स्थानीय तहले पाएको रकम क्वारेन्टाइन, आइसोलेसन, आईसीयू तथा साना अस्पताल निर्माण लगायत स्वास्थ्य पूर्वाधार बनाउन र खानपीन, औषधि, स्वास्थ्य सामग्री, भारत तथा विदेशबाट सीमानासम्म आएका नागरिकलाई ओसार्न यातायात लगायतका शीर्षकमा मुख्य रूपमा खर्च गरेको देखिन्छ।

नेपालमा महामारी सुरु हुँदा यसको रोकथाम गर्ने, जनतालाई राहत दिने र पूर्वाधार तयार गर्ने सवालमा अन्तरप्रदेश र स्थानीय

तहहरूबीच एकप्रकारको प्रतिस्पर्धाजस्तै देखियो । विभिन्न शीर्षक र विषयमा उनीहरूले आफूलाई अरूभन्दा प्रगतिशील र फरक देखाउन भटाभट विभिन्न कार्यक्रम घोषणा गरे । यो सकारात्मक भए तापनि कतिपय घोषणा लागू नभई जनअपेक्षा पूरा हुन सकेनन् ।

## प्रदेश र स्थानीय सरकारका सकारात्मक कार्यहरू

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङले कोरोना भाइरसको संक्रमण भएर उपचाररत बाग्लुङकी महिलासँग टेलिफोनमा उनको स्वास्थ्यबारे सोधखोज गरी हौसला दिए । यसले रोगप्रति लड्न ती महिलाको आत्मबल बढाउन र प्रदेश सरकार जनताप्रति जवाफदेही रहेको देखाउन मद्दत गर्‍यो । यस्तो कार्य अन्य प्रदेश र स्थानीय तहका प्रतिनिधिहरूले पनि गरे जुन निकै प्रशंसनीय रह्यो ।

यसका साथै प्रदेशले महामारी रोकथामका लागि मुख्यमन्त्रीको अध्यक्षतामा निर्देशक समिति, मन्त्रीको अध्यक्षतामा विषयगत समिति, प्रमुख सचिवको अध्यक्षतामा समन्वय समिति गठन तथा विपद् व्यवस्थापन समितिमार्फत् स्थानीय तहलाई सघाइरहेका छन् । स्थानीय तहका पदाधिकारीहरूले पनि अप्ठ्यारोमा रहेका जनतासँग भेटघाट गर्ने, विद्युतीय माध्यमद्वारा भएपनि उनीहरूलाई ढाडस, हौसला प्रदान गर्दै गुनासो सुन्ने र समस्याहरू हल गर्ने काम गरिरहेका छन् ।

देशका अधिकांश क्वारेन्टाइन स्थानीय तहले सञ्चालन गरिरहेका छन् । उनीहरूले सङ्घीय सरकारले तोकेको सुरक्षा मापदण्डअनुसार क्वारेन्टाइनमा खाने, बस्ने, औषधोउपचार, सुरक्षा, परीक्षणको लागि लजिस्टिक व्यवस्था गरेका छन् । पछिल्लो चरण भारतबाट ठूलो समूहमा नेपालीहरू देशमा भित्रन थालेपछि भने पूर्वाधारको अभाव, नीतिगत अस्पष्टता र समन्वयको कमी, आर्थिक समस्या, व्यवस्थापन सीपको कमी र लोभलालचमा परी केही ठाउँमा भद्रगोल भएका खबरहरू सार्वजनिक हुन थालेका छन् ।

## केही राम्रा उदाहरणहरू

स्याङ्जा जिल्ला फेदीखोलाका किसानहरू लकडाउनका कारण आफ्ना उपज बिक्री गर्न नपाएर चिन्तित थिए । गाउँपालिकाले यो समस्यालाई समाधान गर्न ‘कृषि एम्बुलेन्स’ सञ्चालनमा ल्यायो । कृषि एम्बुलेन्सले किसानको खेतबारीसम्म पुगेर तरकारी उठायो र व्यापारी तथा उपभोक्ताको पसल तथा घरमा लगेर बिक्री वितरणको व्यवस्था मिलायो । यसैगरी सामाजिक सुरक्षा भत्ता पनि घरदैलोमा गएर वितरण गर्‍यो । साथै, लकडाउनका कारण यातायात अवरूद्ध भएर औषधि लिन जान नसक्ने दीर्घरोगी तथा अन्य बिरामीलाई (उनीहरूसँग पैसा लिएर) घरघरै औषधि पुर्‍यायो ।

दैलेखको दुल्लु नगरपालिकाले लकडाउन सुरु भएपछि भारत लगायत बाहिरबाट आउने आफ्ना जनतालाई क्वारेन्टाइनको व्यवस्था गर्‍यो । उसले खानपीन, औषधोउपचार लगायत सीमा क्षेत्रमा अलपत्र परेका आफ्ना नागरिकलाई क्वारेन्टाइनसम्म ल्याउन यातायातको समेत व्यवस्था गर्‍यो ।

नेपाल सरकारले एकाएक लकडाउन गरेपछि देशको राजधानी काठमाडौं लगायत विभिन्न स्थानमा रहेका श्रमिक, सर्वसाधारणहरू यातायात बन्द र खर्चको अभावले सङ्कटमा परे । कतिपय सयौं किलोमिटर पैदलै हिँडेर आफ्नो घर गए । कति त बाटोमा भोकभोकै अलपत्र परेर मानवीय सङ्कट आइपर्‍यो । यसलाई सङ्घीय सरकारले उचित निर्णय गरेर तत्काल व्यवस्थापन गर्न सकेन । यस्तो अवस्थामा स्थानीय तहले त्यस्ता बाटोमा अलपत्र परेका मानिसलाई खानेबस्ने व्यवस्था गरी राजधानी तथा सीमामा रहेका आफ्ना जनतालाई आफ्नो क्षेत्रसम्म रातारात यातायातमा ओसारेर क्वारेन्टाइनमा राखी खाने-बस्ने र औषधोउपचारको व्यवस्था गरे ।

यसको अलावा स्थानीय सरकारले जनतालाई राहत हुने रचनात्मक कार्य गर्दै महामारीबाट बच्न जनतामा सचेतना फैलाउने, रोगको डर भगाउन परामर्श गर्ने, सार्वजनिक स्थलको सेनिटाइजेसन गर्ने, विदेशबाट आउनेको लगत राख्ने, आवतजावत बन्द गर्ने, जनतालाई रोजगारी दिने, अति गरिब तथा विपन्नलाई खाद्यान्न लगायका आर्थिक सहयोग गर्ने, एम्बुलेन्स, स्वास्थ्य केन्द्र, साना अस्पताल निर्माण तथा सञ्चालन गरेका छन् । यी माथि उल्लिखित केसहरू उदाहरणको रूपमा हुन् । यस्ता विभिन्न कार्यहरू स्थानीय सरकारले गर्दै आइरहेका छन् ।

अन्तमा,

यो महामारीमा जनताले तीनवटै सरकार (सङ्घ, प्रदेश र स्थानीय तह) ले गरेको कार्यको मूल्याङ्कन गर्न पाए । जनताको निकट र उनीहरूको प्रत्यक्ष पहुँच भएको स्थानीय सरकारले गरेका कार्यहरूलाई हेर्दा अधिकांश कार्य सकारात्मक र जनतालाई राहत पुग्ने खालका छन् । जनताको घरदैलोसम्म पुगेका यस्ता सरकारले राम्रा र जनप्रिय कामहरू गरेर महामारीको कठिन अवस्थामा जनतालाई साथ दिइरहेका छन् । यसबीचमा देखिएका केही नीतिगत अन्यौल, भष्ट्राचार, समन्वयको कमी र बेथितिजस्ता कमजोरी हटाई आगामी दिनमा जनभावना र संविधानको मर्मअनुसार काम गरेमा सङ्घीयताको लाभ जनताले प्रत्यक्ष पाई दिगो विकास र समृद्धि हासिल गर्न सघाउ पुग्नेछ ।

*(लेखक विकास परामर्शदाता, नेपान कार्यसमितिका सदस्य तथा हाल ‘सहभागिता’ का प्रधानसम्पादक हुनुहुन्छ ।)*

*E-mail : binod.timilsena@gmail.com*

# स्थानीय विकासमा देखिएका कमजोरी र समाधानका सम्भावित उपायहरू



एविन्द्रप्रसाद न्यौपाने

हाम्रो देशको विकासको कार्यशैलीलाई विगतदेखि हालसम्म हेर्दा धेरै कमी कमजोरी देखिएका छन् । त्यसैले हामी पछाडि परेका छौं । यसको विश्लेषण गर्नेक्रममा हामीमा देखिदै आएको संस्कार, विद्यमान कमी कमजोरी र समाधानका सम्भावित उपायहरूबारेमा चर्चा गर्ने प्रयास यस लेखमा गरिएको छ ।

> 'जनतादेखि नेतासम्ममा विकास भन्नाले भौतिक पूर्वाधारलाई मात्र मध्यनजर लगाउने गरेको पाइन्छ । भौतिक पूर्वाधार मध्यमा सडकले सबैभन्दा प्राथमिकता पाएको छ । जति प्राथमिकता पाए पनि सडकलाई योजनाबद्ध र व्यवस्थित गराउन सरकारी निकायहरू चुक्नाले सहरदेखि गाउँसम्म यसबाट क्षति व्यहोर्नु परेको कुरा सबैको सामु स्पष्ट छ ।'

## स्थानीयस्तरमा अभ्यासको आधारमा विकास सम्बन्धी अवधारणा

लामो समयसम्म स्थानीय विकासको क्षेत्रमा काम गर्ने क्रममा विकासप्रतिको अनुभव र अनुभूतिको आधारमा विकासका निम्न चरणहरू हुनुपर्दछ भन्ने कुरामा विश्वास लिएको छु । आफूले कार्यान्वयन गरेका केही समुदायहरूमा केही चरण पारगरी सकेका छन । सो आधारमा आफ्ना केही अवधारणहरू प्रस्तुत गरेको छु । सूक्ष्मरूपमा विकासका असंख्य अवस्थाहरू भएपनि प्रमुखरूपमा निम्न सातवटा पक्षहरू छन् :

१. **सामाजिक चेतना, सामुहिकताको भावना एवं विकासमा अपनत्व र संस्थागत विकास** (विभिन्न समूहहरू, सहकारी संस्था र सरकारी तथा गैरसरकारी संस्था या अन्य संगठनमा रहेर समन्वयात्मक किसिमले कामगर्ने संस्कार)
२. **बौद्धिक क्षमता र प्रविधिको विकास** (जीवन प्रणाली सुधारको लागि वैज्ञानिक, व्यवहारिक र जीवन उपयोगी शिक्षा)
३. **आर्थिकस्तर एवं जीवनस्तरमा सुधार** (उत्पादन, वितरण र बजारको सन्तुलका साथ उपभोग्य वस्तुमा आत्मनिर्भरता)
४. **भौतिक पूर्वाधार** (यातायात, संचार, बजार, विद्युत लगायत विभिन्न सुविधा एवम् उपभोग्य वस्तुका साधनमा आत्मनिर्भरता)
५. **स्वस्थ शरीर, सकारात्मक सोच, सुन्दर वातावरण** (स्वच्छ प्राकृतिक वातावरण, पारस्परिक सेवा सहयोग तथा सद्भाव)
६. **व्यवस्थित प्रणालीको विकास** (व्यक्तिगत जीवन प्रणालीदेखि लिएर स्थानीयस्तरमा कार्यरत सङ्घ-संस्थाहरू र राज्य व्यवस्था प्रणालीसम्ममा न्यायमा आधारित विधिवत प्रणालीमा सुधार)

७. सुखी जीवन, सुन्दर, सम्पन्न र आदर्श समाज, समग्र देश विकास एवम् समृद्ध नेपाल

## विकासप्रति जनता, कर्मचारीदेखि नेताहरूमा देखिदैआएको संस्कार

भौतिक पूर्वाधारका विविध घटकहरू मध्य सडकमा मात्र राज्यको मध्यनजर पुगेको छ । सडक निर्माण कार्यमा पनि इन्जिनियरिङ्ग डिजाइन र प्राविधिक निरीक्षण विना ज्यादा भिरालो जमीनमा वर्षा सुरु हुनु भन्दा केही दिन या महिना अगाडि डोजर परिचालन गरेर दायाँ बायाँ नालापनि तयार नपारी हरियाली गराउन घाँस विरुवा पनि नलगाइ असीमित भूक्षय हुनको साथै विकासको नाममा विपत्ति निम्त्याएको छ ।

जनतादेखि नेतासम्ममा विकास भन्नाले भौतिक पूर्वाधारलाई मात्र मध्यनजर लगाउने गरेको पाइन्छ । भौतिक पूर्वाधार मध्यमा सडकले सबैभन्दा प्राथमिकता पाएको छ । जति प्राथमिकता पाए पनि सडकलाई योजनाबद्ध र व्यवस्थित गराउन सरकारी निकायहरू चुक्नाले सहरदेखि गाउँसम्म यसबाट क्षति व्यहोर्नु परेको कुरा सबैको सामु स्पष्ट छ । सरकारी कार्यालयमा रहेका इन्जिनियर, ओभरसियरको निरीक्षण विना ठेकेदार र डोजर चालकको मनोमानी किसिमले वर्षा अगाडि सडको मापदण्ड विना भत्काउने काम गर्नेगरिएको, कार्यक्षताको कमीले ठीक समयमा काम नसक्नाले आर्थिक वर्षको अन्त्यमा हतार हतार गरेर बजेट सक्ने काम गरिएको र आर्थिक अनियमितता गर्ने अवसरको प्रतिक्षामा रहेर त्यो अवस्थामा सक्न कुनैपनि किसिमले गल्तीहरू भएकै हुन् ।

एउटा गाउँ परिषदमा देखेको घटना सानो उदाहरणको रूपमा प्रस्तुत गर्दछु । एउटा गाउँमा सडक अपुरो राखेर बजेट सकेको कुरामा गाउँलेहरूले सचिवलाई आक्रोस व्यक्त गर्ने क्रममा तथानाम गाली गरे । मलाइ त्यो दृष्य अपृय लागेर त्यहाँबाट हिड्न खोज्दा ती सचिवले मलाइ बसिदिन आग्रह गरे । केहीपछि मैले उनलाई किन काम नहेरी बजेट निकासा गरेको भनेर भनेर सोध्दा 'असार महिनामा जुका लाग्ने लेकमा को जान्छ त' भनेर उत्तर दिए । सरकारले बजेट तयारी गर्दा कृषि, शिक्षा, महिला आदिलाई तोकिएको प्रतिशत रकम खर्चगर्नु पर्ने प्रावधान राखेता पनि त्यस्ता क्षेत्रलाई रकम दिँदा उनलाई (कर्मचारी) फाइदा नहुने भएर दिन कन्चुस्याइ गर्ने तर ठेकेदारबाट निश्चित प्रतिशतको कमिसन पाउने अपेक्षामा आर्थिक वर्षको अन्त्यमा बाटो, बनाउने, ग्रावेल हाल्ने, वाल लगाउने आदि कार्यलाई बजेट निकासा गरेको कुरा त्यहाँका मानिसबाट धेरै पटक सुनिएको थियो । यो कुनै अपवादको घटना नभएर धेरैमा लागू हुदै आएको घटना हो भन्ने कुरा अन्य क्षेत्रमा पनि हुनेगरेका यस्तै कामहरुले पुष्टी गर्दछ । त्यो घटनाको आधारमा कर्मचारी र ठेकेदारको मिलेमतोमा निर्माण कार्य सम्पन्न नगरिकन रकम भुक्तानी दिएर त्यसबाट आफूले आर्थिक लाभ लिने गरेको कुरा स्पष्ट हुन्छ ।

पूर्वाधारको क्षेत्रमा कार्यरत ठेकेदार, योजनाविद्सँगको अनौपचारिक कुराकानी अनुसार निर्माण भइरहेको अवस्थामा इन्जिनियर र ओभरसियरलाई सुपरभिजनमा पठाइन्न र सबै कामको जिम्मा ठेकेदारलाई दिइन्छ । निर्माण कार्य सम्पन्न भएपछि तोकिएको आधिकारिक प्राविधिकबाट त्यो निर्माण कार्यको विल पासगर्नु पर्दछ । त्यसकोलागि जतिनै राम्रो गरी सम्पन्न गरेको भएपनि ओभरसियर, इन्जिनियर निर्देशक, लेखापाल र अन्य केही व्यक्तिहरूलाई समेत गरी न्यूनतम (१० प्रतिशत) रकम सडकको गुणस्तर विग्रेको आधारमा कमिसन कर्मचारीलाई दिएपछि मात्र सो सडक पूरा भएको प्रमाणित हुन्छ । तर सडकको करालो (स्लोप) कति हुनुपर्दछ, कस्तो माटो भएको ठाउँमा खन्नु हुन्छ या हुँदैन भन्ने बारेमा प्राविधिक जाँचबुझ नहुनाले भू-क्षयको विकराल अवस्था आएको कुरा स्पष्ट छ । मन्त्रालयका पूर्वसचिव, सहरी विकास इन्जिनियर तथा भौतिक पूर्वाधारविद् किशोर थापाले एक टेलिभिजनमा देशभर निर्माणकार्य इन्जिनियर, ओभरसियर विना ठेकेदारलाई काम जिम्मा दिने गरेको बताउनु भएको थियो । यो कुरा हाम्रो घर छेउमा भएको निर्माण कार्यमा गएर बुझ्दा पनि हामीले सहजै देख्न सकिन्छ ।

कुनै एक ठाउँको सडक निर्माण तथा मर्मतकोलागि सम्बन्धित क्षेत्रको एक निश्चित निकायलाई मात्र जिम्मेवारी नदिइ विभिन्न निकायबाट बजेट विनियोजन (निकासा) गरिन्छ । जस्तै गाउँपालिका, नगरपालिका, प्रदेश सरकार र सङ्घीय सरकार, सांसद विकास कोष आदि छन् । यस्ता निकायमा जसको पहुँच छ उसले धेरै बजेट आफ्नो क्षेत्रमा पार्ने र जस लिनेगरेको पाइन्छ । तर योजनाबद्ध किसिमले यस्ता काम गर्ने संस्कार बसेको छैन् । त्यसैले सडक तयार भएपछि ढल, खानेपानी या अन्य प्रयोजनको लागि पुन उक्त सडक भत्काउने गरिन्छ । यसरी भत्काएको सडक मर्मत नगरी अलपत्र छाड्दा गाडीले दिन प्रति दिन धुलो उडाएर प्रदुषण बनाइरहेको पाइन्छ ।

त्यसैगरी सडक बनाएको ठाउँमा दायाँ बायाँ जमीनले पानी सोस्ने (Water Infiltration) समेत आधार नराखी छेउदेखि

कुनासम्म कालोपत्रे वा ढलान गरिन्छ । दायाँबायाँ हरियाली लगाउने गरिदैन र प्राकृतिकरूपमा आफै उम्रेका हरियालीलाई पनि लामो भएमा काटेर आवश्यक साइज कायम गर्नुको सट्टा उखेलेर फालिन्छ । त्यसैले बाढी पहिरो, डुबान कसरी हुन्छ, यसको रोकथामका उपाय के हो, वातावरण सन्तुलनकोलागि जमीनले पानी सोस्न पाउने प्रावधानको साथै वनस्पतिको महत्व कति छ भन्ने कुरा जनस्तरदेखि माथिल्लो निकायसम्मलाई बुझाउन अति आवश्यक देखिन्छ । साथै सहरदेखि गाउँसम्म आवश्यकताको आधारमा कार्ययोजना बनाएर काम सम्पन्न गर्नको लागि प्राथमिकताका आधारमा बजेट निकास गर्ने प्रावधान हुनुपर्ने देखिन्छ ।

## कमी-कमजोरी समाधान गर्ने सम्भावित उपायहरू

आवश्यकताको आधारमा प्राथमिकताक्रम छुटयाएर अल्पकालीन र दीर्घकालीन योजना बनाएर अनुमानित बजेट र समय सीमा सहित उल्लेख गरेर सम्बन्धित निकायहरूमा पेश गर्नु पर्छ । कुन क्षेत्रमा कुन कार्यक्रम प्रस्तावित गरेको र बजेट कति निकासा भएको भन्नेबारेमा सरोकारवाला निकाय र सर्वसाधारण जनतालाई विभिन्न माध्यमहरूबाट जानकारी गराउनु पर्छ । एकद्वार प्रणालीबाट बजेट निकास गरिनुपर्ने जसले गर्दा एउटै क्षेत्रमा नगरपालिका, सडक विभाग, प्रदेश सरकार र सांसद विकास कोष आदिको बजेट या कार्यक्रम दोहोरिन नपाओस र कार्ययोजना तर्जुमा नभएको स्थानमा जनसंख्याको आधारमा मात्र बढी बजेट विनियोजन गर्ने काम पनि नियन्त्रण होस् । कुनै पनि बहाना बनाएर (कमिसन खान खोजेर) बजेट निकासामा आनाकानी गरेमा तत्काल आवश्यक कारवाही होस । तत्काल सो कारवाही हुन नसकेमा बजेट सदुपयोग हुन नसकककेको आधारमा कार्य मूल्याङ्कन गरेर सम्बन्धित अधिकारीलाई आवश्यक कारवाहीको प्रावधान होस् ।

सडक निर्माणको लागि आर्थिक वर्षको सुरुमै निकासा गरी चैत मसान्त भित्र नाला तयार पार्ने सहित पूर्णरूपले काम सकेर भूक्तानी दिने परिपाटी बसालियोस् । वैशाख र जेठ भित्रमा अनिवार्यरूपमा दायाँ बायाँ घाँस या अन्य विरुवा लगाउनु पर्ने प्रावधान राखियोस् । सडक निर्माणमा प्राविधिकको निरिक्षण अनिवार्य गरियोस् ।

स्थानीय मन्त्रालयले तयार पारेको निर्देशिकालाई ध्यानमा राखेर जन सहभागिताको आधारमा गाउँपालिका या नगरपालिकाको संयोजगकत्वमा सम्बन्धित क्षेत्रका सरकारी, गैरसरकारी संस्थामा कार्यरत र अन्य स्वतन्त्ररूपले कामगर्ने विभिन्न विज्ञहरूको सहजीकरणमा सूचक सहितको आवश्यकता पहिचान गर्ने गरियोस । आवश्यकताको पहिचानको आधारमा कार्यक्रम तर्जुमा गर्दा कार्यक्रमको विशेषताको आधारमा जन सहभागितादेखि विभिन्न निकायहरूबाट हुनसक्ने श्रमदान, प्राविधिक, आर्थिक र अन्य भौतिक सहयोग या योगदान उल्लेख गर्ने प्रावधान राखियोस । कार्यक्रम तर्जुमा र कार्यान्वयनको लागि कुन कुन निकायबाट कसरी योगदान दिने भन्ने सम्बन्धमा सानो उदाहरणको लागि सिन्धुपाल्चोक जिल्लाको त्रिपुरा सन्दरी गाउँपालिकामा कार्यान्वयन हुन सक्ने क्षेत्रको लागि केही कार्यक्रमको निम्न अनुसार तालिका तयार पारिएको छ । ठाउँको अभाव र लेखको साइज ठिक्क पार्नु पर्ने वाध्यताले सबै कार्यक्रमको लागि तालिका तयार पार्न सकिएन । त्यस क्षेत्रमा प्रस्तावित कार्यक्रमको बजेट तर्जुमा गर्न नमिएकोले बजेट पनि उल्लेख गरिएन । त्यसै गरी विस्तृत कामको विवरण उल्लेख हुन बाँकी भएकोले समय सीमा उल्लेख गर्न नमिले पनि वास्तविक योजना तर्जुमा गर्दा यी कुराहरू समावेस गर्नु पर्दछ भन्ने सुझावको लागि केही कार्यक्रमको नमुना प्रस्तुत गरिएको छ :

**स्थानीय विकासमा विभिन्न निकायहरूको योगदान या सहकार्यको नमुना**

| क.स. | कार्यकम | स्थान | कृषि समूहका कृषकहरू | गाउँपालिका | स्थानीयस्तरमा कार्यरत संस्था | कृषि सेवा केन्द्र | कृषि सहकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | व्यावसायिक तरकारी खेती | धुस्कुन | श्रम,जल, मल, जमीन र बाली व्यवस्थापन गर्ने । | आवश्यकताको आधारमा आम्सिक आर्थिक अनुदान दिने । | समूह व्यवस्थापन, प्लास्टीक र जैविक मल, कृषिउपकरण आम्सिक मूल्यमा सहयोग, उत्प्रेरणा, सहजीकरण, तालिम, अनुगमन गर्ने । | बीउ, विरुवा उपलब्ध, प्राविधिक रेखदेख, आवश्यक अनुदान दिने | कर्जा लगानी बजार व्यवस्थापन गर्ने । | |

| क.स. | कार्यक्रम | स्थान | गाउँपालिका | भूक्षय तथा जलाधार नियन्त्रण कार्यालय | इलाका वन कार्यालय | सा.व.उ.स. | कृषि कार्यालय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| २ | पहिरो तथा भूक्षय नियन्त्रण | कागे पहिरो र सुबदल खोलाको पहिरो | सम्बन्धित निकायहरूसँग समन्वय गरेर श्रोत जुटाउने र बजेट व्यवस्था गर्ने । | भूक्षय सम्बन्धि जनचेतना, पहिरो र जलाधार नियन्त्रण सम्बन्धी उपकरण तथा सामग्री अनुदान दिने । | भूक्षय नियन्त्रण सम्बन्धि तालीम र आवश्यक बाँस, अमृसो, निगालो जस्ता विरुवा र उपकरण अनुदान गर्ने । | उपयुक्त विरुवा लगाउने र जलाधार नियन्त्रणमा श्रम जुटाउने । | अलैची, केरा जस्ता फलफूल रोपन अभियानमा सहयोग गर्ने । | |

| क.स. | कार्यक्रम | स्थान | गाउँपालिका | जि.स.स. जिल्ला प्राविधिक कार्यालय | सडक विभाग | स्थानीय उपभोक्ता | स्थानीयस्तरमा कार्यरत संस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ३ | सडक मर्मत | सुनकोशीदेखि जलजलेसम्म | सम्बन्धित निकायहरूसँग समन्वय गरेर श्रोत जुटाउने र बजेट व्यवस्था गर्ने । | सडक निर्माण योजना, कार्यान्वयन र अनुगमनको लागि प्राविधिक र आर्थिक सहयोग गर्ने । | भूबनोट तथा धरातलको आधारमा सडक पक्की बनाउन आवश्यक मापदण्ड अपनाएर कार्यान्वयन गराउने । | सडको दाँयाबाँया घाँस र विरुवा रोपण गर्ने र सडकमा पर्ने खोल्छाहरूमा ५०० मी माथि र ५०० मी तलसम्मको भागमा जाली गाह्रो र विरुवा रोपण गरी जलाधार तर्काउने । | स्थानिय समुदायलाई भूक्षय नियन्त्रण सम्बन्धमा जन चेतना जगाउन । | |

| क.स. | कार्यक्रम | स्थान | गाउँपालिका | युवा क्लब, सहकारी संस्था | बचत समुह | जि.प्र. कार्यालय | स्थानीयस्तरमा कार्यरत संस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ४ | प्राकृतिक प्रकोपमा उद्धार | धुस्कुन, पिस्कर दुबै क्षेत्र | तत्काल पीडितहरूको नाम संकलन गरेर सम्बन्धित निकायहरूमा जानकारी दिइ सकेको राहत सहयोग गर्ने । | तत्काल स्वयं सेवकको रुपमा सदस्यहरू परिचालन गरी पीडितहरूको नाम संकलन गरेर सम्बन्धित निकायहरूमा जानकारी दिइ सकेको राहत सहयोग गर्ने । | सकेको राहत सहयोग गर्ने । | सरकारबाट छुटयाएको तथा जम्मा गरेको राहत कोष पीडितलाई उपलब्ध गराउने । | सम्भव भएको राहत सेवा उपलब्ध गराउनकोसाथै जीवन निर्वाहको लागि वैकल्पिक सहयोग गर्ने । पुन जीवन निर्वाहको लागि कृषि कार्यक्रमहरू संचालन गर्ने, क्षति भएको सामाजिक भवन, खानेपानी, सिंचाई जस्ता संरचनाको निर्माण गर्न सहयोग गर्ने । | |

| क.स. | कार्यक्रम | स्थान | सा.व.उ.समिति | वन कार्यालय | गाउँपालिका | जडिबुटी सहकारी | वन, उद्योग, पर्यटन्, वातावरण मन्त्रालय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ५ | जडिबुटी संरक्षण र प्रवर्द्धन | लाटु, टुङ्नाथली वन क्षेत्र | वन सम्पदाको संरक्षण र पहिचान र प्रशोधनको लागि आवश्यक पहल गर्ने । विभन्न नर्सरीहरू स्थापना गर्ने । | सा.ब.उ.स.का पदाधिकारि र उद्योमीहरूलाई तालिम र प्राविधि सहयोग गर्ने । | विभिन्न निकायहरू सँग संयोजन गर्ने र आवश्यक बजेट अनुदान दिने । | जडिबुटी प्रशोधन र बजार व्यवस्थापन गर्ने । | राष्ट्रिय विज्ञहरूको व्यवस्था गरी जडिबुटी पहिचान, प्रवर्द्धन, प्रसोधन र समन्वयको लागि व्यवस्था गर्ने । | |

*(लेखक विकास परामर्शदाता तथा विकाससम्बन्धी पुस्तक लेखनमा विशेष संलग्न हुनुहुन्छ ।)*

*E-mail : ebindraneupane@gmail.com*

# नेपानको स्रोतकेन्द्र प्रवर्द्धनार्थ

- सहभागीमूलक विकाससम्बन्धि प्रकाशन, भिडियो, स्लाइड, फोटो आदि जे उपलब्ध गराउन सकिन्छ, उपलब्ध गराऔं ।
- सम्बन्धित प्रकाशकहरूसंग आपसी आदान प्रदान गर्ने गरि प्रकाशन तथा प्रशारण गर्नको लागि आफुलाई जानकारी भएसम्मका प्रकाशकहरूसंग सम्पर्क बढाऔं र नेपान सचिवालयमा जानकारी गराऔं ।
- आफुलाई उत्कृष्ट लागेका विकास सम्बन्धि सवालका पुस्तकहरूको विवरण उपलब्ध गराऔं ।
- जे जसरी सकिन्छ नेपान स्रोत केन्द्रम प्रवर्द्धन गर्नको लागि योगदान पुऱ्याऔं ।
- नेपान स्रोतकेन्द्र अबदेखि डिजिटलाइज्ड भर्सनमा निकट भविष्यमा उपलब्ध हुने भएकोले यहाको सहभागिता र सहकार्यको अपेक्षा गर्दछौं ।
- नेपान स्रोत केन्द्रको प्रयोगको लागि यहाँहरूको लागि उपलब्ध हुनेछ ।
- नेपानको सदस्य बनी यसको उपयोगिता अझै बढाऔं । नेपान एक स्वयमसेवी संस्था भएकोले स्वयम्सेवा गर्न चाहने व्यक्तिहरूलाई हामी अझ प्रेरित गर्दछौ ।

नेपाल, नेपाली र नेपान

**नेपान सचिवालय**

स्थलगत आलेख

# विपन्नवर्ग संगठित र सञ्जालीकृत भएपछि !



ज्ञानुप्रसाद तिवारी

सुदूरपश्चिमको कैलाली जिल्लामा रहेको समुदायमा आधारित एक सञ्जाल संस्थाको आफ्नै अनुभव हो यो । करिब दुई दशकको संस्थागत अनुभवलाई आधार बनाई यस आलेखमा केही सफल अभ्यास र केही चुनौतीबारेमा चर्चा गरिएको छ । हाम्रा अनुभवले देशका अन्य सामुदायिक संस्थाहरू, नागरिक समाज र गैससहरूलाई पनि केही लाभ पुगोस् भन्ने अभिप्रायले यो छोटो आलेख तयार पारिएको हो । यसमा दुईवटा लघु केस-स्टडी (घटना) पनि समावेश गरिएको छ ।

> ‘विपन्नवर्गका सदस्यहरूलाई संगठित गरी उनीहरूलाई विकास सवाल छनौट र कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराउँदा समुदायमा दिगो परिवर्तन आउने छ ।’

## संस्थागत आरम्भ

सन् १९९८ मा लुथरन विश्व फेडेरेसन (लुविफे) नेपालद्वारा सशक्तिकरण शिक्षा परियोजना कैलाली जिल्लाका साविक उर्मा, फूलबारी, गदरिया, चौमाला र श्रीपुर गाविसमा लागू भयो । जुनबेला समुदायका महिलाहरूको अवस्था अति नै नाजुक रहेको थियो । परियोजनाका कर्मचारी सर्भे गर्न जाँदा महिलाहरू भित्र लुक्न जाने, आफ्नो नाम पनि भन्न नसक्ने अवस्था थियो ।

दैनिक ६० रूपैयाँ आम्दानी नहुने २ हजार ७ सय २९ घरपरिवारलाई सदस्यको रूपमा लिएर १६८ समूहमा संगठित भए । त्यो बेला समूहमा बस्नका लागि श्रीमान तथा घरमूलीसँग बिन्ती गर्नुपर्ने र समूहमा ५ रूपैयाँ बचत गर्नुपर्ने नियमले त्यही सानो रकम पनि जोहो गर्न धौ धौ पर्ने अवस्था थियो । अझ समूहमा बस्नका लागि श्रीमानलाई खुसी पार्नुपर्ने त्यो कठिन अवस्थाको सम्झना गर्दा अहिले आफैं छक्क पर्ने गरेको सुनाउनुहुन्छ एकता समाज अन्तर्गत रहेको वेताल देउ महिला समूहकी सचिव राधा ओली ।

परियोजनाको निरन्तर छलफल कार्ययोजना निर्माण र सामूहिक कार्यले दिन प्रतिदिन समूह बलियो बन्दै आयो । समूहमा नियमित बचत गरी समूहमा लगानी गर्न थालियो जुन लगानीले सदस्यले सुलभ तरिकाले वार्षिक १२ प्रतिशत ऋणले बीउ तथा मल किन्न सहयोग भयो । यसरी सस्तो र सुलभ तरिकाले समयमै बीउ र मल पाउँदा उत्पादन पनि बढ्यो । फूलबारीको स्वयम् जागृति समाजअन्तर्गत रहेको जनकल्याण समूहका

सदस्य मनबारु चौधरीले साहूको मासिक ५ प्रतिशत (वार्षिक ६० प्रतिशतसम्मको) चर्को ब्याजबाट राहत पाउँदा समूहलाई थप हौसला बढाएको बताउनु भयो ।

समूह गठनसँगै कसरी सम्पूर्ण समूहहरूलाई दिगो बनाउन सकिन्छ भनी समूह-समूहबीच छलफलको सुरुवातसँगै ५ वटा समुदायमा आधारित संस्था 'सीबीओ'को गठन गर्ने योजना पारित भई जिल्ला प्रशासन कार्यालय धनगढीमा विधिवत दर्ता भएका हुन । सीबीओहरू गठनपछि विपन्न वर्गको आवाज त्यतिबेलाका गाविस तथा जिविस तहमा पुऱ्याउन सहज भयो ।

सिविओहरू स्थापनालगत्तै तत्कालीन गाविसहरू तथा जिविससँग सहकार्य गर्दै विभिन्न योजना सञ्चालन गरिएको

थियो । अहिले ५वटै सीबीओका आफ्नै भवन छन् । यी संस्थाले आ-आफ्ना कार्यालय नियमित खोल्छन् । अझ विभिन्न साझेदार संस्थासँग सहकार्य गर्दै अगाडि बढेका छन् ।

## केही उदाहरणीय गतिविधि र उपलब्धिहरू

उर्माको सशक्तिकरण मूल समितिले तत्कालीन जिविसबाट १० लाख अनुदानसमेत लिई भवन निर्माण कार्यलाई पूर्णता दिन सफल भएको कुरा समूहकी सदस्य चन्की चौधरी बताउनुहुन्छ । यसैगरी जिल्ला पशु सेवा कार्यालय धनगढीसँग सहकार्य गरी चौमाला र हसुलिया गाविसमा बाखा पैचों कार्यक्रम सम्पन्न गरेको चौमालाका चन्द्रप्रसाद खनाल बताउनुहुन्छ ।

**घटना १ :**

**सीबीओ विकास केन्द्रको सहयोगबाट सहकारीका भवनहरू बने**

*सीबीओ विकास केन्द्रले विपन्न वर्गहरूको आयस्तर सुधार गर्न २०६३ सालमा ५ वटा सहकारी स्थापना गरेको छ । समाज सेवा समिति (चौमाला), एकता समाज (श्रीपुर), स्वयम् जागृति समाज (फूलबारी), पीडित मुक्ति समाज (गदरिया), र सशक्तिकरण मूल समिति (उर्मा) को आफ्नै भवन बनेको*






*छ । यसरी नै २०६९ सालमा लुथरन विश्व फेडेरेसनको आर्थिक सहयोगमा सीबीओ विकास केन्द्रको सञ्चालनमा ३ वटा सहकारी (परिवर्तन कृषि सहकारी संस्था लि. मोहन्याल गा. पा. ५ कटौंजे, रामशिखर कृषि सहकारी लि. घोडाघोडी न.पा. ४ गणेशपुर, आदर्श कृषि सहकारी लि. घोडाघोडी न.पा. २ सिरानगर) का भवनहरू बनेका थिए ।*

*सहकारी संगठन गर्दा कार्यालय भवन थिएन, कागजात तथा अन्य सामान राख्न र प्रशासनिक कार्य गर्ने व्यवस्था थिएन, धेरै समस्या पर्थ्यो । केही सामान सहकारीको अध्यक्षको घरमा र केही सामान व्यवस्थापकको घरमा राख्नुपर्ने हुन्थ्यो । तर जब विपन्नवर्गको उद्धारकको छाप छोडेको संस्था सीबीओ विकास केन्द्रले ३ वटै सहकारीलाई भवन निर्माण गर्न सम्झौता गरी हरेकलाई ६ लाख रुपैयाँ अनुदान दिएपछि सहकारीका भवन बनेका हुन् । तिनमा समूहको सदस्यहरूको श्रमदान तीन लाख रुपियाँ र स्थानीय गा.वि.स.बाट १ कठ्ठा जग्गा अनुदान पनि प्राप्त भयो । 'त्यसरी मेहनत गरेर ३ कोठे भवन सफलताका साथ निर्माण गरेका थियौं, अहिले धेरै आनन्द भएको छ', आदर्श कृषि सहकारी लि. साडेपानीकी सचिव ललिताकुमारी चौधरी बताउनुहुन्छ ।*




*यसरी हाल ८ वटै सहकारीका आफ्नै भवन छन् । जसमध्ये एकता समाज श्रीपुरमा आबद्ध रहेको प्रगति एकता सहकारीको उन्नति निकै राम्रो रहेको छ । हाल सेयर सदस्य संख्या १,२६५ जना र जम्मा बचत रकम करिब ४ करोड रुपैयाँ रहेको बताउनुहुन्छ, प्रगति एकता सहकारीकी सहायक व्यवस्थापक राधादेवी ओली । उहा थप्नुहुन्छ 'सहकारीको आम्दानीले वार्षिक रूपमा वृद्धवृद्धाहरूलाई सम्मान गर्ने, विपन्न बालबालिकाहरूलाई छात्रवृत्ति प्रदान गर्ने र सदस्यहरूको बीमा गर्ने गरेको छ । जसले सदस्यहरूमा सहकारीलाई अभिभावकको रूपमा विश्वास गरेका छन् ।'*

*सहकारीका सदस्यहरूले सीबीओ विकास केन्द्रलाई धेरै धेरै धन्यवाद दिँदै भन्छन् 'एक थुकी सुकी, सय थुकी नदी बन्छ' भनेजस्तै हामीहरू पनि एकताको बलमा बाँधिएका छौं । सबैको सहयोगले र लगनशीलताले जे पनि गर्न सकिन्छ भन्ने राम्रो प्रमाण हो यो ।*

**घटना लेखन सहयोग : हिरण चौधरी**

निरन्तर समूहका सभा र सीबीओका वार्षिक साधारणसभाले संस्थाको हिसाबकिताब पारदर्शी हुँदा तत्कालीन गाविस तथा जिविसमा यसको निकै नै सकारात्मक चर्चा हुने गर्थ्यो । यसै प्रसङ्गमा सीबीओहरूको क्षमता वृद्धि र संगठित गर्न सीबीओ फेडेरेसनको आवश्यकता महसुस गरियो । पाँचवटै सीबीओका प्रतिनिधिहरूको छलफलबाट सीबीओ विकास केन्द्र गठन २०६३ साल पुस १६ गतेका दिन भयो । यसको विधिवत दर्ता जिल्ला प्रशासन कार्यालय कैलालीमा भयो । त्यसपछि समुदायका लागि विभिन्न विकासमूलक परियोजना सञ्चालनमा निरन्तर खटिइरहेको छ सीबीओ विकास केन्द्र ।

## समूहको प्रतिनिधित्व र सीबीओ विकास केन्द्र

अहिले नियमित रूपमा समूह-सभा गरी सीबीओमा सभासद् पठाउने, सीबीओबाट ५ समूह बराबर १ सभासद गरी ३४ जना सभासद् सीबीओ विकास केन्द्रको साधारणसभामा पठाउने नियम रहेको छ ।

समूह सीबीओ र सीबीओ विकास केन्द्रबीच निकै नै बलियो अन्तर्सम्बन्ध रहेको छ । समूहबाट योजना बनाई सीबीओमा आउने गर्छ । सीबीओले आफूले गर्न सक्ने र फेडेरेसनबाट सहयोग लिनुपर्ने छुट्याई सीबीओ विकास केन्द्रमा पठाउने गर्छन् । यसरी फेडेरेसनको रूपमा रहेको सीबीओ विकास केन्द्रले प्रस्तावना

बनाई विभिन्न निकायबाट स्रोत जुटाई सीबीओ (समूह)हरूलाई दिने र त्यस्तो स्रोत र सहयोगका आधारमा समूह-समूहमा योजना सञ्चालन गर्ने गरिएको छ ।

**घटना २ :**

**चन्की चमत्कार : समूहको सदस्यदेखि उपाध्यक्षसम्म !**

*वि.सं. २०६३ सालअघिको कुरा हो कैलाली जिल्लाका अधिकांश महिलाहरू अशिक्षा, अज्ञानताको अन्धकारमा रुमल्लिरहेको अवस्था थियो । चुलोचौको र घरको चारघेराभित्र सीमित महिला दिदीबहिनीहरूमा आत्मविश्वासको कमी थियो । आफूमा कुनै पनि कुराको सम्भावना नदेख्ने महिलाहरू पारिवारिक तथा सामाजिक निर्णयहरूमा सहभागी हुने प्रक्रियाबाट बञ्चित थिए । उनीहरू आर्थिक, सामाजिक तथा शैक्षिकरूपमा कमजोर थिए । देशको कुल जनसंख्याको ५१ प्रतिशतभन्दा बढी महिला भए पनि महिला साक्षरता निकै कम हुनु निश्चय पनि बिडम्बनाको कुरा हो । शिक्षा र साक्षरताको अभावमा अझ पनि धेरै महिला दिदीबहिनीहरू पछाडि पर्नु परेको अवस्था छ*

*वि.सं. २०६३ पुस १६ गते सीबीओहरूको छाता संगठनको रूपमा जब सीबीओ विकास केन्द्रको स्थापना भयो । यस संस्थामार्फत् संस्थाको कार्यक्षेत्रमा समेटिएका गा.वि.स. हरूमा महिलाको क्षमता अभिवृद्धि गर्ने किसिमका विभिन्न अभिमुखीकरण तथा सीपमूलक तालिमहरू सञ्चालन गरिए । यसले उहाँहरूमा आत्मविश्वास बढ्दै गयो । यसले गर्दा महिला दिदिबहिनीहरूले आफूलाइ विभिन्न पेशा तथा तथा व्यावसायिक माध्यमबाट आर्थिकरूपमा सशक्त बनाउँदै लग्नुभयो । यसको एउटा ज्वलन्त उदाहरण हुनुहुन्छ -चन्की चौधरी । पढाइमा कुनै पनि औपचारिक कक्षा नलिएकी चन्की सीबीओ विकास केन्द्रद्वारा सञ्चालन गरिएको ६ महिने प्रौढ शिक्षाबाट सामान्य लेखपढ गर्ने बन्नुभयो । त्यसपछि उहाँको आत्मविश्वास बढ्दै गयो । त्यतिबेला सामान्यरूपमा समूहकी सदस्य हुनुहुन्थ्यो चन्की । विस्तारै नेतृत्व क्षमता बढ्दै गयो । आफूलाई समुदाय-स्तरदेखि नै नेतृत्वमा अब्बल साबित गर्दै जान थाल्नुभयो ।*



*हाल सीबीओ विकास केन्द्रमा कार्यसमितिको उपाध्यक्ष पदमा रही सीबीओ विकास केन्द्रको नीति-निर्माणस्तरमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहनुभएको छ । आफ्ना मिठा अनुभव सुनाउँदै उहाँ भन्नुहुन्छ - 'कुनै समय आफ्नो अधिकार के हो भन्ने थाहा नपाउने मजस्ती सामान्य महिला आज कैयौँ दिदिबहिनीहरूको लागि न्यायको आवाज बन्ने प्रयास गरिरहेकी छु' । अहिले चन्कीको उदाहरण सीबीओ विकास केन्द्र र यससँग सम्बन्धित सम्पूर्ण संस्थाहरूमा चर्चाको विषय हुने गरेको छ । कसैकसैले चन्कीको मेहनत र नेतृत्वमा भएको प्रगतिलाई चमत्कार नै भन्ने गरेका छन् ।*

**घटना लेखन सहयोगः ईन्दु शाह**

## निष्कर्ष र चुनौतीहरू

यसरी विपन्नवर्गका सदस्यहरूलाई संगठित गरी उनीहरूलाई विकास सवाल छनौट र कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराउँदा समुदायमा दिगो परिवर्तन आउने बताउनुहुन्छ चौमालाका रूपनारायण चौधरी । यसरी अन्य पालिकामा पनि विपन्न वर्गको संगठित नेतृत्वमा सवाल छनौट गराई परिचाालन गर्न सकेमा दिगो र प्रभावकारी परिवर्तन ल्याउन सकिन्छ भन्ने पाठ सीबीओ विकास केन्द्रबाट सिक्न सकिन्छ । विपन्न वर्गको सञ्जालमा थप शक्ति बढाउनका लागि यस्ता समुदायमा आधारित नेटवर्क बलियो हतियार हुने अनुभव गरिएको छ ।

तर संस्थालाई चलायमान बनाइराख्न, कार्यक्रमगत र संस्थागत सुदृढीकरण भित्र्याउन, स्वयम्सेवी भावनामा आधारित नेतृत्ववर्ग र सीमित नै भए पनि कर्मचारीवर्गको क्षमता विकास तथा कार्यनिरन्तरताको भने हामी स्पष्ट महसुस गरेका छौँ । निरन्तर परिचालन र निरन्तर सहजीकरण तथा अनुगमन एवम् पृष्ठपोषण नै दिगो विकासका मूल आधार भएकोले यी सबै कुराको तालमेल मिलिराख्नु जरुरी छ भन्ने हामीलाई लाग्छ ।

*लेखक सीबीओडीसी कैलालीका कार्यक्रम प्रवन्धक हुनुहुन्छ ।*

*E-mail : tiwarigyanupc@gmail.com*

# बालमैत्री शिक्षामा स्थानीय सरकारका पहल र चुनौतीहरू



सुनीलकुमार यादव

> ‘अहिले प्रदेश र पालिकाले प्रशस्त अधिकार पाएका छन् । त्यसमा पनि बढी कर्तव्य र अधिकार स्थानीय तहकै हो । कक्षा १२ सम्मको शिक्षालाई गुणस्तरीय बनाउने अभिभारा अब पालिकाकै हातमा छ ।’

विद्यालय तह, अर्थात् कक्षा १२ सम्मको शिक्षा गाउँपालिका तथा नगरपालिकाले नै व्यवस्थापन गर्नुपर्ने गरी नेपालको संविधान २०७२ मा व्यवस्था भएको छ । सबै बालबालिकाले विद्यालय तहको शिक्षा निःशुल्क पढ्न पाउने व्यवस्था पनि छ । यस्तो शिक्षालाई अनिवार्य पनि हुनुपर्ने भनेर सबैले आवाज उठाए पनि ‘अनिवार्य’ भन्ने कुरा नेपालको सन्दर्भमा निकै टाढाको कुरा भएको छ ।

मेरो जिल्ला सर्लाही प्रदेश २ मा पर्छ । यहाँकै उदाहरण लिने हो भने ३ वर्षमाथिका सबै बालबालिकालाई पहिले पूर्वप्राथमिक शिक्षामा समावेश गराउने र त्यसपछि ५ वर्षको उमेरमा नियमित कक्षागत पढाइको प्रक्रियामा समावेश गराउने सरकारी नीति यहाँ राम्रोसँग पालना गर्न कठिन छ । पहाडमा दलितवर्ग शिक्षामा पछाडि परेको जस्तै हाम्रो तराई-मधेस क्षेत्रमा पनि अधिकांश दलित अपठित छन्, विद्यालय जाँदैनन् । अझ मुसहर, डोम, चमार, पासवान आदि जाति शिक्षा र विकासमा निकै पछाडि परेका छन् । चेतनाको अभावमा शिक्षाका लागि मरिमेट्ने चलन यी समुदायमा पाइँदैन । चरम गरिबी, अज्ञानता, अभाव र असुविधामा हुर्केको यो वर्गमा शिक्षाको ज्योति बाल्न अझ धेरै समय कुर्नुपर्ने हुन्छ ।

### सकारात्मक पहल : एक झिल्को

सर्लाहीको बरहथवा नगरपालिकाले पछाडि परेको वर्गमा शिक्षाको दियो बाल्नेतर्फ केही राम्रा पहलहरू गरेको छ । स्थानीयस्तरमा काम गर्ने गैरसरकारी संस्था (गैसस) लाई समेत परिचालन गरेर विपन्नवर्गका बालबालिकालाई ३ वर्ष उमेर पुग्नासाथ पूर्वप्राथमिक शिक्षा (बालविकास कक्षा : ‘ईसीडी’) मा समावेश गराउन निकै पहल गरिरहेको छ । पालिकाको वार्षिक बजेटमा समेत शिक्षाका लागि प्राथमिकताका साथ बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गरिरहेको छ । तीन वर्ष उमेर पुगेपछि आफ्ना बालबालिकालाई अनिवार्यरूपमा ईसीडीमा पठाउन अभिभावकहरूबीच सचेतना जगाउने, उत्प्रेरणा प्रदान गर्ने, बालबालिकालाई खाजा प्रबन्ध, खेलकुद सामग्रीसहितको कक्षा सञ्चालन (हेरचाह गर्ने, खेलाउने, सिकाउने, ख्वाउने, स्वस्थ र सफा बस्न सिकाउने आदि) व्यवस्थामा जोड दिइरहेको छ ।

स्थानीयस्तरमा सक्रिय ‘बाल विकास नेपाल (सीडीएन)’ नामक गैससँगको सहकार्यबाट पनि बालशिक्षालाई बालमैत्री बनाई अगाडि पुर्‍याउन सहयोग पुगेको कुरा बरहथवा नगरपालिकाका मेयर देवानन्द महतो बताउनुहुन्छ । ‘नगरपालिकाभित्र रहेका हरेक विद्यालयको प्रभावकारी व्यवस्थापन र गुणस्तर अभिवृद्धिमा हाम्रो चासो, चिन्तन र प्राथमिकता छ’, उहाँ थप्नुहुन्छ । एक भेटको क्रममा उहाँले बताउनुभयो, ‘अनिवार्य र निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि नगरपालिका वा जनप्रतिनिधि

तात्तिएरमात्र नहुँदोरहेछ, यस कार्यमा स्वयम् अभिभावकहरू पनि बढी जागरुक हुनुपर्छ । गाउँठाउँका भद्रभलाद्मी तथा नागरिक समाजका अगुवाहरूले पनि सक्रिय भूमिका निभाउनुपर्छ, पालिका र विद्यालयलाई सहयोग गर्नुपर्छ । सामूहिक लक्ष्यका लागि सामूहिक प्रयास भएन भने कठिन छ ।'

उहाँको भनाइ जायज छ । यस कार्यमा सबैको सहयोग र तत्परता जरुरी छ । सबैका लागि शिक्षा, पूर्ण साक्षरता, गुणस्तरीय र जीवनोपयोगी शिक्षा आदिजस्ता नारा सार्थक पार्नका लागि पालिकाभित्र रहेका सबै सरकारी, गैरसरकारी, सहकारी, अनौपचारिक संगठन तथा समूहहरूको उत्तिकै भूमिका छ । राजनीतिक दलहरूको अझ गहन भूमिका छ । विद्यालयमा पनि राजनीतिविहीन व्यवस्थापन समिति बनाउनुपर्ने, शिक्षक-अभिभावक मञ्चलाई सार्थकरूपमा परिचालन गर्नुपर्ने, शिक्षकहरू समय-समयमा अभिभावकका घरमा गई परिस्थिति बुझ्नुपर्ने र यथार्थ अवस्था पहिल्याउनेजस्ता कार्यहरू यतिबेला बढी अपेक्षित छन् ।

तराई-मधेसमा अति पछाडि परेको वर्ग (मुसहर, डोम आदि) का बालबालिकालाई ईसीडीदेखि नै संलग्न गराई कम्तीमा हरेक घरमा एकजना १२ कक्षा पास गरेको व्यक्ति बनाउने अभियान अति जरुरी छ । प्रदेश २ सरकारले 'बेटी बचाऊ बेटी पढाऊ' शिक्षा कार्यक्रम ल्याएर राम्रो काम गरेको छ । यस अभियानबाट अहिले हरेक बालिका विद्यालय जान उत्प्रेरित भएका छन् । प्राथमिक तथा निमावि (हाल आधारभूत) कक्षा पास गरेपछि माध्यमिक स्तरको पढाइका लागि टाढा-टाढा जानुपर्ने, हिँडेर जाँदा एक-दुई घण्टासम्म लाग्ने कारणबाट अधिकांश छात्राहरू निरुत्साहित हुन्थे, शिक्षाको प्रक्रिया हाफेर त्यत्तिकै बस्थे । तर, प्रदेश सरकारले हाइस्कुल पढ्ने हरेक छात्रालाई साइकल दिएपछि त्यसबाट ती छात्राहरू आफ्नो पढाइलाई नियमितता दिन थालेका छन् । पछिल्लो समयमा भएको यो प्रगति एउटा उल्लेखनीय प्रगति हो । साइकलले गर्दा दैनिकी नै राम्रो भएको कुरा थुप्रै किशोरीहरू सुनाउँछन् । सामुदायिक विद्यालयको अवस्था सुधारमा यो एउटा राम्रो कदम भएको छ । यस अभियानका बहुपक्षीय लाभ अझ धेरै छन् ।

तराईका शतप्रतिशत किशोरकिशोरीलाई कक्षा १२ सम्मको शिक्षा पूरा गराउने अभियान पूरा गर्न सबैले धेरै मेहनत गर्नुपर्छ । 'विकासको आधार शिक्षा' भन्ने मूलमन्त्रलाई सबैले मनन गर्नुपर्छ । घरमा काम गर्नुपर्छ भनेर विद्यालय नपठाउने, आठ-नौ कक्षामा पढ्दा पढ्दै विवाह (बालविवाह) गरिदिने संस्कार त्याग्नुपर्छ । यसका लागि पछाडि परेको वर्गमा चेतना जगाउनुपर्छ । उनीहरूको जीविका चलाउने कार्यमा सरकारी तथा गैरसरकारी संस्थाले सघाउनुपर्छ । शिक्षा र जीविका निकै गाँसिएका सवाल भएकोले शिक्षा विकासको योजना बनाउँदा अतिविपन्न परिवारको जीविकाको सवाल पनि हेरिनुपर्छ भन्ने कुरा मैले पनि बाल विकास नेपालमा काम गर्दा सिक्दैछु । बाह्र-चौध वर्ष पुगेका छोरा वा छोरीबाट मेलापात गराउन पाए घरमा पैसा वा खाद्यान्न आउँथ्यो, जीविका चलाउन सजिलो हुन्थ्यो भन्ने रहर सबै अभिभावकमा हुन्छ, तर ती किशोर-किशोरीको कामविना घरखर्च चलाउनै कठिन हुने परिस्थिति हुन्छ भने त्यस्तोमा सरकारले हेर्नैपर्ने हुन्छ । यसका लागि विभिन्न उपाय हुनसक्छन् । बा-आमाको नियमित रोजगारी हुने प्रबन्ध पनि सरकारले मिलाउनुपर्ने हुन्छ । विद्यालयमा शुल्क तिर्नु नपर्दा त्यसले शिक्षा विकासमा ठूलो सहयोग पुगेको छ, तर श्रम बेचेर खाने वर्गमा निःशुल्क शिक्षाले मात्र पुग्दैन, जीविकाको आधार (लाइभ्लीहुड) पनि दिनुपर्छ । कमाउने बाटाहरू खोलिदिनुपर्छ । अनिमात्र आफ्ना छोरी र छोरालाई अनिवार्यरूपमा विद्यालय पठाउने छन् ती विपन्न र पछाडि परेका अभिभावकहरूले ।

## चुनौतीको सामना

अधिकार पाएपछि काम गर्न सजिलो हुन्छ । अहिले प्रदेश र पालिकाले प्रशस्त अधिकार पाएका छन् । त्यसमा पनि बढी कर्तव्य र अधिकार स्थानीय तहकै हो । कक्षा १२ सम्मको शिक्षालाई गुणस्तरीय बनाउने अभिभारा अब पालिकाकै हातमा छ । तर सफल पार्नका लागि धेरै चुनौती पनि देखिएका छन् । बालमैत्री विद्यालय र समाजमैत्री शिक्षा बनाउने सबैको चाहना छ, सपना छ, तर प्रशस्त चुनौती अगाडि आउँछन् । अझ कोरोना (कोभिड-१९) ले थप कहर थपेको छ । विद्यालय शिक्षालाई कम्प्युटरमा आधारित अर्थात् 'डिजिटल' बनाउने अहिलेको समयको मागलाई सामुदायिक विद्यालयले कसरी अवलम्बन गर्ने ? अझ मुसहर, चमार, डोम समुदायको स्थिति हेरौं, त्यहाँ डिजिटल शिक्षाको कुरा कसरी सोच्ने ? पुराना शिक्षक छन्, उनीहरू नै यी नयाँ प्रविधिसँग जानकार छैनन्, अझ स्थायी जागिरमा छन् उनीहरू, तत्काल अवकाश दिन पनि मिल्दैन । जसले गर्दा नयाँ पुस्ता शिक्षणमा छिर्न पाएको छैन । अझ पालिकामा पनि शिक्षा व्यवस्थापन गर्ने अनुभवको कमी छ । स्रोतको अभाव छ । दीर्घकालीन दृष्टिकोण र योजनाको अभाव छ । सहयोगी हातहरूको अभाव छ । शिक्षामा गैससको संलग्नता पनि कम छ । त्यसमा पनि कतिपय पालिकाले गैससलाई देखिनसहने प्रवृत्ति छ । यो राम्रो कुरा होइन । समन्वय र सहकार्यका लागि ठूलो छेकबार हो त्यो खालको सोच ।

चुनौतीसँग सामना गर्दै अघि बढ्नु नै राम्रो विकल्प हो । शिक्षकलाई तालिम, पालिकाका कर्मचारीलाई तालिम, अभिभावकसँग नियमित अन्तर्क्रिया, स्थानीय तहभित्र भएका गैससहरूको सुपरिचालन र सहयोग विस्तार, अति विपन्न परिवारबाट पनि राम्रोसँग पढिरहेका किशोरकिशोरी तथा युवाहरूलाई उच्च प्रोत्साहन आदिजस्ता धेरै काम गर्नुपर्छ । बालमैत्री पालिका घोषणा गरेर जिल्लामा नै नमूना बन्ने योजनामा अहिले धेरै पालिका देखिएका छन् । यो कुरा राम्रो हो । यसमा सबैजना मिलेर सँगसँगै अघि बढ्नुपर्छ । निःशुल्क शिक्षा, अनिवार्य शिक्षा, गुणस्तरीय शिक्षा, बालमैत्री शिक्षा आदि जे जे भनेर अघि बढे पनि दिगो विकास र जीविकाको आधार शिक्षालाई नै बनाउने सोच सबैमा हुनुपर्छ । ज्ञान र सीपयुक्त समाज नै समृद्धि र सुखको आधार हो । अब कसरी अगाडि बढ्ने भन्ने कुरा पालिका सरकारकै हातमा छ ।

*(**विशेष आभार :** यो आलेख तयार पार्नमा विशेष सहयोग गर्ने चेतनाथ कणेल सरप्रति म हृदयदेखि कृतज्ञ छु ।)*

*(लेखक नेपानका कार्यसमिति सदस्य हुनुहुन्छ र हाल सर्लाहीस्थित बाल विकास नेपाल संस्थासँग आबद्ध हुनुहुन्छ ।)*

*E-mail : sunilyadav2068@gmail.com*

# स्थानीय तहमा सञ्चार व्यवस्थापनः उपयुक्त नीति र त्यसको कार्यान्वयनले विकासको लक्ष्यप्राप्तिमा यसरी पुग्छ सहयोग



श्रीराम फुटुङ्गे

सङ्घीयताको शासन प्रणाली अनुसरणपश्चात् नगरपालिका र गाउँपालिकाहरू क्रियाशील हुँदै गएका छन् । यी स्थानीय तहको प्रभावकारी सञ्चालनका लागि आवश्यक ऐन, कानून, नियम एवं निर्देशनहरू बन्ने क्रम जारी छ । नेपालको संविधान २०७२ को भावनाअनुरूप विभिन्न तहका सरकारहरूले आफ्नो तहको लागि आवश्यक पर्ने सूचना तथा सञ्चारका नीति, निर्देशनहरू तथा अन्य कानून र प्रणालीहरू अहिले आफैँ बनाउन सक्छन् । विगतमा केन्द्रीय तहका कानून तल्ला तहसम्म नआइपुगेका या तिनलाई स्थानीय तहले आवश्यकताअनुसार कार्यान्वयन गर्न नसकेको या ती केन्द्रीय कानूनहरू स्थानीय माग र सन्दर्भअनुसार नभएको भन्ने गुनासो थियो । अहिले त्यो सन्दर्भ बदलिएर आफ्नो लागि आवश्यक पर्ने कानून आफैँ तर्जुमा गर्न सक्ने, नीति आफैँले बनाउन सक्ने वातावरणको श्रृजना भएको छ ।

संविधानले दिएको अधिकार सदुपयोग गरेर स्थानीय तहले धेरै खालका कानून, निर्देशिका तथा नीतिहरू बनाइसकेको पनि पाइन्छ । तर, विकासका लागि महत्वपूर्ण मानिएको सञ्चारलाई व्यवस्थापन गर्ने सम्बन्धमा भने खासै काम भएको भेटिएको छैन । केहीले पहल नलिएको भने होइन तर यसलाई अनिवार्य मान्दै सबै स्थानीय सरकारहरूले सञ्चार नीति तथा कार्ययोजनाहरू बनाउन भने जरुरी छ ।

‘संविधानले दिएको अधिकार सदुपयोग गरेर स्थानीय तहले धेरै खालका कानून, निर्देशिका तथा नीतिहरू बनाइसकेको पनि पाइन्छ । तर, विकासका लागि महत्वपूर्ण मानिएको सञ्चारलाई व्यवस्थापन गर्ने सम्बन्धमा भने खासै काम भएको भेटिएको छैन ।’

यस आलेखमा स्थानीय तहमा सञ्चार व्यवस्थापन भन्नाले स्थानीय तहभित्र हुने सूचना आदान-प्रदान, कार्यक्रम तथा विषयगत सन्देशहरुको सञ्चार आदान-प्रदान, कर्मचारी तथा जनप्रतिनिधिबीचको संवाद तथा छलफल तथा सेवाग्राही र सेवा प्रदायकबीचमा हुने अन्तरक्रिया तथा सूचना आदान-प्रदानलाई केन्द्रमा राखिएको छ । त्यसैगरी स्थानीय तहले आम सेवाग्राहीलाई दिने सुविधा तथा सेवाबारेको सूचना प्रवाहका कुरा पनि यस आलेखमा चर्चा गरिएको छ ।

**स्थानीय तहले किन बनाउने सञ्चार नीति र सञ्चार कार्य योजनाहरू ?**

शक्तिलाई स्थानीय तहमा विधिवतरूपमा अभ्यास गर्ने प्रणाली सुरु भइसकेको भए पनि विगतका अभ्यास र परम्पराले स्थानीय तह अझै पनि अपेक्षितरूपमा माथि उठ्न सकेको

देखिँदैन । वाध्यता या विवशता भनौँ, प्रवृत्ति यस्तो देखिन्छ कि नीति तथा कार्ययोजनाविना नै जे जे आइपर्छ त्यसै गर्ने परिपाटी रहेसम्म हामीले राष्ट्रिय एवं अन्तर्राष्ट्रिय तहमा प्रतिबद्धता गरिएका सूचक तथा लक्ष्यहरू प्राप्त हुन सक्दैनन् । सञ्चारजस्तो महत्वपूर्ण श्रोत, क्षेत्र या औजारलाई स्थानीय तहले बजेट छुट्याउने तथा योजनाबद्ध किसिमले काम गर्ने सोच कमै देखिन्छ । यसको अभावमा स्थानीय तहले गरेका कामहरू ओझेलमा पर्ने, गलत बुझाइ हुने, असल अभ्यासहरूको प्रचारप्रसार हुन नसक्ने, स्थानीय तहका कर्मचारी, जनप्रतिनिधि तथा सेवाग्राहीबीचमा सन्देश र सूचनाहरू दोहोरो पर्ने वा एकरूपता नहुनेजस्ता समस्याहरू न्यून गर्न उपयुक्त सञ्चार नीति र कार्य-योजनाहरूको आवश्यकता पर्दछ ।

त्यसो त केही स्थानीय तहले सूचना तथा सञ्चार नीतिहरू बनाउने, रेडियो तथा पत्रपत्रिकाहरू बुलेटिन प्रकाशन गर्ने एवं सामाजिक सञ्जाल (सोसल मिडियाहरू) मार्फत् आफ्ना सूचना प्रवाह गर्न थालेको पनि पाइन्छ । तर यसलाई रणनीतिकरूपमा कसरी उपयोग गर्ने भन्नेमा चाहिँ ज्ञान र सीपको अभाव देखिन्छ । हाल यस्ता क्रियाकलापहरू केवल प्रचारजस्ता मात्र देखिएका छन् । कोभिड-१९ को कहर सुरु भएपछि त्यो विवशता अरु बढी देखिएको छ । कसैलाई देखाउनकै लागि गर्नुपर्ने तर काम र सन्देशको गुणस्तरमा भने ध्यान नदिने चलन पनि देखिएको छ । त्यसैले पनि व्यवस्थित सूचना तथा सञ्चार प्रणाली र त्यसलाई सघाउ पुग्ने नीति नियमहरू बनाउन आवश्यक परेको हो । अझ स्थानीय तहमा प्रतिनिधिहरू भएर आउने व्यक्तिहरू विभिन्न स्तर, वर्ग र समुदायबाट प्रतिनिधित्व गर्ने भएकाले उनीहरूबीच तालमेल हुनु जरुरी छ । साथै, प्रवाह गरिने विकास तथा प्रशासनसम्बन्धी सूचना वा सन्देशमा पनि एकरूपता र गुणस्तरीयता हुनु आवश्यक छ । र, यसको लागि उनीहरूलाई सञ्चार, मिडियाको कार्य, पत्रकारहरूले काम गर्ने तरिका र 'सोसल मिडिया'बारे ज्ञान हुनु अत्यन्तै जरुरीछ ।

**सञ्चार प्रक्रियामा नवीन पहल कसरी ल्याउने ?**

संस्था या कार्यक्रमको उद्देश्य प्राप्त गर्न कार्यक्रम या अभियान सञ्चालन या कार्यान्वयनमात्र पर्याप्त हुँदैन । त्यसलाई प्रभावकारी, महत्वपूर्ण र दिगो बनाउन लक्ष्यित समूह पहिचान गर्ने, उनीहरूलाई भन्नुपर्ने या बुझाउनुपर्ने सन्देशहरू र उक्त सन्देशहरू प्रापकसम्म पुऱ्याउन आवश्यक र उपयुक्त माध्यमको छनौट गर्दै सञ्चारका नवीन पहलहरू सुरु गर्नुपर्ने हुन्छ ।

सञ्चारप्रक्रियाका थितिहरू निर्धारण गर्दा माथिबाट तल जाने नभई, तल अर्थात् लक्ष्यित वर्ग या दर्शक तथा श्रोताहरूको ज्ञानको स्तर कस्तो छ र उनीहरू उक्त सन्देश कसरी प्राप्त गर्न चाहन्छन् र त्यसको प्रभावकारिता कस्तो रहला भन्ने कुरा हेरेर निर्धारण गर्नुपर्ने हुन्छ । जबसम्म लक्ष्यित वर्ग तथा प्रापकहरूले सन्देशलाई मनन गर्दैनन् र उनीहरूसम्म पुग्ने उपयुक्त माध्यमको चयन हुँदैन तबसम्म सबै प्रयासहरू खेर जाने सम्भावना उच्च हुन्छ । त्यसैले सञ्चारका पहलहरू निर्धारण गर्दा यी पक्षहरूमा ध्यान दिएर मात्र ल्याउनुपर्ने हुन्छ । साथै उक्त लक्ष्यितवर्ग समुदायका सामाजिक अगुवालगायत विभिन्न सरोकारवालाहरूको मन्थन एवं सहभागिताबाट निर्णय हुन सके उनीहरूले अपनत्वको भावना लिने हुन्छन् । त्यसैले स्थानीय तहको कार्यक्रम, योजना तथा नीतिहरू तर्जुमा गर्दा उक्त क्षेत्रभित्र कस्तो खालको सञ्चार चाहिएको हो, ती सञ्चारले कार्यक्रमहरूलाई कसरी सहयोग पुऱ्याउँछन् भन्ने पक्षमा व्यापक छलफल गरेर मात्र सञ्चारका नवीन अथवा प्रभावकारी पहलहरूको खाका बनाइनुपर्छ । मूलतः ती कार्यक्रमलाई सहयोग पुऱ्याउने हेतुले एउटा सञ्चार नीति, कार्यक्रम विशेष, या अल्पकालीन र दीर्घकालीन सञ्चार नीति र सो नीतिको कार्यान्वयनका लागि आवश्यक पर्ने रणनीतिहरू पनि तर्जुमा गरिनु पर्छ । हुन त स्थानीय निकायहरूले थुप्रै नीतिहरू बनाउन नसकिरहेको अवस्थामा सञ्चारको नीतिको आवश्यकताबारेमा नै धेरै प्रश्नहरू उठ्न सक्छन् । तर विकासका काममा होस् या स्थानीय तहको कार्य सञ्चालन तथा सेवा प्रदानलाई प्रभावकारी बनाउनका लागि सञ्चार नीतिले प्राणको काम गरिदिन्छन् । उपयुक्त नीति हुन सके विकासका धेरै लक्ष्यहरू प्राप्त गर्नमा सहज हुन जान्छ । त्यसैले अब ढिलो नगरी सबै स्थानीय तहका सरकारहरूले सञ्चारका नीति तथा कार्यनीतिहरू बनाई आवश्यक आर्थिक श्रोतसहितको प्रावधानहरू व्यवस्था गर्न अग्रसरता लिइनु पर्छ ।

**स्थानीय तहले बनाउनुपर्ने नीतिगत प्रावधानहरू**

सञ्चारलाई व्यवस्थापन गर्न ठोस नीतिको खाँचो पर्दछ । विना नीति गरिएका कार्यक्रम एवं क्रियाकलापले उपलब्धि दिन सक्दैनन् । त्यसैले यस्ता खालका नीतिहरू तर्जुमा गर्न सहभागीमूलक विधि अपनाउनु पर्दछ । सरोकारवालाहरूको व्यापक र अर्थपूर्ण सहभागितामा बनेको सञ्चार कार्यनीतिले मात्रै सफल हुन सक्छन् । यस्तो नीति बनाउँदा सङ्घीय एव प्रादेशिक तहका सम्बन्धित नीति तथा कानूनी दस्तावेजहरूलाई सन्दर्भ र श्रोतका रूपमा लिइनुपर्छ । लाभग्राहीहरू कस्तो सूचना या जानकारी प्राप्त गर्न चाहन्छन् । उनीहरूका लागि महत्वपूर्ण माध्यम के के हुन सक्छन्, ती माध्यम स्थानीय जनताका हातमा उपलब्ध छन् कि छैनन् भन्ने कुरा पनि राम्रोसँग हेरिनुपर्छ ।

**मिडियासँगको साझेदारी एवं सहकार्य**

स्थानीय तहको भूगोललाई लक्ष्यित गरी अनगिन्ती अनलाइन मिडियाहरू खुलेका छन् । स्थानीय रेडियोहरू र केबल टिभीहरू

पहिलेदेखि नै सञ्चालनमा छन् । यी सबै खालका मिडियाले स्थानीय विकासका खबर र विचारलाई स्थान दिई पस्किरहेका छन् । तर यस्ता माध्यमहरूसँग विकासका पक्षमा रणनीतिक तवरले विषयहरूको उठान गरेको देखिँदैन । ती सञ्चार माध्यममा कार्यरत मानवशक्तिको क्षमता, प्राथमिकता र रुचिका आधारमा त्यस्ता विषयहरूको उठान र बैठान हुने गरेको देखिन्छ । यस्ता मिडियाहरू स्थानीय सरकारबाट पनि विज्ञापन र सहयोग खोजिरहेका हुन्छन् । विज्ञापनको समानुपातिक वितरण प्रणाली विकास गरी विकासका लक्ष्यप्राप्तिमा यस्ता मिडियासँगको साझेदारी र सहकार्यमा काम गर्ने सोच राख्नुपर्दछ । स्थानीयस्तरका त्यस्ता मिडियाहरूमा जनताको सहज पहुँच हुने हुनाले साझेदारी र सहकार्य गर्दै अगाडि बढ्नु पनि अहिलेको सन्दर्भमा झनै आवश्यक छ ।

स्थानीय अनलाइन माध्यमहरूसँग असल सम्बन्ध विस्तार गर्नुपर्छ । अनलाइन माध्यमहरू खुल्ने तीब्र प्रतिष्पर्धाको स्थितिले त्यस्ता माध्यमहरूसँग छलफल गर्न आवश्यक छ । विकासका खबर प्रसार गर्न, जनताको अभिमत जानेर धारणा बनाउनमा अनलाइनहरूले महत्वपूर्ण भूमिका खेल्न सक्छन् । तर अनलाइनमा सधैँ सकारात्मक खबरमात्र आउँछ भन्ने छैन । गलत र पूर्वाग्रही पनि आउन सक्छन्, आइरहेका पनि छन् । तिनको व्यवस्थापन पनि स्थानीय तहले जागरुक भई गर्नुपर्ने हुन्छ । त्यसैले यो विषयमा पनि स्थानीय तहका पदाधिकारी तथा प्रशासनले यसलाई राम्ररी विश्लेष्ण गर्ने र सोहीअनुसार प्रतिकार्य गर्नुपर्ने हुन्छ ।

स्थानीयस्तरका लागि रेडियो प्रभावकारी माध्यम हो । छिटो सूचना पुऱ्याउन र निःशुल्क आममानिसहरूमा छरितोरूपमा रेडियोहरूले सूचना पस्कन सक्ने क्षमता राख्छन् । देशभर गरी करिब ९०० वटा रेडियोहरू छन् । यस्ता रेडियोहरूसँग स्थानीय तहले सहकार्य गर्नुपर्छ । यसबाहेक स्थानीय तहका विभिन्न क्षेत्रभित्र चलनमा रहेको परम्परागत सञ्चार माध्यमहरू पनि पर्न सक्छन् । अथवा, समुदायमा रहेका लोकप्रिय अन्य कुनै माध्यम पनि हुन सक्छन् ।

**खै योजना र बजेट ?**

धेरै स्थानीय तहले आफ्ना बहुवर्षीय विकासका गुरुयोजनाहरू बनाएका छैनन् । उनीहरूसँग योजना र सपना नै छैन । नीति तथा कार्यक्रममा प्रस्तुत गर्दा उल्लेख गरेका सपना र लक्ष्यहरू केवल भनिनका लागि मात्र आएजस्तो प्रतीत हुन्छ । त्यसैले गुरुयोजना बनाउन जरुरी छ । स्पष्ट दृष्टिकोण र लक्ष्यसहितका योजना तर्जुमा गर्दा जनता र सरोकारवालाको सहभागितामा तयार हुन सके लक्ष्यप्राप्तिमा सहज हुन्छ । र, यसलाई सफल पार्न पनि सञ्चार योजना तथा रणनीतिहरूले मद्दत गर्दछन् । तर सबै स्थानीय तहमा सञ्चारका महत्व बुझेका जनप्रतिनिधिहरू तथा प्रशासनका कर्मचारी छैनन् । निश्चित योजना र त्यसको कार्यान्वयनका लागि बजेट छुट्याएको पाइँदैन केही अपवादवाहेक ।

**अब स्थानीय सरकारहरूले के गर्ने ?**

गाउँ-गाउँमा सिंहदरवार भन्ने जुन परिकल्पना गरिएको छ त्यहीअनुरुप स्थानीय तहले आफ्नो सेवा क्षेत्रभित्रका बासिन्दाहरूलाई आवश्यक पर्ने सूचना एवं जानकारीहरू विभिन्न माध्यमबाट प्रसार गर्ने र अन्तर्क्रिया गर्ने वातावरणको सृजना गर्नुपर्दछ । त्यसैले स्थानीय तहले आफ्ना नीति तथा कार्यक्रम बनाउँदा आफ्नो सूचना, सञ्चार तथा मिडिया नीति बनाउने र उक्त नीतिका लागि न्यूनतम बजेट विनियोजन गर्ने प्रणालीको विकास गर्नुपर्दछ । सूचना, सञ्चार व्यवस्थापनका लागि छुट्टै एकाई र आवश्यक मानवश्रोतको व्यवस्था गनुपर्दछ, जसरी, शिक्षा, स्वास्थ्य, सामाजिक विकास तथा अन्य क्षेत्रका लागि गर्ने गरिन्छ ।

स्थानीय तहमा सूचना अधिकारीको व्यवस्था गरी योजनाबद्ध किसिमले स्थानीयवासी सबैको पहुँच हुनेगरी सूचना प्रवाह गरिनुपर्छ । समयसापेक्ष सूचना आवश्यक पर्ने हुनाले त्यस्ता अधिकारीहरू ऐन-कानून तथा नीति-नियमबारे जानकार हुनुपर्छ भने स्थानीय तहले गरिरहेका कामहरूबारे पूर्ण अद्यावधिक भइरहनु पर्छ । साथै, सूचना अधिकारीलाई जिम्मेवार र उत्तरदायी बनाउन प्रशासन र जनप्रतिनिधिहरूले सहयोग गर्नुपर्छ ।

हरेक स्थानीय तहले आगामी दिनमा निम्न ८ कार्यहरू गर्नुपर्ने देखिन्छ :

१) सूचना तथा सञ्चारको महत्वलाई आत्मसात गर्दै प्रत्येक गाउँपालिका तथा नगरपालिकाले आफ्नो सरकारका सञ्चार, सूचना तथा मिडियामैत्री निकायका रूपमा स्थापित गर्न पहल लिने । सरोकारवालाहरूको सहभागितामा समग्र सूचना, सञ्चार एवं मिडिया नीति बनाउन अग्रणी भूमिका निर्वाह गर्ने ।

२) नगरपालिकाको वेबसाइट, सोसल मिडिया एवं विभिन्न एप्सको प्रयोगबाट सार्वजनिक सूचना एवं जानकारीहरु समयमै प्रेषित गरी सेवाग्राहीलाई सुसूचित गर्न विभिन्न पहल गर्ने ।

३) स्थानीय तहले आफ्नो सहयोगमा एवं सङ्घीय र प्रदेश सरकारको सहयोगमा सञ्चालित आयोजनाहरूबारे स्थानीय सञ्चारकर्मीहरूलाई नियमित जानकारी दिने व्यवस्था मिलाउनु पर्छ । स्थानीय निकायको क्षमता र आवश्यकता हेरेर सञ्चार तथा सूचना इकाइ सञ्चालनको व्यवस्था मिलाउनु पर्छ ।

४) स्थानीय तहले प्रत्येक वडाका सार्वजनिक स्थानहरुमा प्रष्ट

देखिने सूचना पाटीको व्यवस्था गरि वडाले गरेका र आगामी दिनमा हुन गइरहेका क्रियाकलापहरु बारे सूचना टाँसका लागि टोल विकाससँगका सहकार्य गर्नुपर्छ । टोल विकास संस्थाहरुलाई सूचना दूतका रुपमा क्षमता विकास गरि केही जिम्मेवारी दिने व्यवस्था मिलाउदा स्थानीय तहका विकास निर्माणका कामहरु अगाडि बढ्न मदत पुग्छ ।

५) स्थानीय तहले आफ्ना क्षेत्रभित्रका युवाहरूलाई सोसल मिडियालाई प्रभावकारीरूपमा सञ्चालन गर्नका लागि सचेतनामूलक तालिम, अभिमुखीकरण एवं प्रशिक्षण दिनुपर्छ। यसको सही र उपयुक्त प्रयोग कसरी गर्न सकिन्छ भन्ने विषयमा पनि स्थानीय तहले विशेष पहल लिनुपर्छ। साथै तालिमप्राप्त युवाहरूलाई स्थानीय सरकारको 'युवा सदभादवदूत'का रुपमा विकास गर्न विभिन्न प्रयासहरू गर्नुपर्छ ।

६) स्थानीय तहका कर्मचारी, जनप्रतिनिधिहरू तथा वडा तहमा सोसल मिडिया सञ्चालन गर्ने या संलग्न हुने कर्मचारीहरूलाई उनीहरूको मिडिया सीप तथा क्षमता तथा प्रेससँगको सम्बन्ध मजबुत बनाउने सम्बन्धमा आधारभूत अभिमुखीकरण दिई उनीहरूको सञ्चार क्षमता बढाउने कार्य गर्नुपर्छ ।

७) नगरपालिका तथा गाउँपालिकाबाट सम्पन्न विभिन्न परियोजना, कार्यक्रम तथा उपलब्धिहरू समेटेर बार्षिकरूपमा अभिलेखन (डकुमेन्टेसन) लाई व्यवस्थित बनाई विभिन्न सञ्चार सागग्रीहरू तयार गर्नुपर्छ, सोको प्रचार-प्रसार तथा वितरण गर्ने व्यवस्था स्थानीय तहले मिलाउनु पर्छ ।

८) स्थानीय सञ्चारकर्मीहरूको रिपोर्टिङ्ग क्षमता विस्तार गर्न विकास सहयोगी पत्रकारिता प्रवर्द्धनका लागि क्षमता वृद्धिसम्बन्धी तालिम तथा अभिमुखीकरण सञ्चालन गरिनुपर्छ । स्थानीय मिडियाहरूलाई लोक कल्याणकारी विज्ञापन तथा जनहितका सूचना प्रकाशन तथा प्रसारणका लागि उपलब्ध गराउने सम्बन्धमा उचित नीति बनाउनु पर्छ ।

*(लेखक नेपानका आजीवन सदस्य हुनुहुन्छ र विगत दुई दशकदेखि सञ्चारका क्षेत्रका क्रियाशील हुनुहुन्छ ।)*

*E-mail : kc.shreeram@gmail.com*

**'सहभागिता'का हालसम्मका विशेषाङ्कहरू**

पूर्णाङ्क-१३ (वर्ष ५/अङ्क १/२, असोज २०५६) : जनसहभागिता र विकास प्रक्रिया विशेषाङ्क
पूर्णाङ्क-१६ (वर्ष ६/अङ्क १, असार २०५७) : स्थानीय विकास विशेषाङ्क
पूर्णाङ्क-२१ (वर्ष ७/अङ्क २/३, चैत २०५८) : ज्येष्ठ नागरिक विशेषाङ्क
पूर्णाङ्क-२२ (वर्ष ७/अङ्क ४, असार २०५९) : सहभागीमूलक अनुगमन तथा मूल्याङ्कन विशेषाङ्क
पूर्णाङ्क-२४ (वर्ष ८/अङ्क २, पुस २०५९) : बालसहभागिता विशेषाङ्क
पूर्णाङ्क-२५ (वर्ष ८/अङ्क ३, चैत २०५९) : रजत अङ्क
पूर्णाङ्क-२६ (वर्ष ९/अङ्क ४, असार २०६०) : लैङ्गिक विशेषाङ्क
पूर्णाङ्क-३३ (वर्ष १०/अङ्क १/२, पुस २०६२) : सामाजिक समावेशीकरण विशेषाङ्क
पूर्णाङ्क-३४ (वर्ष १०/अङ्क ३/४, असार २०६३) : लोकतन्त्र, शान्ति र विकास विशेषाङ्क
पूर्णाङ्क-३५ (वर्ष ११/अङ्क १/२, पुस २०६३) : सहभागीमूलक विधि विशेषाङ्क
पूर्णाङ्क-३६ (वर्ष ११/अङ्क ३, चैत २०६३) : जनमुखी शिक्षा विशेषाङ्क
पूर्णाङ्क-३७ (वर्ष १२/अङ्क १, असोज २०६४) : ज्येष्ठ नागरिक विशेषाङ्क
पूर्णाङ्क-३९ (वर्ष १२/अङ्क ३/४, असार २०६५) : दलित विशेषाङ्क
पूर्णाङ्क-४० (वर्ष १३/अङ्क १/२, पुस २०६५) : विकास सञ्चार विशेषाङ्क
पूर्णाङ्क-४१ (वर्ष १३/अङ्क ३/४, असार २०६६) : सहभागीमूलक संविधान निर्माण विशेषाङ्क
पूर्णाङ्क-४६ (वर्ष १६/अङ्क १, चैत २०६९) : जलवायु परिवर्तन विशेषाङ्क
पूर्णाङ्क-४७ (वर्ष १७: संयुक्ताङ्क), वैशाख-असोज, २०७० : स्थानीय विकास र सहभागीमूलक योजना तर्जुमा विशेषाङ्क
पूर्णाङ्क-४८ (वर्ष १८: संयुक्ताङ्क), जेठ २०७१ : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विशेषाङ्क
पूर्णाङ्क-४९ (वर्ष १९: संयुक्ताङ्क), असार २०७२ : नेपालको नयाँ संविधान निर्माण विशेषाङ्क
पूर्णाङ्क-५० (वर्ष २०: संयुक्ताङ्क), भदौ २०७३ : विनाशकारी भूकम्प-२०७२ विशेषाङ्क
पूर्णाङ्क-५१ (वर्ष २१: संयुक्ताङ्क), भदौ २०७४ : स्थानीय तह विशेषाङ्क
पूर्णाङ्क-५२ (वर्ष २२: संयुक्ताङ्क), भदौ २०७५ : युवा विशेषाङ्क
पूर्णाङ्क-५३ (वर्ष २३: संयुक्ताङ्क), भदौ २०७६ : सूचना प्रविधि र सहभागीमूलक विकास विशेषाङ्क
पूर्णाङ्क-५४ (वर्ष २४: संयुक्ताङ्क), भदौ २०७७ : स्थानीय सरकार तथा कोरोना कहर विशेषाङ्क (पाठकको हातमा)

**सङ्कलन/संयोजन : प्रबुद्ध कँडेल (स्वयम्सेवक), नेपाल मेगा कलेज, बबरमहल, काठमाडौं**

सम्पादकलाई चिठी

# सूचना प्रविधिको विस्तारमा अब्बल कार्य !

प्रधानसम्पादकज्यू,

नेपाल सहभागीमूलक कार्य समूह (नेपान) को *सहभागिता* म्यागाजिनको ५३ औं पूर्णाङ्क (सूचना प्रविधि र सहभागीमूलक विशेषाङ्क, २०७६ भदौ) हात पर्नासाथ मेरो मन प्रफुल्लित भयो। समयअनुसारको कति राम्रो काम ! सूचना प्रविधिको विकासको लागि नेपानले गरेको वकालती भूमिकाको यो साह्रै प्रशंसनीय र अब्बल काम ! सहभागिता ११६ पृष्ठको मोटो अङ्क देख्न पाउँदा म आफू पनि मोटाएको अनुभूति गरेँ। वाह ! साधुवाद छ मिहेनेती सम्पादकहरू र पूरा नेपान टिमलाई !

म्यागाजिन सुरुदेखि अन्त्यसम्म पढेँ। हरेक लेख-रचना अति उपयोगी छन्। प्रत्येक विकासकर्मी, अध्यापक र सूचना प्रविधिका कार्यलाई विकासका सवालमा कसरी समाहित गर्ने भन्ने चासो र चिन्ता भएका व्यक्तिका लागि यसले धेरै खजाना र ऊर्जा दिन्छ। नेपानले २५ वर्षसम्म विकास र सूचनाको क्षेत्रमा कसरी काम गरिरहेको रहेछ भन्ने बुझ्न चेतनाथ कणेलको लेखले सघायो। मैले गोरखबहादुर बोगटी, श्रीराम केसी, डा. अनोज क्षेत्री, डा. नरेन्द्रसिंह ठगुन्ना, विर्ख क्षेत्री, कमलरत्न दनुवार, जानुका न्यौपानेका लेखहरू विशेष मन पराएँ। समाविष्ट विकास-कविता पनि निकै रोचक छन्। अरु लेख पनि आआफ्ना ठाउँमा ठिक छन्। नराम्रा हुने त कुरै भएन।

आउँदो अङ्क (पू. ५४) **स्थानीय तहमा भएका सफल विकास अभ्यास**का आलेख लिएर आउने खबरले झन् प्रतीक्षारत छौँ। नेपानले '*सहभागिता*को हरेक अङ्क विशेष अङ्क' भन्ने अभियान चलाएको साह्रै राम्रो लाग्छ। यस्तो पत्रिका नेपालमा अरु छैन भन्ने लाग्छ। यति लामो समयदेखि निरन्तर प्रकाशित विकास-बहस पत्रिका पनि नेपालमा कतै छजस्तो लाग्दैन। मेरो ज्ञान नभएर हो भने सम्पादकज्यूबाट थाहा पाऊँ।

अब केही सुझाव दिन्छु। मैले विगतमा पनि नेपानलाई सुझाव दिइरहेको छु। यसपटक म यी ५ कुरा भन्न चाहन्छु :

१. नेपानले निकाल्ने पत्रिकामा महिला सहभागिता किन यति थोरै ? यो अङ्कमा पनि २६ जना लेखकमा ३ जनामात्रै महिला छन्। समावेशी र सहभागीमूलक विकासको अगुवाइ गर्ने संस्थाले कम्तीमा ३३ प्रतिशत महिला सहभागिता त हरेक कुरामा देखाउनुपर्‍यो नि, होइन र ? कार्यसमितिका पदाधिकारीमा राम्रै संख्यामा महिला देखिन्छन्, खोई त उनीहरूका आलेख ? कार्यसमितिमा बसेर लेख्नैपर्छ भन्ने छैन, तर अरुसँग खोज्ने काम त हुन सक्छ नि, होइन र ? यसैगरी दलित, जनजाति, मधेसी, कर्णालीवासी आदिका पनि सन्तुलित नम्बरमा लेख पढ्न पाइनुपर्छ। (मैले अलि छुचो तरिकाले भनेकोमा कोही पनि नरिसाउनु होला।)

२. नेपानका अन्तिम पेजतिर छापिने नेपान सदस्यहरूको नाम देख्दा 'डाक्टर साब' (पिएचडी कि मेडिकल डाक्टर ?) हरू प्रशस्त देखिनुहुन्छ, तर उहाँहरूका आलेख नेपानको पत्रिकामा पढ्न किन पाइँदैन ? त्यस्ता विद्वत्जनबाट धेरैभन्दा धेरै लेखिनुपर्छ भन्ने मेरो मान्यता हो। हामी त्यस्ता लेखबाट निकै लाभ लिन सक्थ्यौं। 'डाक्टर साब'हरूलाई मेरो पनि विशेष अनुरोध छ।

३. नेपानले बेलाबेलामा फिल्डका अनुभव ल्याउने गरेको छ। यस अङ्कमा पनि कैलाली, गुल्मी, सिन्धुपाल्चोक, उदयपुर आदि ठाउँका केही अनुभव पढ्न पाइयो। तर म भन्छु *सहभागिता*मा यस खालका लेखहरू अझ बढाइनुपर्छ। सहभागीमूलक विकासका लागि नेपानले गर्ने अगुवाइ र वकालत भनेको फिल्ड अभ्यासका आधारमा नै हुनुपर्छ, काठमाडौंका 'टेबल'मा बसेर लेखिएका आलेखले खासै प्रभाव पार्दैन। अतः आउँदा अङ्कहरूमा केसस्टडी र अभ्यासमा आधारित लेखलाई बढीभन्दा बढी स्थान दिनुहोला। स्थलगत काम गर्ने कर्मचारी र जनप्रतिनिधिहरूका अन्तर्वार्ता पनि त नेपानले ल्याउन सक्छ नि ! यसतर्फ ध्यान दिनुहोला।

४. *सहभागिता* वर्षमा एउटा निकालेर हुँदैन। कम्तीमा २ वटा निकाल्नोस् भन्ने मेरो आग्रह छ। नेपानको साधारणसभामा विमोचन गर्ने गरी एउटा अङ्क र 'सहभागिता दिवस' (नेपान जन्मदिन) मा विमोचन गर्नेगरी अर्को अङ्क निकाल्ने प्रबन्ध गर्नोस् भन्ने मेरो विशेष आग्रह छ। नेपानले त्यति कामका लागि स्रोत जुटाउन सक्दैन र ? निस्केको पत्रिका ७५३ स्थानीय सरकार, ७ प्रदेश सरकार र १ सङ्घीय सरकारका सबै मन्त्रालय तथा विभागहरूमा पुग्नैपर्छ भन्ने हाम्रो मनसाय हो। किनकि नेपालमा यति राम्रो विकास पत्रिका सायदै छ।

५. अन्तमा, गुणस्तर राम्रो भइकन पनि यो पत्रिका बजारमा पाइँदैन। वर्षको एउटा अङ्कमात्र निस्कने पत्रिकाको ग्राहक पनि को बन्नु ? तसर्थ, सर्वसुलभ वितरण वा बजारीकरण (कम्तीमा ७ प्रदेश राजधानी सहरमा तत्काले) गर्नेतर्फ नेपानले सोचोस्। वर्षमा कम्तीमा २ वटा (अर्द्धवार्षिक) वा ३ वटा (चौमासिक) अङ्क निकाल्न सक्नुभयो भने नेपालको अग्रणी विकास-प्रकाशन-घरको रूपमा 'नेपान-घर'लाई सबैले चिन्नेछन्। नीति-निर्माणदेखि स्थलगत विकास प्रक्रियामा सहभागीमूलक ढंगबाट विकासकर्मीलाई घच्घच्याउने संस्थालाई एक शुभचिन्तकको नाताले यत्ति भनेर म आजलाई कलम बन्द गर्दछु। भवतु सर्वमङ्गलम् ! जय नेपान !!

**प्रमेश अधिकारी** (एक नियमित पाठक)
एनडीसी, नयाँबानेश्वर, काठमाडौं।

# नेपान अक्षयकोष : हालसम्मको स्थिति र अनुरोध

**अक्षयकोष स्थापनाको औचित्य :**
नेपाल सहभागीमूलक कार्य समूह (नेपान) एक नेटवर्किङ्ग संस्था भएको हुँदा यसले आफै कुनै पनि प्रत्यक्ष सेवा प्रदान गरेर कोष संकलन गर्न सक्ने स्थिति छैन। जुन कुरा नेपानको विधान २०५१ मा स्पष्ट उल्लेख छ। नेपान सचिवालय सञ्चालनार्थ आवश्यक प्रशासनिक एवम् व्यवस्थापकीय खर्चका लागि जरुरत पर्ने रकमका निम्ति सधै दातृसंस्थामा नै भर पर्नुपर्ने स्थिति त्यति व्यवहारिक नदेखिने हुँदा नेपान अक्षयकोष स्थापना गर्ने सोच नेपान सदस्यहरुबाटै प्रस्फुटन भई नेपानको विधान अनुरुप २०५४ सालको साधारण सभाले यस कोषको स्थापना गर्ने लक्ष्य राखेको हो। यसले दीर्घकालीन रूपमा नेपानलाई आर्थिक रूपमा सक्षम बनाउने छ। यसैलाई निरन्तरता दिन एक अक्षय कोष नियमावली को तत्काल आवश्यकता परेको हुँदा का.स.मा व्यापक छलफल र कार्याभ्यास गरि नेपानको विधान २०५१ को दफा २२ र २४ को प्रावधान अन्तर्गत नेपान अक्षयकोष नियमावली २०५६ पनि तयार भई लागू भएको छ।

**अक्षय कोषको रकम प्रयोग प्रकिया :**
अक्षय कोष जम्मा रकम अमेरिकी डलर १५०,००० (एकलाख पचास हजार) वा सो बराबरको नेपाली रुपैयाँको हुनेछ। उक्त रकम नेपान अक्षय कोष को नाममा बैंकमा जम्मा गरिनेछ। अक्षय कोषमा ब्याजस्वरुप प्राप्त रकममात्र नेपानको प्रशासनिक एवम् व्यवस्थापकीय प्रयोजनका् हेतु खर्च गरिनेछ।

यो नियम कम्तीमा पनि अक्षय कोष स्थापना भएको १५ (पन्ध्र) वर्षसम्म लागू हुनेछ। यदि यस नियममा कुनै परिवर्तन गर्नुपर्ने आवश्यकता देखिएमा साधारण सभाले छलफल गरि निर्णय गर्नेछ। यदि सावाँ रकम खर्च गर्नुपर्ने स्थिति आएमा पनि सो खर्च के कसरी गर्ने भन्नेबारे साधारण सभाले नै निर्णय गर्नुपर्नेछ। अन्यथा, अक्षय कोषको रकम खर्च गर्न सकिने छैन।

**हालसम्मको उपलब्धि :**
नेपानको विधान अनुरुप स्थापित नेपान अक्षय कोषका लागि सहयोग गर्न विभिन्न सङ्घसंस्था तथा नेपान सदस्यहरुलाई समय समयमा भेटघाट तथा पत्राचार गर्दै आइरहेका छौ। सोही प्रयासको परिणाम स्वरुप हाल सम्म स्वीस विकास नियोगबाट USD ४ १०,००० (दश हजार) Action Aid Nepal बाट ने.रु. ३,६९,७५० (तिन लाख उनसत्तरी हजार सात सय पचास) (५ हजार डलर) रकम प्राप्त भई नेपान अक्षय कोषमा राखिसकेको छ। यसैगरि, पहिले नै सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरिसकेको बेलायत IDS संस्थाबाट ने.रु. ३,२९,७५३ तिनलाख उन्तिस हजार सात सय त्रिपन्न) (५ हजार पाउण्ड स्टर्लिङ्ग) बराबरको रकम प्राप्त भई नेपान अक्षय कोषमा राखिएको छ।

यसैगरि, नेपान अक्षय कोष नियमावली अनुसार नेपानको वार्षिक सदस्यता शुल्कबाट उठेको रकम मध्ये २५ प्रतिशत, कार्यक्रम सञ्चालनबाट बचत भएको रकममध्ये २५ प्रतिशत तथा अनुसन्धान कार्य गरेबापत बचत भएको रकम मध्ये २५ प्रतिशत रकम अक्षय कोषमा जम्मा गर्नुपर्ने प्रावधान छ। त्यसैगरि, हालसम्म तपशिलमा उल्लेखित नेपान सदस्यहरूले पनि यस कोषको बृद्धिको लागि सहयोग गर्नुभएको छ। यसरी, हालसम्म २,४१,७०० (दुई लाख एकचालिस हजार सात सय) रुपैयाँ कोषको लागि व्यक्तिगत तवरबाट प्राप्त भएको छ।

१. श्री रामदयाल प्रसाद यादव
२. श्री समिर कार्की (२ पटक)
३. श्री शशी रिजाल (२ पटक)
४. श्री सुस्मा बराकोटी
५. श्री पूर्णबहादुर चेम्जोङ्ग
६. श्री महेश दाहाल
७. श्री डार्लिन फुट
८. श्री भरतराज गौतम
९. श्री राघवराज रेग्मी (प्रत्येक वर्ष रु ५००० का दरले)
१०. श्री विमला चापागाई
११. श्री गोविन्द न्यौपाने

१२. श्री हेमा केसी
१३. श्री विशालभक्त कशु
१४. श्री रोजी जोशी
१५. श्री राजबहादुर श्रेष्ठ
१६. डा. शिवेशचन्द्र रेग्मी
१७. श्री रमानन्दप्रसाद गुप्ता
१८. श्री चण्डीप्रसाद चापागाई
१९. श्री रवि चित्रकार
२०. श्री कमल फुयाँल
२१. श्री मानबहादुर थापा
२२. श्री अश्विन पुडासैनी
२३. श्री भोलाप्रसाद दाहाल
२४. श्री तेजराज दाहाल
२५. श्री श्याम अधिकारी
२६. श्री उत्तम उप्रेती
२७. श्री निशा शर्मा
२८. श्री गोविन्दराज पौडेल
२९. श्री लजना मानन्धर
३०. श्री छिङ्गल्हामु शेर्पा
३१. श्री सीता राना
३२. श्री यशोधा श्रेष्ठ
३३. श्री विमला घिमिरे
३४. श्री द्रोण केसी
३५. श्री चेतनाथ कणेल
३६. श्री झविन्द्र भण्डारी
३७. श्री निर्मल शर्मा (२ पटक)
३८. श्री राजेन्द्र गुप्ता
३९. श्री बिनोद भट्ट
४०. श्री ब्रह्मध्वज गुरुङ
४१. श्री गोपाल तामाङ
४२. श्री बिनोद चापागाई
४३. श्री प्रेमबहादुर थापा
४४. श्री अशोककुमार पौडेल
४५. श्री जिल्ला विकास समिति, भक्तपुर
४६. श्री रोवर्ट च्याम्वर्स
४७. श्री गोकुल भण्डारी, लण्डन

यसरी रकम बढ्दै जाँदा आ.व. २०७२/७३ सम्म यस अक्षयकोषमा जम्मा भएको रकम र नेपान-घर निर्माण कोषमा प्राप्त सहयोग गरी कुल रु ६५,१४,२३९।- (पैसट्ठी लाख चौध हजार दुई सय उनन्चालिस रुपैयाँ) भएकोमा ८७,००,०००।- (सतासी लाख रुपैयाँ) घर खरिद तथा थप निर्माण सुधारमा खर्च गरियो। अपुग रकम विभिन्न नेपान सदस्य दाताहरूबाट उठाइयो। तत्पश्चात् पनि कोषमा रकम जम्मा गर्ने क्रम जारी रहेको छ।

२०७३ असार मसान्तसम्ममा जम्मा रु. ८,९४,२६८।- (आठ लाख चौरानव्बे हजार दुई सय अठ्सट्ठी रुपैयाँ मात्र) अक्षयकोषमा सञ्चित थियो। आ.व. २०७३/७४ को अक्षय कोषमा सञ्चित रकम रु. ८,९४,२६८।- (आठ लाख चौरानव्बे हजार दुई सय अठ्सट्ठी रुपैयाँ मात्र) भएकोमा रु. ४,९३,९८७- घर खरिदको ऋण तिर्न प्रयोग गरियो। आ.व. २०७४ असार मसान्तसम्म जम्मा रु. ४,००,२८१।-मात्र अक्षय कोषमा सञ्चित थियो। सञ्चित रकम घरका लागि प्रयोग गर्ने र बाँकी रकम बैंकमा मौज्दात राख्ने क्रममा आ.व. २०७६/७७ असारमसान्तसम्म अक्षय-कोष खातामा कुल रकम रु.५,८२,०८१/- (अक्षरमा पाँच लाख बयासी हजार एकासी रुपैयाँ मात्र) रहेको छ।

नेपान अक्षयकोषका अतिरिक्त नेपान घर निर्माण कोषमा सहयोग गर्ने सहयोगी दाताहरूको नामावली यसप्रकार छ :

१. डा. भोलाप्रसाद दाहाल
२. अश्विनकुमार पुडासैनी
३. गोविन्दराज पौडेल
४. कृष्णप्रसाद न्यौपाने
५. गोविन्द न्यौपाने
६. महेश शर्मा
७. डा.समीर कार्की
८. हीरालाल श्रेष्ठ
९. पूर्णबहादुर चेम्जोङ्ग
१०. डा. दीर्घजीबी घिमिरे
११. डा. सन्जु कोइराला
१२. शान्तालक्ष्मी श्रेष्ठ
१३. पदम भुसाल
१४. मानबहादुर थापा
१५. अशोक पौडेल
१६. डा. अनोज क्षेत्री
१७. डा. कमल फुयाँल
१८. फटिकबहादुर थापा
१९. नीलकमल क्षेत्री श्रेष्ठ
२०. तुलसी सापकोटा
२१. हेरिना जोशी
२२. डा. जीव आचार्य
२३. भरतराज गौतम
२४. लाक्पातेन्जी लामा
२५. चेतनाथ कणेल
२६. मुकेश सिंह
२७. डा. कृष्णबाबु जोशी
२८. प्रेमराज न्यौपाने
२९. कृष्णप्रसाद सुवेदी
३०. गोपालप्रसाद तामाङ
३१. तेज सुनार
३२. ब्रह्मध्वज गुरुङ
३३. बृतकुमारी गुरुङ
३४. ललितबहादुर थापा
३५. राजबहादुर गिरी
३६. बालकृष्ण शर्मा

३७. घनश्याम अवस्थी
३८. रुपा बस्नेत
३९. निशा शर्मा
४०. निर्मला लामा
४१. श्रीधर लामिछाने
४२. डा. रोजी जोशी
४३. मीनबहादुर गुरुङ
४४. डा. प्रेमबहादुर थापा
४५. डा. राजबहादुर श्रेष्ठ
४६. सिंहबहादुर खड्का
४७. लालबहादुर ओली
४८. द्रोण केसी
४९. महादेव भट्ट
५०. डा. गोपाल शेरचन
५१. डा. उद्धव राई
५२. डा. मीनाक्षी दाहाल
५३. डा. विमला राई पौड्याल
५४. पूर्णबहादुर थापा
५५. जिमी लामा
५६. हेलम्वु एजुकेशन एण्ड लाइभ्लीहुड प्रोजेक्ट
५७. प्रमोद उपाध्याय
५८. डा. नरविक्रम थापा
५९. डार्लिन फुट
६०. गम्भीरबहादुर हाडा
६१. नेत्रप्रसाद उपाध्याय
६२. यशोधा श्रेष्ठ
६३ डा. रमेशजङ्ग खड्का
६४ साहस नेपाल
६५ अनिरुद्धनाथ शुक्ल
६६ तेजराज दाहाल
६७ रामानन्दप्रसाद गुप्ता
६८ कालभान राई
६९ हुकुमबहादुर सिंह
७० झविन्द्र भण्डारी
७१ डा. विष्णुराज उप्रेती
७२ यमुना घले
७३ दीपा आचार्य
७४ झेचुन लामा
७५ मीना गुरुङ
७६ प्रा.डा. रोबर्ट च्याम्बर्स
७७ नन्दलाल माझी
७८ दशरथ मोक्तान
७९ तारा गुरुङ
८० छिङ्गल्हमु शेर्पा
८१ डा. मुक्ति रिजाल
८२ रामहरि अधिकारी
८३ पद्मा शाक्य
८४ श्रीराम के.सी.
८५ खेमराज भट्टराई
८६ बालकृष्ण देउजा
८७ घनश्याम अधिकारी
८८ डा. शिवेशचन्द्र रेग्मी
८९ डा. विनोद भट्ट
९० राघवराज रेग्मी

**नेपाल सहभागीमूलक कार्य समूह (नेपान)**
**(सन् १९९५–२०२०)**
**नेपानको स्थापना कालदेखि हालसम्मका अध्यक्षहरू**

१. रमेश सिंह
२. डा. शिवेशचन्द्र रेग्मी
३. डा. विनोद भट्ट
४. यशोधा श्रेष्ठ
५. हुकुमबहादुर सिंह
६. मानबहादुर थापा
७. राघवराज रेग्मी
८. डा. भोलाप्रसाद दाहाल
९. तेजराज दाहाल
१०. डा. नानीराम सुवेदी
११. छिङ्गल्हमु शेर्पा
१२. ब्रह्मध्वज गुरुङ
१३. उत्तम उप्रेती
१४. चेतनाथ कणेल
१५. झविन्द्र भण्डारी

**नेपानको स्थापनाकालदेखि हालसम्मका सचिवालय संयोजकहरू**

१. हुस्नुबान्हु शेख
२. डा. कमल फुयाल
३. द्रोण के.सी.
४. चेतनाथ कणेल
५. झविन्द्र भण्डारी
६. बच्चुराम बस्नेत
७. डम्मरबहादुर लोहोरुङ्ग राई
८. दलबहादुर जिसी
९. फटिकबहादुर थापा
१०. उषा अर्याल दाहाल
११. चन्द्रबहादुर सर्तुङ्गे


# नेपानको १५औं कार्यकारिणी समितिको चिनारी

### झविन्द्र भण्डारी, अध्यक्ष



श्री झविन्द्र भण्डारी (गुल्मी) नेपानको सदस्य तथा यस संस्थाका वर्तमान अध्यक्ष हुनुहुन्छ । जनस्वास्थ्य र सामुदायिक विकासमा विशेष दखल हुनुभएका भण्डारीले विश्वव्यापी स्वास्थ्य प्रणाली (Global Health and Health System) विषयमा अनुसन्धानरत हुनुहुन्छ । नेपाल सरकार, विभिन्न मन्त्रालय, विभागहरू, संयुक्त राष्ट्र सङ्घ, राष्ट्रिय अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी सङ्घसंस्था, नागरिक समाज आदिसंगको समन्वयात्मक भूमिका निर्वाह गर्दै बसाइसराई र स्वास्थ्य क्षेत्रमा लामो समयदेखि काम गर्दै आउनु भएको छ ।

### चेतनाथ कणेल, निवर्तमान अध्यक्ष, (पदेन सदस्य)



नेपानका आजीवन सदस्य श्री चेतनाथ कणेल (गुल्मी) यस संस्थाका निवर्तमान अध्यक्ष तथा पदेन कार्यकारिणी सदस्य हुनुहुन्छ। उहाँ नेपानको पूर्व संयोजक पनि हुनुहुन्छ । सन् १९९७ मा नेपान सदस्य भएदेखि नै उहाँले नेपानको प्रकाशन समितिमा अविच्छिन्न रूपमा र विभिन्न समयमा कार्यकारिणी सदस्यको रूपमा कार्य गर्दै आउनुभएको छ। सहभागीमूलक विकास पद्धति, गरिबमुखी ग्रामीण पर्यटन तथा सहभागीमैत्री तालिम व्यवस्थापनमा उहाँको विशेष दखल रहेको छ र ती विषयमा अध्ययन, अनुसन्धान, स्थलगत अभ्यास, लेखन, प्रकाशन तथा तालिम पनि प्रदान गरेको करिब ३२ बर्षको लामो अनुभव रहेको छ। स्रोत व्यवस्थापन विषयमा बेलायतको एडिनवरा विश्वविद्यालयबाट तथा जनप्रशासन विषयमा त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर गर्नुभएका श्री कणेलले काठमाडौं विश्वविद्यालयबाट विकास अध्ययन विषयमा पिएचडी गर्दै हुनुहुन्छ । विकास, शिक्षा र पर्यटनसम्बन्धी उहाँका सयौं लेख-रचनाहरू तथा केही पुस्तकहरू पनि प्रकाशित छन् । साथै उहाँले नेपानबाट प्रकाशित विभिन्न पुस्तकहरूको सम्पादन पनि गर्नुभएको छ । नेपाल सरकार, ओडीए, डीएफआइडी (पाखीबास), यूएनडीपी, एक्सनएड नेपाल, एशियाली विकास बैंक आदि जस्ता विभिन्न संस्थामा लामो समय कार्य गर्नुका साथै अन्तर्राष्ट्रिय पर्यटन परामर्शदाताको रूपमा भियतनाम सरकारको लागि विशेषज्ञ सेवासमेत प्रदान गरिसक्नुभएको छ। 'सहभागिता' सम्पादनका सल्लाहकारको रूपमा रहनुभएका श्री कणेलले नेपाली तथा अङ्ग्रेजी दस्तावेज सम्पादन गर्ने विशेष दखल राख्नुहुन्छ। विविध भूमिकामा नेपानलाई महत्वपूर्ण योगदान पुऱ्याउनुभएका श्री कणेल 'प्रसिद्ध सहभागीमूलक विकास लेखन पुरस्कार'का संस्थापक पनि हुनुहुन्छ ।

### तेजबहादुर सुनार (कोषाध्यक्ष)



नेपानका साधारण सदस्य तथा वर्तमान कार्यसमितिका कोषाध्यक्ष रहनुभएका श्री तेजबहादुर सुनार सन् २००७ देखि नै नेपानसंग आवद्ध रहदै आउनुभएको छ । उहाँ हाल जापान अन्तर्राष्ट्रिय सहयोग नियोग –JICA को सहभागीमूलक पुनर्लाभ परियोजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विज्ञको रूपमा कार्य गर्दैआउनुभएको छ। संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम (UNDP) को न्यायमा पहुँच तथा कानूनी शासन तथा मानवअधिकार संरक्षण प्रणाली सवलीकरण कार्यक्रमहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विज्ञको रूपमा कार्यानुभव रहेको छ। उहाँ नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग, राष्ट्रिय योजना आयोग लगायतका सरकारी निकायहरूसंगको सहकार्य उदाहरणीय रहेको छ । उहाँले समाजशास्त्रमा स्नाकोत्तर गर्नुभएको छ । विगतमा उहाँले जाइका, लुथरन वर्ल्ड फेडेरेशन, दलित गैरसरकारी

महासङ्घ, उत्पीडित समुदाय उत्थान केन्द्र लगायतका विभिन्न सङ्घसंस्थामा दुई दशक भन्दा धेरै कार्यानुभव गर्नु भएको छ। परियोजना व्यवस्थापन, सुशासन, लैङ्गिक तथा समावेशीकरण, स्थानीय शासन तथा सामुदायिक विकास, संस्थागत विकास तथा व्यवस्थापन, सशक्तिकरण तथा पैरवी, नीतिगत तालिम तथा अनुसन्धानको क्षेत्रमा उहाँको विशेष दक्षता रहेको छ।

### श्री अनिरुद्धनाथ शुक्ल (सदस्य)



सन् १९९६ देखि नेपानको सदस्य रहनुभएका श्री शुक्ल सन् २००० देखि नेपानको आजीवन सदस्य हुनुहुन्छ। हाल उहाँ तेस्रोपटक (२०७६-२०७८) नेपानको कार्यसमिति सदस्य हुनुहुन्छ। उहाँले भारतबाट कृषि विषयमा स्नातक तथा त्रिविविबाट समाजशास्त्रमा स्नातकोत्तर गर्नुभएको छ। मौरीपालन विषयमा इजरायलबाट अन्तर्राष्ट्रिय कोर्ससमेत गर्नुभएका श्री शुक्ल यस विषयका विशेषज्ञ हुनुहुन्छ। वि.स. २०४० सालमा सरकारी सेवामा प्रवेश गरी कृषि विभागअर्न्तगत व्यावसायिक कीट विज्ञान आयोजना खोपासीमा सहायक व्यावसायिक कीटविज्ञ (तृतीय श्रेणी अधिकृत) भई सेवा शुरु गरी क्रमशः मौरीपालन तालिम तथा प्रसार सेवा आयोजना एसएनभी नेपालद्वारा सञ्चालित परियोजनामा सहायक मौरीविज्ञ रही काम गरिसक्नु भएको छ। उहाँसँग इसिमोड मौरीपालन प्रोजेक्टमा मौरी विशेषज्ञ/मौरी प्रसारकर्ता भई १५ वर्ष काम गर्नुभएको अनुभव पनि छ। इसिमोडपछि बहुराष्ट्रिय कम्पनी डाबरको समेत उहाँसँग अनुभव छ। भुटान, बंगलादेश, भारत, अफगानिस्तान, पाकिस्तान आदि देशहरूमा प्रमुख मौरी प्रशिक्षक भई उहाँले विभिन्न प्रशिक्षणहरू प्रदान गर्नुभएको छ। मौरीपालन क्षेत्रमा उहाँसँग करिब ३५ वर्षको अनुभव छ। हाल लुम्बिनी एपिकल्चर सेन्टरका सञ्चालक एवम् कार्यक्रम निर्देशक श्री शुक्ल नेपालका एक वरिष्ठ मौरी विशेषज्ञ हुनुहुन्छ।

### तोया गौतम (सदस्य)

श्री तोया गौतम नेपानको कार्यसमितिका सदस्य हुनुहुन्छ। साधारण सदस्य बन्नुभन्दा पहिलेदेखि नै नेपानका विभिन्न क्रियाकलापमा योगदान गर्दै आउनु भएका गौतमको विकास सञ्चार, पत्रकारिता, तालिम सहजीकरण, परियोजना व्यवस्थापन, सामाजिक अध्ययन-अनुसन्धान, लेखन तथा सम्पादनका क्षेत्रमा विशेष दखल रहेको छ। उहाँले बेलायत सरकारको सहयोगमा



सञ्चालन भएको पाखीबास कृषि अनुसन्धान केन्द्र, डेनिस सरकारको सहयोगमा नेपाल प्रेस इन्स्टिच्यूटबाट सञ्चालित क्षेत्रीय सञ्चार स्रोत केन्द्रहरू, नेपाल पत्रकार महासङ्घ, कान्तिपुर टेलिभिजन, एम.एस. नेपाल, एक्सनएड नेपाल लगायत विभिन्न संस्थामा सूचना तथा सञ्चार अधिकृत, प्रमुख, परियोजना संयोजक, कार्यक्रम प्रबन्धक, वरिष्ठ सम्पादक, राष्ट्रिय सञ्चार परामर्शदाता आदि पदमा रहेर कार्य गरिसक्नु भएको छ। सन् २०१० पछि विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रमा स्वतन्त्र ढङ्गले परामर्श सेवा प्रदान गर्दै आउनु भएका गौतम हाल ओजस्वी इन्स्टिच्यूसन प्रा.लि.का अध्यक्ष पनि हुनुहुन्छ।

### पद्मा शाक्य (सदस्य)



सन् २०१३ देखि नै नेपानको सदस्य हुनुभएकी शाक्य (ओखलढुङ्गा) विगत १७ वर्षदेखि तालिम संयोजक तथा प्रशिक्षकको रूपमा काठमाडौं तालिम केन्द्रमा कार्यरत हुनुहुन्छ। समाजशास्त्र विषयमा स्नातकोत्तरको उपाधि लिनुभएकी शाक्यले नेपालका युवाहरूलाई सीपमूलक तथा क्षमतावान बनाएर सामुदायिक परिचालकको माध्यमबाट प्रशिक्षार्थीको व्यक्तिगत क्षमता विकास गर्नुका साथै सामुदायिक विकास क्षेत्रमा योगदान पुऱ्याउने अभियानमा सक्रिय रहेको पाइन्छ। त्यसको साथै सामाजिक परिचालन, सामुदायिक विकास, नेतृत्व क्षमता विकास, सहभागीमूलक ग्रामिण लेखाजोखा, सहजीकरण सीप विकास तथा विभिन्न किसिमको तालिम आदिको विषयमा निर्देशिका, स्रोत सामग्रीको प्रकाशन गर्नुभएको छ।

### पदम भुसाल (सदस्य)



सन् २००९ देखिनै नेपानमा आवद्ध पदम भुसाल नेपानको आजीवन सदस्यको रूपमा रहि विभिन्न समितिमा वसेर कार्य गर्द आउनुभएको छ। समाजशास्त्रमा स्नातकोत्तरको उपाधि लिनुभएको भुसाल सन् १९९९ देखि नै विभिन्न

गैरसरकारी क्षेत्रमा आर्थिक विकास, जीविकोपार्जन, उद्यमी उद्यमशिलताको विकास, द्वन्द व्यवस्थापन, र जलवायु परिवर्तको विषयमा परियोजना सञ्चालनदेखि नीति निर्माण तहसम्म कार्य गर्दै आउनुभएको छ। यो अवधिमा उहाँले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थामा रहि श्रीलंका र फिलिपिन्सको भ्रमणका साथै त्यहाँको विकास प्रकियाबारेमा जानकारी प्राप्त गर्नुभएको छ। हाल उहाँ UNDP Nepal संग आवद्ध हुनुहुन्छ।

## विर्ख क्षेत्री (सदस्य)



सन् २००४ मा नेपानमा आवद्ध बिर्ख क्षेत्री यस संस्थाका साधारण सदस्य तथा २५औं कार्य समितिका सदस्य हुनुहुन्छ। सामाजिक अध्ययन अनुसन्धान तथा अभियान, स्थानीय सरकारको योजना तर्जुमा, संस्थागत विकास, साहित्यिक तथा समसामयिक लेखन, सामुदायिक विकास अवधारणा तथा योजना तर्जुमा क्षेत्रमा विशेष रुचि र संलग्नता भएका छेत्रीले स्वीस विकास नियोग, अमेरिकी सहयोग नियोग, क्यानाडियन विकास नियोग, युरोपेली सङ्घ, बेलायती सहयोग नियोग लगायतका थुप्रै परियोजनाहरूमा परामर्श सेवा दिनुभएको छ। सङ्घीय प्रणाली स्थापना यता करीब २ दर्जन स्थानीय तहको प्रोफायल, आवधिक योजना, एकीकृत शहरी विकास योजना, कृषि तथा पर्यटनका क्षेत्रगत योजनाहरू तयार गरिसक्नुभएको छ भने विकाससम्बन्धी करीब १ दर्जन प्रकाशित पुस्तक तथा प्रतिवेदनहरूको सम्पादन गर्नुभएको छ। नेपानबाट प्रकाशित सहभागिता पत्रिकामा उहाँले प्रायः लेखन योगदान गर्दै आउनुभएको छ। छेत्रीले इतिहास विषयमा स्नातक गर्नुभएको छ।

## विनोद तिमिल्सेना (सदस्य)



सामाजिक विकासको क्षेत्रमा २७ वर्षदेखि कार्यरत श्री विनोद तिमिल्सेना नेपान सदस्य हुनुहुन्छ। नेपानको स्थापनाकालदेखि नै शुभचिन्तक रहदै आउनु भएको उहाँले सहभागिता पत्रिकाको पहिलो अंक निकाल्न समेत योगदान गर्नु भएको थियो। उहाँले त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्रमा स्नाकोत्तर गर्नु भएको छ। विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा २२ वर्षको अनुभव हासिल गर्नु भएका तिमिल्सेना पत्रकारिता, विकास सञ्चार, फोटोग्राफी, अध्ययन तथा अनुसन्धान, तालिमहरू सहजीकरण, लेखन तथा सम्पादनको क्षेत्रमा दक्ष हुनु हुन्छ। साथै, सार्वजनिक शिक्षा, बाल केन्द्रित शिक्षक सिकाइ, विपद् व्यवस्थापन र योगमा उहाँको राम्रो अनुभव छ। उहाँले समसामयीक विषय र सामाजिक सवालमा राष्ट्रियस्तरका पत्रपत्रिकामार्फत कलम चलाउँदै आउनु भएको छ। हाल उहाँ स्वतन्त्र परामर्शदाताको रूपमा कार्यरत हुनुहुन्छ।

## डा. मीनाक्षी दाहाल (सदस्य)



प्रारम्भिक बाल विकास र शिक्षाको क्षेत्रमा विगत दुई दशकदेखि कार्यरत नेपानकी आजीवन सदस्य डा. मीनाक्षी दाहालले त्रिभुवन विश्वविद्यालयबाट प्राणी शास्त्रमा स्नातकोत्तर र काठमाडौँ विश्वविद्यालयको स्कुल अफ एजुकेशनबाट विकास अध्ययनमा एम.फिल. र बालबालिकाको भाषिक तथा पठनसीप विषयमा विद्यावारिधी गर्नुभएको छ। उहाँ नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग, राष्ट्रिय योजना आयोग, विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूमा परामर्शदाता तथा अनुसन्धान कार्यमा लामो समयदेखि सक्रिय हुनुहुन्छ। कोभिड १९ को महामारीको अवस्थामा विभिन्न कार्यक्रममा बालबालिकाको सिकाइ र विकासका सन्दर्भमा उहाँका विचारहरू लेख रचना, अन्तर्वाता तथा वेविनारहरू मार्फत सम्प्रेषित भइरहेका छन्। उहाँका विभिन्न शोध, अध्ययन, अनुसन्धान तथा समय सान्दर्भिक विश्लेषणात्मक लेखहरू नियमित रूपमा राष्ट्रिय अन्तर्राष्ट्रियस्तरका जर्नल तथा पत्रपत्रिकाहरूमा प्रकाशित भएको पाइन्छ। USA स्थित Childhood Education International (CEI) मार्फत बालबालिकाको अधिकारको लागि Advocacy Ambassdor को रूपमा आवद्ध हुनुहुन्छ। उहाँले USA l:yt Childhood Education International (CEI) tyf Childcare Exchange magazine बाट Exceptional Emerging Leader को सम्मान (अवार्ड) प्राप्त गर्नुभएको छ।

## रुपा बस्नेत (सदस्य)

वि.सं. २०६९ मा नेपानसंग आवद्ध हुनुभएकी बस्नेत हाल कार्यसमिति सदस्य हुनुहुन्छ। त्रिभुवन विश्वविद्यालयबाट अङ्ग्रेजी साहित्यमा र जेन्डर स्टडिज्मा स्नातकोत्तरको



उपाधि लिनुका साथै चिनको सिचुवान युनिभर्सिटीबाट पोष्ट ग्राजुएटको शिक्षा लिनुभएको छ। हाल उहाँ सञ्चारिक समूहमा आवद्ध हुनुहुन्छ। उहाँले रुपान्तरण नेपालको बहुसरोकारवाला बन कार्यक्रममा लैङ्गिक तथा सामाजिक समावेशीकरणको संयोजकको रूपमा कार्य गर्नुभएको थियो । बस्नेतले विभिन्न अध्ययन, अनुसन्धान तथा लैङ्गिक तथा सामाजिक समावेशीकरणको विषयमा आफ्नो दक्षता राख्दै आउनुभएको छ ।

## रुपा मुनाकर्मी (सदस्य)



रुपा मुनाकर्मी काठमाडौँ विश्वविद्यालयबाट डेनिश फेलोसिपमा शिक्षकको पेशागत सदाचारिताको विषयमा विद्यावारिधि गर्दै हुनुहुन्छ । काभ्रे निवासी मुनाकर्मी लामो समय शिक्षकको रूपमा कार्यरत रहि विभिन्न सामाजिक सङ्घसंस्थामा अनुभव गरी आफ्नो अध्ययनलाई अगाडी बढाउनुभएको छ । काठमाडौँ विश्वविद्यालयबाट दर्शनाचार्यको उपाधि लिनुका साथै विद्यालयमा अभिभावकको सहभागिता विषयमा विभिन्न प्रकाशनहरू प्रकाशित गर्नुभएको छ । मुनाकर्मीले गुणस्तरीय शिक्षा, शान्ति संस्कारको विकास, लैङ्गिक समानता, समावेशीकरण, छाउपडि प्रथा र विद्यालय सुशासनमा विभिन्न शोध गर्नुभएको छ । सन् २०१४ देखि नेपान सदस्यको रूपमा रहनुभएको मुनाकर्मी २०१७ देखि कार्य समितिमा समेत आवद्ध हुनुहुन्छ । उहाँ जीलु:निभा बाल सरोकार केन्द्र, रोटरी तथा नेल्टा आदि जस्ता सङ्घसंस्थामा सक्रिय रूपमा आवद्ध हुनुहुन्छ ।

## सुनीलकुमार यादव (सदस्य)

नेपानका आजीवन सदस्य श्री यादव (सर्लाही) सन् २०१६ देखि नेपानमा आवद्ध हुनुहुन्छ। वाणिज्य शास्त्रमा त्रिविविबाट स्नातक गर्नुभएका उहाँले सन् २००९ देखि नै विभिन्न स्थानीय गैरसरकारी संस्थामा रही अन्तर्राष्ट्रिय गैससँगको सहकार्यमा थुप्रै परियोजना



सञ्चालनको अनुभव बटुल्नु भएको छ । शिक्षा, विपद् व्यवस्थापन, जीविकोपार्जन, गरिबी निवारण र खानेपानी तथा सरसफाइजस्ता विविध विकासमूलक विषयको स्थलगत अभ्यासमा उहाँ विशेष दखल राख्नुहुन्छ। करिब दुई वर्ष स्थानीय सहकारी संस्थाको अध्यक्ष पदसमेत सम्हाल्नुभएका श्री यादवले आफ्नो क्षेत्रमा विभिन्न सहकारी संस्थाहरू स्थापनामा सहजीकरणसमेत गर्नुभएको छ। हाल उहाँ सर्लाहीमा सक्रिय संस्था 'बाल विकास नेपाल' (सीडीएन) मार्फत् तराई-मधेसमा बालमैत्री विद्यालय, बालमैत्री पालिका बनाउनको लागि अभियानमूलक कार्यमा संलग्न हुनुहुन्छ ।

## चन्द्रबहादुर सर्तुङ्गे (कार्यकारी संयोजक)



नेपानमा कार्यकारी संयोजक तथा सम्वोधन परियोजनाको क्षमता विकास विज्ञको रूपमा कार्यरत श्री सर्तुङ्गेले विगत पाँच वर्षदेखि विभिन्न गैरसरकारी सङ्घसंस्थामा विभिन्न पदमा रहि कार्य गर्दै आउनुभएको छ। सीमान्तकृत, बहिस्कृत, पछाडि पारिएका तथा परेका, युवा वर्गको अर्थपूर्ण सहभागीता सुनिश्चितताको लागि विभिन्न समयका महत्वपूर्ण कार्य गर्दै आउनुभएको छ। हाल DFID को सहयोग र Mott MacDonald को व्यवस्थापनमा नुवाकोट जिल्लामा सञ्चाालित सम्वोधन परियोजनामा क्षमता विकास विज्ञको रूपमा कार्य गरिरहनुभएको छ । उहाँको सामाजिक संरक्षण अन्तर्गत अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, एकल महिला, युवा, बैदेशिक रोजगारबाट फर्किएकाहरू तथा नेपालको निर्वाचन प्रकिया, युवा परिचालन, संस्थागत तथा परियोजना क्षमता विकास, परियोजना व्यवस्थापन, सामुदायिक सहजीकरण, सामाजिक सञ्जालको सहजीकरण र अन्तरसरकारी समन्वयमा विशेष दक्षता रहेको छ। उहाँले त्रिभुवन विश्वविद्यालयबाट अङ्ग्रेजी साहित्यमा स्नातकोत्तर तहको उपाधि लिनुका साथै नेपाल ल क्याम्पसमा कानून विषयको विद्यार्थी हुनुहुन्छ । उहाँले Subaltern Issues लाई राम्रोसँग विश्लेषण गर्न सक्नुहुन्छ ।

# नेपान गतिविधिहरू

## १. नेपानको २५औं वार्षिक साधारणसभा सम्पन

नेपाल सहभागीमूलक कार्य समूह (नेपान) को २५ औं वार्षिक साधारण सभा २०७५ भदौ २१ गतेको दिन स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, जावलाखेलमा सम्पन्न भएको थियो। नेपानका अध्यक्ष चेतनाथ कणेलको अध्यक्षतामा सम्पन्न सो साधारण सभामा प्रमुख अतिथिको रूपमा सूचना आयोगका प्रमुख आयुक्त कृष्णहरि बास्कोटा, विशेष अतिथिको रूपमा सङ्घीय संसद, राष्ट्रिय सभा सदस्य डा. विमला राई पौड्याल र अतिथिको रूपमा सप्रोस नेपालका अध्यक्ष, श्रीकृष्ण उपाध्याय, नेपान पूर्वअध्यक्ष द्वय ब्रह्मध्वज गुरुङ र यशोधा श्रेष्ठ रहनुभएको थियो ।

सभामा नेपान सदस्यहरू, संस्थापकहरू, आमन्त्रित अतिथिहरू तथा विभिन्न सङ्घसंस्थाबाट पाल्नुभएका पाहुनाहरूको व्यापक उपस्थिति रहको कार्यक्रममा प्रमुख अतिथिको रूपमा रहनुभएका बास्कोटाले अहिले समयमा सूचना प्रविधिको उच्चतम उपयोगले लोकतान्त्रिक शासन व्यवस्थालाई थप व्यवस्थित बनाउन महत्वपूर्ण भूमिका खेल्नसक्ने बताउनुभएको थियो । साधारण सभामा नेपानको स्थापनाकालदेखि नेपानमा विभिन्न समयमा विभिन्न क्षेत्रमा वसी महत्वपूर्ण योगदान पुऱ्याउनुभएका डा. भोला दाहालको स्मृतिमा उहाँको लेखन संग्रह **सहभागीमूलक विकास बहस**को विमोचन गरिएको थियो ।

सोहि कार्यक्रममा नेपान अध्यक्ष चेतनाथ कणेलको संरक्षकत्वमा स्थापित **प्रसिद्ध सहभागिता विकास लेखन पुरस्कार २०७६** द्वन्द्व विज्ञ **विष्णुराज उप्रेती**लाई प्रदान गरिएको थियो । त्यसैगरि नेपानलाई स्वयम्सेवी रूपमा सहयोग गर्नुभएका **वर्ष नेपान उत्कृष्ट सदस्य** को रूपमा प्रकाश **वुढामगरलाई सम्मान** गर्दै गर्दा **नेपान उत्कृष्ट कर्मचारी**को रूपमा **आशिष पाठकलाई** सम्मान गरिएको थियो ।

## २. नागरिक समाजः पारस्परिक जवाफदेहिता परियोजना सम्पन्न (जनवरी २०१७ देखि २०१९ जुन)

USAID को सहयोग तथा FHI360 को व्यवस्थापनमा सञ्चालन नागरिक समाजः पारस्परिक जवाफदेहिता परियोजना सन् २०१७ मा सुरु भएर २०१९ को जुन महिना सम्पन्न भएको छ। सरकारसंगको सिर्जनशिल सहकार्य तथा नागरिक नियमनको लागि नागरिक समाज संस्था तथा सञ्चार क्षेत्रको क्षमताबृद्धिको लागि यो परियोजना सञ्चालन भएको थियो । नेपालभर ३४ जिल्लामा सञ्चालित १४ वटा नागरिक समाज तथा सङ्घसंस्थाहरूको वकालत तथा पैरवी क्षमताको विश्लेषण गरि आवश्यक क्षमताबृद्धिको लागि परियोजना चक्र व्यवस्थापन, स्रोत परिचालन तथा आर्थिक दीगोपना र नेतृत्व तथा सुशासनको क्षेत्रमा उल्लेख्य कार्य गरेको थियो ।

## ३. सम्वोधन परियोजनाका नियमित गतिविधिहरू

- सम्वोधन परियोजनाले नुवाकोट जिल्लाका तीन गाउँपालिका दुप्चेश्वर, तादी र शिवपुरी गाउँपालिकाहरूमा नियमित रूपमा गरिनुपर्ने कार्य गर्दै आइरहेको छ। २०७२ सालमा गएको भूकम्पको कारणले जोखिमयुक्त घरपरिवार तथा व्यक्तिहरूकोलागि विभिन्न जीविकोपार्जनका कार्यक्रम, सामाजिक संरक्षणका कार्यक्रम, सुरक्षित आवास निर्माणका कार्य, खाद्य सुरक्षा सम्बन्धी कार्यक्रम तथा पछिल्लो समय कोभिड १९को कारणले सिर्जित वेराजगार सम्बन्धी समस्याको न्यूनीकरणको लागि जीविकोपार्जनका सहयोग कार्यक्रमहरू सञ्चालन गरिरहेको छ ।
- हालसम्म जम्मा ८ हजार २२९ जना प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् । जसमध्ये महिला ३ हजार ६१० र पुरुष ४ हजार ६२६ रहेका छन् । जसमा ७७.४ प्रतिशत जीविकोपार्जन तथा आर्थिक परिसुचक अन्तर्गत, सामाजिक संरक्षणमा १४.४ प्रतिशत र सुरक्षित आवास निर्माणमा ८.२ प्रतिशत रहेको छ ।

## ४. अन्तर्राष्ट्रिय सम्मेलनमा नेपानको सहभागिता

सामाजिक विकासको लागि सामाजिक संरक्षण सम्बन्धि अन्तर्राष्ट्रिय सम्मेलन, काठमाडौंमा नेपानको तर्फबाट पद्मा शाक्य सहभागी भई आफ्नो विचार प्रस्तुत गर्नुभएको थियो । करिव १०० जना सहभागी उपस्थित रहेको सो सम्मेलनमा अर्थमन्त्री डा. युवराज खतिवडा, राष्ट्रिय योजना आयोगका सदस्य माननीय रामकुमार फुयाँल, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव डा. बैकुण्ठ अर्यालले आफ्नो विचार राख्नुभएको थियो । उक्त सम्मेलनमा Addressing Inequlities In south Asia through Social Protection Policies विषयक कार्यपत्र प्रस्तुत गरिएको थियो ।

## ५. भिडियो सामग्रीको निर्माण

नेपानले अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको अवसरमा विभिन्न व्यक्तिहरूको प्रेरणादायी विचार समेटि भिडियो सामग्री निर्माण गरेको थियो । सो भिडियोमा ९८ वर्षीया इन्द्रमाया पौड्याल, ८२ वर्षीय पर्यावरण विद् तिर्थबहादुर श्रेष्ठ, तथा मानसिक स्वास्थ्य सम्बन्धि विषय प्रशिक्षक प्रभातकिरण प्रधान र ६४ वर्षीय इश्वरी स्वारको गहन विचारहरुलाई समेटिएको थियो ।

यहाँ हेर्नुहोस् (भिडियो लिंक)

## ६. नेपान प्रतिमण्डलद्वारा अष्ट्रेलियन राजदूतसंग भेटवार्ता (२०७६ साउन ७ गते)

नेपान प्रतिनिधि मण्डल र नेपालको लागि अष्ट्रलियन महामहिम पिटर बड (Peter Budd) बीच भेटघाट सम्पन्न भएको थियो । नेपानको तर्फबाट नेपान अध्यक्ष चेतनाथ कणेल, कार्यकारी निर्देशक उषा अर्याल दाहाल तथा नेपानका पूर्वकार्यकारी संयोजक एवम् आजीवन सदस्य झविन्द्र भण्डारीसहितको प्रतिनिधिमण्डलले नेपानको बारेमा जानकारी दिनुका साथै यसले उठान गरेको महत्वपूर्ण विषयहरूबारेमा जानकारी गराउनुभएको थियो । साथै, बडले नेपानले गरेको कार्यको प्रशँसा गर्दै भविष्यका दिनहरूमा सहकार्य गर्न सकिने जानकारी भेटघाटमा दिनुभएको थियो ।

## ७. मासिक अर्न्तक्रिया तथा छलफल कार्यक्रम

यो आ.व.को आधा भन्दा धेरै समय कोभिड १९ को कारणले अस्तव्यस्त भएतापनि नेपानले यो विषमपरिस्थिति भन्दा अघि दुईवटा कार्यक्रम सम्पन्न गरेको थियो । श्री यास्मिन गौतम र सीमा केसीले Switch on to Digital Transfrmation throuhg Mobile Application विषय शीर्षक र डा. गिरिप्रसाद पन्थीले नेपालमा यौन तथा प्रजनन स्वास्थ्यसंग सम्बन्धित आनिवानी सुधारमा स्थानीय सामुदायिक संस्थाको योगदानको बारेमा चर्चा परिचर्चा गर्नुभएको थियो ।

## ८. प्रोफेसर डा. एड रोजेनवर्ग नेपानघरमा

अमेरिकाको नर्थ क्यारोलिना राज्यको अप्पालाचियन स्टेट युनिभर्सिटीका प्रोफेसर तथा ज्येष्ठ नागरिकको विषयमा लामो कार्यअनुभव रहनुभएका डा. एड रोजनवर्ग (Prof. Dr. Ed Rosenberg) नेपान घरमा आई आफ्ना अनुभवहरू आदानप्रदान गर्नुभएको थियो । उक्त कार्यक्रममा नेपानको तर्फबाट महेश शर्माले स्वागत तथा फुलमाला लगाइ सम्मान गर्नुभएको थियो । नेपानप्रतिको सद्भाव माया र वैचारिक ज्ञानको केन्द्रभएको कारणले डा. रोजनवर्गले नेपानको सदस्यताको बारेमा विशेष इच्छा व्यक्त गर्नुभएको थियो ।

## ९. विश्व ज्येष्ठ नागरिक दिवस २०२०

प्रत्येक वर्षको जुन १५ मा विश्वभर मनाइने ज्येष्ठ नागरिक माथि हुने दुर्व्यवहार विरुद्धको सचेतना दिवस नेपानले एक भर्चुअल अर्न्तक्रियात्मक कार्यक्रम आयोजना गरि मनाएको थियो । ज्येष्ठ नागरिक र बुढ्यौली (Ageing) को विषयमा पिएचडी गर्नुभएका डा. होमनाथ चालिसे र मनोविद् डा. नरेन्द्रकुमार ठगुन्नाले कोभिड १९ ले ज्येष्ठ नागरिकमा पारेको प्रभावको बारेमा र गर्नसकिने मनोसामाजिक परामर्शको बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । देशका विभिन्न स्थानमाबाट करिव ३५ जनाले सहभागी जनाउनुभएको कार्यक्रमको स्वागत मन्तव्य नेपान अध्यक्ष झविन्द्र भण्डारीले राख्नुका साथै समापन निवर्तमान अध्यक्ष चेतनाथ कणेलले गर्नुभएको थियो भने सञ्चालन नेपान कार्यकारी संयोजक चन्द्रबहादुर सर्तुङ्गेले गर्नुभएको थियो ।

## १०. राष्ट्रिय योजना आयोगसंगको सहकार्य

यस वर्षको एउटा महत्वपूर्ण कार्य मुलुक सङ्घीयतामा प्रवेश गरेपछि राष्ट्रकै लागि खट्किइरहेको सङ्घ, प्रदेश र स्थानीय तहबाट हुने विकास कार्यहरूको एकीकृत प्रतिवेदन राष्ट्रिय ढाँचा निर्माणको कार्य हो । राष्ट्रिय योजना आयोगले नेपानलाई यस राष्ट्रिय महत्वको कार्यमा विश्वास गरेर सो राष्ट्रिय ढाँचा निर्माणको जिम्मेवारी प्रदान गरेकोमा नेपान राष्ट्रिय योजना आयोगप्रति हार्दिक आभार पनि व्यक्त गर्न चाहन्छ । नेपानले राष्ट्रकै लागि अहम् महत्वको यो कार्य कोभिड महामारी नियन्त्रणका लागि भएको लकडाउनको कठिन परिस्थितिका बीच पनि सफलतापूर्वक सम्पन्न गर्न सकेकोमा हामी स्वयं गौरवान्वित छौँ । प्रतिवेदनको यो एकीकृत राष्ट्रिय ढाँचाले नेपालमा सङ्घीयताको कार्यान्वयन गर्ने सन्दर्भमा विद्यमान तीनै तहका सरकारको नीति, योजना, कार्य-सम्पादन, अनुगमन तथा मूल्याङ्कनमा एकरूपता ल्याई राष्ट्रिय स्तरमा संश्लेषित र संयोजित विवरणलाई एकीकृत रूपमा प्रस्तुत गर्न महत्वपूर्ण सहयोग गर्ने हाम्रो विश्वास रहेको छ ।

## ११. नेपानका सदस्यहरु विच भर्चुअल बैठक सम्पन्न

लामो समयपछि नेपानका संस्थापक सदस्य, मानार्थ सदस्य, आजीवन सदस्य, पूर्व अध्यक्षहरू, पूर्व सँयोजकहरू, कार्यसमिति सदस्यहरू, सदस्यहरू तथा शुभचिन्तकहरूको भर्चुअल बैठक २०७७ असार २० गते सम्पन्न भएको थियो । नेपानका मानार्थ सदस्य डा. रोवर्ट च्याम्बर्स (वेलायत) बाट सहभागी भएको बैठकमा नेपानले कोभिड १९ पछिको समयमा कसरी प्रभावकारी रूपमा कार्य गर्न सक्छ भन्ने विषयमा महत्वपूर्ण विचारमाथि छलफल गरिएको थियो । स्थानीय निकाय तथा प्रदेश

सरकारसंगको सहकार्य र नीति निर्माणमा सहयोग गर्न सकिए नेपानले सङ्घीयतको सँस्थागत विकासलाई सहयोग पुऱ्याउने कुरा बैठकमा सहभागीहरूले बताउनुभएको थियो । उक्त बैठकमा ३१ जनाको उपस्थित रहेको थियो ।

### १२. माननीय मन्त्री पार्वत गुरुङसंगको औपचारिक नेपान प्रमण्डलको भेटघाट

नेपानले लामो समयदेखिको तारतम्यपछि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री माननीय पार्वत गुरुङलाई औपचारिक रूपमा भेटि ज्येष्ठ नागरिक, बालबालिका र महिलाका बारेमा गर्न सकिने प्रयासहरूको बारेमा छलफल गरिएको थियो । मन्त्री गरुङले नेपानले गरेको कार्यहरूको प्रशँसा गर्दै भविष्यमा गर्न सकिने सहकार्यको विषयमा नेपानलाई सँगै लैजाने जानकारी गराउनुभएको थियो । नेपानको तर्फबाट निवर्तमान अध्यक्ष चेतनाथ कणेलले नेपानको स्थापनादेखि हालसम्म भए गरेका कार्यहरूको सँक्षिप्त जानकारी दिनुका साथै भेटघाटको संयोजन गर्नुहुने नेपान भूपू अध्यक्ष ब्रह्मध्वज गुरुङलाई विशेष धन्यवाद दिनुका साथै मन्त्रालय सचिवालय टिमलाई पनि प्रशँसा गर्नुभएको थियो । सोही कार्यक्रम ज्येष्ठ नागरिक कल्याण कोषका सभापति बसन्तराज कार्कीसँग पनि आगामी दिनमा हुने सहकार्यको बारेमा छलफल गरिएको थियो ।

### १३. भर्चुअल मिटिङमा नेपानको सहभागिता

नेपानका तर्फबाट विभिन्न समयमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाले आयोजना गरेका विभिन्न भर्चुअल बैठकहरुमा सहभागिता जनाइएको थियो । UNFPA, HelpAge International, Asia Pacific, Socail Protection Civil Society Network (SPCSN), HAMI n आदिले आयोजना गरेको कार्यक्रममा नेपानको तर्फबाट विचारहरूको आदानप्रदान गरिदैआएको छ ।

१४. नेपानले आफ्नो नेटवर्कको दायरालाई विस्तारै बढाउने क्रममा संस्थागत रूपमा Asia Pacific Foruma for Sustainable Development र Oxford Brooke University, UK संग सहकार्यको लागि आवश्यक प्रसास गरिरहेको छ ।

१५. नेपानले नियमित रूपमा गरिनुपर्ने कार्यसमितिको बैठक नियमित रूपमा गर्दै आएको छ ।

### १४. सफलताका कथा लेखन सम्वन्धी तालिमको आयोजना

व्यक्तिगत घटना तथा सफलताका कथा विशेष लेखन अभ्यासको माध्यमबाट परियोजनाको कार्यमा गुणस्तरियता ल्याउन सकिनेमा नेपान सदैव विश्वस्त रहेको छ । त्यसैअनुरुप नेपानले २०७६ पुस २ देखि ४ सम्म तिनदिने तालिम काठमाडौंमा सम्पन्न गरि विभिन्न संस्थाका ९ जना सहभागीहरुको क्षमतामा निखार ल्याएको छ । तालिममा नेपानका कार्यकारी समिति सदस्य श्री तोया गौतम र विनोद कुमार तिमिल्सेनाले सहजीकरण गर्नुभएको थियो । यस्तो कार्यमा नेपान सदस्यहरुको सहयोग अपरिहार्य रहेको छ । यस्ता तालिममा सहभागी जुटाउन सदस्यहरूबाट सक्रियतापूर्ण सहयोग हुन सकेमा र प्रतितालिम कम्तीमा १२-१५ जना सहभागी उपलब्ध भएमा नेपानले यस्ता क्रियाकलाप अझ बढी आयोजना गर्न सक्ने वातावरण बनेको छ ।

## नेपानको स्रोतकेन्द्र प्रवर्द्धनार्थ

- सहभागीमूलक विकाससम्बन्धि प्रकाशन, भिडियो, स्लाइड, फोटो आदि जे उपलब्ध गराउन सकिन्छ, उपलब्ध गराऔं ।
- सम्बन्धित प्रकाशकहरूसंग आपसी आदान प्रदान गर्ने गरि प्रकाशन तथा प्रशारण गर्नको लागि आफुलाई जानकारी भएसम्मका प्रकाशकहरूसंग सम्पर्क बढाऔं र नेपान सचिवालयमा जानकारी गराऔं ।
- आफुलाई उत्कृष्ट लागेका विकास सम्बन्धि सवालका पुस्तकहरूको विवरण उपलब्ध गराऔं ।
- जे जसरी सकिन्छ नेपान स्रोत केन्द्रम प्रवर्द्धन गर्नको लागि योगदान पुऱ्याऔं ।
- नेपान स्रोतकेन्द्र अबदेखि डिजिटलाइज्ड भर्सनमा निकट भविष्यमा उपलब्ध हुने भएकोले यहाको सहभागिता र सहकार्यको अपेक्षा गर्दछौं ।
- नेपान स्रोत केन्द्रको प्रयोगको लागि यहाँहरूको लागि उपलब्ध हुनेछ ।
- नेपानको सदस्य बनी यसको उपयोगिता अझै बढाऔं । नेपान एक स्वयमसेवी संस्था भएकोले स्वयम्सेवा गर्न चाहने व्यक्तिहरूलाई हामी अझ प्रेरित गर्दछौ ।

**नेपाल, नेपाली र नेपान**

**नेपान सचिवालय**

# तस्बिरहरूको सँगालो

















# एक वास्तविकता




कला : श्री कृतज्ञ बर्तौला, कक्षा ९, अवेरनेस इन्टरनेसनल एकेडेमी, शङ्खमूल, काठमाडौँ




कला : सुश्री गहना गौतम, कक्षा १०, अवेरनेस इन्टरनेसनल एकेडेमी, शङ्खमूल, काठमाडौँ




तस्बिर सौजन्य : राजधानी दैनिक, काठमाडौँ